
# नेपालमा महिलाको अवस्था







राष्ट्रिय महिला आयोग

# नेपालमा महिलाको अवस्था

## अंक दुई - २०८०

राष्ट्रिय महिला आयोग

संयोजन
उपसचिव श्री चमिला भट्टराई
सरकारी वकिल श्री वर्षा ढकाल

सङ्कलन तथा सम्पादन
रघुनाथ लामिछाने

प्रकाशन मिति
२०८०

प्रकाशन
राष्ट्रिय महिला अयाेग

# राष्ट्रिय महिला आयोगका पदाधिकारीहरू



माननीय कमलाकुमारी पराजुली
अध्यक्ष



माननीय कृष्ण कुमारी पौडेल खतिवडा
सदस्य



माननीय विद्याकुमारी सिन्हा
सदस्य



माननीय जया घिमिरे
सदस्य



माननीय सावित्राकुमारी शर्मा
सदस्य

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :
च.नं. :

माननीय सुरेन्द्रराज आचार्य
मन्त्री



## शुभकामना ।

राष्ट्रिय महिला आयोगले **"नेपालमा महिलाको अवस्था"** पुस्तकको दोस्रो अंक प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । यस किसिमका रचनात्मक एवं सिर्जनात्मक कार्यमा राष्ट्रिय महिला आयोगले गरेको प्रयासहरु निकै महत्वपूर्ण रहेकोमा आगामी दिनमा समेत अझै सक्रियता रहोस् भन्ने शुभकामना दिन चाहन्छु ।

नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायतका मौलिक हकको प्रत्याभूत गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अभिसन्धी  तथा इच्छाधीन आलेखमा समेत हस्ताक्षर गरी प्रतिवद्धता जनाएको छ ।  साथै महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरद्वारा लैङ्गिक समानता कायम गर्ने व्यवस्था गरेको छ ।  संयुक्त राष्ट्रसंघबाट सन् २०३० सम्मका लागी तय भएको दिगो विकासका लक्ष्यहरुको लक्ष्य नं. ५ लैङ्गिक समानता तथा बालिका सशक्तीकरणका लक्ष्य प्राप्तिका लागि विभिन्न सूचकहरु निर्माण भई कार्यान्वयनमा रहेको अवस्था छ ।

जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक लगायत विकासका विविध आयाममा समान र अर्थपूर्ण सहभागिताका विना सशक्तीकरणका राष्ट्रिय आकांक्षा पूरा हुन असम्भव देखिन्छ । सरकारका विविध प्रयासका बावजुद धेरैजसो क्षेत्रमा महिलाको सहभागिता अझै न्यून छ । यसर्थ, धार्मिक तथा परम्पराका नाममा प्रचलित प्रथाहरुले महिला, बालबालिका  तथा किशोरी माथि हुने शारिरीक तथा मानसिक हिंसा, बलात्कार, मानव बेचबिखन तथा ओसारपसार रोक्नका लागि अझै पनि थप कार्यक्रम तय गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

राष्ट्रिय महिला आयोगले आफ्नो प्रयासबाट नेपालमा महिलाको राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा सहभागिताको अवस्था तथा उपलब्धि, समस्या चुनौती साथै आगामी गन्तव्य समेतलाई समेट्ने गरी तयार गरेको **"नेपालमा महिलाको अवस्था"** नामक यस पुस्तकले महिलाको लागि लक्षित नीति, योजना तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्नका लागि समेत आवश्यक तथ्यपरक सुचना तथा जानकारी उपलब्ध गराउने साथै यो विषयमा अध्ययन गर्न चाहने तथा चासो राख्ने सबै सरोकारवालाहरुलाई समेत उपयोगी हुने विश्वास लिएको छु । अन्त्यमा,  यस पुस्तक प्रकाशनमा संलग्न आयोगका अध्यक्ष लगायत पदाधिकारीज्यूहरु साथै कर्मचारीहरुलाई हार्दिक बधाई दिँदै पाठकहरुको लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

मिति : २०८०।०२।१६

सुरेन्द्रराज आचार्य
मन्त्री

**सुरेन्द्रराज आचार्य**
**मन्त्री**

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:-

च नं.:-

मिति:

## अध्यक्षको मन्तव्य



नेपालको संविधान र कानुनद्वारा सुनिश्चित महिलाको आर्थिक, समाजिक, सांस्कृतिक, राजनीतिक, पेसागत हक अधिकारको प्रयोग, पहुँच र महिलाको अवस्था कस्तो छ ?, कति प्रभावकारी छ ?, महिलाभित्रका पनि विभिन्न फरक फरक समुदायको अवस्था विश्लेषण गर्दै लैङ्गिक समावेशिताको पक्षबाट हेर्दा अझ कस्तो अवस्था छ ? भन्ने बारेमा समेत तथ्यपरक ढङ्गले खोजी र अध्ययन गर्दै नेपालमा महिलाको वर्तमान अवस्थालाई केही न केही रूपमा उजागर गर्न सकियोस् भन्ने उद्देश्यले राष्ट्रिय महिला आयोगबाट गत वर्षदेखि **"नेपालमा महिलाको अवस्था"** नामक पुस्तक प्रकाशन गर्न थालिएको छ ।

सोही क्रममा अहिले यो दोस्रो अङ्क प्रकाशन भइरहेको छ । यस अङ्कमा खासगरी २०७९ वैशाखमा सम्पन्न स्थानीय तह सदस्य निर्वाचन र २०७९ मङ्सिरमा सम्पन्न सङ्घीय तथा प्रदेश तह निर्वाचनमा भएको महिला सहभागिता र प्रतिनिधित्वलाई विशेष जोड दिइएको छ । साथै महिलाभित्र पनि विशेष समुदायका सवालहरू, लैङ्गिक हिंसापीडितका लागि राज्यबाट भएका विशेष व्यवस्थाहरू, प्रविधिमा महिलाको पहुँचको सवाल, महिलाउपर हुने सबै किसिमका भेदभावविरुद्ध महासन्धि (सिड) कार्यान्वयनको अवस्था र चुनौती, बालिका, किशोरी र महिलालाई असर पारिरहेका अन्य सवालहरू र लैङ्गिक उत्तरदायी बजेट जस्ता विषयहरूमा पनि विश्लेषणात्मक सामग्री समावेश गरिएको छ ।

यसैले नेपालमा महिलाको अवस्थालाई एकीकृत ढङ्गले प्रस्तुत गरिएको यो पुस्तकबाट महिलाको क्षेत्रमा अध्ययन गर्न, योजना तर्जुमा गर्न, परियोजना निर्माण गर्न र पैरवी गर्नसमेत यस क्षेत्रमा सरोकार राख्ने, काम गर्ने सबैलाई यो पुस्तकबाट सन्दर्भ सामग्रीका रूपमा सहयोग पुग्ने विश्वास छ ।

पुस्तक तयारीका क्रममा महत्वपूर्ण सल्लाह र सुझाव दिनुहुने विभिन्न विषयका विज्ञ व्यक्तित्वहरू, सामग्री सङ्कलन, संयोजन, सम्पादन, कम्प्युटर, लेआउट, डिजाइन र छपाइ कार्यसम्ममा संलग्न हुनुभएका आयोगभित्र र बाहिरका सम्पूर्ण सहयोगीहरू तथा यी सबै कार्यमा सहयोग गर्नुहुने आयोगका सचिवज्यूलगायत सम्पूर्ण कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु ।

यसैगरी पुस्तक तयारीका क्रममा आयोगको तर्फबाट बेलाबेलामा सुझाव सल्लाह र सहयोग पुऱ्याउनुहुने माननीय कृष्णकुमारी पौडेल खतिवडा, माननीय विद्याकुमारी सिन्हा, माननीय जया घिमिरे र माननीय सावित्राकुमारी शर्माप्रति विशेष आभार व्यक्त गर्दछु ।

अन्तमा, यस पुस्तक प्रकाशनका क्रममा महत्वपूर्ण सल्लाह र सुझाव दिँदै शुभकामना मन्तव्यसहित हाम्रो हौसला बढाइदिनुभएकामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय सुरेन्द्रराज आचार्यज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद!

मिति: २०८०।२।२३

कमलाकुमारी पराजुली

अध्यक्ष

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:-
च.नं.:-

मिति:

# यस प्रकाशनका बारेमा



महिलाको हक अधिकार संरक्षण गर्ने, राष्ट्रिय/अन्तर्राष्ट्रिय सन्धि/कानुन पालनामा सघाउने तथा अनुगमनसमेत गरी सम्बन्धित निकायहरूमा सिफारिस गर्ने, लैंगिक हिंसा न्यूनीकरणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने जस्ता उद्देश्यले २०५८ फागुन २३ गते राष्ट्रिय महिला आयोग गठन भएको हो। जसअनुसार आयोगले पाएको अधिकार तथा कार्यक्षेत्रअनुरूप स्थापनाकालदेखि नै निरन्तर अघि बढिरहेको छ ।

यसै क्रममा आयोगले आफ्नो बीसौं स्थापना दिवसको अवसर पारेर आयोगबाट **"नेपालमा महिलाको अवस्था"** नामक तथ्यपरक पुस्तक प्रकाशनको थालनी गरेको छ। जसमा नेपाली महिला यतिबेला अधिकारका दृष्टिले सहभागिताका हिसाबले तथा चुनौतीका हिसाबले र उपलब्धिको हिसाबले कहाँ छन् भन्ने प्रष्टयाउन खोजिएको छ। सोही क्रममा सो पुस्तकको दोश्रो अंक प्रकाशन गर्न सकेकोमा खुशी लागेको छ ।

यस पुस्तकमा सङ्ग्रहित सामग्री सङ्कलनका क्रममा सबै संवैधानिक आयोगहरू, सरोकारवाला मन्त्रालयका प्रतिनिधिहरू, महिला अधिकार, मानव अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरू, सरोकारवाला संस्थाका प्रतिनिधिहरू, क्षेत्रगत विषयविज्ञहरू, सञ्चारकर्मी, नगरपालिका महासङ्घ, गाउँपालिका महासङ्घ, नेपाल प्रहरी, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय तथ्याङ्क विभागलगायतका क्षेत्रबाट सूचना र तथ्याङ्क सङ्कलनमा सहयोग प्राप्त भएकोमा धन्यवाद व्यक्त गर्दछु ।

पुस्तक प्रकाशनमा देखिएका कमजोरीलाई आगामी दिनमा सम्बन्धित सबैको सहयोगमा सुधार गर्दै जाने विश्वास दिलाउन चाहन्छु । पुस्तक तयारीका क्रममा धेरैजनाको अथक मेहनत परेको छ। यो पुस्तकको परिकल्पनाका साथै तयारीको क्रममा सल्लाह, सुझाव र अभिभावकत्व गरिदिनुहुने राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी आयोगका तर्फबाट यस पुस्तकमा विभिन्न तबरले सहयोग पुयाउनुहुने माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्याकुमारी सिन्हा, माननीय सदस्य जया घिमिरे र माननीय सदस्य सावित्रा कुमारी शर्माप्रति आभार प्रकट गर्दछु।

आयोगबाट यस कार्यको विशेष जिम्मेवारी लिएर संयोजन कार्यमा मेहनतपूर्वक लाग्नुभएका महिला आयोगका उजुरी व्यवस्थापन तथा कानुन शाखाका उपसचिव चमिला भट्टराई, सरकारी वकिल वर्षा ढकाल र सामग्री संकलन तथा सम्पादनको जिम्मेवारी लिएर यसलाई पूर्णता दिनुहुने पत्रकार रघुनाथ लामिछाने र आयोगका सम्पूर्ण कर्मचारी साथीहरूमा धन्यवाद व्यक्त गर्दछु। त्यसैगरी विषयगत रूपमा लेखहरू उपलब्ध गराउने विज्ञज्यूहरू सुझाव र सूचना उपलब्ध गराउने सरोकारवाला निकायहरू तथा विभिन्नतबरले सहयोग पुर्याउने सम्पूर्ण महानुभावप्रति कृतज्ञता जाहेर गर्दछु।

**धन्यवाद!**

मिति: २०८०।२।२३

कमलबहादुर राजलवट
सचिव

# विषय सूची

## परिच्छेद - १


१ : परिचय तथा अध्ययन विधि ............ १

१.१ परिचय ............ १
१.२ अध्ययनको औचित्य ............ ३
१.३ अध्ययनको उद्देश्य ............ ४
१.४ अध्ययन पद्धति ............ ५
१.४.१ पुनरावलोकन समीक्षा (डेस्क रिभ्यु) ............ ५
१.४.२ विज्ञ बैठक ............ ६
१.४.३ विशेषज्ञ परामर्श ............ ६
१.४.४ विश्लेषणात्मक लेखन ............ ६
१.५ अध्ययनको सीमा ............ ६
१.६ पुस्तकको ढाँचा ............ ६


## परिच्छेद - १


खण्ड २ : चुनावबाट निर्वाचित पदहरूमा महिला ............ ८

२.१ समावेशिताका नजरमा स्थानीय तह सदस्य निर्वाचन २०७९ ............ ८
२.२ समावेशिताको नजरमा प्रतिनिधि र प्रदेश सभा निर्वाचन ............ २५


## परिच्छेद - ३


खण्ड ३ : विभिन्न क्षेत्रमा महिला सहभागिता ............ ३०

३.१ मन्त्रिपरिषद् ............ ३०
३.१.१ संघीय मन्त्रिपरिषद ............ ३०
३.१.२ प्रदेश मन्त्रिपरिषद् ............ ३०
३.२ स्वास्थ्यकर्मी ............ ३१
३.२.१ डक्टर/विशेषज्ञ ............ ३१

३.२.२ नर्सिङ ............................................................ ३१
३.२.३ स्वास्थ्य स्वयंसेविका ............................................................ ३२
३.३ न्याय क्षेत्र ............................................................ ३२
३.३.१ न्यायाधीश ............................................................ ३३
३.३.२ सरकारी वकिल ............................................................ ३३
३.३.३ कानुन व्यवसायी ............................................................ ३३
३.४ निजामती कर्मचारी ............................................................ ३४
३.४.१ सचिव तथा विशिष्ट श्रेणीका कर्मचारी ............................................................ ३६
३.४.२ प्रमुख जिल्ला अधिकारी ............................................................ ३६
३.५ सुरक्षा निकाय ............................................................ ३६
३.५.१ नेपाल प्रहरी ............................................................ ३७
३.५.२ सशस्त्र प्रहरी ............................................................ ३७
३.५.३ राष्ट्रिय सतर्कता केन्द्र ............................................................ ३७
३.५.४ राष्ट्रिय अनुसन्धान विभाग ............................................................ ३७
३.५.५ नेपाली सेना ............................................................ ३७
३.६ लैङ्गिक हिंसा ............................................................ ३८
३.७ वैदेशिक रोजगार ............................................................ ३९
३.८ इन्जिनियर ............................................................ ४०
३.९ सामाजिक सुरक्षा ............................................................ ४०
३.१० कैदी/बन्दी ............................................................ ४१
३.११ आयोगका पदाधिकारी ............................................................ ४१
३.११.१ निर्वाचन आयोग ............................................................ ४१
३.११.२ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ............................................................ ४१
३.११.३ लोक सेवा आयोग ............................................................ ४२
३.११.४ राष्ट्रिय मानव अधिकार आयोग ............................................................ ४२
३.११.५ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ............................................................ ४२
३.११.६ अन्य आयोग ............................................................ ४३
३.१२ शिक्षा ............................................................ ४३
३.१२.१ विद्यालय शिक्षा ............................................................ ४४
३.१२.२ विद्यालय शिक्षक ............................................................ ४४
३.१२.३ उच्च शिक्षा ............................................................ ४४
३.१२.४ साक्षरता ............................................................ ४५
३.१३ नागरिकता ............................................................ ४६
३.१४ राष्ट्रिय परिचयपत्र ............................................................ ४६

३.१५ स्वास्थ्य बिमा ........ ४७
३.१६ सञ्चारकर्मी ........ ४७
३.१७ लैङ्गिक उत्तरदायी बजेट ........ ४८
३.१८ वित्तीय क्षेत्र........ ४८
३.१८.१ खातावाला........ ४९
३.१८.२ रोजगार........ ४९
३.१९ वृद्धाश्रम ........ ४९
३.२० सूचीकृत बेरोजगार........ ५०
३.२१ सुधार गृहका बालबालिका ........ ५०
३.२२ हराएका र फेला परेका बालबालिका ........ ५०
३.२३ राजदूत ........ ५१
३.२४ रोजगारी ........ ५२
३.२५ मुद्दा ........ ५२
३.२६ जग्गा र घरमा स्वामित्व........ ५२
३.२७ दलीय नेतृत्वमा महिला........ ५३
३.२८ विभिन्न क्षेत्रमा महिला ........ ५४

## परिच्छेद – ४

खण्ड ४ : महिला अधिकार र सहभागिता वृद्धिका लागि राष्ट्रिय महिला आयोगको पहल ५६
४.१ आयोग गठनको उद्देश्य........ ५६
४.२ आयोगको गठन प्रक्रिया तथा काम........ ५७
४.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ ........ ५८
४.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८........ ५८
४.५ आयोगका पदाधिकारी नियुक्ति ........ ६०
४.६ आयोगका प्रमुख कार्यक्रम........ ६०
४.७ आयोगले विगत एक वर्षमा गरेका मुख्य काम ........ ६२

## परिच्छेद – ५

खण्ड ५ : तुलनात्मकरूपमा महिला सहभागिता........ ६९
५.१ सङ्घीय सरकार........ ६९
५.२ प्रतिनिधि सभा........ ७०
५.३ दलीय नेतृत्व ........ ७०

५.४ लैङ्गिक हिंसा ........................................ ७२
५.५ लैङ्गिक उत्तरदायी बजेट ........................................ ७३
५.६ स्वास्थ्य ........................................ ७३
५.७ निजामती सेवा ........................................ ७४
५.८ श्रम बजार ........................................ ७५
५.९ कानुन व्यवसायी ........................................ ७६

## परिच्छेद - ६

**खण्ड ६ : लेखहरू ........................................ ७७**

६.१. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ........................................ ७७
६.२ अपाङ्गता भएका महिला : व्यवस्था र अवस्था ........................................ ८७
६.३ सञ्चारमा महिला ........................................ ९४
६.४ मानव बेचबिखन (महिला बेचबिखन) ........................................ १००
६.५ सुरक्षा निकाय : महिला सहभागिता र भूमिका ........................................ १०६
६.६ लैङ्गिक उत्तरदायी बजेट : सुरुदेखि हालसम्म ........................................ १०९
६.७ यौनिक अल्पसङ्ख्यक : वास्तविकता र अधिकार ........................................ ११३
६.८ नेपालको सन्दर्भमा सिड : कार्यान्वयनका चुनौती ........................................ १२१
६.९ श्रमिक महिला : समस्या र समाधान ........................................ १३३
६.१० एकीकृत सेवाका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र ........................................ १३७
६.११ अनलाइनमा महिलाको पहुँच ........................................ १५०

**निष्कर्ष र सुझाव ........................................ १५३**

# १. परिचय तथा अध्ययन विधि

## १.१ परिचय

विक्रम संवत् २०७२ साल असोज ३ गते संविधान सभाद्वारा संविधान घोषणा भयो। जसले मुलुकलाई सङ्घीय शासन प्रणालीमा रूपान्तरण गऱ्यो । महिला आन्दोलनले उठाउँदै आएका माग सम्बोधनका हिसाबले यो संविधान निकै महत्त्वको छ।

भनाइको मतलव महिलालाई महिला भएकै कारण पितृसत्तात्मक समाज र स्वयं राज्य व्यवस्थाले गर्दै आएको भेदभाव अन्त्यका लागि संविधानले संवोधन गरेको छ। नेपालको संविधानले धारा ३८ मा महिला हक-अधिकारको विशेष व्यवस्था गरेको छ। जसमा महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक सुनिश्चित गरेको छ।

यति मात्रै हैन, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर, महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा वा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने पनि उल्लेख छ। साथै महिला र सीमान्तकृत समूहहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था र त्यसअन्तर्गत राज्यका विभिन्न निकायमा बढ्दो महिला प्रतिनिधित्व यही संविधानको प्रतिफल मान्न सकिन्छ।

यो संविधानले विशेषगरी महिला सशक्तीकरण र लैङ्गिक समानता तथा महिला हिंसा र सामाजिक भेदभाव न्यूनीकरणका लागि कोशे ढुङ्गाको काम गरेको छ। यस पुस्तकले पनि यिनै पक्षलाई आधार मानेर नेपालमा महिलाको राजनीतिक, सामाजिक, आर्थिक तथा बहुआयामिक सहभागिता नियाल्न खोजेको छ। यस क्रममा महिलालाई समान अधिकार प्रदान गर्नका लागि नेपाल सरकारले निर्माण गरेका वंशीय हक र पहिचान सम्बन्धित कानुनहरू (जस्तो- नागरिकता ऐन २०६३, राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता ऐन २०७६, बालबालिका ऐन २०७५, मुलुकी देवानी संहिता २०७४ लगायत) र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ का कसीमा तथ्याङ्क विश्लेषण गर्ने प्रयास गरिएको छ।

संवैधानिक आयोगहरूसँग सम्बन्धित ऐनहरू, निर्वाचन ऐन २०७४ (प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा, स्थानीय तह), स्थानीय सरकार सञ्चालन ऐन २०७४, राजनीतिक दल सम्बन्धित कानुनहरू र ८ वटा सेवा ऐन

पर्छन् । विशेष अवसर प्राप्त गर्ने अधिकारसँग सम्बन्धित कानुनहरूअन्तर्गत रोजगारी ऐन २०७५, शिक्षा ऐन २०२८ र श्रम ऐन २०७४ जस्ता समानुपातिक समावेशी सहभागितासँग सम्बन्धित कानुनका प्रावधानलाई पनि यो पुस्तकले सूक्ष्मतवरले केलाउने प्रयास गरेको छ । त्यसबाहेक सम्पत्ति तथा पारिवारिक मामिलामा समान हकसँग सम्बन्धित कानुनहरूअन्तर्गत मुलुकी देवानी संहिता २०७४ र भूमिसम्बन्धी ऐन २०२१ (आठौँ संशोधनसहित) का प्रावधान पनि महिला समानताका दृष्टिले उत्तिकै महत्त्वपूर्ण रहेको पुस्तकले महसुस गरेको छ।


महिला अधिकारसम्बन्धी सिद्धान्त र महिलावादी दृष्टिकोणलाई विश्लेषणको आधार बनाएको पुस्तकले राज्यका विभिन्न निकायमा भएका शक्ति र स्रोतको विनियोजन, सहभागिता र अझ त्यसमा पनि सार्थक उपस्थिति, निर्णय प्रक्रियाका लागि आवश्यक आवाजको शक्ति तथा महिलाको अस्तित्व, भूमिका र अधिकारको स्वीकारोक्ति जस्ता विषयमा पनि गहिरो ध्यान दिएको छ।

महिला अधिकारको परिपूर्ति तथा महिला सशक्तीकरण र आर्थिक स्वतन्त्रताबीच अन्तर सम्बन्ध छ। देशमा उपलब्ध सरकारी तथा गैरसरकारी रोजगारीका अवसरमा महिलाको उपस्थितिले उनीहरूको आर्थिक अवस्था उजागर गर्छ भने आर्थिक अवस्थाले उनीहरूको बार्गेनिङ पावर र आत्मनिर्भरता बुझ्न सघाउँछ। त्यसैले यो पक्षलाई मिहीनतवरले हेर्नु पनि पुस्तकको अर्को मुख्य पक्ष हो जसलाई मनन गरिएको पनि छ।

हालसालै अख्तियार गरिएको पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकदेखि करिब डेढ दशकदेखि कार्यान्वयन हुँदै आएको लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारितालाई पनि यस पुस्तकमा सम्बोधन गरिएको छ।

महिला भएकै कारण शारीरिक, यौनजन्य, मानसिक र सामाजिक क्षति वा पीडा सहनुपर्ने र आधारभूत अधिकारबाट वञ्चित हुनु नै महिलाविरुद्धको हिंसा हो । महिलाविरुद्ध हिंसाका धेरै रूप छन् । परिवारका सदस्यहरू वा अरू नै कोहीबाट शारीरिक वा यौन दुर्व्यवहार, अख्तियारका व्यक्तिहरू (जस्तै- शिक्षक, प्रहरी अधिकारी वा रोजगारदाता) बाट यौन उत्पीडन र दुर्व्यवहार, श्रम वा यौनका लागि बेचबिखन, बाल विवाह, दाइजोसम्बन्धी हिंसा घरेलु हिंसा, मानसिक हिंसा र सामाजिक कुरीति आदि। द्वन्द्वको समयमा महिलामाथि हुने यौन दुर्व्यवहार पनि महिलाविरुद्ध हिंसाको अर्को रूप हो। त्यसैले महिलाले हिंसा भोग्नुपर्ने अवस्था रहेसम्म समतामूलक समाज निर्माणको प्रयास अधुरै रहने निष्कर्षका आधारमा यो विषयलाई पुस्तकले गम्भीरपूर्वक हेरेको छ।

लैङ्गिक समानतालाई विकास र समृद्धिको मूल धारमा नजोडेसम्म न देशमा दिगो विकास हुन सक्छ न त समानता, शान्ति र समृद्धि नै स्थापना हुन सक्छ। राज्यले एकातिर लैङ्गिक समानताका लागि विभिन्न प्रयास गरेको दाबी गर्ने अर्कोतिर परिवार, समाज र कर्मस्थलमा समेत लैङ्गिक भेदभाव भने कायमै रहने अवस्था देखिएको छ । त्यसैले सरकारी दाबी र वास्तविकतालाई प्रष्ट पार्ने हेतुले सकभर तथ्य/तथ्याङ्कसमेतका आधारमा प्रस्तुति दिनु यो पुस्तकको अर्को प्रयास रहेको छ। जसले दाबी र व्यवहारबीचको फरक छुट्याउन मद्दत गर्छ र आगामी दिनमा अपनाउनुपर्ने नीति, व्यवहार, कार्यक्रम आदिबारे सुझाउँछ भन्ने अपेक्षा छ। अन्तिम खण्डको निष्कर्ष र सुझाव यही प्रयोजनमा लक्षित छ।




## १.२ अध्ययनको औचित्य

महिला अधिकार र लैङ्गिक समानता कुनै पनि राष्ट्रको दिगो विकाससँग जोडिएको हुन्छ। देशमा महिलाको अवस्थाले त्यहाँको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक विकास, विचार र मूल्यहरूलाई पनि इङ्गित गर्छ। यस पुस्तकले विभिन्न विषयवस्तुमार्फत माथि उल्लिखित मुद्दाहरूमा राष्ट्रको दृष्टिकोण, सामाजिक धारणा र कानुनी व्यवस्थाहरू तथा त्यसको कार्यान्वयनको अवस्था प्रस्तुत गर्ने प्रयास गरेको छ।

लैङ्गिक र अझ त्यसमा पनि महिलासँग सम्बन्धित विषयमा तथ्याङ्क कमी छ। कतिपय कार्यालयले तथ्याङ्क राख्दा सोलोडोलो हिसाबमा राख्ने भएकाले लैङ्गिक आधारमा छुट्याउन गाह्रो छ। जति तथ्याङ्क र विवरण उपलब्ध छन्, तिनीहरू पनि व्यवस्थित छैनन्। असरल्ल छन् अर्थात तिनलाई एकीकृत गरिएको पाइन्न। यही अभावलाई चिर्ने गरी राष्ट्रिय महिला आयोगले गत वर्षदेखि नेपाली महिलाको अवस्था प्रष्ट पार्ने उद्देश्यले हरेक वर्ष प्रकाशित हुने गरी 'नेपालमा महिलाको अवस्था' नामक पुस्तक प्रकाशन सुरु गरेको हो।

विभिन्न क्षेत्रमा महिलाको अवस्था र स्थितिको झलक प्रदान गर्न, नेपालमा महिला अधिकार कार्यान्वयनको अवस्था प्रष्ट पार्न, महिलाको राजनीतिक, सामाजिक र आर्थिक स्थिति उजागर गर्न, हरेक वर्ष महिलामाथि हुने हिंसा र न्यायको स्थिति प्रष्ट पार्न, हरेक क्षेत्रमा भएको महिलाको राष्ट्रिय योगदान उजागर गर्न, महिलासम्बन्धी विषयका चुनौती उजागर गर्न र सम्बन्धित निकायहरूलाई सुझाव प्रदान गर्न यो पुस्तक आवश्यक ठानिएको हो।

राष्ट्रिय महिला आयोगको वार्षिकोत्सव फागुन २३ अर्थात महिला अधिकार महिनाका रूपमा मनाइने अङ्ग्रेजी महिना मार्चको ७ तारिखको अवसर पारेर अङ्ग्रेजी वर्षलाई आधार मानी २०२२ को जनवरीदेखि डिसेम्बरसम्मको सूचना र तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने प्रयास यो पुस्तकमा भएको छ। तथापि पूर्णरूपमा माथि उल्लिखित समयसीमाभित्रका तथ्याङ्क सङ्कलनमा नआए पनि देशको वर्तमान अवस्थाको विश्लेषण सङ्कलित तथ्याङ्कमा आधारित भई यस पुस्तकले प्रष्टरूपमा गरेको छ।

मानव अधिकार प्रणालीभित्र महिलाको विशेष हैसियत र संरक्षण छ। नेपालको संविधानले लैङ्गिक भेदभावलाई निर्विवादरूपमा निषेध गरेको छ। सम्पत्तिको स्वामित्व र विभिन्न सामाजिक बन्धनबाट स्वतन्त्रतादेखि शिक्षामा समान पहुँच र सरकारमा सहभागितासम्मका महिला अधिकारका विषयमा पनि अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरूले यिनै सिद्धान्त पछ्याउँछन् । र, पक्ष राज्यहरूलाई सबै क्षेत्रमा महिला अधिकारको संरक्षण र प्राप्ति सुनिश्चित गर्न झक्झकाउँछन् ।

नेपालले मानव अधिकारसम्बन्धी धेरै अन्तर्राष्ट्रिय दस्तावेजमा हस्ताक्षर गरेको छ। राज्यका कतिपय दायित्व पूरा गर्नुपर्ने विभिन्न बडापत्र र सन्धिहरूमा हस्ताक्षर र अनुमोदन गरेर धेरैपटक समान, निष्पक्ष र समावेशी लोकतान्त्रिक राज्यप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ।

समावेशी लैङ्गिक समानता हासिल गर्न राज्यको आन्तरिक र अन्तर्राष्ट्रिय दायित्वहरूको अनुसन्धान गर्दै यो पुस्तक महिला सशक्तीकरणका लागि आवश्यक मुद्दाहरूमा नै केन्द्रित छ। साथै अन्तरविषय र अन्तरविच्छेदन लेन्सहरू मार्फत महिलाको अधिकार प्राप्त गर्न कस्ता वस्तुगत विषयले बाधा पुऱ्याएको छ भनेर समेत परीक्षण गरेको छ।

यस पुस्तकलाई अझै प्रभावकारी बनाउनका लागि महिला अधिकार र महिलाको स्थिति सम्बन्धी सबै क्षेत्रलाई खण्डीकृतरूपमा एकसाथ ल्याउने कोसिस भएको छ। यस प्रतिवेदनले मुख्यरूपमा सम्भव भएसम्म बेइजिङ कार्ययोजनामा उल्लिखित १२ वटा सरोकारका क्षेत्रलाई प्राथमिकतामा समेट्न खोजेको छ। जुन महिला र गरिबी, महिला हिंसा, महिला शिक्षा र तालिम, महिला र स्वास्थ्य, महिला र वातावरण, महिला र सशस्त्र द्वन्द्व, महिला र अर्थतन्त्र, महिला र मिडिया, महिलाको विकासका लागि संस्थागत संरचना, निर्णायक प्रक्रियामा महिला, महिलाको मानव अधिकार, महिला र बालिकाहरूका लागि समानता र अवसरहरू सुनिश्चित गर्न तत्काल कार्य आवश्यक पर्ने प्रमुख क्षेत्रहरूका रूपमा विश्वव्यापीरूपमै स्वीकार गरिएका विषय हुन् ।

यी १२ क्षेत्रलाई प्राथमिक सन्दर्भ विन्दुका रूपमा राखेर पुस्तकले सिड र सिड समितिले सरकारलाई दिएको सिफारिसलाई पनि ध्यानमा राखेको छ। यौनिक/लैङ्गिक अल्पसङ्ख्यकहरूको सवाललाई पनि यस पुस्तकमा समावेश गरिएको छ। त्यसैगरी साइबर अपराध र महिलाहरूमा यसको नकारात्मक असरबारे पनि उल्लेख छ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य निम्नबमोजिम छ :

- महिला सशक्तीकरण र समानतासम्बन्धी वर्तमान नीतिहरू र कानुनी उपचारहरूको समीक्षा गर्ने आधार रेखा निर्माण गर्ने ।
- महिलाकेन्द्रित नीति, योजना, कार्यक्रम तर्जुमा गर्न सहयोगी भूमिका निर्वाह गर्ने ।


- सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक क्षेत्रमा महिलाले सामना गर्नुपर्ने अवरोध र अवसरहरू पहिचान गर्ने ।
- महिलाका लागि कार्ययोजना र वकालतका विषय सिफारिस गर्ने ।
- लैङ्गिक समानता, महिला सशक्तीकरण र महिला हिंसा न्यूनीकरणका लागि अवलम्बन गर्नुपर्ने उपायहरू सुझाउने ।

## १.४ अध्ययनको पद्धति

राष्ट्रिय महिला आयोगले विभिन्न क्षेत्र र विषयमा नेपालमा महिलाको अवस्थाबारे विस्तृत अध्ययन तयारीका लागि सम्भव भएसम्म सम्पूर्ण प्रस्तुति तथ्याङ्क र तथ्यमा आधारित रहने ढाँचालाई पछ्याउँदै तथ्याङ्क र सूचना सङ्कलन गरेको छ।

नेपाल सरकारका विभिन्न निकाय, जस्तै- विभिन्न मन्त्रालय, स्थानीय सरकार, प्रदेश सरकार, सुरक्षा निकायहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय, पत्रपत्रिका तथा विकास साझेदार संस्थाहरूबाट खण्डीकृत तथ्य, तथ्याङ्क र सूचना सङ्कलन गरी त्यसअनुरूपको विश्लेषण गरेको छ। राष्ट्रिय महिला आयोगबाट सञ्चालित विभिन्न कार्यक्रम तथा अनुगमनबाट प्राप्त सूचना र कार्यक्रमका प्रतिवेदनहरूबाट प्राप्त सिफारिस पनि यसमा समावेश छ ।

यस प्रक्रियालाई अझै मान्यता दिनका लागि र प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क र गुणात्मक अध्ययन दुवैलाई अझ सुदृढ बनाउनका लागि पुनरावलोकन समीक्षा (डेस्क रिभ्यु), विभिन्न मन्त्रालयका विषयविज्ञ, संवैधानिक आयोगका आयुक्तहरू, सरोकारवालाहरू, महिला अधिकारसम्बन्धी नीतिगत पैरवी गर्ने विभिन्न सङ्घ/संस्था र सञ्जालहरूसँग परामर्श र छलफल विधि अपनाइएको छ। जुन निम्नबमोजिम छ :




### १.४.१ पुनरावलोकन समीक्षा (डेस्क रिभ्यु)

यस पुस्तक तयारीका क्रममा नेपाल सरकारले जारी गरेका विद्यमान कानुनहरूको अध्ययन गरिएको छ । त्यसैगरी यी कानुन कार्यान्वयनको अवस्थाबारे बुझ्नका लागि महिला अधिकारका लागि वकालत गरिरहेका

विभिन्न सरकारी निकाय र सामाजिक सङ्घ/संस्थाको अनुसन्धानात्मक प्रतिवेदनहरू पनि पुनरावलोकन समीक्षा गरिएको छ। महिला अधिकारका विषयमा समाजमा आइरहेका नयाँ प्रवृत्ति वा समस्याबारे बुझ्न विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरूको पनि समीक्षा गरिएको छ।

### १.४.२ विज्ञ बैठक

महिलाको अवस्थाबारे गहन राय लिन र पुस्तकमा समावेश गरिने विषयवस्तुबारे व्यापक छलफल गर्नका लागि मानव अधिकार र विषयगत अयोगहरू, नेपाल सरकारका सम्बन्धित निकायहरू, विज्ञ, विषयविज्ञ, मानव अधिकार सम्बन्धित सामाजिक सङ्घ/संस्था र विकास साझेदार संस्थाहरूसँग विभिन्न चरणमा बैठक र छलफल गरी सुझाव सङ्कलन गरी समन्वय र सहकार्य गरिएको छ।

### १.४.३ विशेषज्ञ परामर्श

महिला सशक्तीकरण र महिला हिंसा दुवै पाटोमा कार्यरत तथा अध्ययनशील विशेषज्ञहरूसँग आवश्यकताअनुसार सम्पर्क गरी सुझाव लिइएको छ।

### १.४.४ विश्लेषणात्मक लेखन

महिलाको अवस्थाबारे सबै विषयलाई तथ्याङ्क र तथ्यहरूले मात्र विश्लेषण गर्न नसकिने भएकाले चयन गरिएका विषयवस्तुमा त्यस विषयका विज्ञको विश्लेषणात्मक धारणासमेत समावेश गरिएको छ।

## १.५ अध्ययनको सीमा

यस प्रतिवेदनमा विभिन्न सरकारी निकाय र विकास साझेदार संस्थाहरूबाट उपलब्ध तथ्य, तथ्याङ्क र सूचनालाई आधार मानेर विषयगत विश्लेषण गरिएको छ। सम्भव भएसम्म खण्डीकृत तथ्याङ्कलाई जोड दिन खोज्दाखोज्दै पनि कतिपय क्षेत्रमा त्यसको अनुपलब्धताका कारण सोचिए जति प्रतिवेदनमा उतार्न सकिएको छैन। पुस्तकमा राखिएको प्रायः तथ्याङ्क एक वर्षको अर्थात सन् २०२२ (२०७८ पुस १६ देखि २०७९ पुस १५ सम्म) को छ। कतिपय तथ्याङ्क यो अवधिका नपाइएकाले पुरानै समावेश गरिएको छ। कतिपय तथ्याङ्क भने २०७९ माघ/फागुनसम्मको पनि समावेश छ। सकभर र पाएसम्म ताजा तथ्याङ्क उपलब्ध गराउने उद्देश्यले यसो गरिएको हो।

## १.६ पुस्तकको ढाँचा

यस पुस्तकलाई ८ वटा खण्डमा विभाजन गरिएको छ। खण्ड १ अध्ययनको परिचय र अध्ययन विधिसँग

सम्बन्धित छ। खण्ड २ मा गत वर्ष अर्थात सन् २०२२ मा भएका स्थानीय निर्वाचन र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनबारे छ। खण्ड ३ मा विभिन्न क्षेत्रमा महिला सहभागिताको अवस्था तथ्य/तथ्याङ्कका आधारमा प्रष्ट्याउने कोसिस गरिएको छ। जसले महिला सशक्तीकरण र लैङ्गिक समानताबारे सरकारले गर्दै आएको नीति व्यवस्था र त्यसको व्यवहारिक कार्यान्वयन तथा पहुँच अवस्था बारेमा स्पष्ट पारेको छ।

त्यसैगरी खण्ड ४ मा राष्ट्रिय महिला आयोगबारे उल्लेख छ। जसमा महिला आयोगको गठन, उद्देश्यदेखि लिएर यसको काम, कर्तव्य र अधिकार समेटिएको छ। लैङ्गिक समानता वृद्धि र महिला अधिकार प्राप्तिका लागि यो आयोगले बितेको १ वर्षमा के के गऱ्यो भन्ने विषय पनि यो खण्डमा उल्लेख छ। खण्ड ५ मा राजनीति, सत्ता र अन्य केही क्षेत्रमा महिलाको सहभागिता तुलना गरिएको छ। जसले पहिले के थियो र अहिले के परिवर्तन आयो वा आउन सकेन भन्ने थाहा पाउन मद्दत गर्छ।

खण्ड ६ मा विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिसँग तयार गरिएका सम्बन्धित विषयका लेख समावेश छन्। महिलाको प्रजनन अधिकार, न्यायमा उनीहरूको पहुँच, सिड कार्यान्वयनको अवस्था र चुनौती, लैङ्गिक उत्तरदायी बजेट, अपाङ्गता भएका महिला र यौनिक/लैङ्गिक अल्पसङ्ख्यक समुदायका विशेष समस्या आदिबारे जोड दिइएको छ। अन्तिममा निष्कर्ष र सुझाव समेटिएको छ। यो खण्डमा पुस्तक निकाल्नुको उद्देश्यसँग केन्द्रित रहेर समस्या समाधानका लागि विभिन्न निकायले अपनाउनुपर्ने मार्गबारे सुझाइएको छ ताकि आगामी दिनमा लैङ्गिक समानता कायम गर्न तथा महिला अधिकार प्राप्तिमा सघाउ पुगोस्।

# २. चुनावबाट निर्वाचित पदहरूमा महिला

## २.१ समावेशिताका नजरमा स्थानीय तह सदस्य निर्वाचन २०७९

- रघुनाथ लामिछाने

### परिचय

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २,९१,६४,५७८ छ। जसमा महिला १,४९,११,०२७ र पुरुष १,४२,५३,५५१ जना छन्। अन्य लिङ्गी २,९२८ जना छन्। यसरी हेर्दा महिला ५१.०२ प्रतिशत, पुरुष ४८.५८ प्रतिशत र अन्य लिङ्गी ०.०१ प्रतिशत हुन आउँछ। नेपालमा विक्रम संवत् १९६८ बाट जनगणना गर्न थालिए पनि पाँचौं अर्थात विक्रम संवत् २००९/११ को गणनादेखि मात्र लैङ्गिक तुलना गरियो। त्यतिबेला लैङ्गिक अनुपात ९६.८ थियो। २०७८ को जनगणनामा भने लैङ्गिक अनुपात ९५.५९ छ। लैङ्गिक अनुपात भन्नाले प्रति १०० महिलामा पुरुषको सङ्ख्या भन्ने जनाउँछ।[1]

दशौं अर्थात २०५८ को जनगणनाले लैङ्गिक समानताको मूलप्रवाहीकरणमा ध्यान दिएको थियो भने २०६८ सालको जनगणनाले जेसी (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) लाई प्राथमिकतामा राख्यो। यससम्बन्धी केही प्रश्न समावेश गरियो। जसलाई २०७८ को जनगणनाले पनि निरन्तरता दियो। यसरी हेर्दा नेपालमा जेसीको नजरले लिइने तथ्याङ्क नै कमी छन् र जति छन् ती पनि भर्खर आउन थालेका छन्।

यही परिप्रेक्ष्यमा विक्रम संवत् २०७९ वैशाख ३० गते स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएको छ। ३५,२२१ पदका लागि भएको यो निर्वाचनमा १,३५,४०९ जनाले उम्मेदवारी दिएका थिए। त्यसमध्ये महिला ५५,७१९ जना थिए। जसमध्ये विभिन्न पदमा गरी १४,४६६ जना महिला विजयी भए। यसरी ७५३ स्थानीय तहमध्ये २५ वटामा मात्र महिलाले प्रमुख/अध्यक्षमा जितेका छन्। ५६८ जनाले उपप्रमुख/उपाध्यक्षमा जिते। त्यसैगरी वडाध्यक्षमा ६९ जना महिलाले जिते भने अन्य सदस्यमा ४४२ जना विजयी भए। महिला सदस्यमा ६७४२ जनाले जिते भने दलित महिला सदस्यमा ६६२० जना विजयी भए। १२३ स्थानमा उम्मेदवारी नै नपरेका कारण दलित महिला सदस्यको स्थान रिक्त रह्यो। अझ एउटा वडामा त महिला सदस्यकै उम्मेदवारीसमेत परेन।

### लैससास (लैङ्गिक समानता र सामाजिक समावेशीकरण) अवधारणा

फरक प्रजनन अङ्गहरू तथा प्रजनन भूमिकाका आधारमा जैविक तथा शारीरिकरूपले महिला वा पुरुष भनेर छुट्टिन्छ। जसलाई लिङ्ग भनेर बुझ्न सकिन्छ। महिला र पुरुषको भूमिका, जिम्मेवारी, सम्बन्ध सामाजिक

1 केन्द्रीय तथ्याङ्क विभाग

परिवेशअनुसार फरक हुन्छन् । यिनैका आधारमा समाजले तोकिदिएको भूमिकाचाहिँ लैङ्गिकता हो । यसरी हेर्दा लिङ्गका आधारमा कुनै पनि स्रोत/सुविधा बाँडफाँटमा पक्षपात नगर्ने र समानुपातिक तथा समुचित उपयोगको प्रबन्ध मिलाउने कुरा नै लैङ्गिक समानता हो ।

नेपालमा १२५ जातजातिका मानिस बसोबास गर्छन् भने यहाँ बोलिने मातृभाषाको सङ्ख्या मात्र १२३ छ ।[2] यस अर्थमा नेपाल बहुजातीय, बहुभाषिक मुलुक हो । तर पनि जातीय, धार्मिक, क्षेत्रीय, वर्गीय, यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका, एकल महिला/पुरुष आदिबीच असन्तुलन कायम छ ।

भुइँ तहदेखि मुलुकको शासन/प्रशासनको सर्वोच्च निकायसम्म बहिष्करणमा परेका सबै पक्षलाई समेट्ने अवधारणा नै सामाजिक समावेशीकरणको मूल मर्म हो । जसलाई लागु गर्न नेपाल सरकारले पनि आफ्ना नीति, कानुन, घोषणा, कार्यक्रम आदिमार्फत प्रयास गरिरहेको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक सङ्गठन वा दलका उम्मेदवारहरूमध्ये कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने र राष्ट्रिय सभा सदस्य निर्वाचनमा कम्तीमा ३ जना महिला निर्वाचित गर्नुपर्ने व्यवस्था थियो ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले गाउँ विकास समिति र नगरपालिकाको वडा समितिहरूमा कम्तीमा १ जना महिलाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरेको थियो । त्यसैगरी जिल्ला परिषद्मा जिल्लाभित्रका १ जना महिलासहित समाजसेवी आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासीमध्ये जिल्ला परिषद्मा प्रतिनिधित्व हुन नसकेकामध्येबाट जिल्ला परिषद्द्वारा मनोनीत ६ जना सदस्य रहने व्यवस्था पनि गरियो ।

नेपालको अन्तरिम संविधान, २०६३ मा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक समस्याहरू समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने सङ्कल्प व्यक्त गरिएको थियो । यसले समानुपातिक समावेशिताको सिद्धान्त अङ्गीकार गरेको छ । निर्वाचन आयोगले निर्वाचन र राजनीतिमा लैङ्गिक र समावेशी समूहको सहभागिता वृद्धि गर्ने उद्देश्यले लैङ्गिक तथा समावेशीकरण नीति, २०७० कार्यान्वयनमा ल्याएको छ । यसरी ढिलै र किस्ताबन्दीमै भए पनि नेपालमा समावेशिताको प्रक्रिया क्रमशः अघि बढिरहेको देखिन्छ ।

## स्थानीय तह सदस्य निर्वाचन २०७९

यो निर्वाचनमा दलका तर्फबाट उम्मेदवारी दिने क्रममा पालिका प्रमुखका लागि ६ प्रतिशत महिलाको मात्र उम्मेदवारी पऱ्यो । त्यसैगरी वडाध्यक्षका लागि ३ प्रतिशत महिलाको मात्र उम्मेदवारी पऱ्यो भने अन्य सदस्यका लागि मात्र ५ प्रतिशत महिलाको उम्मेदवारी पऱ्यो । उपप्रमुखमा भने ७४ प्रतिशत महिलाको उम्मेदवारी परेको थियो ।

2 राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं

विभिन्न पदमा परेका उम्मेदवारी

| पद | पुरुष | महिला | जम्मा | महिला प्रतिशत | दलका उम्मेदवार | स्वतन्त्र | स्वतन्त्रको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| मेयर/अध्यक्ष | ५९४९ | ३८४ | ६३३३ | ६ | ४२३० | २१०३ | ३३ |
| उपमेयर/उपाध्यक्ष | १०५५ | ३०८० | ४१३५ | ७४ | ३५९४ | ५४१ | १३ |
| वडाध्यक्ष | ३१५७८ | ९४८ | ३२५२६ | ३ | २८२२७ | ४२९९ | १३ |
| महिला सदस्य | ० | २५६०९ | २५६०९ | १०० | २५०३६ | ५७३ | २ |
| दलित महिला सदस्य | ० | २३२८७ | २३२८७ | १०० | २२८९१ | ३९६ | २ |
| अन्य सदस्य | ५०७८२ | २४११ | ५३१९३ | ५ | ५१४३१ | १७६२ | ३ |
| जम्मा | ८९३६४ | ५५७१९ | १४५०८३ | ३८ | १३५४०९ | ९६७४ | ७ |

## दलीय आधारमा महिला उम्मेदवार

नेकपा एमालेले नगरपालिका प्रमुखमा २९० जना उठाउँदा महिला २७ जना मात्र परे । त्यसैगरी उपप्रमुखमा २८५ जना उठाउँदा भने महिला २५९ जना परे । यसैगरी गाउँपालिका अध्यक्षमा ४४६ जना उठाएकामा महिला २८ जना मात्र थिए। उपाध्यक्षमा चाहिँ ४४५ जनामध्ये महिला ४१० जना थिए। यो दलले बाध्यकारी पदबाहेक अन्य पदमा उठाएका महिलाको प्रतिशत ४.१४ मात्र हुन आउँछ।

नेपाली कङ्ग्रेसले नगरपालिका प्रमुखमा २६५ जना उठाएकामा महिला १२ जना थिए । उपप्रमुख २११ उठाएकामा महिला १८० जना थिए। त्यसैगरी गाउँपालिका अध्यक्षमा ३८२ जना उठाएकामा महिला १९ जना थिए भने उपाध्यक्ष ३५९ उठाएकामा महिला २९२ जना थिए। यो दलले बाध्यकारीबाहेक अन्य पदमा उठाएका महिलाको प्रतिशत भने ३.०८ मात्र हुन आउँछ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले नगरपालिका प्रमुखमा उम्मेदवारी दिएका १७४ जनामध्ये महिलाको सङ्ख्या १८ छ। उपप्रमुखमा उठाएका २१४ मध्ये महिला १३० जना थिए। यसैगरी गाउँपालिका अध्यक्षमा यो दलबाट २९० जनाले उम्मेदवारी दिएकामा महिला २९ छन् भने उपाध्यक्षमा ३१५ जनाले उम्मेदवारी दिएकामा महिला २०३ जना छन् । यो दलले बाध्यकारीबाहेकका पदमा उठाएका महिलाको प्रतिशत भने ३.९२ हुन आउँछ।

प्रमुख दलहरूले विभिन्न पदमा दिएका महिला उम्मेदवारी

| दल | प्रमुख / अध्यक्ष | उपप्रमुख / उपाध्यक्ष | वडाध्यक्ष | सदस्य | महिला प्रतिशत (बाध्यकारी पदसमेत) |
|---|---|---|---|---|---|
| नेकपा एमाले | ५५ | ६६९ | ११८ | ५४१ | ४१.८१ |
| नेपाली कङ्ग्रेस | ३२ | ४७२ | ८० | ३८२ | ४१.१३ |

| | | | | | |
|---|---|---|---|---|---|
| नेकपा (माओवादी केन्द्र) | ४७ | ३३३ | ९१ | ३९९ | ४०.३२ |
| जनता समाजवादी पार्टी, नेपाल | २४ | २४० | ६५ | १५० | ३८.७५ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ४० | ३८० | १२१ | २३६ | ३६.१४ |

जनता समाजवादी पार्टी, नेपालले नगरपालिका प्रमुखमा १५९ जना उठाउँदा महिला १४ जना परे । उपप्रमुखमा १३८ जना उठाउँदा महिला ११० जना परे । त्यसैगरी गाउँपालिका अध्यक्षमा यो दलले १८९ जना उठाएको थियो जसमा महिला १० जना थिए । उपाध्यक्षमा १५६ जना उठाएकामा महिला १३० जना थिए । यो दलले बाध्यकारीबाहेकका पदमा उठाएका महिलाको प्रतिशत भने ५.०९ हुन आउँछ ।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा दलहरूले उठाएका महिलाको प्रतिशत (बाध्यकारी पदबाहेकमा)

| एमाले | कङ्ग्रेस | माओवादी | जसपा | राप्रपा |
|---|---|---|---|---|
| ४.१४ | ३.०८ | ३.९२ | ५.०९ | ६.१५ |

राष्ट्रिय प्रजातन्त्र पार्टीले नगरपालिका प्रमुखमा २५० जना उठाएकामा महिलाको सङ्ख्या २६ थियो । उपप्रमुखमा २२९ जना उठाएकामा महिला १९७ जना थिए । गाउँपालिका अध्यक्षमा यो दलले २९२ जना उठाएको थियो जसमा महिला १४ जना थिए । उपाध्यक्षमा उठाएका २०४ जनामध्ये महिला १८३ जना थिए । यो दलले बाध्यकारी पदबाहेकमा दिइएको महिला उम्मेदवारको प्रतिशत ६.१५ हुन आउँछ ।

यसरी विश्लेषण गर्दा तथ्याङ्कहरूले पुष्टि गरेका छन् कि दलहरू महिलालाई निर्वाचनमार्फत अघि सार्ने कुरामा उदार छैनन् । मुख्य दलहरूले दिएका महिला उम्मेदवारी हेर्दा सबै भन्दा बढी नेकपा एमालेले ४१.८१ प्रतिशत दिएको देखिन्छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले ३६.१४ प्रतिशत मात्र । प्रतिशत धेरै देखिनुमा बाध्यकारी पदको प्रावधान मुख्य कारण हो भन्ने बिर्सनुहुँदैन ।।

## निर्वाचित जनप्रतिनिधि

स्थानीय तह सदस्य निर्वाचनमा सबै भन्दा बढी पद नेपाली कङ्ग्रेसले जितेको छ । उसले १३७७३ पदमा जित्दा दोस्रो भएको एमालेले ११९२९ पदमा जित हासिल गरेको छ । त्यसैगरी तेस्रोमा माओवादीले ५०४८ पद जितेको छ भने चौथोमा जसपाले १५४८ र पाँचौंमा नेकपा (एस) ले ९८७ पदमा विजय हासिल गरेको छ । ५८१ पदमा जितेर लोसपा छैटौं स्थानमा पर्न सकेको छ भने ३०७ पद जितेर राप्रपा सातौं स्थानमा रहन सकेको छ ।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा मुख्य दलबाट महिलाले जितेका पद र सङ्ख्या (बाध्यकारी पदबाहेक)

| दल | प्रमुख | अध्यक्ष | उपप्रमुख | उपाध्यक्ष | वडाध्यक्ष | सदस्य |
|---|---|---|---|---|---|---|
| कङ्ग्रेस | ४ | ५ | ८८ | १३९ | २५ | १५० |
| एमाले | ६ | ४ | १०४ | ११३ | २२ | १६३ |
| माओवादी | १ | ३ | १५ | ४८ | १२ | ६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जसपा | ० | ० | १० | १७ | ० | २१ |
| नेकपा (एस) | १ | ० | ७ | ४ | २ | २८ |
| लोसपा | १ | ० | ४ | ७ | ३ | ४ |
| राप्रपा | | | २ | २ | - | ४ |

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा महिलाको प्रतिनिधित्व २ प्रकारले भएको देखिन्छ। एउटा, कानुनले नै बाध्यकारी बनाएको पदहरूमा उम्मेदवारी दिएर। जस्तो- महिला सदस्य र दलित महिला सदस्य। यी २ पदमा प्रत्येक वडामा दलहरूले महिला उम्मेदवारी दिनैपर्ने बाध्यता थियो। अर्को, अन्य पदमा महिला उम्मेदवारी दिएर विजयी हुने अवस्था। दलहरूले यो दोस्रो अवस्थामा भने पुरुषलाई प्राथमिकतामा राखे र महिलालाई पछि धकेले। खासमा दलहरू महिलाको अधिकारप्रति संवेदनशील छन् वा छैनन् भन्ने विषय दोस्रो अवस्थाको पदमा दिइने प्राथमिकताले निर्धारण गर्छ। जसलाई तथ्याङ्कले आफैं प्रष्ट पारेको छ।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा मुख्य दलले जितेका दलित महिला सदस्य र महिला सदस्य तथा जम्मा जित सङ्ख्या

| दल | दलित महिला सदस्य | महिला सदस्य | सबै पदमा जीत सङ्ख्या |
|---|---|---|---|
| कङ्ग्रेस | २५५४ | २६०९ | १३७७३ |
| एमाले | २२९५ | २३५२ | ११९२९ |
| माओवादी | ९७३ | ९६३ | ५०४५ |
| जसपा | २९६ | २९९ | १५४८ |
| नेकपा (एस) | १८० | १८४ | ९८७ |

यो निर्वाचनमा महिलाको जित सङ्ख्या हेर्दा २ वटा पक्षबाट विश्लेषण गर्नु आवश्यक हुन्छ। एउटा उठाउनैपर्ने कानुनी बाध्यता छ। यस्तो सङ्ख्या जोड्दा महिलाले जितेका पद र प्रतिशत ह्वात्तै बढ्छ। तर कानुनले बाध्यकारी नबनाएको तथा विशेषगरी पालिका र वडाको प्रमुख जस्तो पदमा दलहरूले महिलालाई उठाउनै चाहेनन्। त्यसैले बाध्यकारी पदबाहेक अन्य पदमा दलहरूले महिलालाई कति प्राथमिकता दिए भन्ने छुट्याएर हेर्नु आवश्यक हुन्छ। किनकि यो अवस्थाले मात्र दलहरू कति लैङ्गिकमैत्री छन् भन्ने प्रमाणित हुन्छ।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा मुख्य दलबाट सबै पदमा निर्वाचित जम्मा महिला र बाध्यकारीबाहेकका पदमा भएको जित

| दल | जम्मा निर्वाचित सङ्ख्या | बाध्यकारी पद घटाउँदाको जित सङ्ख्या |
|---|---|---|
| कङ्ग्रेस | ५५७४ | ४११ |
| एमाले | ५०५९ | ४१२ |
| माओवादी | २०७९ | १४३ |
| जसपा | ६४३ | ४८ |
| नेकपा (एस) | ४०६ | ४२ |

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा स्वतन्त्रबाट निर्वाचित महिला (जम्मा निर्वाचित ३८६)

| पद | विजयी सङ्ख्या र प्रतिशत |
|---|---|
| उपप्रमुख | १ |
| वडाध्यक्ष | ३ |
| सदस्य | २ |
| महिला सदस्य | ५८ |
| दलित महिला सदस्य | ५६ |
| जम्मा | १२० |
| विजयीमध्ये महिलाले जितेका प्रतिशत | ३१.०८ |
| जम्मा उम्मेदवारीमध्ये महिलाले जितेका प्रतिशत | १.२४ |

## प्रदेशगत आधारमा महिला प्रतिनिधित्व

प्रदेश १ मा ३३,४७,३८४ मतदाता छन् । जसमध्ये महिला १६,४७,५६१ जना छन् भने पुरुष १६,९९,८०० जना छन् । यसैगरी अन्य मतदाता २३ जना छन् । यो प्रदेशमा ८१९६ उम्मेदवार थिए जसमध्ये २४५५ जना महिला निर्वाचित भएका छन् । यो प्रदेशमा ६ पालिका प्रमुख/अध्यक्ष महिला विजयी भएकामा नेकाबाट ३, एमालेबाट २ र माओवादीबाट १ जना छन् । त्यसैगरी ५ जना महिला वडाध्यक्ष विजयी भएकामा सबैजना एमालेबाटै छन् ।

मधेस प्रदेशमा २९,१०,०२३ मतदाता छन् । जसमध्ये महिला १३,३२,६४० जना छन् भने पुरुष १५,७७,३१७ जना छन् । अन्य मतदाता ६६ जना छन् । यो प्रदेशमा १५७८० उम्मेदवार थिए जसमा २७७० महिला निर्वाचित भए । यो प्रदेशमा ४ जना पालिका प्रमुखमा महिला विजयी भएकामा एमालेबाट २, नेकाबाट १ र लोसपाबाट १ जना छन् । त्यसैगरी १२ जना महिला वडाध्यक्ष विजयी भएकामा एमालेबाट ४, नेकाबाट ३, लोसपाबाट २, बहुजन एकता पार्टी नेपालबाट १ र स्वतन्त्रबाट २ जना छन् ।

वाग्मती प्रदेशमा २,९४,९१९ मतदाता छन् । जसमध्ये महिला १,४४,९५९ जना छन् भने पुरुष १,४९,९५४ जना छन् । अन्य मतदाता ६ जना छन् । यो प्रदेशमा ८३४४ उम्मेदवार थिए जसमा  २३४७ जना निर्वाचित भए । यो प्रदेशमा पालिका प्रमुख/अध्यक्षमा ६ महिला विजयी भएकामा माओवादीबाट ३, एमालेबाट २ र नेकपा एसबाट १ जना छन् । त्यसैगरी वडाध्यक्षमा १२ जना महिला विजयी भएकामा नेकाबाट ६, एमालेबाट ३ तथा माओवादी, नेकपा एस र स्वतन्त्रबाट १/१ जना छन् ।

गण्डकी प्रदेशमा १६,६२,२४६ मतदाता छन् । जसमध्ये महिला ८,६९,५३८ जना छन् भने पुरुष ७,९२,६९७ जना छन् । अन्य मतदाता ११ जना छन् । यो प्रदेशमा ४६४९ जना उम्मेदवार थिए जसमा १६२२ जना निर्वाचित भए । यो प्रदेशमा ३ जना महिला पालिका अध्यक्षमा विजयी भएकामा नेकाबाट २ र एमालेबाट १ जना छन् । त्यसैगरी वडाध्यक्षमा १४ जना महिला निर्वाचित भएकामा नेका र एमालेबाट ६/६ जना तथा माओवादीबाट २ जना छन् ।

लुम्बिनी प्रदेशमा ४,०९,९०० मतदाता छन् । जसमध्ये महिला २,०९,०९९ जना छन् भने पुरुष २,००,७९९ जना छन् । अन्य मतदाता २ जना छन् । यो प्रदेशमा ८७६७ जना उम्मेदवार थिए जसमा २१२४ जना निर्वाचित भए । यो प्रदेशबाट पालिका प्रमुख/अध्यक्षमा १/१ जना महिला निर्वाचित भएकामा दुवै एमालेबाट छन् । त्यसैगरी वडाध्यक्षमा १४ जना महिला निर्वाचित भएकामा नेका र माओवादीबाट ५/५ जना तथा एमालेबाट ३ र लोसपाबाट १ जना छन् ।

कर्णाली प्रदेशमा ९,०८,४३३ मतदाता छन् । जसमध्ये महिला ४,४९,०३० जना छन् भने पुरुष ४,५९,४०१ जना छन् । अन्य मतदाता २ जना छन् । यो प्रदेशमा ४८७८ जना महिला उम्मेदवार थिए जसमा १५२७ जना निर्वाचित भए । यो प्रदेशमा पालिका प्रमुख/अध्यक्षमा २ जना महिला विजयी भएकामा १ जना नेकाबाट र १ जना एमालेबाट छन् । त्यसैगरी ६ जना वडाध्यक्ष महिला विजयी भएकामा नेका ३, माओवादी २ र नेकपा एसबाट १ जना छन् ।

सुदूरपश्चिम प्रदेशमा १६,३२,१५० मतदाता छन् । जसमध्ये महिला ८,३५,६०७ जना छन् भने पुरुष ७,९६,५४३ जना छन् । अन्य मतदाता १८ जना छन् । यो प्रदेशमा ५०८५ जना महिला उम्मेदवार थिए जसमा १५६० जना निर्वाचित भए । यो प्रदेशबाट पालिका प्रमुखमा २ जना महिला निर्वाचित भएकामा दुवैजना नेकाबाट छन् । त्यसैगरी ६ जना महिला वडाध्यक्ष निर्वाचित भएकामा नेका र माओवादी २/२ तथा एमाले र नागरिक उन्मुक्ति पार्टीबाट १/१ जना छन् ।

## स्थानीय निर्वाचनमा अल्पसङ्ख्यक, लोपोन्मुख र सीमान्तकृत

### लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक

पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरका परम्परागत धारणाहरूमा नअटाउने यौन विशेषता भएका व्यक्तिलाई बुझाउने छाता शब्द अन्तरलिङ्गी भएको संयुक्त राष्ट्र सङ्घको भनाइ छ । नेपालको सर्वोच्च अदालतले लैङ्गिक पहिचानलाई व्यक्तिको आत्मनिर्णयको अधिकारका रूपमा व्याख्या गरेको छ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भन्नाले लेस्बियन (महिला समलिङ्गी), गे (पुरुष समलिङ्गी), बाइसेक्सुअल (उभयलिङ्गी), ट्रान्सजेन्डर (पारालिङ्गी पुरुष/महिला), इन्टरसेक्स (अन्तरलिङ्गी), क्युइअर (समयोनी सम्पर्क गर्ने), असेक्सुअल (प्रत्यक्ष लिङ्ग वा लैङ्गिक इन्द्रिय नभएको) आदि समुदाय पर्छन् । जसलाई छोटकरीमा एलजिबिटिआइक्यु प्लस भनिन्छ ।

केन्द्रीय तथ्याङ्क विभाग (हाल राष्ट्रिय तथ्याङ्क कार्यालय) ले 'मेरो जनगणना, मेरो सहभागिता, कोही नदोहोरियोस्, कोही नछुटोस्' भन्ने नारा अघि सारेर जनगणना गर्‍यो तर ठूलो सङ्ख्यामा रहेका अन्य लिङ्गीको गणना गरिएन । कार्यालयले गणकले भर्ने मूल प्रश्नावलीमा यसलाई समावेशै गरेन । त्यसैले नेपालमा निर्वाचन आयोगले 'अन्य' भनेर उल्लेख गरिएका १८३ जना नै आधिकारिकरूपमा एलजिबिटिआइक्यु प्लस समुदायका व्यक्ति रहेछन् भनेर बुझ्नुपर्ने बाध्यता छ ।

यो निर्वाचनमा जनमत पार्टी (सिके राउत नेतृत्वको) बाट नवलपरासीको पाल्हीनन्दन गाउँपालिकाको उपाध्यक्षमा गीता सैथवारको उम्मेदवारी परेको थियो। यौनिक अल्पसङ्ख्यकबाट चिनिने गरी उम्मेदवारी दिने उनी एकजना मात्र हुन। तर पनि उनले उम्मेदवारी दर्ता गर्दा भर्नुपर्ने फाराममा भने महिला उल्लेख गरेकी छिन्। यस्तो अवस्थामा यौनिक अल्पसङ्ख्यक समुदायबाट कतिले उम्मेदवारी दिए भन्ने नै खुल्दैन।

यौनिक अल्पसङ्ख्यकको अधिकारका लागि काम गर्ने संस्था मितिनीका अनुसार स्थानीय तह सदस्य निर्वाचन २०७४ मा तेस्रो लिङ्गी समुदायबाट ३ जनाले विभिन्न पदमा उम्मेदवारी दिएका थिए तर कसैले पनि जितेनन्। २०७९ को स्थानीय तह सदस्य निर्वाचनमा भने एक पारालिङ्गी पुरुष र एक पारालिङ्गी महिला वडा सदस्यमा निर्वाचित भएका छन्।[3] यो तथ्याङ्कबाटै थाहा हुन्छ कि जनप्रतिनिधिका रूपमा यौनिक अल्पसङ्ख्यकको अवस्था कति दयनीय छ भन्ने।

## लोपोन्मुख समुदाय

सरकारी तथ्याङ्कअनुसार नेपालमा १२५ जातजाति छन् तीमध्ये अल्पसङ्ख्यक जातजाति ९८ छन्। जसमध्ये १० वटालाई लोपोन्मुख मानिएको छ। जसमा कुसुन्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा र कुसबाडिया (पत्थरकट्टा, सिलकट, कुसबधिया, कुचबधिया) पर्छन्।[4] ०.५ प्रतिशत भन्दा कम जनसङ्ख्या रहेकालाई अल्पसङ्ख्यकको सूचीमा राखिएको छ।

कुसुन्डाको जनसङ्ख्या २७३ छ। जसमा महिला १५० जना छन्। २०७४ को स्थानीय तह सदस्य निर्वाचनमा यो समुदायका धनबहादुर कुसुन्डा[5] घोराही उमनपाको कार्यपालिका सदस्यमा एमालेबाट मनोनीत भएका थिए। सिन्धुली र रामेछाप आसपास बसोबास रहेको हायु समुदायको जनसङ्ख्या २,९२५ छ। जसमा महिला १,५२४ जना छन्। गत निर्वाचनमा यो समुदायका जमुना हायु रामेछाप नपा-२ मा कार्यपालिका सदस्य चुनिएकी थिइन्। त्यसैगरी सिन्धुलीको गोलबन्जार गापाको कार्यपालिका सदस्यमा इन्द्रमाया हायु चुनिएकी थिइन् भने सुनकोसी गापा-२ मा अस्मिता हायु चुनिएकी थिइन्।

किसान झापामा बसोबास गर्ने अर्को लोपोन्मुख समुदाय हो। १७३९ जनसङ्ख्या भएको यो समुदायमा महिला ९०८ जना छन्। जसबाट स्थानीय निर्वाचनको कुनै पनि पदमा उम्मेदवारी नै परेको छैन। झापाकै मेचीनगर नपा-१२ जोरसिमल बस्ने मेचे समुदायको जनसङ्ख्या ४,८६७ छ। जसमा महिलाको सङ्ख्या २६०२ छ। गत चुनावमा यो समुदायबाट नेपाली कङ्ग्रेस र एमालेबाट १-१ जना वडाध्यक्ष भएका थिए। एकजना कार्यपालिका सदस्य पनि भएका थिए। एकजना वडा सदस्यमा मनोनीत भएका थिए।

लेप्चा इलाममा बसोबास गर्ने अर्को लोपोन्मुख समुदाय हो। ३,४४५ जनसङ्ख्या भएको यो समुदायमा १६९६ जना महिला छन्। अर्को लोपोन्मुख समुदाय राजी कैलालीको टीकापुर नगरपालिका क्षेत्रमा भेटिन्छन्। ४२३५ जनसङ्ख्या रहेको यो समुदायमा महिलाको सङ्ख्या २,१९१ छ। यो समुदायबाट अघिल्लो चुनावमा

3 मितिनी अध्यक्ष लक्ष्मी घलानसँग २०७९ जेठ १७ गते गरिएको कुराकानीमा आधारित

4 सामाजिक सुरक्षा ऐन, २०७५

5 अध्यक्ष, नेपाल कुसुन्डा विकास समाज

३ जना वडा सदस्य र एकजना कार्यपालिका सदस्य थिए। त्यसैगरी नेपालगन्ज उपमहानगरपालिका क्षेत्रमा भेटिने कुसबाडियाको सङ्ख्या ३,१८२ छ। जसमा महिलाको सङ्ख्या १५९५ छ। सिकार गर्ने र माग्ने पेसामा लागेकाले उनीहरूको स्थायी बसोबास छैन। त्यसैले उनीहरूको निर्वाचनहरूमा कुनै पनि प्रतिनिधित्व देखिँदैन।

लोपोन्मुख समुदायबाट स्थानीय तहमा विजयी सङ्ख्या र प्रतिनिधित्व गर्ने दल

| प्रतिनिधित्व गर्ने दल | विजयी सङ्ख्या |
|---|---|
| एमाले | ९ |
| नेका | १ |
| जम्मा | १० |

राउटे फिरन्ते समुदाय हो। जसको जनसङ्ख्या ६१८ छ भने यसमा महिलाको सङ्ख्या २९८ छ। नागरिकता नै नभएका कारण उनीहरू न उम्मेदवार बन्न पाउँछन् न त मत हाल्नै पाउँछन्। दोलखाको गौरीशङ्कर नपा-५ स्थित सुरी क्षेत्रमा बस्ने सुरेलको जनसङ्ख्या एकिन छैन। २०७४ को निर्वाचनमा यो समुदायकी सरस्वती सुरेल एमालेबाट सदस्य बनेकी थिइन्। मकवानपुरको हाँडीखोला क्षेत्र वनकरियाको बसोबासस्थल हो। यो समुदायको पनि एकिन तथ्याङ्क छैन्।[6]

यसरी हेर्दा स्थानीय तह सदस्य निर्वाचन २०७९ मा लोपोन्मुख समुदायबाट एकदम कमको मात्र सहभागिता हुन सकेको छ। जसअनुसार उदयपुरको कटारी नगरपालिका-११ बाट नेकपा एमालेका तर्फबाट अनन्त हायु वडाध्यक्षमा निर्वाचित भएका छन्। त्यसैगरी रामेछाप नगरपालिका-७ बाट नेपाली कङ्ग्रेसबाट रामबहादुर हायु, सिन्धुलीको कमलामाई नगरपालिका-३ बाट खेमबहादुर राई हायु र गोलन्जोर गाउँपालिका-३ बाट लक्ष्मी हायु वडा सदस्यमा निर्वाचित भएका छन्।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा लोपोन्मुख जातिबाट निर्वाचितहरू

| नाम | पद | प्रतिनिधित्व गर्ने दल | तह |
|---|---|---|---|
| रामबहादुर हायु | सदस्य | नेपाली कङ्ग्रेस | रामेछाप नपा-७ |
| अनन्त हायु | वडाध्यक्ष | नेकपा एमाले | कटारी नपा-११ |
| खेमबहादुर राई हायु | सदस्य | नेकपा एमाले | कमलामाई नपा-३ |
| लक्ष्मीकुमारी हायु | सदस्य | नेकपा एमाले | गोलन्जोर गापा-५ |
| पशुपति सुनुवार (सुरेल) | महिला सदस्य | नेकपा एमाले | गौरीशङ्कर गापा-५ |
| खड्गबहादुर राजी | सदस्य | नेकपा एमाले | भजनी नपा-५ |
| भीमबहादुर राजी | सदस्य | नेकपा एमाले | भजनी नपा-९ |
| राजकुमार लोप्चा | वडाध्यक्ष | नेकपा एमाले | रोङ गापा-४ |
| आकाश लोप्चा | सदस्य | नेकपा एमाले | सूर्योदय नपा-५ |
| विशुलाल मेचे | सदस्य | नेकपा एमाले | मेचीनगर नपा-१२ |

6 लोपोन्मुख समुदायको जनसङ्ख्या केन्द्रीय तथ्याङ्क विभागको २०६८ को जनगणनाबाट लिइएको हो।

दोलखास्थित गौरीशङ्कर गाउँपालिका-५ मा एमालेबाट महिला सदस्यमा पशुपति सुनुवार (सुरेल) निर्वाचित भएकी छिन् भने इलामको रोङ गाउँपालिका-४ को वडाध्यक्षमा एमालेबाट राजकुमार लोप्चा निर्वाचित भए। इलामकै सूर्योदय नगरपालिका-५ बाट सदस्यमा एमालेबाट आकाश लोप्चा विजयी भए भने झापाको मेचीनगर नपा-१२ बाट विशुलाल मेचे सदस्यमा चुनिन सके।

## मधेसी महिला

मधेसमा तुलनात्मकरूपमा महिला पछाडि छन्। उनीहरूलाई हेरिने दृष्टिकोण नै फरक छ। स्थानीय तह सदस्य निर्वाचन २०७९ हेर्दा पनि यो अवस्था छर्लङ्ग हुन्छ। विशेषगरी मधेसलाई नै केन्द्र बनाइ राजनीति गर्दै आएको तथा मधेसको सबै भन्दा ठूलो दल जनता समाजवादी पार्टीले यो चुनावमा १४६ नगरपालिकामा पुरुषलाई प्रमुखका रूपमा उठायो। जबकि यसरी उठाइने महिला भने १५ जना मात्र रहे। त्यसैगरी १८० गाउँपालिकामा पुरुष उठाउँदा महिलालाई १० स्थानमा मात्र उठाइयो।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा मधेस प्रदेशमा विजयी महिला (दलित महिला र महिला सदस्यबाहेक)

| दल | विभिन्न पदमा विजयी महिलाको सङ्ख्या |
|---|---|
| नेपाली कङ्ग्रेस | ७८ |
| नेकपा एमाले | ५७ |
| जसपा | ४० |
| माओवादी | २४ |
| लोसपा | १६ |

त्यसैगरी मधेसको अर्को ठूलो दल लोसपाले ८९ नगरपालिकामा पुरुषलाई प्रमुखका रूपमा उठायो जबकि महिला भने ५ जना मात्र उठायो। त्यसैगरी ९४ वटा गाउँपालिकामा पुरुष उठाउँदा महिलालाई भने ३ ठाउँमा मात्र उठाइयो। जसपाले २९५ वडामा जित्दा महिला एकजना पनि परेनन्। त्यसैगरी लोसपाले १०३ वडाध्यक्ष जित्दा महिला मात्र ३ जना विजयी भए।

मधेस प्रदेशको निर्वाचन नतिजाले स्थानीय सरकारमा निर्वाचित महिलाको अवस्था झल्काउन सघाउँछ। यो प्रदेशमा १५,७८० महिला उम्मेदवार थिए। जसमा २,७७० जना निर्वाचित भए। कानुनले नै बाध्यकारी बनाएको महिला सदस्य १,२७१ जना र दलित महिला सदस्य १,२६५ जना घटाउँदा अन्य पदमा विजयी हुने महिलाको सङ्ख्या २३४ मात्र हुन आउँछ।

यसरी मधेसमा नेपाली कङ्ग्रेसबाट विभिन्न पदमा ७८, एमालेबाट ५७, जनता समाजवादी पार्टीबाट ४०, माओवादीबाट २४ जना महिला निर्वाचित भएका छन् भने लोसपाबाट १६ जनाले जिते। जसमध्ये नगर प्रमुखमा ७३ जना पुरुषले जित्दा ४ जना मात्र महिलाले जिते। त्यसैगरी उपप्रमुखमा ७७ जनामध्ये ६८ जना महिला विजयी भए भने अध्यक्षमा ५९ जना पुरुष विजयी हुँदा महिला शून्य भए। अनि उपाध्यक्षचाहिँ विजयी जति सबै अर्थात ५९ जना नै महिला भए। यसैगरी १२७१ वडामध्ये १२ जनामा मात्र महिला निर्वाचित भए भने २४५१ जना अन्य सदस्यमा ९१ जना मात्र महिला विजयी भए।

## अपाङ्गता भएका महिला

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले भेदभावविरुद्धको अधिकारअन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गतााका आधारमा भेदभाव वा निजलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भनेको छ। तर चुनावी नतिजाले यो कानुनी व्यवस्थालाई खिल्ली उडाएको देखिन्छ।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा अपाङ्गता भएका व्यक्तिको जित[7]

| प्रतिनिधित्व गरेको दल | विजयी सङ्ख्या |
|---|---|
| एमाले | २० |
| कङ्ग्रेस | १३ |
| माओवादी | २ |
| राष्ट्रिय जनमोर्चा | २ |
| जसपा | १ |
| नागरिक उन्मुक्ति पार्टी | १ |
| स्वतन्त्र | १ |
| जम्मा | ४० |

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा अपाङ्गता भएका १२४ जनाले उम्मेदवारी दिएका थिए। तीमध्ये ४० जना विभिन्न पदमा निर्वाचित भए। यसरी निर्वाचित भएकामध्ये पालिका प्रमुखमा १, उपप्रमुखमा ४, वडाध्यक्षमा २० र वडा सदस्यमा १५ जना थिए। निर्वाचितमध्ये पुरुष ३४ जना थिए। २०६८ सालको जनगणनामा मुलुकभर अपाङ्गता भएकाहरूको जनसङ्ख्या ५,१३,९१३ उल्लेख छ। यसरी जनसङ्ख्याका आधारमा ४० जनाको जित भनेको मात्र ०.००७७ प्रतिशत मात्र हुन आउँछ।

लिङ्गका आधारमा अपाङ्गता भएका व्यक्तिले जितेका सङ्ख्या[8]

| | |
|---|---|
| महिला | ६ |
| पुरुष | ३४ |
| जम्मा | ४० |

## एकल महिला

एकल महिला भन्नाले पतिको निधन भएका महिला, विवाह नगरी ३५ वर्ष उमेर पूरा गरी बसेका महिला, सम्बन्ध विच्छेद भएका महिला, सम्बन्ध विच्छेद नगरी भिन्न बसेका महिला र श्रीमान् बेपत्ता तथा हराइ एक्लै बसेका महिला भन्ने बुझिन्छ। नेपाली समाजमा यस्ता महिलालाई हेरिने दृष्टिकोण नै गलत छ। त्यसैले उनीहरूका लागि 'समान अवसर' निकै टाढाको गन्तव्य भएको तथ्याङ्कले पुष्टि गर्छन्। चुनावबाट चुनिने पदहरूले पनि यस्तै देखाउँछन्।

7 राष्ट्रिय अपाङ्ग महासङ्घले उपलब्ध गराएको विवरणमा आधारित

8 राष्ट्रिय अपाङ्ग महासङ्घले उपलब्ध गराएको विवरणमा आधारित

दलअनुसार विजयी एकल महिला

| विजयी सङ्ख्या | प्रतिनिधित्व गर्ने दल |
|---|---|
| एमाले | २४ |
| नेका | ५२ |
| माओवादी | ९ |
| नेकपा एस | १ |
| जम्मा | ८६ |

नेपालमा विधवा महिला ४,९८,६०६ जना छन् भने सशस्त्र द्वन्द्वका कारण विधवा भएका करिब ९,००० जना छन् । त्यसैगरी स्थानीय तह सदस्य निर्वाचन २०७४ मा १४६ जना एकल महिला विभिन्न पदमा निर्वाचित भएका थिए ।[9]

प्रदेशअनुसार विजयी एकल महिला

| प्रदेश | विजयी सङ्ख्या |
|---|---|
| १ | २० |
| मधेस | ५ |
| वाग्मती | ५ |
| गण्डकी | १४ |
| लुम्बिनी | १४ |
| कर्णाली | ७ |
| सुदूरपश्चिम | २१ |
| जम्मा | ८६ |

पदअनुसार विजयी एकल महिला

| पद | विजयी सङ्ख्या |
|---|---|
| उपप्रमुख | १३ |
| उपाध्यक्ष | ८ |
| वडाध्यक्ष | १ |
| सदस्य | ६४ |
| जम्मा | ८६ |

प्रदेश १ मा २० जना एकल महिला विभिन्न पदमा विजयी भएका छन् । जसमध्ये ६ जना नगर उपप्रमुखमा, २ जना गाउँपालिका उपाध्यक्षमा र १२ जना सदस्यमा विजयी भएका छन् । यसैगरी मधेस प्रदेशबाट १ जना उपप्रमुखमा विजयी भएकी छिन् भने ४ जना वडा सदस्यमा विजयी भएका छन् । वाग्मती प्रदेशबाट १ जना वडाध्यक्षमा र ४ जना वडा सदस्यमा विजयी भएका छन् । गण्डकी प्रदेशमा नगर उपप्रमुखमा ३, गाउँपालिका उपाध्यक्षमा २ र वडा सदस्यमा ९ जना विजयी भएका छन् । लुम्बिनी प्रदेशबाट २ जना उपप्रमुखमा, १ जना

9 एकल महिला समूह

उपाध्यक्षमा र ११ जना वडा सदस्यमा निर्वाचित भएका छन् । कर्णाली प्रदेशमा १ जना उपप्रमुखमा, २ जना उपाध्यक्षमा र ४ जना सदस्यमा विजयी भएका छन् । सुदूरपश्चिम प्रदेशमा १ जना उपाध्यक्षमा र २० जना वडा सदस्यमा विजयी भएका छन् ।[1]

## दलित महिला

नेपालको जनगणना २०६८ अनुसार कुल जनसङ्ख्याको १३.८ प्रतिशत दलितको छ । कुल जनसङ्ख्याको ८.१२ प्रतिशत पहाडी दलित र ४.४१ प्रतिशत मधेसी दलितको सङ्ख्या छ । कुल दलितको सङ्ख्यामध्ये १४ लाख ५४ हजार ९७ पुरुष र १६ लाख ११ हजार ९८१ महिला छन् । कुल महिलाको जनसङ्ख्यामा दलित महिला १५ प्रतिशत छन् ।[10]

स्थानीय तह सदस्य निर्वाचन ऐन, २०७३ ले गाउँपालिका वा नगरपालिकाको वडा समितिमा कम्तीमा पनि एकजना दलित महिला सदस्यमा चुनिनैपर्ने व्यवस्था गरेको छ । जसअनुसार नेपालका ७५३ स्थानीय तहमा ६,७४३ वडा छन् जसमा कम्तीमा एकजना दलित महिला चुनिनैपर्छ ।

तर यसरी कानुनले नै बाध्यात्मक बनाएको पदमा पनि सबै स्थानमा दलित महिला चुनिन सकेनन् । निर्वाचन आयोगका अनुसार १२३ ठाउँमा दलित महिलाको उम्मेदवारी नै नपरेकाले ती ठाउँका पद रिक्त रह्यो । यसरी दलित महिलाको उम्मेदवारी नपरेका ठाउँमध्ये कर्णाली अग्रस्थानमा छ । कर्णालीका ७९ स्थानीय तहका ७१८ वडामध्ये ३६ वटामा दलित महिलाको उम्मेदवारी नै परेन । जिल्लागतरूपमा हेर्दा डोल्पाका २२ वडामा यस्तो उम्मेदवारी शून्य रह्यो । डोल्पाको पनि शे-फोक्सुन्डो गाउँपालिकाका वडा नं. १, ३, ६, ७, ८ र ९ मा यस्तो उम्मेदवारी नै परेन । काठमाडौं उपत्यकाकै २१ स्थानीय तहमध्ये २६ वटा वडामा दलित महिलाको उम्मेदवारी नै परेन ।

दलअनुसार स्थानीय तहमा विजयी दलित महिला (बाध्यकारी)

| दल | विजयी सङ्ख्या |
|---|---|
| नेका | २५५४ |
| एमाले | २२९५ |
| माओवादी | ९७३ |
| जसपा | २९६ |
| नेकपा (एस) | १८० |
| लोसपा | ११३ |
| राप्रपा | ५४ |

उपत्यकाकै भक्तपुर नगरपालिका-१, २, ३, ४, ७, ८ र ९ मा पनि दलित महिला सदस्यको उम्मेदवारी नै परेन । भक्तपुरकै सूर्यविनायक नपा-३ मा पनि यो पद खाली रह्यो । यसरी नै ललितपुर महानगरपालिकाको वडा नं. १, ६, ७, ८, १२, १६, १७, २१, २६ र २७ नं. मा पनि दलित महिलाको उम्मेदवारी परेन । काठमाडौं महानगरपालिकाको वडा नं. २५ र २६ मा पनि दलित महिला सदस्यको उम्मेदवारी परेन ।

10 नेपालमा महिलाको अवस्था, राष्ट्रिय महिला आयोग

रसुवाको गोसाइँ-कुण्ड गाउँपालिकाको वडा नं. १, ३ र ४ मा पनि दलित महिला सदस्यमा उम्मेदवारी नै परेन। अझ मनाङको नार्पभूमि गाउँपालिकाका ५ वटै वडामा दलित महिला सदस्यको उम्मेदवारी नै परेन भने एक महिला सदस्यको पनि परेन। डिस्याङ गाउँपालिकामा पनि २ वडामा दलित महिलाको उम्मेदवारी नै परेन।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा दलित समुदायबाट ९ जना मात्र पालिका प्रमुखमा निर्वाचित भएका छन्। उपप्रमुखमा भने १५ जना चुनिएका छन्।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा दलित समुदायबाट पालिका प्रमुखमा विजयी

| नाम | निर्वाचित पद | प्रतिनिधित्व गरेको दल | तह |
|---|---|---|---|
| देवकुमार नेपाली | मेयर | नेकपा एमाले | ढोरपाटन नपा |
| बेचन दास | मेयर | नेकपा एमाले | विदेह नपा |
| पुष्प वादी | मेयर | नेकपा (माओवादी केन्द्र) | चौरजहारी नपा |
| धनबहादुर बिक | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | ताराखोला गापा |
| शेरसिंह पार्की | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | आलिताल गापा |
| ढुङ्गराज विश्वकर्मा | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | ताप्ली गापा |
| खड्क बिक | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | चौकुने गापा |
| डम्बरबहादुर बिक | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | खजुरा गापा |
| झगबहादुर विश्वकर्मा | अध्यक्ष | नेकपा एमाले | सरुमारानी गापा |

दलित समुदायबाट ९ जना पालिका प्रमुखमा निर्वाचित हुँदा दलित महिला एकजना पनि छैनन् भने उपप्रमुखमा विजयी १५ मध्ये ११ जना महिला छन्। यो तथ्याङ्कले दलित र अझ त्यसमा पनि महिला दलितको अवस्था कति तल छ भन्ने प्रष्ट्याउँछ।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा दलित समुदायबाट पालिका उपप्रमुखमा विजयी

| नाम | निर्वाचित पद | प्रतिनिधित्व गरेको दल | तह |
|---|---|---|---|
| खुमबहादुर बिक | उपप्रमुख | नेकपा (माओवादी केन्द्र) | शुक्लागण्डकी नपा |
| दीपक विश्वकर्मा | उपप्रमुख | नेकपा (माओवादी केन्द्र) | नीलकण्ठ नपा |
| मैना बिक | उपप्रमुख | नेपाली कङ्ग्रेस | गुर्भाकोट नपा |
| सुस्मिता सापकोटा सुनार | उपप्रमुख | नेपाली कङ्ग्रेस | शारदा नपा |
| उमा गोतामे | उपप्रमुख | नेपाली कङ्ग्रेस | भानु नपा |
| भरत गोपाली | उपप्रमुख | नेपाली कङ्ग्रेस | थाहा नपा |
| कल्पना नेपाली | उपाध्यक्ष | नेपाली कङ्ग्रेस | आरुघाट गापा |
| कल्पना हरिजन | उपप्रमुख | नेकपा एमाले | लुम्बिनी सांस्कृतिक नपा |
| मीरादेवी दास केवरत | उपप्रमुख | नेकपा एमाले | सुनवर्षी नपा |

| | | | |
|---|---|---|---|
| धनसुवा बिक | उपाध्यक्ष | नेकपा एमाले | महाशीला गापा |
| वासमती चमार | उपाध्यक्ष | नेकपा एमाले | सरावल गापा |
| राजकला सार्की | उपाध्यक्ष | नेकपा एमाले | हिमाली गापा |
| राजु तिरुवा | उपप्रमुख | नागरिक उन्मुक्ति पार्टी | भजनी नपा |
| दिपोदवी पासवान | उपाध्यक्ष | जनता समाजवादी पार्टी | महोत्तरी गापा |
| शिवकान्ति चमार | उपाध्यक्ष | राष्ट्रिय प्रजातन्त्र पार्टी | रोहिणी गापा |

## लैससास नजरमा जिल्ला समन्वय समिति निर्वाचन

जिल्ला समन्वय समितिका पदाधिकारी पालिकाका प्रमुख र उपप्रमुखको मतबाट चुनिन्छन् । प्रदेश १ मा १४ वटा जिल्ला छन् । जसमध्ये ९ वटाको जिल्ला समन्वय समितिको उपप्रमुखमा महिलाले जित्दा प्रमुख एउटामा पनि जितेनन् । यसरी विजयी हुनेमा नेकाबाट ४, एमालेबाट ३, माओवादीबाट १ र नेकपा एसबाट १ जना थिए ।

मधेस प्रदेशमा ८ जिल्ला छन् । यो प्रदेशको जिल्ला समन्वय समितिमध्ये एउटामा एमाले र एउटामा नेकाबाट उपप्रमुखमा महिलाले जितेका छन् । यो प्रदेशमा पनि महिलाले प्रमुखमा जित्न सकेनन् ।

वाग्मती प्रदेशमा १३ जिल्ला छन् । जसमध्ये रामेछाप जिल्ला समन्वय समितिको प्रमुखमा नेकाबाट महिला प्रमुखमा विजयी हुन सफल भइन् । ४ वटा जिससमा उपप्रमुख महिलाले जितेका छन् । जसमध्ये एकजना नेकपा एसबाट छन् भने बाँकी नेकाबाटै छन् ।

गण्डकी प्रदेशमा ११ जिल्ला छन् । जसमध्ये मुस्ताङको जिल्ला समन्वय समितिको प्रमुखमा एमालेबाट माया गुरुङ प्रमुखमा निर्वाचित भएकी छन् । यसबाहेक ५ वटामा उपप्रमुख महिला भएका छन् । जसमा एकजना माओवादीबाट र बाँकी सबै एमालेबाट छन् ।

जिल्ला समन्वय समितिको उपप्रमुखमा निर्वाचित महिला (दलगत आधारमा)

| दल | उपप्रमुख |
|---|---|
| नेका | १६ |
| एमाले | ११ |
| माओवादी | ४ |
| नेकपा एस | २ |
| जम्मा | ३३ |

लुम्बिनी प्रदेशमा १२ जिल्ला छन् । जसमध्ये रोल्पामा माओवादीबाट एकजना महिला जिल्ला समन्वय समिति प्रमुखमा निर्वाचित भएकी छन् । त्यसबाहेक ६ जिल्लाका जिसस उपप्रमुखमा महिला चुनिएका छन् । जसमध्ये नेकाबाट ३, एमालेबाट २ र माओवादीबाट १ जना छन् ।

कर्णाली प्रदेशमा १० जिल्ला छन् । जसमध्ये रुकुम पश्चिममा माओवादीबाट १ महिलाले प्रमुखमा जितेकी

छन् । यसबाहेक नेका र माओवादीले १/१ जिसस उपप्रमुखमा विजयी हासिल गरेका छन् ।

सुदूरपश्चिम प्रदेशमा ९ जिल्ला छन् । यो प्रदेशमा ५ वटा जिल्ला समन्वय समितिको उपप्रमुखमा महिला विजयी भएका छन् । जसमध्ये ४ जना नेकाबाट छन् भने एकजना एमालेबाट विजयी भएकी छिन् ।

७७ जिल्लाका समन्वय समितिमध्ये ४ वटामा दलितले प्रमुख जितेका छन् भने ९ वटामा उपप्रमुखमा विजयी भएका छन् । प्रमुखमा विजयी हुने दलितमा एकजना पनि महिला छैनन् भने उपप्रमुख विजयी हुनेमा चाहिँ ५ जना महिला छन् । यसैगरी जिल्ला समन्वय समितिहरूमा दलित वा अल्पसङ्ख्यक सदस्य ७७ जना छन् जसमा पुरुष ३३ जना छन् भने महिला ४४ जना छन् ।

जिससमा दलित

| प्रमुख | प्रतिनिधित्व गर्ने दल |
|---|---|
| ३ | एमाले |
| १ | नेकपा एस |

दलगतरूपमा हेर्दा दलित समुदायबाट जिल्ला समन्वय समितिको प्रमुखमा विजयी हुने ४ मध्ये १ जना नेकपा एसबाट छन् भने बाँकी ३ जना एमालेबाट छन् । त्यसैगरी उपप्रमुखमा विजयी ९ जनामध्ये ४ जना माओवादीबाट, ३ जना नेकपा एसबाट, १ जना एमालेबाट र १ जना नेकाबाट छन् ।

यसरी हेर्दा मुलुकभर ४ जिल्लाका जिल्ला समन्वय समितिमा मात्र दलित प्रमुख छन् भने ३३ वटामा उपप्रमुख महिला छन् । जसअनुसार ४० जिल्ला समन्वय समितिमा प्रमुख र उपप्रमुख दुवै पुरुष छन् । यो भनेको प्रमुख र उपप्रमुखमध्ये पृथक लिङ्गको हुनै पर्ने संवैधानिक व्यवस्थाको सोझै उल्लङ्घन हो ।

## स्थानीय तह सदस्य निर्वाचन २०७४

विक्रम संवत् २०७४ को स्थानीय तह सदस्य निर्वाचनमा १,४८,३६४ जना उम्मेदवार थिए जसमा महिला उम्मेदवार ५७८४३ जना थिए । जसमध्ये सबै पदमा गरेर १४,३५२ जना विजयी भएका थिए । यो निर्वाचनमा जम्मा २ प्रतिशत महिलाले मात्र पालिका प्रमुखमा जितेका थिए ।

२०७४ को स्थानीय तह निर्वाचनको नतिजा[11]

| प्रदेश | पद / लिङ्ग | प्रमुख / अध्यक्ष | उपप्रमुख / उपाध्यक्ष | वडाध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | अन्य सदस्य | जम्मा | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिला | १ | १३१ | ११ | ११५६ | ११४५ | ४५ | २४८९ | ४१.१९ |
| | पुरुष | १३६ | ६ | ११४५ | ० | ० | २२६७ | ३५५४ | ५८.८१ |
| २ | महिला | १ | १३३ | ९ | १०७१ | १२६२ | ४७ | २७२३ | ४१.१५ |
| | पुरुष | १३५ | ३ | १२६२ | ० | ० | २४९५ | ३८९५ | ५८.८५ |

11 नेपालको निर्वाचन इतिहास-२, निर्वाचन आयोग नेपाल

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | महिला | ५ | ११० | ६ | ११२१ | १०७० | ४७ | २३५९ | ४०.७३ |
| | पुरुष | ११४ | ९ | १११५ | ० | ० | २११५ | ३४३३ | ५९.२७ |
| ४ | महिला | ६ | ७१ | १५ | ७५९ | ७२८ | ३८ | १६१७ | ४१.१० |
| | पुरुष | ७९ | १४ | ७४४ | ० | ० | १४८० | २३१७ | ५८.९० |
| ५ | महिला | १ | १०० | ७ | ९८३ | ९८३ | ४१ | २११५ | ४१.२० |
| | पुरुष | १०८ | ९ | ९७६ | ० | ० | १९२५ | ३०१८ | ५८.८० |
| ६ | महिला | २ | ८ | ७ | ० | ० | १४१५ | २२११ | ४०.०३ |
| | पुरुष | ७७ | ७९ | ७१८ | ७१८ | ६५७ | १४३६ | ३६८७ | ५९.९७ |
| ७ | महिला | २ | ८४ | ६ | ७३४ | ७२२ | २४ | १५७२ | ४१.०० |
| | पुरुष | ८६ | ४ | ७२८ | ० | ० | १४४४ | २२६२ | ५९.०० |
| जम्मा | महिला | १८ | ७०० | ६१ | ६७४२ | ६५६७ | २६४ | १४३५१ | ४०.९५ |
| | पुरुष | ७३५ | ५३ | ६६८१ | ० | ० | १३२२१ | २०६९० | ५९.०५ |
| कुल जम्मा | | ७५३ | ७५३ | ६७४२ | ६७४२ | ६५६७ | १३४८४ | ३५०४१ | |

२०७४ को निर्वाचनमा पालिका प्रमुखमा जितेका महिला

| दल | सङ्ख्या |
|---|---|
| नेकपा एमाले | ७ |
| नेपाली कङ्ग्रेस | ६ |
| नेकपा (माओवादी केन्द्र) | ५ |

स्थानीय तह सदस्य निर्वाचन २०७४ र २०७९ मा उम्मेदवारी र विजयी महिला

| साल | जम्मा उम्मेदवारी | महिला उम्मेदवारी | विजयी महिला | जम्मामा विजयी महिला प्रतिशत | बाध्यकारीबाहेकमा विजयी महिलाको प्रतिशत |
|---|---|---|---|---|---|
| २०७४ | १,४८,३६४ | ५७,८४३ | १४३५२ | ९.६७ | ०.७० |
| २०७९ | १,३५,४०९ | ५५,७,११ | १४,४४५ | १०.६६ | ०.८१ |

## २.२ समावेशिताको नजरमा प्रतिनिधि र प्रदेश सभा निर्वाचन

**रघुनाथ लामिछाने**

विक्रम संवत् २०७९ नेपालको इतिहासमा स्थानीय र सङ्घीय चुनाव भएको वर्षका रूपमा चिनिने भएको छ। वर्षको सुरुमै अर्थात वैशाख ३० गते स्थानीय तह सदस्यको निर्वाचन भएको थियो भने ६ महिनापछि अर्थात मङ्सिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भएको थियो। आवधिक चुनाव लोकतन्त्रको सबै भन्दा ठूलो सम्पत्ति मानिन्छ। यस अर्थमा लोकतान्त्रिक मुलुक हुनुको नाताले नेपालको यो चुनाव निकै महत्त्वको मान्नुपर्छ।

नेपालको संविधानले पछाडि पारिएका अर्थात सीमान्तकृत समुदायका नागरिकलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरेको छ। जसमा महिला, दलित, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिलगायत लक्षित वर्ग, क्षेत्र, जातजाति र समुदाय पर्छन्। सबै निकाय भन्नाले राज्य सञ्चालन गर्ने ठाउँ कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासमेत पर्छन्। कार्यपालिका र त्यसको बाटो तय गर्ने ठाउँ व्यवस्थापिकामा पुग्नका लागि माध्यम निर्वाचन हो। त्यसैले यस्ता ठाउँमा पुग्न निर्वाचनको भऱ्याङ गतिलो हुनुपर्छ। संविधानमा उल्लिखित यस्तै लैङ्गिक प्रावधानहरू कार्यान्वयनका लागि राज्यले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी गरी कार्यान्वयनमा ल्याएको छ।

निर्वाचन आयोगले पनि संविधानले उल्लेख गरेअनुसारको प्रावधान कार्यान्वयन गर्ने प्रयोजनका लागि लैङ्गिक तथा समावेशी नीति जारी गरेको छ। जसको उद्देश्य नै 'निर्वाचनका माध्यमबाट आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिकरूपले पछाडि परेका विभिन्न लक्षित वर्गहरू दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रका नागरिक, आर्थिकरूपले विपन्न खस/आर्य आदिलाई राज्यका निकायमा सहभागी हुन पाउने हकलाई निर्वाचनको माध्यमबाट कार्यान्वयनमा लैजाने' उल्लेख छ।[1]

### प्रतिनिधि सभा

प्रतिनिधि सभामा १६५ जना प्रत्यक्ष निर्वाचनबाट चुनिने व्यवस्था छ। २०७९ को प्रतिनिधि सभा निर्वाचनमा जम्मा ९ जना मात्र महिला निर्वाचित भए। अझ दलित समुदायबाट त मात्र १ जना, त्यो पनि पुरुष (छविलाल विश्वकर्मा) निर्वाचित भए। चुनिएका महिलामध्ये थारू समुदायबाट भगवती चौधरी तथा गुरुङ समुदायबाट सीता गुरुङबाहेक सबै एउटैखाले वर्ग/समुदायका छन्।

समानुपातिकतर्फबाट चुनिएकासमेत गणना गर्दा प्रतिनिधि सभामा नेपाली कङ्ग्रेसबाट प्रतिनिधित्व गर्ने महिलामध्ये जनजातिबाट १० जना हुनेछन् भने एमालेबाट ८ जना हुनेछन्। त्यसैगरी माओवादीबाट ४ जना र राष्ट्रिय स्वतन्त्र पार्टीबाट २ जना हुनेछन्। यसैगरी मधेसीतर्फ कङ्ग्रेस, एमाले र माओवादीबाट क्रमशः ४, ६ र २ जनाले प्रतिनिधित्व गर्नेछन् भने दलित सांसद कङ्ग्रेसका ४, एमालेका २ र माओवादीका १ जना

1 निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति २०७७, निर्वाचन आयोग नेपाल

हुनेछन् । थारूतर्फ कङ्ग्रेसबाट २, एमालेबाट ३ र माओवादीबाट १ जना हुनेछन् भने मुस्लिमबाट कङ्ग्रेसका १, माओवादीका १ र राजपाका १ जना हुनेछन् ।

यसरी हेर्दा प्रतिनिधि सभामा सबै दलबाट गरी खस/आर्य ३१ जना, जनजाति २९ जना, मधेसी १५ जना, दलित ८ जना, थारू ६ जना र मुस्लिम ३ जना महिला हुनेछन् । त्यसैगरी दलगतरूपमा हेर्दा जम्मा महिला सांसद कङ्ग्रेसबाट ३०, एमालेबाट २७, माओवादीबाट १३, राष्ट्रिय स्वतन्त्र पार्टीबाट ८, राप्रपा, राजपा र जनमतबाट ४-४, तथा नागरिक उन्मुक्ति पार्टीबाट १ जना हुनेछन् । यहाँ स्मरणीय के छ भने महिला तथा अन्य वर्गको योगदानमा आधारित हैन, ३३ प्रतिशत पुऱ्याउनै पर्ने कानुनी बाध्यताका कारण मात्र दलका नेताहरू यो सङ्ख्या पुऱ्याउन बाध्य भएका हुन ।

## प्रदेश सभा

मुलुकभरबाट प्रत्यक्षमा ३३० जना प्रदेश सभा सदस्य चुनिने कानुनी व्यवस्था छ । जसअन्तर्गत मात्र १४ जना महिला चुनिएका छन् । यसरी चुनिएका महिलामा पनि मात्र १ जना दलित महिला (सीताकुमारी सुन्दास) चुनिएकी छन् । मुस्लिम, थारू जस्ता समुदायको प्रतिनिधित्व छैन । मगर समुदायका २ जना (रमा आले मगर र बेची लुङ्गेली) चुनिएका छन् भने मोक्तान, तामाङ र लिम्बूबाट १-१ जना चुनिएका छन् । राप्रपाले लक्ष्मी घिमिरेलाई वाग्मती प्रदेश सभामा समानुपातिकतर्फबाट सिफारिस गरेको थियो । उनी अपाङ्गता भएकी व्यक्ति हुन् ।

## दलीय प्रतिनिधित्व

प्रतिनिधि सभामा प्रत्यक्षतर्फ चुनिएका ९ जनामध्ये सबै भन्दा बढी एमालेबाट ४ जना (धनुषा-३, बारा-३, कास्की-२ र सुनसरी-३) छन् भने त्यसपछि राष्ट्रिय स्वतन्त्र पार्टीबाट २ जना (काठमाडौँ-२ र ललितपुर-३) छन् । यसपछि नागरिक उन्मुक्ति पार्टीबाट १ जना (कैलाली-१), कङ्ग्रेसबाट १ जना (तेह्रथुम) र माओवादीबाट पनि १ जना (दाङ-२) छन् ।

त्यसैगरी प्रदेश सभामा प्रत्यक्षतर्फ जितेका १४ जनामध्ये सबै भन्दा बढी एमाले (महोत्तरी १/१, स्याङ्गजा १/१, नवलपरासी पश्चिम २/१), माओवादी (मकवानपुर २/१, नुवाकोट १/१, बाँके १/१) र नेकपा एस (काठमाडौँ १०/२, इलाम १/१, सर्लाही १/२) बाट ३-३ जना छन् । यसरी नै नेपाली कङ्ग्रेसबाट २ जना (सिन्धुपाल्चोक १/१, काठमाडौँ ६/१) छन् भने राप्रपा (झापा १/२), लोसपा (महोत्तरी ३/२) र स्वतन्त्रले (महोत्तरी १/२) बाट जित हासिल गरेका छन् ।

सङ्घीय संसद्मा प्रत्यक्षतर्फ जितेका महिला र प्रतिनिधित्व गर्ने दल

| नाम | प्रतिनिधित्व गर्ने दल | निर्वाचन क्षेत्र |
|---|---|---|
| जुलीकुमारी महतो | एमाले | धनुषा-३ |
| ज्वालाकुमारी साह | एमाले | बारा-३ |
| विद्या भट्टराई | एमाले | कास्की-२ |

| | | |
|---|---|---|
| भगवती चौधरी | एमाले | सुनसरी-३ |
| सोविता गौतम | राष्ट्रिय स्वतन्त्र पार्टी | काठमाडौं-२ |
| तोसिमा कार्की | राष्ट्रिय स्वतन्त्र पार्टी | ललितपुर-३ |
| रञ्जिता श्रेष्ठ | नागरिक उन्मुक्ति पार्टी | कैलाली-१ |
| रेखा शर्मा | माओवादी | दाङ-२ |
| सीता गुरुङ | नेपाली कङ्ग्रेस | तेह्रथुम |

## तानतुन पारिएको प्रतिशत

प्रतिनिधि सभातर्फ प्रत्यक्ष र समानुपातिक गरी समग्रमा २७५ (१६५ प्रत्यक्ष र ११० समानुपातिक) जना चुनिएका छन्। त्यसैगरी प्रदेश सभातर्फ (३३० प्रत्यक्ष र २२० समानुपातिक) गरी ५५० जना चुनिएका छन्। यो भनेको प्रतिनिधि सभातर्फ महिलाको प्रतिशत ३३.१० हुन आउँछ भने प्रदेश सभातर्फ ३६.३६ प्रतिशत हुन आउँछ।

नेपालको संविधान (जुन मुलुक सञ्चालन गर्ने मूल कानुननसमेत हो) ले नै राज्यका सबै निकायमा सबै वर्ग, लिङ्ग, जातजातिलाई समानुपातिक प्रतिनिधित्व गराउने भनेको छ। यो प्रावधान त परै जाओस्, हाललाई कम्तीमा ३३ प्रतिशत महिला सहभागिता गराउने सर्वस्वीकृत व्यवस्थासमेत बल्लतल्ल धानिएको छ। प्रत्यक्ष निर्वाचनमार्फत आउने बाटो रोकिएकाले प्रतिनिधि र प्रदेश दुवै सभामा महिलाको सङ्ख्या न्यून हुन पुग्यो। त्यसैले समानुपातिकतर्फबाट तानतुन पारेर संवैधानिक व्यवस्थाको इज्जतसमेत जोगाउने काम भयो। त्यो पनि सकेसम्म कम सङ्ख्या पुऱ्याएर।

खासगरी महिला र पिछडिएको समुदायलाई टिकट नदिएर उम्मेदवारीबाटै वञ्चित गरिएका कारण यस्तो अवस्था सिर्जना भएको हो। अहिले नेपालले अपनाएको निर्वाचन प्रणाली यस्तो छ कि जसमा अपवादबाहेक दलीय आधारमा चुनावमा भाग लिइने भएकाले उम्मेदवार को भयो भन्ने प्रश्न गौण रहन्छ। कुन दलबाट भन्ने प्रश्न मुख्य रहन्छ। किनकि यहाँ दल हावी छन्, व्यक्ति हैन। त्यसैले संविधानले परिकल्पना गरेको समावेशी सत्ताका लागि पछाडि पारिएका समूह, लिङ्गका व्यक्तिलाई उम्मेदवार बनाउनुपर्नेमा त्यसो नगरेर दलका नेतृत्वले आफैं संविधान उल्लङ्घन गरे। आज प्रतिनिधि र प्रदेश सभामा महिला कम देखिनु र भएकामा पनि समानुपातिकको मार्ग रोजिनुपर्नाको मुख्य कारण यही हो।

सोझै हेर्दा समानुपातिकबाट तानतुन गरेर भए पनि ३३ प्रतिशत पुऱ्याइनु ठीकै त छ नि भन्ने लाग्न सक्छ तर यो संविधानको मर्मविपरित छ। किनकि संविधानको मर्म 'जसरी पनि सङ्ख्या पुऱ्याउने' मा सीमित छैन। संविधानले त सार्थक सहभागिताको कल्पना गरेको हो ताकि उनीहरू हाजिर गरेर भत्ता लिएर फर्कने मात्र हैन, आफूलाई मत दिएर पठाउने जनताका आवाज उठाउने र अधिकारका लागि सक्रिय हुने अवधारणाले काम गरेको छ यस्तो प्रावधान राखिनुमा। साथै यसरी चुनिएका प्रतिनिधिले अरूसमान सम्मान महसुस गर्ने र आफूले प्रतिनिधित्व गर्ने समुदायका लागि विशेष भूमिका निर्वाह गर्ने अपेक्षा पनि निहित छ।

प्रदेश संसद्मा प्रत्यक्षतर्फ जितेका महिला

| नाम | दल | निर्वाचन क्षेत्र | प्रदेश |
|---|---|---|---|
| कृष्णा केसी | माओवादी | बाँके १ (१) | लुम्बिनी |
| कुमारी मोक्तान | माओवादी | मकवानपुर २ (१) | वाग्मती |
| राधिका तामाङ | माओवादी | नुवाकोट १ (१) | वाग्मती |
| रमा आले मगर | नेकपा एस | काठमाडौं १० (२) | वाग्मती |
| खिनु लिम्बू | नेकपा एस | इलाम १ (१) | प्रदेश नं. १ |
| बेची लुङ्गेली | नेकपा एस | सर्लाही १ (२) | मधेस |
| शारदादेवी थापा | एमाले | महोत्तरी १ (१) | मधेस |
| सीताकुमारी सुन्दास | एमाले | स्याङ्जा १ (१) | गण्डकी |
| पदमा जिसी | एमाले | नवलपरासी पश्चिम २ (१) | गण्डकी |
| हरिप्रभा खड्गी | नेपाली कङ्ग्रेस | काठमाडौं ६ (१) | वाग्मती |
| मसिना खड्का | नेपाली कङ्ग्रेस | सिन्धुपाल्चोक १ (१) | वाग्मती |
| सविना बजगाईं | राप्रपा | झापा १ (२) | प्रदेश नं. १ |
| रानीकुमारी तिवारी | लोसपा | महोत्तरी ३ (२) | मधेस |
| सुरिताकुमारी साह | स्वतन्त्र (पछि जसपा प्रवेश) | महोत्तरी १ (२) | मधेस |

## समानुपातिकको दुरुपयोग

संविधानले परिकल्पना गरेको समानुपातिक व्यवस्थाले बहुरूपी नेपालको दृश्य समेट्न खोजेको छ सबै ठाउँमा। नेपाल सानो भूगोल र थोरै जनसङ्ख्या भए पनि धेरै समुदाय, भाषाभाषी, जातजाति र अल्पसङ्ख्यकहरूको बसोबासस्थल हो । त्यसैले मुलुकको विधान निर्माण गर्ने र आफ्नोसमेत भविष्य निर्माण गर्ने थलो भएकाले सङ्घीय र प्रदेश सभाहरूमा सबैको प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक व्यवस्था अपनाइएको हो भन्दा फरक पर्दैन। तर दलको नेतृत्वमा बस्नेले समानुपातिक व्यवस्थालाई 'आफ्नो मर्जी' को खेल बनाए। आफूले गुन तिर्नुपर्ने, मान राख्नुपर्ने, खुसी तुल्याउने जस्ता कार्यका लागि समानुपातिक पदहरू दुरुपयोग गरिए। फलस्वरूप जसका लागि व्यवस्था गरिएको हो उनीहरू समानुपातिक प्रणालीमा अटाउन सकेनन्।

अहिले नेताहरूले जसलाई मन लाग्यो उसैलाई समानुपातिक सांसद बनाउनुमा कतै पनि जवाफदेही हुनु नपर्ने अवस्था मूल कारण हो। कसैलाई सिफारिस गर्दा तथ्य र कारणसहितको ज्यामितीय आधार कानुनमै खडा गर्न सकिएको भए शायद समानुपातिक निर्वाचनमा आज देखिएको तमासा मुलुकबासीले हेर्नु/भोग्नुपर्ने थिएन।

सम्पन्न, शक्तिशाली र वर्षौंदेखि राज्यका स्रोत चाहारेकाहरूकै हातमा घुमिफिरी समानुपातिकका पदहरू पुगेपछि त्यसको असर विपन्न र पछाडि पारिएका समुदायमा पर्नु स्वाभाविक हो । अहिलेको निर्वाचन नतिजाले पनि यो पुष्टि गरेको छ । आधा भन्दा बढीको सङ्ख्यामा रहेका महिला होस्टेहैंसेका साथ ३३ प्रतिशतमा ठेलेर पुऱ्याइनु, १४ प्रतिशतको हाराहारीमा रहेका दलित समुदायबाट प्रतिनिधि सभा र प्रदेश सभाको प्रत्यक्षमा मात्र १-१ जनाले जित्न सक्नु, ठूलो सङ्ख्यामा रहेका अन्य समुदायको प्रतिनिधि १ अङ्कमै सीमित रहनु तथा

दर्जनौं अल्पसङ्ख्यक समुदाय र १० जातिका लोपोन्मुख समुदायको प्रतिनिधित्व शून्य हुनुले हाम्रो समानुपातिक अवधारणालाई लोप्पा खुवाइरहेको छ। जसले यो अवधारणाको पुनर्परिभाषा माग गरेको छ भने यो खारेज गर्नुपर्छ भन्नेहरूको जमातसमेत वृद्धि गर्दै लगेको छ।

# ३. विभिन्न क्षेत्रमा महिला सहभागिता

## ३.१ मन्त्रिपरिषद्

### ३.१.१ सङ्घीय मन्त्रिपरिषद्

नेपालको संविधानको धारा ७५ अनुसार नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहीत हुनेछ । नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पनि मन्त्रिपरिषद्मा नै हुनेछ । धारा ७६ मा यस्तो मन्त्रिपरिषद् गठनबारे उल्लेख छ । जसअनुसार राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ। र, निजकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ।

सङ्घीय मन्त्रिपरिषद् (२०८० वैशाख २८ को वेबसाइटअनुसार)

| पद | जम्मा | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| मन्त्री | २१ | १. रेखा शर्मा, २. रञ्जिता श्रेष्ठ, ३. सीता गुरुङ, | १४.२८ |
| राज्य मन्त्री | २ | १. सुशीला सिर्पाली ठकुरी, २. नन्दा चपाई | १०० |

### ३.१.२ प्रदेश मन्त्रिपरिषद् (२०८० वैशाख २८ को वेबसाइटअनुसार)

| प्रदेश | मन्त्री | | | | राज्य मन्त्री | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | महिलाको प्रतिशत | जम्मा | पुरुष | महिला | महिलाको प्रतिशत |
| कोसी | ७ | ६ | १. निर्मला तावा लिम्बू | १४.२८ | - | - | - | |
| मधेस | ७ | ५ | १.सुरिताकुमारी साह, २ सुनिता यादव | २८.५७ | ३ | ३ | - | ० |
| वाग्मती | ४ | ३ | १ कुमारी मुक्तान | २५ | - | - | - | - |
| गण्डकी | ७ | ६ | १ (सीता सुन्दास | १४.२८ | - | - | - | - |
| लुम्बिनी | ४ | ४ | - | ० | | | | |
| कर्णाली | ७ | ७ | - | ० | १ | - | १. उर्मिला विश्वकर्मा | १०० |
| सुदूरपश्चिम | ३ | ३ | - | ० | | | | |
| जम्मा | ३९ | ३४ | ५ | १२.८२ | ४ | ३ | १ | २५ |

## ३.२ स्वास्थ्यकर्मी

चिकित्साशास्त्र अध्ययन/अध्यापन गराइने तथा तालिम दिने/दिलाउने मेडिकल कलेजलाई तोकिएबमोजिम मान्यता दिने, यस्ता मेडिकल कलेजको पाठ्यक्रम, भर्नाका सर्तहरू तथा परीक्षा प्रणालीसम्बन्धी तोकिएबमोजिमको नीति तथा अन्य आवश्यक पूर्वाधारहरू तथा मापदण्डसम्बन्धी कुराहरूको मूल्याङ्कन र पुनरावलोकन गर्दा सोबमोजिम नभएको ठहर भएमा दर्ता तथा स्वीकृति खारेजीका लागि सिफारिस गर्नेसमेतको कामका लागि नेपाल मेडिकल काउन्सिल गठन भएको छ।

अन्य धेरै कामका बाबजुद यो काउन्सिलले चिकित्सा व्यवसाय सुचारुरूपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्छ भने चिकित्सकहरूको योग्यता निर्धारण गरी योग्यता पुगेका चिकित्सकहरूलाई तोकिएबमोजिमको दर्ता प्रमाणपत्र (परीक्षा लिएर) उपलब्ध गराउने काम पनि गर्छ। नेपाल मेडिकल काउन्सिलले उपलब्ध गराएको २०७९ पुस १६ गतेसम्म दर्ता भएका स्वास्थ्यकर्मीको तथ्याङ्क निम्नानुसार छ :

### ३.२.१ डक्टर



| | पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| एमबिबिएस | १८५२० | ९२८५ | २७८०५ | ३३.३९ |
| बिडिएस | १६२२ | २७९१ | ४४१३ | ६३.२४ |
| जम्मा | २०१४२ | १२०७६ | ३२२१८ | ३७.४८ |

विशेषज्ञ

| | पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| एमडी/एमएस | ६७१४ | २६२५ | ९३३९ | २८.१० |
| एमडिएस | ३९६ | ३४५ | ७४१ | ४६.५५ |
| जम्मा | ७११० | २९७० | १००८० | २९.४६ |

### ३.२.२ नर्सिङ

नर्सिङ व्यवसायलाई सुचारुरूपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने, शिक्षण संस्थालाई मान्यता दिने, यस्ता शिक्षण संस्थाको पाठ्यक्रम, भर्नाका सर्त, परीक्षा प्रणाली तथा अन्य आवश्यक सर्त तथा पूर्वाधारको मूल्याङ्कन तथा पुनरावलोकन गर्नेलगायत कार्यका लागि नेपाल नर्सिङ परिषद् स्थापना भएको छ।

अन्य विविध कामका बाबजुद नर्सिङ व्यवसायीको योग्यता निर्धारण गरी योग्यता पुगेका नर्सिङ व्यवसायीको दर्ता किताबमा नाम दर्ता गरी दर्ता प्रमाणपत्र दिने र नर्सिङ व्यवसायीको कार्यसीमा निर्धारण गर्ने काम पनि यो परिषद्ले गर्छ। नेपाल नर्सिङ परिषद्ले २०७९ मङ्सिर २५ गतेसम्म दर्ता भएका आधारमा उपलब्ध गराएको तथ्याङ्क निम्नानुसार छ :

नर्स

| विवरण | महिला | पुरुष |
|---|---|---|
| विशेषज्ञ | ११९४ | - |
| नर्स | ७३३८९ | १२५ |
| एएनएम | ३६९६९ | - |
| विदेशी नर्स | ८४८ | - |
| जम्मा | १,१२,४०० | १२५ (पुरुषको प्रतिशत : ०.१७) |

**नेपालमा दर्ता भएका नर्सको सङ्ख्या**

(२०७९ मंसिर २५ गतेसम्म)



| | | |
|---|---|---|
| विशेषज्ञ | ११९४ | - |
| नर्स | ७३३८९(म.) | १२५ (पु.) |
| एएनएम | ३६९६९ | - |
| विदेशी नर्स | ८४८ | - |

### ३.२.३ स्वास्थ्य स्वयंसेविका

केन्द्रीय तथ्याङ्क विभागको सामाजिक तथ्याङ्क २०७९ अनुसार नेपालमा स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या निम्न छ :

५१,४२३

## 3.3 न्याय क्षेत्र

नेपालको संविधानको धारा १५३ मा न्याय परिषद्को व्यवस्था छ। जसले न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस गर्छ वा परामर्श दिन्छ। यो परिषद्ले न्याय सेवा आयोगको सचिवालयको कामसमेत गर्दै आएको छ। न्याय परिषद्ले २०७९ पुस ३ गते प्रकाशन गरेको न्याय परिषद् बुलेटिनका अनुसार नेपालमा न्यायाधीशको सङ्ख्या निम्नानुसार छ :

### ३.३.१ न्यायाधीश

| अदालत | जम्मा न्यायाधीश | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| सर्वोच्च | १६ | २ | १२.५ |
| उच्च | १२१ | १८ | १४.८७ |
| जिल्ला | २५५ | १७ | ६.६६ |

### ३.३.२ सरकारी वकिल

नेपालको संविधान, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ तथा सरकारी वकिलसम्बन्धी नियमावली, २०७७ मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारबारे उल्लेख छ। जसअनुसार मुख्य काममा संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानुनी राय सल्लाह प्रदान गर्ने, नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने पर्छ।

कानुनबमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानुनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने लागेमा र त्यस्तो निर्णय वा काम कारबाहीविरुद्ध उजुर गर्न कानुनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैँले वा निजले तोकेको सरकारी वकिलले त्यस्तो निर्णय वा काम कारबाहीविरुद्ध कानुनबमोजिम सम्बन्धित निकायमा उजुर गर्ने काम पनि यसले गर्छ। यही महान्यायाधिवक्ताको कार्यालयले प्रकाशन गरेको सरकारी वकिलहरूको चौथो राष्ट्रिय सम्मेलन २०७९, सम्मेलन विशेषाङ्कअनुसार नेपालमा सरकारी वकिलको तथ्याङ्क निम्नबमोजिम छ :

सरकारी वकिल



| पद | जम्मा सङ्ख्या | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| नायब महान्यायाधिवक्ता | ४ | - | ० |
| सहन्यायाधिवक्ता | ३७ | २ | ५.४० |
| द्वितीय श्रेणी | १६१ | २२ | १३.६६ |
| तृतीय श्रेणी | २६२ | ६६ | २५.१९ |

### ३.३.३ कानुन व्यवसायी

कानुन व्यवसायमा प्रवेश गर्नेहरूको परीक्षा लिने, कानुन व्यवसायीमा नाम दर्ता गर्ने, व्यावसायिक आचारसंहिता निर्धारण गर्ने, तोकिएको व्यावसायिक आचारसंहिताअनुरूप कानुन व्यवसायीले काम गरे/नगरेको सम्बन्धमा अनुगमन गर्ने, व्यावसायिक आचरणविरुद्ध गरेको कार्यसम्बन्धी उजुरी लिने र अनुशासनमा सजाय गर्ने, व्यवसायमा संलग्न कानुन व्यवसायीहरूको अभिलेख अद्यावधिक राख्ने, व्यवसायलाई गरिमामय बनाउन आवश्यक प्रशिक्षण तथा तालिमको व्यवस्था गर्ने, कानुन व्यवसायीको इज्जत, प्रतिष्ठा, सुरक्षा, हक/हित

तथा सुविधाको संरक्षण गर्ने, कानुन व्यवसायीको हित अभिवृद्धि गर्न अध्ययन, छलफल, सभा, गोष्ठी, प्रवचन आदिको व्यवस्था गर्ने र आवश्यक प्रकाशनको व्यवस्था गर्ने तथा स्तरीय कानुनी शिक्षालाई प्रोत्साहन दिन कानुन व्यवसायका लागि उपयुक्त शैक्षिक मापदण्ड सिफारिस गर्ने कार्यका लागि नेपाल कानुन व्यवसायी परिषद् गठन भएको छ।

यो परिषद्को मुख्य काममध्ये कानुन व्यवसायीमा नाम दर्ता गर्ने र व्यवसायमा संलग्न कानुन व्यवसायीहरूको अभिलेख अद्यावधिक राख्ने पनि हो। नेपाल कानुन व्यवसायी परिषद्ले उपलब्ध गराएको २०७९ माघ ४ सम्मको तथ्याङ्कअनुसार नेपालमा कानुन व्यवसायीको सङ्ख्या निम्नानुसार छ :


कानुन व्यवसायी

| प्रकार | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| वरिष्ठ अधिवक्ता | ५८२ | ३० | ५.१५ |
| अधिवक्ता | १९९१२ | ३४१० | १७.१२ |
| अभिवक्ता | ९९७४ | ७१४ | ७.१५ |
| अभिकर्ता | १०९३ | ५ | ०.४५ |

## ३.४ निजामती कर्मचारी

सम्पूर्ण निजामती कर्मचारीको सुरु नियुक्तिदेखि अवकाशसम्मको अभिलेख अद्यावधिक गरी राख्ने प्रयोजनका लागि राष्ट्रिय किताबखाना (निजामती) स्थापना भएको हो। यसबाहेक यो किताबखानाले अवकाश प्राप्त कर्मचारीहरूको अभिलेख राख्ने, सेवाबाट अलग भएका निजामती कर्मचारीहरूले पाउने निवृत्तभरण, उपदान, पारिवारिक निवृत्तभरण, सन्ततिवृत्तिलगायतका सुविधाहरू उपलब्ध गराउने र तिनको अभिलेख राख्ने काम पनि गर्छ। यति मात्र हैन, सरकारका विभिन्न निकायलाई नीति निर्माणका लागि आवश्यक पर्ने कर्मचारीसम्बन्धी सूचना तथा तथ्याङ्क उपलब्ध गराउने र निजामती कर्मचारी सूचना केन्द्रका रूपमा कार्य गर्ने जिम्मेवारी पनि यसकै हो। राष्ट्रिय किताबखाना (निजामती) ले २०७९ माघ ४ गते उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालमा निजामती कर्मचारीको सङ्ख्या यसप्रकार छ :

निजामती सेवामा कर्मचारीको तथ्याङ्क



निजामती कर्मचारी

| श्रेणी/तह | पुरुष | महिला |
|---|---|---|
| विशिष्ट श्रेणी (मुख्य सचिव) | १ | - |
| विशिष्ट श्रेणी | ६० | ६ |
| अधिकृत बाह्रौं | १ | १ |
| अधिकृत एघारौं | ९७ | २९ |
| अधिकृत दशौं | १८७ | ५८ |
| अधिकृत नवौं | १५३ | ५९ |
| अधिकृत आठौं | ४९५ | १८० |
| अधिकृत सातौं | २९९ | १७९ |
| अधिकृत छैटौं | १८८६ | ९२१ |
| एघारौं तह | ५ | - |
| दशौं तह | २२६ | ११ |
| नवौं तह | २९४ | ३५ |
| आठौं तह | १०५९ | १५५ |
| छैटौं तह | ६१६६ | १६९१ |
| सातौं तह | १४९३ | ३३३ |
| वरिष्ठ पाँचौं | ३ | ७ |
| पाँचौं तह | ८१०३ | ४९६२ |
| चौथो तह | ६११० | ६११५ |
| रा.प. प्रथम श्रेणी | ६०६ | ५४ |
| रा.प. द्वितीय श्रेणी | २६७८ | ३३३ |
| रा.प. तृतीय श्रेणी | ६४०३ | १५९८ |
| रा.प.अनं प्रथम श्रेणी | ९७०८ | २४४८ |
| रा.प.अनं द्वितीय श्रेणी | ५५१२ | १५८७ |
| रा.प.अनं तृतीय श्रेणी | १५७ | ९ |
| रा.प.अनं चतुर्थ श्रेणी | ४८ | २ |
| रा.प.अनं पाँचौं श्रेणी | ७४० | ६८ |
| सहायक पाँचौं | ८०२ | १४५७ |
| सहायक चौथो | ५४१ | ५६८ |
| सहायक तेस्रो | १६ | २१ |
| सहायक दोस्रो | - | २ |
| श्रेणीबिहीन | ८३७३ | ९३३ |

| | | |
|---|---|---|
| अनुपलब्ध | १६ | ८ |
| जम्मा : ८६,४६८ | ६२६१४ | २३,८५४ |
| प्रतिशत | ७२.४१ | २७.५९ |

### ३.४.१ सचिव तथा विशिष्ट श्रेणीका कर्मचारी

| पद | जम्मा | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| सचिव तथा विशिष्ट श्रेणी | ७३ | ६ | ८.२१ |

स्रोत : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट (२०७९ माघ ६ गते हेरिएको)

### ३.४.२ प्रमुख जिल्ला अधिकारी

| पद | जम्मा | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | ७७ | १० (हुमकला पाण्डे- सुनसरी, अनिता निरौला- रामेछाप, रोशनीकुमारी श्रेष्ठ- बाग्लुङ, सुनिता नेपाल- सिन्धुली, कल्पना श्रेष्ठ- डोटी, मीना अर्याल- अर्घाखाँची, प्रदर्शनी कुमारी- ओखलढुङ्गा र गोमादेवी चेम्जोङ- ताप्लेजुङ, सुप्रभा खनाल ढुङ्गेल- मनाङ र किरण जोशी- दार्चुला) | १२.९८ |

स्रोत : गृह मन्त्रालय, २०८० वैशाख ८ गतेको जानकारीअनुसार।

## ३.५ सुरक्षा निकाय

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्र मातहतका प्रहरी कर्मचारीहरूको सुरु नियुक्तिदेखि अवकाशसम्मको वैयक्तिक विवरण अध्यावधिक गर्ने कार्यका लागि राष्ट्रिय किताबखाना (प्रहरी) सञ्चालनमा छ। यसले सेवा निवृत्त प्रहरी कर्मचारीहरू र उनीहरुका परिवारलाई निवृत्तिभरण, उपदान, पारिवारिक निवृत्तिभरण, असाधारण पारिवारिक वृत्ति, अशक्त वृत्ति, सन्तति वृत्तिलगायतका सुविधा उपलब्ध गराउँछ भने यसको अभिलेख व्यवस्थित बनाइ राख्ने काम पनि गर्छ। राष्ट्रिय किताबखाना (प्रहरी) ले २०७९ माघ ५ गते उपलब्ध गराएको तथ्याङ्कअनुसार सुरक्षाकर्मीको सङ्ख्या निम्न छ :



### ३.५.१ नेपाल प्रहरी

| विवरण | जम्मा सङ्ख्या | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| नेपाल प्रहरी | ७५,५३३ | ६७,१०० | ८,४३३ | ११.१६ |

### ३.५.२ सशस्त्र प्रहरी बल नेपाल

| विवरण | जम्मा सङ्ख्या | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| सशस्त्र प्रहरी | ३५,६६९ | ३२,७२४ | ३,२४५ | ९.०३ |

### ३.५.३ राष्ट्रिय सतर्कता केन्द्र

| विवरण | जम्मा सङ्ख्या | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| सतर्कता केन्द्र | १७ | १७ | - | ० |

### ३.५.४ राष्ट्रिय अनुसन्धान विभाग

| विवरण | जम्मा सङ्ख्या | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| अनुसन्धान विभाग | २,२६४ | खुलाउन नमिल्ने | खुलाउन नमिल्ने | - |

### ३.५.५ नेपाली सेना

नेपालमा वि.सं. २०१८ बाट सेनामा महिलाको प्रवेश भएको देखिन्छ। त्यसपछि प्यारासुट फोल्डरका रूपमा २०२२ सालदेखि, चिकित्सकका रूपमा २०२६ सालदेखि, कानुन अधिकृतका रूपमा २०५५ सालदेखि र इन्जिनियरिङ सेवामा २०६१ सालदेखि महिला प्रवेश गरेका देखिन्छ। नियमित लडाकु फौजका रूपमा साधारण सेवामा भने महिलालाई २०६० सालदेखि प्रवेश खुला गरिएको पाइन्छ। यतिखेर नेपाली सेनाको जम्मा सङ्ख्या ८७,१०९ छ जसमध्ये महिलाको सङ्ख्या ६,६३२ छ। यो भनेको ७.६१ प्रतिशत हुन आउँछ।

नेपाली सेनाले खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूको ४५ प्रतिशत पद सङ्ख्या समावेशीकरणका लागि छुट्याइ सो सङ्ख्यालाई शतप्रतिशत मानी २० प्रतिशतमा महिलाबीच मात्र प्रतिस्पर्धा गराइ पद पूर्ति गरिने नियम बनाएको छ। नेपाली सेनाको आर्मी रेकर्ड अफिस (एजी) का अनुसार नेपाली सेनाको विभिन्न पदमा भएका महिला निम्न छन् :

नेपाली सेनामा महिला (साउन ३१, २०७९ सम्मको तथ्याङ्क)

| सि.नं. | सेवा | सहायक रथी | महा सेनानी | प्रमुख सेनानी | सेनानी | का.बा. सेनानी | सहसेनानी | का.बा. सहसेनानी | उपसेनानी | जमदार (१) | जमदार (२) | हुद्दा | अमल्दार | प्युठ | सिपाही | रिक्रुट | एनसिइ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सामान्य | | | | १०६ | | ६५ | ८ | ३८ | ६ | ५६ | १२६ | ३२५ | ७७५ | ३३९० | ५०६ | | ५४०१ |
| २ | प्राविधिक | ७ | १३ | २७ | ४७ | १ | ८४ | | २६ | १८३ | ४८ | ९९ | १०३ | | | | | ६३८ |
| ३ | क्लर्क | | | | | | | | | ५ | १०१ | ७४ | ५५ | | | | | २३५ |
| ४ | कानुनी | १ | १ | २ | २ | | १ | | २ | | | | | | | | | ९ |
| ५ | एनसिइ | | | | | | | | | १ | | ५ | | २ | | | २९८ | ३०६ |
| ६ | लेखा | | | २ | १ | | ६ | | ७ | २ | २५ | | | | | | | ४३ |
| | जम्मा | ८ | १४ | ३१ | १५६ | १ | १५६ | ८ | ७३ | १९७ | २३० | ३०४ | ४८३ | ७७७ | ३३९० | ५०६ | २९८ | ६६३२ |

## ३.६ लैङ्गिक हिंसा

नेपाल प्रहरीअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय नामक कार्यालय छ। यसले महिला, बालबालिका, ज्येष्ठ नागरिक र जोखिममा परेका अन्य व्यक्तिका लागि निष्पक्ष र विशेषीकृत प्रहरी सेवाहरू सुनिश्चित गर्छ। यो निर्देशनालयका विभिन्न काममध्ये एउटा देशभरका प्रहरी कार्यालयबाट प्राप्त महिला, बालबालिका र ज्येष्ठ नागरिकविरुद्धको अपराधसम्बन्धी विभिन्न तथ्याङ्क सङ्कलन गरी वैज्ञानिक विश्लेषण गर्नु पनि हो।

यो निर्देशनालयका अनुसार समग्र लैङ्गिक हिंसा अपराधमा ७८.८२ प्रतिशत हिस्सा घरेलु हिंसाको छ। यस्तो हिंसा मधेस प्रदेशमा सबै भन्दा बढी छ भने कर्णाली प्रदेशमा सबै भन्दा कम देखिएको छ। यौनजन्य हिसाका घटनाका ८३.१५ प्रतिशत अभियुक्त चिनजानका पाइएका छन्। यस्ता पीडितमा ६४.२२ प्रतिशत बालिका छन्। मानव बेचबिखनको घटना सबै भन्दा बढी लुम्बिनी प्रदेशमा देखिएको छ। यस्ता घटनाबाट पीडित हुनेमा महिला ५०.२४ प्रतिशत छन् भने बालिकाको प्रतिशत ३८.८६ छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयद्वारा सार्वजनिक लैङ्गिक हिंसाको वार्षिक तथ्यपत्र (आ.व. २०७८/७९ को साउनदेखि असारसम्म) अनुसार नेपालमा लैङ्गिक हिंसाको अवस्था निम्नानुसार छ :

लैङ्गिक हिंसा घटना (आर्थिक वर्ष २०७८/७९ को साउनदेखि असारसम्म)

| सि. नं. | हिंसाको प्रकार | मुद्दा दर्ता/उजुरी सङ्ख्या | प्रदेश नं. १ | मधेस प्रदेश | वाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | उपत्यका | मानव बेचबिखन अनुसन्धान ब्युरो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जबर्जस्ती करणी | २३८० | ५१२ | २८९ | २६५ | २११ | ३८९ | १५७ | २३४ | ३२३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | जबर्जस्ती करणी उद्योग | ६५५ | १४१ | ९३ | ६९ | ५० | १३० | ४३ | ९२ | ३७ | |
| ३ | बालयौन दुरुपयोग / दुर्व्यवहार | ३१४ | ९९ | १७ | ४६ | ३७ | ३७ | ११ | १२ | ५५ | |
| ४ | अप्राकृतिक मैथुन | ३१ | ६ | ८ | ३ | ५ | ६ | १ | १ | १ | |
| ५ | अपहरण तथा जबर्जस्ती करणी | ७२ | ५ | ४७ | ३ | ३ | १० | १ | २ | १ | |
| ६ | जबर्जस्ती करणी गरी कर्तव्य ज्यान | ९ | २ | २ | ० | १ | ० | ३ | १ | ० | |
| ७ | बहुविवाह | ८०९ | १४४ | १२१ | ९३ | ४० | १५७ | ८१ | ८२ | ९१ | |
| ८ | बालविवाह | ५२ | १० | १० | २ | ५ | ९ | १० | ४ | २ | |
| ९ | घरेलु हिंसा | १७००० | १३३३ | ४४७३ | १५६८ | १४०९ | २८६० | ९८३ | १३१६ | ३०५८ | |
| १० | बोक्सीको आरोप | ४९ | ५ | २८ | ४ | ० | ७ | २ | २ | १ | |
| ११ | मानव बेचबिखन | १४५ | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ |
| १२ | अवैध गर्भ पतन | ३७ | ९ | १६ | १ | ३ | ६ | ० | ० | २ | |
| १३ | जातीय छुवाछूत | १५ | ३ | १ | २ | १ | ४ | ० | ३ | १ | |

घरेलु हिंसाका पीडित महिला (उमेरका आधारमा)

| उमेर समूह | पीडित हुनेको प्रतिशत |
|---|---|
| १० वर्षमुनि | ०.०१ |
| ११-१६ | ०.३ |
| १७-१७ | ०.५७ |
| १९-२५ | २८.३१ |
| २६-३५ | ३८.३४ |
| ३६-४५ | १४.२४ |
| ४६-५९ | ५.१६ |
| ६० वर्षमाथि | २.४३ |

## ३.७ वैदेशिक रोजगार

विक्रम संवत् २०६५ पुस १६ गते स्थापना भएको वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारसँग सम्बन्धित नीतिगत, नियमनकारी, प्रबर्द्धनात्मक तथा अनुसन्धानात्मक जस्ता कार्य गर्छ । विभागले वैदेशिक रोजगार सम्बन्धी जनचेतनामूलक सूचना प्रवाह गर्छ भने वैदेशिक रोजगारीका क्रममा हुने ठगी नियन्त्रण कार्य, कामदारलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन सहजीकरण आदि पनि गर्छ । विभागले गर्ने दर्जनौं कामअन्तर्गत अभिलेख व्यवस्थापन र सूचना व्यवस्थापनसम्बन्धी कार्य पनि पर्छ । वैदेशिक रोजगार विभागले उपलब्ध गराएको विगत एक वर्षमा वैदेशिक रोजगारीमा जानेको सङ्ख्या, तिनमा महिलाको हिस्सा, उनीहरूसँग भएका

सिप आदिको विवरण निम्नानुसार छ :

आर्थिक वर्ष २०७८/७९ मा वैदेशिक रोजगारमा जान अनुमति लिएकाहरूको तथ्याङ्क (सिपका आधारमा)

| सि.नं. | सिपका प्रकार | पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उच्च दक्ष | ११० | १५ | १२५ | १२ |
| २ | व्यावसायिक | ६२७ | ५३ | ६८० | ७.७९ |
| ३ | अर्ध दक्ष | ५००६७ | ४२६१ | ५४३२८ | ७.८४ |
| ४ | दक्ष | २६८४५६ | २३४३३ | २९१८८९ | ८.०२ |
| ५ | अदक्ष | २६१७०२ | २१३६६ | २८३०६८ | ७.५४ |
|  | जम्मा | ५८०९६२ | ४९१२८ | ६३००९० | ७.७९ |

२०७९ माघमा वैदेशिक रोजगारीमा जान स्वीकृति लिनेहरू

| पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|
| ५८४४७ | ५८३७ | ६४२८४ | ९.०८ |

## ३.८ इन्जिनियर

इन्जिनियरिङ व्यवसायलाई प्रभावकारी बनाइ व्यस्थित तथा वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा इन्जिनियर हरूको योग्यताअनुसार नाम दर्ता गर्नेसमेतको व्यवस्था गर्नका लागि नेपाल इन्जिनियरिङ परिषद् स्थापना भएको छ। नेपाल इन्जिनियरिङ परिषद्ले २०७९ असोज ३ गतेसम्म दर्ता भएका आधारमा उपलब्ध गराएको तथ्याङ्क निम्नानुसार छ :

### इन्जिनियर

| पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|
| ६७,९४० | ९,६०४ | ७७,५४४ | १२.३८ |

## ३.९ सामाजिक सुरक्षा

राज्यले आफ्नो क्षमताअनुसार आफ्ना नागरिकको सुरक्षा तथा संरक्षण गर्नुपर्दछ भन्ने मान्यताअनुरूप सामाजिक सुरक्षाको अवधारणाको विकास भएको पाइन्छ। सुरुमा २०५१/५२ बाट ७५ वर्ष नाघेका ज्येष्ठ नागरिकलाई वृद्ध भत्ताका नामले मासिक रु. १०० नगद  प्रदान गरिएको थियो। पहिलो वर्ष गृह मन्त्रालयअन्तर्गत सञ्चालित यो कार्यक्रम आ.व. २०५३/५४ पश्चात स्थानीय विकास मन्त्रालय हुँदै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत केन्द्रीय पञ्जीकरण विभागबाट सञ्चालन भएको थियो। २०७५/०७/१९ गतेबाट पुनः गृह

मन्त्रालयअन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट कार्यान्वयनमा छ।

सामाजिक सुरक्षाअन्तर्गत ज्येष्ठ नागरिक, आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने, लोपोन्मुख जाति, जोखिम, सीमान्तकृत र पछाडि परेका व्यक्ति तथा समूहलाई समेट्ने प्रयास भएको देखिन्छ। गृह मन्त्रालयको २०७९ असार मसान्तसम्मको तथ्याङ्कअनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको सङ्ख्या र कैदी/बन्दीको सङ्ख्या निम्न छ :

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने महिला

| भत्ता लिनेको प्रकार | सङ्ख्या | महिलाको प्रतिशत |
|---|---|---|
| एकल महिला | २,७५,९३९ | ७.७१ |
| विधवा | ३,५८,४६८ | १०.०२ |
| सामाजिक सुरक्षा भत्ता लिने जम्मा व्यक्ति | ३५,७४,७४२ | |

## ३.१० कैदी/बन्दी

| | |
|---|---|
| कैदी र थुनुवा पुरुष | २४,८०७ |
| महिला | १४३३ |
| महिला कैदी/बन्दीको प्रतिशत | ५.९१ |

## ३.११ आयोगका पदाधिकारी

### ३.११.१ निर्वाचन आयोग

निर्वाचन आयोगको मुख्य काम राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचन सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नु हो। निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य पनि निर्वाचन आयोगले गर्नेछ। यसैगरी आयोगले राष्ट्रिय महत्त्वको विषयमा जनमत सङ्ग्रहसमेत गराउँछ।

| आयोगको नाम | जम्मा पदाधिकारी | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| निर्वाचन आयोग | ५ | १ | २० |

### ३.११.२ अख्तियार दुरुपयोग अनुसन्धान आयोग

सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान

गरी भ्रष्टाचार नियन्त्रणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको हो। आयोगको मुख्य काम भ्रष्टाचार नियन्त्रणमा केन्द्रित भई कार्य गर्ने हो। संविधानको मर्मअनुसार आयोगले दण्डात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरू अङ्गीकार गरी कार्यसम्पादन गर्दै आएको छ।

| आयोगको नाम | जम्मा पदाधिकारी | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ५ | १ | २० |

### ३.११.३ लोक सेवा आयोग

वि.सं. २००७ सालमा देशमा प्रजातन्त्र स्थापनासँगै निजामती कर्मचारीको नियुक्ति छुट्टै र स्वतन्त्र निकायबाट गर्ने उद्देश्यले वि.सं. २००८ साल असार १ गते लोक सेवा आयोगको स्थापना भएको हो। स्थापना कालदेखि यस आयोगले निजामती सेवाका पदमा उपयुक्त उम्मेदवार छनोट गर्ने कार्य गर्दै आइरहेको छ। नेपालको संविधानमा निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य सङ्घीय सरकारी सेवाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्ने गरी व्यवस्था गरिएको छ।

| आयोगको नाम | जम्मा पदाधिकारी | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| लोक सेवा आयोग | ५ | १ | २० |

### ३.११.४ राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकारको संरक्षणका लागि कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण था अनुगमन गर्ने/गराउने र मानव अधिकार संरक्षणका लागि त्यस्तो निकाय, संस्था वा ठाउँमा गर्नुपर्ने व्यवस्था सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिन्छ मानव अधिकार आयोगले। त्यसबाहेक यो आयोगले मानव अधिकार उल्लङ्घन भएकोबारे अदालत समक्ष दाबी समावेश भएको विचाराधीन मुद्दाका विषयमा सम्बन्धित अदालतको अनुमतिबाट छानबिन गर्छ भने मानव अधिकारसम्बन्धी प्रचलित कानुन कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिस पनि गर्छ।

| आयोगको नाम | जम्मा पदाधिकारी | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| राष्ट्रिय मानव अधिकार आयोग | ५ | १ | २० |

### ३.११.५ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

संविधान र कानुनबमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने तथा सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने काम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्छ। त्यसबाहेक यो आयोगले राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्थाअनुसार प्रदेश र स्थानीय

सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन/अनुसन्धान गरी आधार तयार गर्छ भने प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा पनि निर्धारण गर्छ।

| आयोगको नाम | जम्मा पदाधिकारी | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ४ | - | ० |

### ३.११.६ अन्य आयोग

नेपालको संविधानले भाग-२७ मा अन्य आयोगको व्यवस्था गरेको छ। यस्तो आयोगले आफूले प्रतिनिधित्व गर्ने वर्ग/समुदायको हक/हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनका लागि सरकारसमक्ष पेस गर्ने, सम्बन्धित कानुन वा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताअन्तर्गतको दायित्व कार्यान्वयन भए/नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपायसहित सरकारलाई सुझाव दिने जस्ता कार्य गर्छन्। यसबाहेक आफूले काम गर्ने समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्ने काम पनि यस्ता आयोगले गर्छन्।

विभिन्न आयोगका पदाधिकारीमा महिला

| आयोगको नाम | जम्मा पदाधिकारी | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| राष्ट्रिय महिला आयोग | ५ | ५ | १०० |
| मधेसी आयोग | ५ | २ | ४० |
| थारू आयोग | ५ | १ | २० |
| राष्ट्रिय दलित आयोग | ५ | १ | २० |
| राष्ट्रिय समावेशी आयोग | ५ | १ | २० |
| मुस्लिम आयोग | ५ (एकजना रिक्त) | - | ० |
| आदिवासी जनजाति आयोग | ५ | १ | २० |

## ३.१२ शिक्षा

नेपालको शिक्षासम्बन्धी तथ्याङ्क खासगरी २ ठाउँमा पाइन्छ। विद्यालय शिक्षाको तथ्याङ्क शिक्षा तथा मानव विकास स्रोत केन्द्रबाट पाइन्छ भने उच्च शिक्षासम्बन्धी तथ्याङ्क विश्वविद्यालय अनुदान आयोगबाट पाइन्छ। यी दुई निकायबाट प्राप्त तथ्याङ्क यहाँ समावेश छ :

### ३.१२.१ विद्यालय शिक्षा

आधारभूत तथा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक शिक्षाको योजना तथा बजेट तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने, शिक्षा मन्त्रालयले बनाएका नीति-नियमहरूका आधारमा प्राथमिक र माध्यमिक शिक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्ने/गराउने, प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिक शिक्षासम्बन्धी कार्यक्रमहरूको रेखदेख, अनुगमन एवम् मूल्याङ्कन गर्ने र त्यसको प्रगति प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाउनेलगायत कामका लागि शिक्षा तथा मानव विकास स्रोत केन्द्र स्थापना भएको छ। यही केन्द्रले २०७९ माघ ९ गते उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालको विद्यालय तहमा विद्यार्थी सङ्ख्या निम्न छन् :

विद्यालयमा विद्यार्थी

| जम्मा विद्यार्थी | छात्र | छात्रा | छात्राको प्रतिशत |
|---|---|---|---|
| ८२६६६९४ | ४२६९११५ | ३९९७५७९ | ४८.३५ |

### ३.१२.२ विद्यालय शिक्षक

सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक/शिक्षिका

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| आधारभूत (कक्षा १-५) | ५२९०४ | ६३२४४ | २६२२५ | १९४२० | ७९१२९ | ८२६६४ | १६१७९३ |
| आधारभूत (कक्षा ६-८) | १००६४ | २६४६९ | ९५२५ | ११३०२ | १९५८९ | ३७७७१ | ५७३६० |
| माध्यमिक (कक्षा ९-१०) | ४६६८ | २३०९४ | ४३२९ | १७४८० | ८९९७ | ४०५७४ | ४९५७१ |
| माध्यमिक(कक्षा ११-१२) | ९०३ | ६०८० | ८३१ | ४२२७ | १७३४ | १०३०७ | १२०४१ |
| जम्मा | ६८५३९ | ११८८८७ | ४०९१० | ५२४२९ | १०९४४९ | १७१३१६ | २८०७६५ |
| महिलाको प्रतिशत | २७.७५ | | ४३.८२ | | ३८.९८ | | |

स्रोत : आर्थिक सर्वेक्षण २०७८/७९, अर्थ मन्त्रालय

### ३.१२.३ उच्च शिक्षा

सरकारले उच्च शिक्षाको गुणस्तर प्रबर्द्धन, सहजीकरण, सहयोग र अभिवृद्धि गर्न, शैक्षिक संस्थाहरूलाई शिक्षित र प्रशिक्षित जनशक्तिको राष्ट्रिय आवश्यकता पूरा गर्न सक्षम बनाउने उद्देश्यले विश्वविद्यालय अनुदान आयोग गठन गरेको छ । यसबाहेक यो आयोगको नेपाली प्राज्ञिक क्षेत्रलाई विश्वव्यापी मापदण्डअनुसार विकास गर्ने र देशको उच्च शिक्षाको विकास र गुणस्तरमा ऐतिहासिकरूपमा बाधा पुऱ्याउने समस्याहरू समाधान गर्न, चुनौतीहरू सामना गर्न र उच्च शिक्षालाई पिछडिएका र सीमान्तकृत समुदायका लागि समावेशी र पहुँचयोग्य बनाउने उद्देश्य पनि छ। विश्वविद्यालय अनुदान आयोगले २०७९ माघ ९ गते उपलब्ध गराएको तथ्याङ्कअनुसार विभिन्न विश्वविद्यालयमा भर्ना भएका विद्यार्थीको सङ्ख्या निम्नानुसार छ :

विभिन्न विश्वविद्यालयका विद्यार्थी

केन्द्रीय विश्वविद्यालय

| सि.नं. | विश्वविद्यालय | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय | १५९०८९ | १८८१८० | ३४७२६९ | ७५.३६ |
| २ | नेपाल संस्कृत विश्वविद्यालय | २११७ | ७११ | २८२८ | ०.६१ |
| ३ | काठमाडौं विश्वविद्यालय | ८६४६ | ७४०० | १६०४६ | ३.४८ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | १३२६४ | १३६३२ | २६८९६ | ५.८४ |
| ५ | पोखरा विश्वविद्यालय | १९३७२ | १४७९४ | ३४१६६ | ७.४१ |
| ६ | लुम्बिनी बुद्ध विश्वविद्यालय | ५०५ | ३१८ | ८२३ | ०.१८ |
| ७ | कृषि र वन विश्वविद्यालय | २४५१ | १८१९ | ४२७० | ०.९३ |
| ८ | सुदूरपश्चिम विश्वविद्यालय | ४२३४ | ६६८८ | १०९२२ | २.३७ |
| ९ | मध्यपश्चिम विश्वविद्यालय | ५१६९ | ६५४३ | ११७१२ | २.५४ |
| १० | नेपाल खुला विश्वविद्यालय | २४८१ | ४४५ | २९२६ | ०.६३ |
| ११ | राजर्षि जनक विश्वविद्यालय | २३५ | १८२ | ४१७ | ०.०९ |

प्रदेशस्तरीय विश्वविद्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | गण्डकी विश्वविद्यालय | ९९ | १०२ | २०१ | ०.०४ |

मेडिकल एकेडेमी

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | बिपी कोइराला इन्स्टिच्युट अफ हेल्थ साइन्स | ६८३ | ६५१ | १३३४ | ०.२९ |
| १४ | नेसनल एकेडेमी अफ मेडिकल साइन्स | २०१ | ४४१ | ६४२ | ०.१४ |
| १५ | पाटन एकेडेमी अफ हेल्थ साइन्स | ९३ | १४१ | २३४ | ०.०५ |
| १६ | कर्णाली एकेडेमी अफ हेल्थ साइन्स | २६ | ३८ | ६४ | ०.०१ |
| १७ | पोखरा एकेडेमी अफ हेल्थ साइन्स | ५८ | १८ | ७६ | ०.०२ |
| | जम्मा | २१८७२३ | २४२१०३ | ४६०८२६ | १०० |

### ३.१२.४ साक्षरता

नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। यति मात्र हैन, शिक्षा प्राप्तिको अवसर सिर्जना गर्नुलाई राज्यको दायित्वकै रूपमा उल्लेख गरेको छ। त्यसैले साक्षरताको स्थिति कस्तो छ भन्ने कुराले सम्बन्धित देशको समग्र स्थिति थाहा पाउन मद्दत पुग्छ। केन्द्रीय तथ्याङ्क विभागको सामाजिक तथ्याङ्क २०७९ अनुसार नेपालमा प्रदेशगतरूपमा साक्षरताको स्थिति निम्नानुसार छ :

१५ देखि २४ वर्ष उमेर समूहका मानिसको साक्षरता दर (प्रतिशतमा)

| प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ नं. प्रदेश | ९४.९ | ९१.४ | ९२.९ |
| मधेस | ८४.८ | ७०.६ | ७७.१ |
| वाग्मती | ९७.५ | ९४.६ | ९६.१ |
| गण्डकी | ९७.२ | ९७.१ | ९७.१ |
| लुम्बिनी | ८७.९ | ८७.३ | ८७.६ |
| कर्णाली | ९५.४ | ९२.८ | ९४.३ |
| सुदूरपश्चिम | ९६.१ | ९२.३ | ९३.९ |
| नेपाल | ९२.७ | ८८.२ | ९०.२ |

## ३.१३ नागरिकता

नेपालमा नेपाली नागरिकताको प्रमाणपत्र गृह मन्त्रालयअन्तर्गतका जिल्ला प्रशासन तथा इलाका प्रशासन कार्यालयमार्फत वितरण गरिन्छ । नागरिकता सबै अधिकार प्राप्त गर्ने अधिकार हो । त्यसैले नागरिकताको प्रमाणपत्र धेरै हिसाबले महत्त्वपूर्ण छ । गृह मन्त्रालयले सिटिजनसिप इन्फर्मेसन म्यानेजमेन्ट सिस्टम लागु गरेपछि नागरिकताको अभिलेख राख्ने प्रक्रिया व्यवस्थित भएको छ। मन्त्रालयले २०७९ माघ ९ गते उपलब्ध गराएको नागरिकता लिनेको तथ्याङ्क निम्नानुसार छ :

नागरिकताको प्रमाणपत्र लिनेको सङ्ख्या

| नागरिकता लिने पुरुष र महिलाको सङ्ख्या | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| २६८५१५०३ | १४५२७६०१ | १२३२३९०२ | ४५.९० |

## ३.१४ राष्ट्रिय परिचयपत्र

राष्ट्रिय परिचयपत्र बनाउने कार्य नेपाल सरकारले अहिले अभियानकै रूपमा सञ्चालन गरिरहेको छ। राष्ट्रिय परिचयपत्र व्यक्तिको डिजिटल पहिचान स्थापनाका लागि महत्त्वपूर्ण छ। अहिले यस्तो परिचयपत्र बनाउने काम जिल्ला र इलाका प्रशासन कार्यालयबाट भइरहेको छ जुन तत्कालै नेटवर्कमार्फत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा अभिलेख रहन्छ। अर्कोचाहिँ वडा कार्यालयहरूबाट सञ्चालन भइरहेको छ। योचाहिँ अफलाइन (तत्काल नेटवर्कमा नजोडिने) भएकाले केही निश्चित समयपछि मूल अभिलेखमा समाहित हुन्छ। त्यसैले जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमार्फत राष्ट्रिय परिचयपत्र बनाउनेको हकमा २०७९ माघ १५ गतेसम्म र वडा कार्यालयहरूबाट बनाउनेको हकमा २०७९ पुससम्मको विवरण राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले उपलब्ध गराएको आधारमा यसप्रकार छ :

राष्ट्रिय परिचयपत्र बनाउनेको सङ्ख्या

| विवरण | जम्मा | महिला | पुरुष | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| राष्ट्रिय परिचयपत्र बनाउनेको सङ्ख्या | १०२४३९६३ | ५०८२५५२ | ५१६१४११ | ४९.६१ |

## ३.१५ स्वास्थ्य बिमा

सबैलाई स्वास्थ्य सेवा उपलब्ध गराउन, स्वास्थ्य सेवा उपयोगका क्रममा अनियोजितरूपमा भइरहेको व्यक्तिगत खर्चलाई व्यवस्थित गर्दै उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापनका लागि सरकारले स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरेको छ। स्वास्थ्य बिमा नगरेमा स्वास्थ्य उपयोगका क्रममा हुने सम्पूर्ण खर्च व्यक्ति/परिवार आफैँले बेहोर्नुपर्ने हुन्छ। यी सबै कामको संयोजन गर्ने जिम्मेवारी पाएको स्वास्थ्य बिमा बोर्डले २०७९ माघ १० गते उपलब्ध गराएको तथ्याङ्कअनुसार स्वास्थ्य बिमा गराउने र यसमार्फत सेवा लिनेको सङ्ख्या निम्नानुसार छ :

स्वास्थ्य बिमा गर्नेको सङ्ख्या

| विवरण | पुरुष | महिला | महिलाको प्रतिशत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| बिमा गर्ने | ३०३३८१२ | ३२३३७८७ | ५१.५८ | ७८८ | ६२६८३८७ |
| बिमाबाट लाभान्वित | १२३११६५ | १५३८५८८ | ५५.५४ | २५५ | २७७०००८ |

## ३.१६ सञ्चारकर्मी

नेपाल पत्रकार महासङ्घ पत्रकारको हकहितका लागि आवाज उठाउने संस्था हो। यसले सम्बन्धित सरकारी निकायसँग मिलेर पत्रकारितालाई सहज र मर्यादित बनाउन पहलकदमी लिन्छ। अनि मुलुकभरका पत्रकारलाई गोलबन्द गर्ने काम पनि गर्छ। नेपाल पत्रकार महासङ्घको तथ्याङ्कअनुसार नेपालमा पत्रकार २०७९ पुससम्म निम्नानुसार छन् :

सञ्चारकर्मीको सङ्ख्या (प्रदेशगत आधारमा)

| प्रदेश | महिला | पुरुष | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| १ | ३४१ | १२७१ | १६१२ | २१.१५ |
| मधेस प्रदेश | १०७ | ६९२ | ७९९ | १३.३९ |
| वाग्मती प्रदेश | ३०८ | ९९३ | १३०१ | २३.६७ |
| गण्डकी | १८२ | ८३१ | १०१३ | १७.९६ |
| लुम्बिनी | ३४४ | १४६२ | १८०६ | १९.०४ |
| कर्णाली | १३१ | ७२८ | ८५९ | १५.२५ |

| | | | | |
|---|---|---|---|---|
| सुदूरपश्चिम | १६३ | १०४९ | १२१२ | १३.४४ |
| काठमाडौँ उपत्यका | ४१३ | १७४५ | २१५८ | १९.१३ |
| कर्पोरेट शाखा | २८६ | ११५२ | १४३८ | १९.८८ |
| एसोसिएट सङ्गठनहरू | १३३ | ७४६ | ८७९ | १५.१३ |
| जम्मा | २४०८ | १०६६९ | १३०७७ | १८.४१ |

(नोट : नेपाल पत्रकार महासङ्घले काठमाडौँ उपत्यकालाई प्रदेश ८, कर्पोरेट शाखालाई प्रदेश ९ र एसोसिएट सङ्गठनहरूलाई प्रदेश १० का रूपमा मान्दै आएको छ।)

## ३.१७ लैङ्गिक उत्तरदायी बजेट

अर्थमन्त्रीले हरेक वर्ष मुलुकको आय/व्यय बजेट भाषणमार्फत पेस गर्ने प्रचलन छ। यस्तो भाषणमा कुन क्षेत्रका लागि कति रकम विनियोजन गरिएको छ भन्ने उल्लेख हुन्छ। सर्वसाधारणले आफ्नो सरोकारका विषयमा राज्यले कति खर्च गर्दैछ भनेर थाहा पाउने माध्यम पनि बजेट वक्तव्य अर्थात बजेट भाषण नै हो। लैङ्गिक उत्तरदायी बजेट भन्नाले महिलालाई प्रत्यक्ष/अप्रत्यक्ष फाइदा पुग्ने बजेट बुझिन्छ। अर्थ मन्त्रालयका अनुसार सरकारले विनियोजन गरेको लैङ्गिक उत्तरदायी बजेट यसप्रकार छ :

लैङ्गिक उत्तरदायी बजेट

| आर्थिक वर्ष | महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेट (प्रतिशतमा) | महिलालाई अप्रत्यक्ष लाभ पुग्ने बजेट (प्रतिशत) | तटस्थ बजेट (प्रतिशत) |
|---|---|---|---|
| २०७९/८० | ४०.२५ | ३४.९५ | २४.८० |

## ३.१८ वित्तीय क्षेत्र

नेपाल राष्ट्र ब्याङ्कले आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका लागि मूल्यको स्थायित्व र भुक्तानी सन्तुलन कायम गर्न आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा गरी व्यवस्थापन गर्ने काम गर्छ। त्यसैगरी ब्याङ्किङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी वित्तीय सेवामा पहुँच अभिवृद्धि गरी ब्याङ्किङ तथा वित्तीय प्रणालीप्रति जनताको विश्वास अभिवृद्धि गर्ने, सुरक्षित, स्वस्थ र प्रभावकारी भुक्तानी प्रणाली विकास गर्ने काम पनि राष्ट्र ब्याङ्कको हो। नेपाल राष्ट्र ब्याङ्कले उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालका विभिन्न वर्गका ब्याङ्कमा रहेका (२०७९ मङ्सिरसम्मको) सक्रिय बचत खाता र विभिन्न वित्तीय संस्थामा (२०७९ असारसम्ममा) रोजगारहरूको विवरण निम्नानुसार छ :

### ३.१८.१ सक्रिय बचत ब्याङ्क खातावाला

| वर्ग | पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| ए (वाणिज्य ब्याङ्क) | १४९७७५९४ | ११०१६८३९ | २७९०२२७० | ३९.४८ |
| बि (विकास ब्याङ्क) | २०७४८११ | २०७७२३४ | ४३४८५२९ | ४७.७७ |
| सि (फाइनान्स कम्पनी) | २३८५१८ | २०४१०९ | ४७६४२९ | ४२.८४ |
| जम्मा | १७२९०९२३ | १३२९८१८२ | ३२७२७२२८ | ४०.६३ |

### ३.१८.२ वित्तीय संस्थामा रोजगार

| वर्ग | पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| ए (वाणिज्य ब्याङ्क) | २६९१० | १९४९८ | ४६४०८ | ४२.०१ |
| बि (विकास ब्याङ्क) | ४८४० | ३७०९ | ८५४९ | ४३.३८ |
| सि (फाइनान्स कम्पनी) | १२२८ | ९०५ | २१३३ | ४२.४२ |
| डि (लघुवित्त निकायहरू) | ९६६३ | ६२९८ | १५९६१ | ३९.४५ |

## ३.१९ वृद्धाश्रम

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको विभिन्न उद्देश्यमध्ये एउटा ज्येष्ठ नागरिकको हकहितका लागि नीतिहरू बनाउनु पनि हो । यसबाहेक ज्येष्ठ नागरिकको कल्याणका खातिर सञ्चालन गरिएका गृहहरूको अनुगमन गर्ने, मूल्याङ्कन गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने काम यो मन्त्रालयले गर्छ । यो मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा मुलुकका विभिन्न वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकको सङ्ख्या प्रदेशगत आधारमा निम्नलिखित छ :

नेपालका वृद्धाश्रमका रहेका ज्येष्ठ नागरिक

| प्रदेश | ज्येष्ठ नागरिक आश्रमको सङ्ख्या | आश्रित महिला | आश्रित पुरुष | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११ | ११३ | ७४ | १८७ | ६०.४२ |
| मधेस | ६ | ८१ | १२८ | २०९ | ३८.७५ |
| वाग्मती | ४० | ६५७ | ६३८ | १२९५ | ५०.७३ |
| गण्डकी | १६ | ३०६ | १५१ | ४५७ | ६६.९५ |
| लुम्बिनी | ११ | १५४ | ११२ | २६६ | ५७.८९ |
| कर्णाली | ५ | ३३ | २८ | ६१ | ५४.०९ |
| सुदूरपश्चिम | ४ | ५४ | ३२ | ८६ | ६२.७९ |
| जम्मा | ९३ | १३९८ | ११६३ | २५६१ | ५४.५८ |

## ३.२० सूचीकृत बेरोजगार

नेपालको संविधानको मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३३ मा रोजगारीको हक पनि उल्लेख छ। यही हकलाई कार्यान्वयनमा ल्याउन सरकारले रोजगारीको हकसम्बन्धी ऐन २०७५ जारी गरेको छ। यसलाई पनि कार्यान्वयन गर्न २०७५ फागुन १ गतेदेखि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा छ। यो कार्यक्रमअन्तर्गत प्रत्येक स्थानीय तहमा रोजगार केन्द्र स्थापना भएको छ। जसमा बेरोजगारले नाम सूचीकृत गर्नुपर्छ। यसरी सूचीकृत भएका बेरोजगारमध्ये तोकिएको कोटाभित्र पर्नेलाई निश्चित समयका लागि रोजगारी दिने नीति छ। प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइटमा राखिएको जानकारीअनुसार (२०७९ माघ २१ गते हेरिएको) सूचीकृत बेरोजगारको सङ्ख्या निम्नानुसार छ :

सूचीकृत बेरोजगारको सङ्ख्या

| पुरुष | महिला | अन्य | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| ३७०२३२ | ३३७७३१ | १३४ | ७०८०९७ | ४७.६९ |

## ३.२१ सुधार गृहका बालबालिका

समाजमा विकृति एवम् कानुन विपरितका अपराधजन्य गतिविधि हुने गर्छन्। यस्ता गतिविधिमा बालबालिकाको पनि संलग्नता हुने गर्छ। बालबालिका आफैँले कानुन विपरितका अपराधजन्य कार्य गर्दैनन् र यस्तो कार्य हुनुमा ऊ वरिपरिको वातावरण, लोभ तथा दबाब जस्ता कुराले प्रभावित पार्ने हुन्छ। त्यसैले यस्ता कार्यमा संलग्न बालबालिकालाई अन्य मानिसलाई जस्तै कडा सजाय दिन नहुने र सुधारका उपायहरू अवलम्बन गराउनुपर्ने विश्वव्यापी मान्यता छ। त्यसैले कानुनको विवादमा परेका अर्थात बालबिज्याइँमा संलग्न बालबालिकालाई वयस्क अपराधीहरूसँग थुनामा नराखी बालसुलभ वातावरणमा सुधार गर्ने उद्देश्यले राखिने ठाउँलाई बालसुधार गृह भनिन्छ। आर्थिक सर्वेक्षण २०७८/७९ का अनुसार मुलुकका ८ वटा बाल सुधार गृहमा रहेका बालबालिका यसप्रकार छन् :

बाल सुधार गृहमा रहेका बालबालिका

| | |
|---|---|
| बालक | १०३३ |
| बालिका | ३१ |
| बालिकाको प्रतिशत | ३.०० |

## ३.२२ हराएका र फेला परेका बालबालिका

सङ्घीय सरकारले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरेअनुरूप बाल अधिकारको संरक्षण र संवर्द्धनका कार्यहरू गर्न/गराउनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको

अध्यक्षतामा राष्ट्रिय बालअधिकार परिषद् गठन गरेको छ। यस परिषद्‌ले तीनै तहका सरकारलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरू तथा बाल संरक्षण संयन्त्र (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्छ। राष्ट्रिय बालअधिकार परिषद्‌को तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुससम्म (६ महिनाको) अवधिमा हराएका तथा फेला परेका बालबालिका निम्न छन् :

हराएका र फेला परेका बालबालिका

| विवरण | बालिका | बालक | जम्मा | बालिकाको प्रतिशत |
|---|---|---|---|---|
| देशभर हराएका | १८३३ | ७६१ | २५९४ | ७०.६६ |
| फेला परेका | १४४१ | ७२२ | २०६३ | ६९.८४ |
| गत वर्ष हराइ २०७९/८० को पछिल्लो ६ महिनामा फेला परेका | ९६ | ३२ | १२८ | ७५ |
| भेटिएकामध्ये पुनर्मिलन गराइएका (सबै) | १५३७ | ६५४ | २१९१ | ७०.१५ |
| बेवारिस फेला परेका (कसैले उजुरी नदिएका) | ५१ | ८९ | १४० | ३६.४२ |
| फेला परेका बेवारिसमध्ये पुनर्मिलन गराइएका | ३४ | ४२ | ७६ | ४४.७३ |
| पुनर्मिलन हुन नसकी अस्थायी संरक्षणका लागि बालगृह पठाइएका | १६ | ४२ | ५८ | २७.५८ |

## ३.२३ राजदूत

नेपालको परराष्ट्र नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र मूल्याङ्कन गर्ने, विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्र सङ्घलगायतका अन्तर्राष्ट्रिय, क्षेत्रीय सङ्गठनहरूसँग सम्बन्ध, विदेशमा नेपालको प्रतिनिधित्व, अन्तर्राष्ट्रिय जगत्‌मा नेपालको प्रतिष्ठा अभिवृद्धि जस्ता कार्य परराष्ट्र मन्त्रालयको जिम्मेवारीमा पर्छ। यही मन्त्रालयले २०७९ माघ २७ गते उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालका विदेशी नियोगका प्रमुखमा निम्नानुसार महिला छन् :

विदेशस्थित राजदूतावासका राजदूत

| निकाय | जम्मा सङ्ख्या | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| राजदूतावास | ३० | ३ (प्रा.डा. ज्योति प्याकुरेल- दक्षिण कोरिया, कान्ता रिजाल- इजरायल, शर्मिला पराजुली- स्पेन) | १० |
| स्थायी नियोग | ३ | - | ० |
| कन्सुलेट जनरल | ७ | - | ० |

## ३.२४ रोजगारी

विश्व ब्याङ्कले गरेको नेपाल जब डायग्नोस्टिक प्रतिवेदन २०१८ अनुसार नेपालमा १ करोड ६० लाख श्रमशक्ति छ । जसमध्ये ८६ लाख निर्वाहमुखी काममा संलग्न छन् भने ७१ लाख मात्र पारिश्रमिक पाउने काममा आबद्ध छन् । यही प्रतिवेदनले सन् २००८ देखि २०१८ सम्म नेपालमा ३९ लाख ५० हजार नयाँ रोजगारी थपिएको पनि उल्लेख गरेको छ । यही प्रतिवेदनले उल्लेख गरेको तथ्याङ्क निम्नानुसार छ :

गैरसरकारी क्षेत्रमा रोजगारीको अवस्था

| विवरण | पुरुष | महिला |
|---|---|---|
| पारिश्रमिक पाउने अस्थायी रोजगारी | १२ लाख | ५ लाख १० हजार |
| पारिश्रमिक नपाउने रोजगारी | १ लाख ४० हजार | १६ लाख ९० हजार |
| ज्याला नपाउने रोजगारीमा संलग्न | २५ प्रतिशत | ७५ प्रतिशत |

## ३.२५ मुद्दा

सर्वोच्च अदालत नेपालको सबै भन्दा ठूलो न्यायिक निकाय हो । यसले आफूले सम्पादन गरेका कार्य समेटेर हरेक वर्ष वार्षिक प्रतिवेदन सार्वजनिक गर्छ । सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७७/०७८ अनुसार अदालतमा यो अवधिमा परेका केही मुद्दा र तिनको अवस्था यसप्रकार छ :

अदालतमा परेका मुद्दा

| विवरण | के ? | सङ्ख्या |
|---|---|---|
| सबै भन्दा बढी मुद्दा परेको विषय | सम्बन्ध विच्छेद | २७४२५ |
| छिनिन बाँकी | विवाहसम्बन्धी | ४१७ (७५२ मध्ये) |
| छिनिन बाँकी | सम्बन्ध विच्छेद | ९८५८ |
| छिनिन बाँकी | मातृत्व वा पितृत्व कायम | ३३ (११४ मध्ये) |

## ३.२६ जग्गा र घरमा स्वामित्व

भूमि व्यवस्थापन तथा अभिलेख विभागको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७७/७८) अनुसार नेपालभर ८ लाख ४ सय ४२ वटा लिखत पास भए । त्यसमध्ये महिलाको नाममा पारित गरेमा छूट दिइने सरकारी नीतिअनुरूपको सुविधा पाउनेमा २ लाख ८१ हजार ५ सय ३२ जना भए । यसरी यो आर्थिक वर्षलाई आधार बनाएर हेर्दा कुल पारितमध्ये जग्गा र घरको स्वामित्व हुने महिलाको प्रतिशत ३५.१७ हुन आउँछ । विभागको प्रतिवेदनअनुसार पछिल्लो आर्थिक वर्षमा महिलाको नाममा पारित भएका घर जग्गा तथा उनीहरूले पाएका छूट रकम यसप्रकार छ :

जग्गा र घरमा स्वामित्व हुने महिला

| विवरण | शहरी क्षेत्र | ग्रामीण क्षेत्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| कुल लिखत पारित | ५४६३४५ | २०५७०० | ८००४४२ | |
| महिलाको नाममा पारित भएको सङ्ख्या | १९७९४० | ६३५९६ | २८१५३२ | ३५.१७ |
| महिलाको नाममा पारित भएबापत पाएका राजस्व छूट (रुपियाँमा) | २१३६०२०६७० | २३३९६९१०७ | ३२३०९७२०९७ | |

## ३.२७ दलीय नेतृत्वमा महिला

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले दलको सङ्गठनात्मक संरचनामा विधानबमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुनेगरी आफ्ना सदस्यहरूमध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ। त्यसैगरी दलको सबै तहको समितिमा कम्तीमा एकतिहाइ महिला सदस्य हुने व्यवस्था गर्नुपर्नेछ पनि भनेको छ। तर यो व्यवस्था लागु भए/नभएको सम्बन्धित दलले उपलब्ध गराएका तथ्याङ्कबाट हेर्न सकिन्छ :

दलका नेतृत्व तहमा महिला

| दल | तह | जम्मा सङ्ख्या | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| नेपाली कङ्ग्रेस | पदाधिकारी | १४ | १ | ७.१४ |
| " | केन्द्रीय समिति | १३४ (निर्वाचित) | ४१ (निर्वाचित) | ३०.५९ |
| नेकपा एमाले | केन्द्रीय सचिवालय | १९ | २ | १०.५२ |
| " | केन्द्रीय कार्यालय | ११ | १ | ९.०९ |
| " | स्थायी कमिटी | ४३ | ६ | १३.९५ |
| " | पोलिटब्युरो | ९५ | १८ | १८.९४ |
| नेकपा माओवादी | पदाधिकारी | २२ | १ | ४.५४ |
| " | स्थायी समिति | ४४ | १२ | २७.२७ |
| " | केन्द्रीय समिति | ३८६ | ११६ | ३०.०५ |
| राप्रपा | केन्द्रीय समिति | १९९ | ५३ | २६.६३ |
| जनता समाजवादी पार्टी | केन्द्रीय समिति | ४६६ | ११६ | २४.८९ |
| " | राजनीतिक समिति | १५१ | २३ | १५.२३ |

## ३.२८ विभिन्न क्षेत्रमा महिला[1]

नेपालको जम्मा जनसङ्ख्या : २,९१,६४,५७८

पुरुष : १,४२,५३,५५१ (४८.५८ प्रतिशत)

महिला : १,४९,११,०२७ (५१.०२ प्रतिशत)

अन्य लिङ्गी : २,९२८ (०.०१ प्रतिशत)

विदेशमा रहेका नेपाली : २१,९०,५२२

विदेशमा रहेका पुरुष : १७,९९,६७५ (८२.१५ प्रतिशत)

विदेशमा रहेका महिला : ३,९०,९१७ (१७.८४ प्रतिशत)

पहिलो विवाह गर्दाको औसत उमेर : १९ वर्ष

पहिलो विवाह गर्दाको पुरुष औसत उमेर : २१ वर्ष

पहिलो विवाह गर्दाको महिला औसत उमेर : १८ वर्ष

घर सङ्ख्या : ७५,५२,०६६

पुरुष मूली भएका घर : ४५,६३,६५९ (६०.४२ प्रतिशत)

महिला मूली भएका घर : २१,०३,२७८ (२७.८५ प्रतिशत)

साक्षरता दर : ७६.२ प्रतिशत

पुरुषको साक्षरता दर : ८३.६ प्रतिशत

महिलाको साक्षरता दर : ६९.४ प्रतिशत

घर/जग्गा वा दुवैमा स्वामित्व भएका महिला रहेका परिवार : २३.८ प्रतिशत

जग्गामा मात्र स्वामित्व रहेका महिला : ११.८ प्रतिशत

1 राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा विक्रम संवत् २०७९ चैत १० गते सार्वजनिक गरिएको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

घरमा मात्र स्वामित्व रहेका महिला : २.३ प्रतिशत

घर र जग्गा दुवैमा स्वामित्व रहेका महिला : ९.७ प्रतिशत

महिलाको नाममा सम्पत्ति हुने बढेका : १.१ प्रतिशत

अपाङ्गता भएका व्यक्ति : ६,४७,७४४ (२.२ प्रतिशत)

अपाङ्गता भएका पुरुष : ३,५१,३०१ (५४.२ प्रतिशत)

अपाङ्गता भएका महिला : २,९३,४४३ (४५.८ प्रतिशत)

एकल व्यक्ति : ४.५ प्रतिशत

एकल पुरुष : २.२ प्रतिशत

एकल महिला (विधवा) : ६.६ प्रतिशत

पारपाचुके गर्ने जम्मा : ०.२ प्रतिशत

पारपाचुके गर्ने पुरुष : ०.१ प्रतिशत

पारपाचुके गर्ने महिला : ०.२ प्रतिशत

आर्थिक काम गर्ने कुल जनसङ्ख्या : १,४९,८३,३१०

आर्थिक काम गर्ने पुरुष : ५२.६ प्रतिशत

आर्थिक काम गर्ने महिला : ४७.४ प्रतिशत

# ४. महिला अधिकार र सहभागिता वृद्धिका लागि राष्ट्रिय महिला आयोगको पहल

## ४.१ आयोग गठनको उद्देश्य

राष्ट्रिय महिला आयोगको गठन २०५८ साल फागुन २३ गते (७ मार्च २००२) भएको थियो । आयोगको कामलाई व्यवस्थित तुल्याउन राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा थिए । संविधान सभाबाट २०७२ असोजमा नेपालको संविधान जारी भएपश्चात राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गर्‍यो । संविधानको भाग २७, धारा २५२, २५३ र २५४ मा आयोगको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार तथा प्रदेश कार्यालय स्थापनासम्बन्धी व्यवस्था समेटिएका छन् । संवैधानिक मान्यता प्राप्त भएसँगै आयोगको कार्यक्षेत्र, जिम्मेवारी र उत्तरदायित्व वृद्धि हुन गएको छ। आयोगको कामकारबाहीलाई व्यवस्थित गर्न हाल राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा राष्ट्रिय महिला आयोग नियमावली, २०७८ जारी भई कार्यान्वयनमा छन् ।

नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने लक्ष्य लिएको छ । संविधानको धारा ३८ मा महिलाको हकलाई छुट्टै मौलिक हकका रूपमा स्थापित गरी त्यसअन्तर्गत विभिन्न हक/अधिकार व्यवस्था गरिएको छ । संविधान तथा प्रचलित कानुनमा व्यवस्था भएका महिला तथा बालबालिका सम्बन्धित हक/अधिकारको प्रभावकारी कार्यान्वयन गर्न/गराउनका लागि आयोगले नियमनकारी र सचेतकको भूमिका निर्वाह गर्दै आएको छ ।

आयोगले विगतदेखि महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विभेदलाई उन्मूलन गर्न र महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आइरहेको छ। आयोगले महिला मानव अधिकार हननका घटनाहरूको अनुगमन, निरीक्षण तथा छानविन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरूलाई न्यायमा सहज पहुँच दिलाउन कानुनी परामर्श उपलब्ध गराउनेलगायतका कार्यलाई निरन्तरता दिंदै आएको छ।

महिलाको हक, हितको संरक्षण र संवर्द्धन गरी राष्ट्रिय विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारीरूपमा समाहित गर्न तथा महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यअनुरूप स्थापित आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था नेपालको संविधान तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले गरेको छ । संविधान र ऐनमा उल्लिखित दायित्व निर्वाहका लागि आयोगले पाँच वर्षे रणनीति तथा सोको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गरी आफ्नो कार्य सम्पादन गर्दै आएको छ।

## ४.२ आयोगको गठन प्रक्रिया तथा काम

नेपालको संविधानको धारा २५२ मा नेपालमा एक राष्ट्रिय महिला आयोग रहने व्यवस्था उल्लेख छ जसमा अध्यक्ष र ४ जना सदस्य रहने संवैधानिक व्यवस्था छ। कम्तीमा १० वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानुनका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका, उच्च नैतिक चरित्र भएका, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलका सदस्य नरहेका, ४५ वर्ष उमेर पूरा भएका महिला, आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने संविधानमा उल्लेख छ। राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्य नियुक्त गर्ने र निजहरूको पदावधि ६ वर्षको हुने संवैधानिक व्यवस्था छ।

नेपालको संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिएको छ :

(क) महिलाको हक/हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेस गर्ने,

(ख) महिलाको हक/हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताअन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपायसहित नेपाल सरकारसमक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने।

आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ।

## ४.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा संविधानको धारा २५३ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने उल्लेख छ :

(क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानुनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए/नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ख) संविधान तथा कानुनप्रदत्त महिलाका अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयनबारे अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) महिलाविरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाबारे अध्ययन/अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनका लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूबारे नेपाल सरकारलाई सुझाव दिने,

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणका लागि पुँजी, स्रोत/साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ङ) महिलाको हक/हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(च) महिलाविरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सिर्जना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(छ) महिलाविरुद्धको हिंसा वा विभेदको कारण सामाजिकरूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्थाका लागि सिफारिस गर्ने,

(ज) आयोगले गरेका सिफारिस कार्यान्वयनको अवस्था अनुगमन गर्ने वा गराउने,

(झ) सदस्य तथा आयोगका कर्मचारीका लागि आचारसंहिता बनाइ लागु गर्ने,

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

## ४.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८

राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ मा आयोगले संविधान तथा ऐनबमोजिम आफ्नो कार्य सम्पादन गर्दा देहायबमोजिमका काम गर्न सक्ने उल्लेख छ :

(क) लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट कार्यान्वयन गरिएका कार्यक्रमको अध्ययन, विश्लेषण तथा अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(ख) महिलाविरुद्धका हिंसा र विभेद अन्त्यका लागि नेपाल सरकारलगायत विभिन्न निकायबाट कार्यान्वयनमा ल्याइएका ऐन, नीति तथा कार्यक्रमको अध्ययन/अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(ग) समाजमा विद्यमान महिलाविरुद्धका कुप्रथा, सामाजिक कुरीति, खराब अभ्यास र अन्धविश्वास हटाउन नेपाल सरकारलगायत विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी सुधारका लागि आवश्यक विषयमा सुझाव तयार गरी सिफारिस गर्न,

(घ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानुनी सहायता उपलब्ध गराउन,

(ङ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनर्स्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्न,

(च) सुरक्षित आश्रयस्थल, पुनर्स्थापना केन्द्र र सेवा केन्द्रमा रहेका हिंसापीडित महिलालाई जीविकोपार्जनका लागि आवश्यक व्यावसायिक तथा रोजगारीमूलक सिप, प्रशिक्षण आदि प्रदान गर्न सम्बन्धित निकायसँग समन्वय गर्न,

(छ) महिला हिंसा, विभेद, कुरीतिविरुद्ध सचेतनामूलक जागरण कार्यक्रमहरू सञ्चालन गर्न,

(ज) महिलाको हक/हित सरोकारका विषयमा सञ्चालित सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाका क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिन,

(झ) हिंसापीडित तथा बेसहारा महिला तथा आश्रित बालबालिकाका लागि सञ्चालित सुरक्षित आश्रयस्थल, पुनर्स्थापना केन्द्र, सेवा केन्द्र र बाल सुधार गृहको स्थलगत अनुगमन निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिन,

(ञ) सरकारी तथा गैरसरकारी निकायबाट महिला तथा बालबालिकाका लागि सञ्चालित कल्याणकारी कार्यक्रमहरू प्रभावकारी र लैङ्गिकमैत्री भए/नभएको अनुगमन गर्न र थप प्रभावकारी बनाउन सुझाव र सिफारिस गर्न,

(ट) लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक न्यायका विषयमा आवश्यकता पहिचान गरी अध्ययन/अनुसन्धान गरी/गराइ नेपाल सरकारलाई नीतिगत सुधारका विषयमा सिफारिस गर्न,

(ठ) लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनका लागि नेपाल सरकारलगायत विभिन्न निकायमा सिफारिस गर्न,

## ४.५ आयोगका पदाधिकारी नियुक्ति

नेपालको संविधानको भाग-२७ को धारा २५२ बमोजिम यस आयोगको कार्यक्षेत्रभित्रका कार्यहरू प्रभावकार ीरूपमा सम्पादन गर्नका लागि पदाधिकारीहरू नियुक्त भई पद बहाली भएको अवस्था छ। संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट २०७७ माघ २१ गते राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा सदस्यको पदमा देहायबमोजिमका पदाधिकारीहरू नियुक्त भई निजहरूले कार्यभार सम्हाल्नुभएको छ :

१. श्री कमलाकुमारी पराजुली - अध्यक्ष

२. श्री कृष्णकुमारी पौडेल खतिवडा - सदस्य

३. श्री विद्याकुमारी सिन्हा - सदस्य

आयोगको रिक्त २ सदस्य पदमा सम्माननीय राष्ट्रपतिबाट २०७८ असार १० गते देहायबमोजिमका सदस्यहरूको नियुक्ति भएको छ :

४. श्री जया घिमिरे - सदस्य

५. श्री सावित्राकुमारी शर्मा - सदस्य

## ४.६ आयोगका प्रमुख कार्यक्रम

क. जनचेतना अभिवृद्धि

उद्देश्य :

- महिला हक/हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।
- महिलाविरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सिर्जना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

नियमित कार्यक्रमहरू

- सार्वजनिक सुनुवाइ

- विद्यालय तहमा महिला अधिकार प्रवर्द्धन तथा लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम
- प्रथा, परम्परा तथा सामाजिक कुरीतिका कारण महिलामाथि हुने हिंसा सम्बन्धमा छलफल
- विभिन्न सरोकारवाला निकायसँग महिला हिंसासम्बन्धी छलफल अन्तरक्रिया

ख. अनुगमन तथा अध्ययन/ अनुसन्धान

उद्देश्य :

- महिलाको हक/हितसँग सम्बन्धित प्रचलित कानुन पालना भए/नभएको अनुगमन गरी नीतिगत सुझाव तयार पार्ने ।
- नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि/सम्झौताअन्तर्गतको दायित्व कार्यान्वयन भए/नभएको अनुगमन गरी सुझाव दिने ।
- सरकारी, गैरसरकारी वा निजी क्षेत्रको अनुगमन गरी सुझाव दिने ।
- महिलालाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न लागु गरिएको नीति तथा कार्यक्रमको मूल्याङ्कन गर्ने ।
- महिलाको समुचित विकास तथा लैङ्गिक समानता कायम गर्न महिलाका लागि सञ्चालित कार्यक्रम, रोजगारीका अवसरमा महिलाको पहुँच स्थापना, राज्यका विभिन्न निकायमा महिला सहभागिता अभिवृद्धि, अन्तर्राष्ट्रिय प्रतिबद्धताको पालना, संविधानप्रदत्त हक/अधिकारको प्रचलनलगायतका विषयमा अध्ययन/अनुसन्धान गरी भावी कार्यदिशाका लागि नेपाल सरकारलाई सुझाव प्रदान गर्ने ।

नियमित कार्यक्रम

- आयोगको वार्षिक कार्यक्रममा यससम्बन्धी विषयहरू समावेश गरी नियमिततवरमा कार्यान्वयन गर्दै आइरहेको ।
- आयोगका पदाधिकारी तथा कर्मचारीबाट हिंसाका घटनाका साथै अन्य सेवाप्रदायक सङ्घ/संस्थाको समेत अनुगमन गरी सुझाव दिने ।

ग. उजुरी व्यवस्थापन

उद्देश्य :

- हिंसापीडित महिला तथा बालिकालाई निःशुल्क कानुनी परामर्श तथा सहयोग

नियमित कार्यक्रम

- महिला हिंसासम्बन्धी उजुरी लिइ सोको व्यवस्थापन तथा आवश्यकताअनुसार अन्य निकायमा सिफारिस गर्ने गरिएको ।

## ४.७ आयोगले विगत १ वर्ष (सन् २०२२) मा गरेका मुख्य काम

२०७८ माघ ३- वैदेशिक रोजगारीमा जाने महिलाको सुरक्षा र सेवाको सुनिश्चितताका विषयमा श्रम तथा रोजगार मन्त्रालय, श्रम विभागसहित अन्य सरोकारवाला निकायसँग कार्यशाला गोष्ठी ।

माघ २१- राष्ट्रिय महिला आयोगको संवैधानिक हैसियत प्राप्त भएपश्चात पदाधिकारी नियुक्तिको एक वर्ष पूरा भएको अवसरमा आयोगमा पदाधिकारी नियुक्तिपश्चातको १ वर्षभित्र (२०७७ माघ २१ देखि २०७८ माघ २० सम्म) सम्पन्न भएका कामका सम्बन्धमा विभिन्न सञ्चार माध्यममा आबद्ध पत्रकारको उपस्थितिमा अन्तरक्रिया ।

माघ २७- गाउँ/नगरपालिका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष, जिससका पदाधिकारी, प्रजिअ, सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मीहरूको उपस्थितिमा लुम्बिनी प्रदेशको कपिलवस्तुमा समाजमा विद्यमान हानिकारक अभ्यासहरू बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोपलगायतका प्रथासम्बन्धी कार्यक्रम सम्पन्न ।

चैत १०- कैलालीमा सरोकारवाला निकाय तथा स्थानीय निकायहरूको उपस्थितिमा हानिकारक अभ्यासहरू सम्बन्धमा सचेतनामूलक कार्यक्रम सम्पन्न ।

चैत १४- महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभागिता सशक्तीकरणका लागि राजनीतिक पार्टीका प्रमुख प्रतिनिधिसँग अन्तरक्रिया कार्यक्रम प्रदेश नं. १ को इटहरीमा गरिएको ।

चैत १५- सुर्खेतमा महिलाको नीतिगत पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभागिता र सशक्तीकरणका लागि राजनीतिक पार्टीका प्रमुखहरू तथा प्रतिनिधिसँग प्रदेशस्तरीय कार्यक्रम सञ्चालन ।

चैत १६- दैलेखमा रहेका विभिन्न स्थानीय तह, न्यायिक समिति, विभिन्न सङ्घ/संस्था तथा सरोकारवाला निकायहरूको उपस्थितिमा अन्तरक्रिया तथा छलफल सम्पन्न ।

चैत २०- कैलालीको धनगढीमा प्रदेश तथा जिल्लास्तरीय राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधिहरू, महिला हक अधिकार क्षेत्रमा कार्यरत सङ्घ/संस्थाका प्रतिनिधि, नगर/गाउँपालिकाका प्रमुख/उपप्रमुखहरूको उपस्थितिमा अन्तरक्रिया तथा छलफल ।

चैत २१- चुनाव नजिकिँदै रहेको र शासन प्रणालीलाई लैङ्गिक समानता र प्रतिनिधिमूलक बनाउनुका साथै महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन निर्वाचन महत्त्वपूर्ण हुने हुँदा महिलाको राजनीतिक सहभागिता

र सशक्तीकरणका लागि सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य वृद्धि गर्ने उद्देश्यका साथ राजनीतिक पार्टीका प्रमुख तथा प्रतिनिधिसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम पोखरामा सम्पन्न ।

चैत १९, २३, २५- नीतिगत तहमा महिलाको पहुँच स्थापित गराउन महिला राजनीतिक सहभागिता र सशक्तीकरणका लागि प्रदेश तथा जिल्लास्तरीय राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधिहरू, महिला हक अधिकार क्षेत्रमा कार्यरत सङ्घ/संस्था प्रतिनिधि नगर/गाउँपालिका प्रमुख, उपप्रमुखहरूको उपस्थितिमा १९ गते बुटवलमा, २३ गते काठमाडौँमा र २५ गते सर्लाहीमा अन्तरक्रिया तथा छलफल सम्पन्न ।

## अध्ययन, अनुसन्धान तथा प्रकाशन

महिला आयोगद्वारा प्रकाशित पुस्तक 'नेपालमा महिलाको अवस्था' को २०७८ फागुन २३ गते एक कार्यक्रमका बीच विभिन्न आयोगका सदस्य, सचिवहरू, गैरसरकारी संस्थाका प्रतिनिधि तथा विज्ञहरूसँगको उपस्थितिमा पुस्तक विमोचन भएको छ ।

२०७८ माघ १ देखि २०७९ पुस मसान्तसम्म आयोगमा परेका उजुरी

| महिना | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| माघ | १०७ | ११ | ११८ |
| फागुन | १२५ | १२ | १३७ |
| चैत | ११५ | ७ | १२२ |
| वैशाख | ९७ | ९ | १०६ |
| जेठ | १३२ | १३ | १४५ |
| असार | १०९ | १५ | १२४ |
| साउन | १२१ | ५ | १२६ |
| भदौ | ८५ | ९५ | १८० |
| असोज | ५० | १० | ६० |
| कात्तिक | ६० | २ | ६२ |
| मङ्सिर | ६१ | ८ | ६९ |
| पुस | ५६ | ४ | ६० |

२०७९ वैशाख ४- आगामी निर्वाचनलाई महिलामैत्री बनाउने उद्देश्यले संवैधानिक आयोगहरूबीच समन्वयात्मक बैठक सम्पन्न ।

वैशाख ७- अपाङ्गता भएका महिलाको अधिकार संरक्षणका लागि सरोकारवाला निकायहरूलाई जिम्मेवार बनाउने उद्देश्यले अपाङ्गता भएका महिलाको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

वैशाख ९/१०- आयोगका पदाधिकारी तथा कर्मचारीलाई आफ्नो जिम्मेवारीमा सकारात्मक भावना र उच्च मनोबलका साथ पूरा गर्न तत्पर बनाउने उद्देश्यले भक्तपुरको नगरकोटमा तनाव व्यवस्थापन र सकारात्मक सोच सम्बन्धमा कर्मचारी र पदाधिकारीको क्षमता विकास सम्पन्न।

वैशाख १४- सरोकारवाला निकायहरूको सहभागितामा सोलुखुम्बूको सल्लेरीमा महिला उद्यमशीलता विकासका लागि सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न।

वैशाख १५- गाउँ/नगरपालिका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष, जिससका पदाधिकारीहरू, प्रजिअ, सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मीहरूको उपस्थितिमा खोटाङमा समाजमा बालविवाह, प्रजनन स्वास्थ्य, गर्भ पतनको विषयमा सचेतनामूलक कार्यक्रम सम्पन्न।

जेठ १६- सरकारी निकायका प्रतिनिधि, संवैधानिक निकायका महिला सदस्यहरू, लैङ्गिक सम्पर्क व्यक्तिहरू, महिला अधिकारका क्षेत्रमा कार्यरत सङ्घ/संस्थाका महिला अधिकारकर्मी, मानव अधिकारकर्मीहरू एवं पत्रकारहरूको उपस्थितिमा राष्ट्रिय महिला अधिकार दिवस विशेष कार्यक्रम सम्पन्न।

जेठ २०/२१- शिक्षा क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने सरकारी निकायहरू, सङ्घ/संस्थाका विज्ञहरू, अभिभावक, विद्यार्थी एवं पत्रकारहरूको समेत उपस्थितिमा महिला हिंसा निवारणका लागि नीतिगत प्रभाव पार्ने पाठ्यक्रम विकास केन्द्रलगायत शैक्षिक प्रतिष्ठानसँग अन्तरक्रिया सम्पन्न।

जेठ २७- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको क्षेत्रमा कार्यरत सङ्घ/संस्था, निकाय, अधिकारकर्मी, पत्रकारलगायतका सरोकारवालाहरूको उपस्थितिमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका सवालमा अन्तरक्रिया कार्यक्रम सम्पन्न।

जेठ ३१- लैङ्गिक सम्पर्क विन्दुको टिओआर, लैङ्गिक सम्पर्क विन्दुको वर्तमान अवस्था तथा राष्ट्रिय महिला आयोगको भूमिका सम्बन्धमा नीतिगत जागरणका लागि विभिन्न मन्त्रालय र विभागका लैङ्गिक सम्पर्क विन्दु/शाखासँग सहकार्य बैठक सम्पन्न।

असार १- नीतिगत तहमा महिलाको पहुँच स्थापित गराउन सङ्घीय महिला सांसद र विभिन्न संसदीय समितिका सभापतिसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न।

असार २, ६, ८, १३ र १९- नेपाल पक्ष रहेका महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि सिड तथा अन्य एसडिजिजलगायत अन्तर्राष्ट्रिय दस्ताबेजको कार्यान्वयनसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम २ गते वाग्मती प्रदेश, ६ गते मधेस प्रदेश, ८ गते १ नं. प्रदेश, १३ गते गण्डकी प्रदेश, १९ गते लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेश गरी ६ वटा प्रदेशमा सम्पन्न।

असार १३- काठमाडौंको गोकर्णेश्वर नगरपालिकामा लैङ्गिक हिंसाविरुद्धको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनीतिक क्षेत्रका युवाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न।

राष्ट्रिय महिला आयोगले साझेदार संस्थाहरूसँग समन्वय गरी प्रदान गरेको सहयोग तथा सेवा

| हिंसाको प्रकार | सङ्ख्या |
|---|---|
| मनोसामाजिक मनोविमर्श | ७७ |
| कानुनी परामर्श | ३४ |
| मेलमिलाप | २१ |
| अदालतमा प्रतिनिधित्व | २ |

असार १४, २० र २१- असार १४ गते, स्याङ्जाको पुतलीबजारमा २० गते, कञ्चनपुरको महेन्द्रनगरमा २१ गते पश्चिम नवलपरासीको परासीमा महिला उद्यमशीलता विकासका लागि सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न।

असार १७- डडेलधुरामा सरोकारवाला निकाय, स्थानीय बासिन्दा तथा स्थानीय तहहरूको उपस्थितिमा हानिकारक अभ्यासहरू सम्बन्धमा सचेतनामूलक कार्यक्रम सम्पन्न।

असार २२- नेपाली महिला आन्दोलनका विराङ्गना योगमायाको ८२औँ स्मृति दिवसको अवसरमा एक दिने विशेष समारोह आयोजना।

भदौ ७- नीतिगत तहमा महिलाको पहुँच स्थापित गराउन राजनीतिक सहभागिता र सशक्तीकरणका लागि राजनीतिक पार्टीका प्रमुख र प्रतिनिधिहरूसँग प्रदेशस्तरीय अन्तरक्रिया मोरङको विराटनगरमा सम्पन्न।

भदौ ८- स्थानीय तहका न्यायिक समितिमा असल अभ्यास र न्यायमा पहुँचसम्बन्धी अन्तरक्रिया कार्यक्रम सुनसरीको इटहरीमा सम्पन्न।

भदौ १०- बालिका शिक्षा तथा किशोरीमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाको सवालमा काठमाडौँको युनियन हाउसमा अन्तरक्रिया।

भदौ २१- लैङ्गिक हिंसाका कारण महिलाको मानसिक र प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे काठमाडौँको एलो प्यागोडा होटलमा अन्तरक्रिया।

भदौ २८- महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनीतिक क्षेत्रका युवाहरूसँग तनहुँमा अन्तरक्रिया।

भदौ २९- महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनीतिक क्षेत्रका युवाहरूसँग धादिङमा अन्तरक्रिया।

असोज १३- एकल महिलामाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाविरुद्ध एकल महिलाका सुरक्षाको सवलामा राष्ट्रिय महिला आयोगको हलमा अन्तरक्रिया।

लैङ्गिक केन्द्रविन्दु बैठक

भदौ ६- नीतिगत जागरणका लागि विभिन्न मन्त्रालय र विभागका लैङ्गिक सम्पर्क व्यक्ति/शाखासँग राष्ट्रिय महिला आयोगको हलमा सहकार्य बैठक।

सिडसम्बन्धी परामर्श बैठक

भदौ १७- महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा हेटौंडामा परामर्श बैठक।

भदौ १९- महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा जनकपुरमा परामर्श बैठक।

भदौ २१- महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा विराटनगरमा परामर्श बैठक।

भदौ २७- महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा पोखरामा परामर्श बैठक।

भदौ ३०- महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा बुटवलमा परामर्श बैठक।

असोज ६- महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा धनगढीमा परामर्श बैठक।

असोज ९- महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा सुर्खेतमा परामर्श बैठक।

हिंसाको प्रकारअनुसार आयोगमा दर्ता भएका उजुरी

| हिंसाको प्रकार | सङ्ख्या |
| --- | --- |
| मानसिक हिंसा | १८१ |
| आर्थिक हिंसा | १२९ |
| शारीरिक हिंसा | ११५ |
| यौनजन्य हिंसा | १४ |

कात्तिक १६/१७/१८- समाजमा विद्यमान हानिकारक अभ्यासहरू, जस्तो- बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी आरोपलगायतका प्रथाहरूसम्बन्धी मधेसकेन्द्रित अन्तरक्रिया १६ गते बाँके, १७ गते बर्दिया र १८ गते कैलालीमा सम्पन्न।

कात्तिक १८/२०- स्थानीय तहमा न्यायिक समिति तथा महिला पदाधिकारीहरू, महिला अधिकारकर्मीहरू र सरोकारवालाहरूबीच असल अभ्यास र लैङ्गिक हिंसा निवारका असल अभ्यास र न्यायमा पहुँच विषयक अन्तरक्रिया १८ गते दाङको घोराहीमा र २० गते प्युठानको मल्लरानी गाउँपालिकामा सम्पन्न।

कात्तिक २७- सुरक्षा निकायसँग महिला हिंसा निवारणका लागि रणनीतिक योजना बैठक र अन्तरक्रिया पर्सामा सम्पन्न।

मङ्सिर १६/१७/१९- समाजमा विद्यमान हानिकारक अभ्यासहरू, जस्तो- बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी आरोपलगायतका प्रथाहरूसम्बन्धी मधेसकेन्द्रित अन्तरक्रिया १६ गते कपिलवस्तु, १७ गते नवलपरासी र १९ गते रूपन्देहीमा सम्पन्न।

मङ्सिर २१- ज्येष्ठ नागरिकमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाविरुद्ध ज्येष्ठ नागरिक महिलाको सुरक्षाको सवालमा काठमाडौँमा अन्तरक्रिया।

मङ्सिर २५- महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनीतिक क्षेत्रका युवाहरूसँग पाँचथरको फिदिममा अन्तरक्रिया।

पुस १३/१४- स्थानीय तहमा न्यायिक समिति तथा महिला पदाधिकारीहरू, महिला अधिकारकर्मीहरू र सरोकारवालाहरूबीच असल अभ्यास र लैङ्गिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहुँच विषयक अन्तरक्रिया १३ गते मकवानपुरको हेटौँडामा र १४ गते चितवनमा सम्पन्न।

पुस २४- मनोरञ्जन क्षेत्र र जोखिमयुक्त क्षेत्रमा काम गर्ने महिलाहरूको अवस्था, समस्या र चुनौतीका सवालमा काठमाडौँमा अन्तरक्रिया।

सिफारिस गरिएका संस्था

| सेवाको प्रकार | सङ्ख्या |
|---|---|
| साथी (सुरक्षित आश्रयस्थलका लागि) | ३ |
| ल्याक (कानुनी सहायताका लागि) | ६ |
| टिपिओ नेपाल (मनोसामाजिक परामर्श सेवाका लागि) | ४ |
| नेपाल बार | १३ |

सार्वजनिक सुनुवाइ कार्यक्रम

कात्तिक २१- वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताका लागि वैदेशिक रोजगारी क्षेत्रमा कार्यरत निकाय र सरोकारवालाहरूसँगको उपस्थितिमा कास्कीको पोखरामा सार्वजनिक सुनुवाइ सम्पन्न।

मङ्सिर २६- वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताका लागि वैदेशिक रोजगारी क्षेत्रमा कार्यरत निकाय र सरोकारवालाहरूसँगको उपस्थितिमा झापामा सार्वजनिक सुनुवाइ सम्पन्न ।

समन्वयात्मक बैठक

कात्तिक २५- महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा काठमाडौँमा परामर्श बैठक ।

मङ्सिर २५- कार्यस्थलमा हुने यौन हिंसाका सम्बन्धमा मुद्दा पहिचान तथा उठान गर्न विभिन्न सरोकारवालासँग काठमाडौँमा समन्वयात्मक बैठक ।

अभिमुखीकरण कार्यक्रम

कात्तिक २८- विद्यालयस्तरमा हुने महिला हिंसा निवारण सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि अभिमुखीकरण कार्यक्रम बारामा सम्पन्न ।

पुस ७/८/१२- विद्यालयस्तरमा हुने महिला हिंसा निवारण सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि अभिमुखीकरण कार्यक्रम ७ गते तनहुँ, ८ गते गोरखा र १२ गते सिन्धुपाल्चोकमा सम्पन्न ।

# ५. तुलनात्मकरूपमा महिला सहभागिता

नेपालको संविधानको धारा ८४ को उपधारा ८ मा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ । त्यसैगरी विभिन्न कानुनले विभिन्न निकायमा महिला प्रतिनिधित्व सुनिश्चित गरेका छन् तर व्यवहार भने यस्ता संवैधानिक प्रावधानसँग मेल खाइरहेका देखिन्नन् । केही विषयमा तुलना गरेर हेर्दा पनि यो थाहा हुन्छ ।

विगतका वर्षहरूसँग तुलना गरेर हेर्दा महिलाको सहभागिता बढे/घटेको थाहा पाउन सकिन्छ । जसबाट नीति निर्माता तथा सरोकारवालालाई आफूले लिएको नीति, गरेको काम तथा त्यसको प्रतिफल सही भए/नभएको बुझ्न मद्दत पुग्छ । अनि यही आधारमा आगामी मार्ग तय गर्नसमेत सहज हुन्छ । त्यसैले केही क्षेत्रमा महिला सहभागितालाई विगतसँग तुलना गरेर हेर्न खोजिएको छ जसले प्रतिनिधिमूलक प्रवृत्ति देखाउँछ र यसैबाट समग्रतालाई बुझ्न सजिलो हुन्छ ।

## ५.१ सङ्घीय सरकार

मुलुक सञ्चालन गर्ने मूल कानुन संविधानले कुनै पनि निकायमा सबै वर्ग/समुदायको प्रतिनिधित्व सुनिश्चित गरेको छ । जनसङ्ख्याका आधारमा उचित प्रतिनिधित्वलाई प्राथमिकता दिएको छ । लिङ्गका आधारमा महिलालाई कम्तीमा पनि ३३ प्रतिशत सहभागिता गराउनैपर्ने व्यवस्था पनि छ । तर पछिल्ला ५ वटा सरकारको अवस्था हेर्दा कार्यकारी निकायको रूपमा क्रियाशील मन्त्रिपरिषद्मा कुनैमा पनि महिलाको प्रतिशत ३३ पुग्दैन । यसले देखाउँछ कि मूल कानुन कार्यान्वयन गर्ने निकायमै संवैधानिक/कानुनी व्यवस्था लागु भइरहेको छैन ।

पछिल्ला ५ सरकारमा महिला सहभागिता

| प्रधानमन्त्री | मन्त्री सङ्ख्या | महिला मन्त्री | महिलाको प्रतिशत |
|---|---|---|---|
| पुष्पकमल दाहाल (२०७३-४-१९ देखि २०७४-२-२३) | ४३ | ४ | ९.३० |
| शेरबहादुर देउवा (२०७४-२-२४ देखि २०७४-११-३) | ४४ | ९ | २०.४५ |
| केपी ओली (२०७४-११-३ देखि २०७८-३-२८) | २५ | २ | ८ |
| शेरबहादुर देउवा (२०७८-३-२९ देखि २०७९-९-१०) | २३ | ६ | २६.०८ |
| पुष्पकमल दाहाल  (२०७९-९-११ देखि हालसम्म) | १९ | ५ | २६.३१ |

## ५.२ प्रतिनिधि सभा

विक्रम संवत् २०१५ को प्रतिनिधि सभा चुनाव १०९ सदस्यका लागि भएको थियो । जसमा महिला उम्मेदवार ९ जना थिए तर एकजनाले पनि जितेनन् । त्यसैगरी राष्ट्रिय पञ्चायतको अन्तिम चुनावमा १४० जना महिला उम्मेदवार थिए । तीमध्ये मात्र ३ जनाले जिते । २०६४ को संविधान सभा निर्वाचनमा ३० जना महिलाले जितेका थिए भने २०७० मा १० जनाले जितेका थिए । २०७४ मा ६ जनाले जितेका थिए भने २०७९ मा ९ जनाले जितेका छन् ।

प्रतिनिधि सभामा जित्ने महिला

| चुनाव भएको साल | जित्ने महिलाको सङ्ख्या |
|---|---|
| २०१५ | - |
| २०४३ | ३ |
| २०६४ | ३० |
| २०७० | १० |
| २०७४ | ६ |
| २०७९ | ९ |

यसरी कम महिलाले जित्नुको मुख्य कारण उनीहरूको उम्मेदवारी नै कम हुनु हो । जस्तो- २०७९ को प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्षतर्फ कुल २४१२ मध्ये २२५ जना महिलाको मात्र उम्मेदवारी परेको थियो । यसमा पनि सबै भन्दा बढी सिट जितेका नेपाली कङ्ग्रेसबाट ५, नेकपा एमालेबाट ११ र नेकपा माओवादीबाट ८ जना मात्र उठाइनुले महिला किन कम चुनिए भन्ने प्रश्नको उत्तर आफैँ दिन्छ ।

अर्कोतर्फ ६५ वर्षअघि अर्थात विक्रम संवत् २०१५ मै ९ जना महिला उम्मेदवार भएकामा अहिले यतिका वर्षपछि पनि प्रतिनिधि सभामा प्रत्यक्षतर्फ मात्र ९ जनाको उपस्थिति हुनु कुनै पनि दृष्टिकोणबाट उचित मान्न सकिन्न । यसको मूल जरो खोतल्न धेरै तल पुग्नै पर्दैन, भएका संवैधानिक, कानुनी प्रावधान नै नमान्नु र महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआउनु टड्कारै देखिन्छ ।

## ५.३ दलीय नेतृत्व

नेपाल बहुदलीय गणतन्त्रात्मक शासन व्यवस्था अपनाएको मुलुक हो जहाँ दलबीच प्रतिस्पर्धा हुन्छ र बहुमतले शासन गर्छ । अनि अल्पमतको चाहिँ कदर गर्ने सिद्धान्त यस्तो व्यवस्थामा हुन्छ । त्यसैले निर्वाचनमा कसलाई उठाउने, कसलाई जिताउने र शासनसत्तामा कसलाई पुऱ्याउने भन्ने विषय दलको नेतृत्वले निर्णय गर्ने हुँदा त्यहाँ को छ भन्ने प्रश्नले अहम् भूमिका खेल्छ ।

२०७९ को स्थानीय तह निर्वाचनअघि अर्थात नेकपा एमाले र नेकपा माओवादी एकीकरण भइ नेकपा बनेका बेलाको दलीय नेतृत्वको एउटा तस्बिर हेरौँ । जतिबेला नेकपाको सचिवालयमा रहने ९ जनामध्ये महिला शून्य

थिए। स्थायी समितिका ४५ जनामध्ये महिला २ जना मात्र थिए भने ४४१ सदस्यीय केन्द्रीय समितिमा महिला ७२ जना थिए। यसरी नै प्रदेश समितिका १३३८ मध्ये महिला २७१ जना थिए।

दलीय नेतृत्वमा महिला

| दल | तह | जम्मा सङ्ख्या | | महिला | |
|---|---|---|---|---|---|
| | | अघिल्लो | वर्तमान | अघिल्लो | वर्तमान |
| नेकपा | सचिवालय | ९ | | - | |
| | स्थायी समिति | ४५ | | २ | |
| | केन्द्रीय समिति | ४४१ | | ७२ | |
| | प्रदेश समिति | १३३८ | | २७१ | |
| नेपाली कङ्ग्रेस | पदाधिकारी | ८ | १४ | १ | १ |
| | केन्द्रीय समिति | ८४ | १३४(निर्वाचित) | १७ | ४१(निर्वाचित) |
| राष्ट्रिय जनता पार्टी | अध्यक्ष मण्डल | ६ | | - | |
| | केन्द्रीय समिति | ७६५ | | १२४ | |
| सङ्घीय समाजवादी फोरम | केन्द्रीय समिति | ४३२ | | ५१ | |
| नेकपा एमाले | केन्द्रीय सचिवालय | | १९ | | २ |
| | केन्द्रीय कार्यालय | | ११ | | १ |
| | स्थायी कमिटी | | ४३ | | ६ |
| | पोलिटब्युरो | | ९५ | | १८ |
| नेकपा माओवादी | पदाधिकारी | | २२ | | १ |
| | स्थायी समिति | | ४४ | | १२ |
| | केन्द्रीय समिति | | ३८६ | | ११६ |
| राप्रपा | केन्द्रीय समिति | १४९ | १९९ | ५६ | ५३ |
| जनता समाजवादी पार्टी | केन्द्रीय समिति | | ४६६ | | ११६ |
| | राजनीतिक समिति | | १५१ | | २३ |

(नोट : अघिल्लो कार्यकालमा नेकपा एमाले र माओवादी एकीकरण भई नेकपा बनेकाले दुवैको यसैमा समावेश छ। त्यसैले अघिल्लो नेतृत्वमा एमाले र माओवादीको कति कति महिला थिए भन्ने छुट्याइएको छैन। त्यसैगरी पहिले केही दल मिलेर सङ्घीय समाजवादी फोरम बनेकाले त्यहीअनुरूप राखिएकामा हाल उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी दलको मात्र समावेश छ।)

नेपाली कङ्ग्रेसको ८४ सदस्यीय केन्द्रीय समितिमा १७ जना महिला थिए भने ८ सदस्यीय पदाधिकारी तहमा महिला १ जना मात्र थिए।

अर्कोतर्फ राष्ट्रिय जनता पार्टीको ६ सदस्यीय अध्यक्षमण्डलमा १ जना पनि महिला थिएनन् भने ७६५ सदस्यीय केन्द्रीय समितिमा १२४ जना महिला थिए। अनि सङ्घीय समाजवादीको ४३२ सदस्यीय केन्द्रीय समितिमा ५१ जना मात्र महिला थिए।

## ५.४ लैङ्गिक हिंसा

लैङ्गिक हिंसाका दृष्टिकोणबाट नियाल्दा नेपालको स्थिति सन्तोषजनक छैन। विगत ५ वर्षको तथ्याङ्क हेर्दा यौनजन्य हिंसाका घटना प्रत्येक वर्ष ३ हजार भन्दा माथि दर्ता भएको देखिन्छ। त्यसैगरी बहुविवाहका घटना ८ सयको हाराहारीमा दर्ता भएको देखिन्छ भने घरेलु हिंसा प्रतिवर्ष १३ हजार भन्दा माथि दर्ता भएका पाइन्छ। अन्य घटनाका तुलनामा घरेलु हिंसा भने प्रत्येक वर्ष डरलाग्दो हिसाबले बढ्नु चिन्ताजनक विषय बनेको छ। अघिल्ला ३ वर्षमा प्रतिवर्ष १३ हजारको दरले यस्ता घटना दर्ता भएका देखिए पनि चौथो वर्षमा त्यसको सङ्ख्या बढेर १४ हजार नाघेको देखिन्छ भने पाँचौं वर्षमो यो सङ्ख्या १७ हजारमा उक्लेको छ।

तुलनात्मकरूपमा लैङ्गिक हिंसाका केही सूचक (५ आर्थिक वर्षको)

| विवरण | आव २०७४/७५ देखि २०७६/७७ सम्म मुद्दा दर्ता सङ्ख्या/उजुरी | आव २०७७/७८ मा मुद्दा दर्ता सङ्ख्या | आव २०७८/७९ मा मुद्दा दर्ता सङ्ख्या | जम्मा |
|---|---|---|---|---|
| यौनजन्य हिंसा (जबर्जस्ती करणी, जबर्जस्ती करणी उद्योग, बाल यौन दुरुपयोग/दुर्व्यवहार, अप्राकृतिक मैथुन) | ८५७१ | ३५८४ | ३३८० | १५५३५ |
| जबर्जस्ती करणी गरी कर्तव्य ज्यान | १३ | - | ९ | २२ |
| बहुविवाह | २३३७ | ८५२ | ८०९ | ३९९८ |
| बालविवाह | २०९ | ८४ | ५२ | ३४५ |
| तेजाब प्रहार | १४ | - | | १४ |
| घरेलु हिंसा | ३८७३७ | १४२३२ | १७००० | ६९९६९ |
| बोक्सीको आरोप | १९८ | ६१ | ४९ | ३०८ |

एकातिर यो तथ्याङ्क शहर/बजारमा बस्ने तथा अलिक जान्ने/सुन्नेको हो। दुर्गममा बस्ने र न्यायमा पहुँच नभएका लाखौं महिला यसमा समेटिएका छैनन्। त्यसैले हिंसामा परेका सबैले उजुरी गर्ने वातावरण बन्ने हो भने यो सङ्ख्या निकै बढी हुन सक्छ। अर्कोतर्फ पछिल्लो समय महिला अधिकार र कानुनी सचेतनाका कार्यक्रम बढिरहे पनि घरेलु हिंसा भने घट्नुको सट्टा उकालो लागेको देखिन्छ।

अपुग कानुन, कानुनमा भएकै व्यवस्थाको पनि फितलो कार्यान्वयन तथा दण्डहीनता घरेलु तथा लैङ्गिक हिंसा कायमै रहनु वा वृद्धि हुनुको मुख्य कारण रहेका देखिन्छ। यसबाहेक भएकै कानुनी व्यवस्थाको समेत जानकारी सबैतिर पुग्न नसक्दा पनि पीडकहरू यस्ता घटना गराउन हौसिएका देखिन्छ।

## ५.५ लैङ्गिक उत्तरदायी बजेट

नेपालमा लैङ्गिक उत्तरदायी बजेटको इतिहास लामो छैन। विक्रम संवत् २०६४/६५ देखि मात्र यस्तो बजेट कार्यान्वयनमा ल्याइएको हो। पन्ध्रौं योजनाले तीनै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने उल्लेख गरेको थियो। प्रदेश सरकारहरूका बजेट वक्तव्य नियाल्दा लैङ्गिक उत्तरदायी बजेटको अंश निम्नानुसार देखिन्छ :

प्रदेशगत बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश (प्रतिशतमा)

| प्रदेश | आव २०७७/७८ | २०७८/७९ |
|---|---|---|
| प्रदेश नं. १ | १४.७२ | २९.६२ |
| मधेस | ४०.०६ | ५१.४० |
| वाग्मती | २३.७४ | २७.८५ |
| गण्डकी | ५४.२७ | ५८.२२ |
| लुम्बिनी | २१.४६ | ३८.६० |
| कर्णाली | ३६.९० | ४२.४१ |
| सुदूरपश्चिम | ४७.४३ | ५१.५८ |

बजेट विनियोजन गर्दा लैङ्गिक उत्तरदायी बजेटको अंश कति हुनुपर्छ भन्ने एकीन छैन। त्यसैले जसले जति बढी अंश विनियोजन गऱ्यो उसैलाई राम्रो भनेर विश्लेषण गर्नुपर्ने अवस्था छ। यसरी हेर्दा आर्थिक वर्ष २०७७/७८ मा सबै भन्दा बढी अंश ५४.२७ प्रतिशत छुट्याएर यो मामलामा गण्डकी प्रदेश सरकार पहिलो बनेको थियो। त्यसैगरी सबै भन्दा कमचाहिँ प्रदेश नं. १ ले १४.७२ प्रतिशत विनियोजन गरेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ मा पनि गण्डकी प्रदेशले नै सबै भन्दा बढी ५८.२२ प्रतिशत छुट्याएको छ भने वाग्मती प्रदेश सरकारले सबै भन्दा कम २७.८५ प्रतिशत विनियोजन गरेको देखिन्छ।

## ५.६ स्वास्थ्य

स्वास्थ्य सेवा लिने वा पाउने महिलाको सङ्ख्या कुनै प्रदेशमा घटेको छ भने कुनैमा बढेको देखिन्छ। जस्तो- आर्थिक वर्ष २०७५/७६ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत सुरु भएको गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्दार गर्ने कार्यक्रमअन्तर्गत अघिल्लो आर्थिक वर्षमा वाग्मती प्रदेशमा २७ जनालाई उद्दार गरिएकामा २०७८/७९ को फागुनसम्म २० जनाले मात्र यो सेवा लिएको देखिएको छ। त्यसैगरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७८/०७९ फागुनसम्ममा वाग्मती प्रदेशमा १० लाख ४१ हजार ३ सय ३४ जनाले अस्पतालको आकस्मिक सेवा लिएकामा कर्णालीमा यो सङ्ख्या ६९ हजार ४ सय ६९ मात्र रह्यो। यसरी हेर्दा देखिन्छ कि स्वास्थ्य सुविधा लिनेहरू तुलनात्मकरूपमा सुगममा बढी छन् भने जहाँ बढी यस्तो सुविधा आवश्यक पर्थ्यो त्यहाँ भने कम देखिएका छन्।

स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या

| आर्थिक वर्ष | सङ्ख्या |
|---|---|
| २०७६/७७ | ५१४२३ |
| २०७५/७६ | ५१४२३ |
| २०७४/७५ | ५१४२३ |
| २०७३/७४ | ४९००१ |
| २०७२/७३ | ४९६७७ |

केन्द्रीय तथ्याङ्क विभागको सामाजिक तथ्याङ्क २०७९ अनुसार पछिल्ला ३ वर्षमा स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या ठ्याम्मै बढेन । अझ आर्थिक वर्ष २०७१/७२ मा ४९६७७ जना स्वास्थ्य स्वयंसेविका रहेकामा पछिल्लो आर्थिक वर्षमा ६७७ ले घटेर ४९००१ मा झऱ्यो । एकातिर जनसङ्ख्या र रोगीको सङ्ख्या वृद्धि हुँदै जाने अर्कोतर्फ समाजको भुइँ तह अर्थात सबै भन्दा सानो एकाइ गाउँ/टोलमा बसेर बिरामीको पहिचान/सेवा गर्ने कार्यमा तल्लीन स्वास्थ्य स्वयंसेविकाको सङ्ख्याचाहिँ घट्नु वा स्थिर रहनु शुभसङ्केत मान्न सकिन्न ।

महिला सहभागिताको सबै पाटो निराशाजनक मात्र छैन । केही क्षेत्रमा पुरुषको तुलनामा महिलाको सहभागिता उल्लेखनीय देखिन्छ । जस्तो स्वास्थ्य बिमा गराउनेको सङ्ख्या हेर्ने हो भने प्रत्येक वर्ष महिलाले पुरुषलाई उछिनेको देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागको सामाजिक तथ्याङ्क २०७९ अनुसार आर्थिक वर्ष २०७७/७८ मा पुरुष विमित ४८.२ प्रतिशत रहेकामा महिला विमितको प्रतिशत ५१.८ थियो । जसअनुसार पछिल्लो ५ वर्षमा स्वाथ्य बिमा गराउनेको सङ्ख्या निम्नानुसार देखिन्छ :

विभिन्न वर्षमा स्वास्थ्य बिमा गराउनेहरू

| आर्थिक वर्ष | जम्मा | पुरुष | महिला | अन्य |
|---|---|---|---|---|
| २०७७/७८ | ४५७०५३३ | २२०२७३६ | २३६७३६२ | ४३५ |
| २०७६/७७ | ३१५८२१२ | १५०९७७१ | १६४८१०६ | ३३५ |
| २०७५/७६ | १६४०८७९ | ७८२१४३ | ८५८४४९ | २८७ |
| २०७४/७५ | ११३०५७५ | ५३३८२९ | ५९६६३३ | ११३ |
| २०७३/७४ | २२८११३ | १०७८०४ | १२०२७७ | ३२ |
| २०७२/७३ | १२६२३ | ५९७२ | ६६४७ | ४ |

## ५.७ निजामती सेवा

निजामती सेवामा प्रत्येक आर्थिक वर्षमा महिला कर्मचारीको सङ्ख्या बढिरहेको छ । राष्ट्रिय किताबखाना (निजामती) का अनुसार आर्थिक वर्ष २०६७/६८ मा ७७ हजार ८ सय ४८ निजामती कर्मचारी थिए जसमा महिलाको सङ्ख्या १० हजार ७ सय ७३ थियो । यो सङ्ख्यामा एक दशकमा निकै फेरबदल आयो । आर्थिक

वर्ष २०७७/७८ मा ८८ हजार ५ सय ६८ निजामती कर्मचारी हुँदा महिलाको सङ्ख्या बढेर २३ हजार ५ सय ५८ पुग्यो । र, २०७९ माघ ४ गतेको तथ्याङ्कअनुसार ८६ हजार ४ सय ६८ जना निजामती कर्मचारीमध्ये महिलाको सङ्ख्या २३ हजार ८ सय ५४ पुगेको छ।

| आर्थिक वर्ष | पुरुष कर्मचारी | महिला कर्मचारी | | जम्मा |
|---|---|---|---|---|
| २०६७/६८ | ६७०७५ | १०७७३ | १३.८३ प्रतिशत | ७७८४८ |
| २०७२/७३ | ६७२३१ | १५०१४ | १८.०३ प्रतिशत | ८३२४५ |
| २०७५/७६ | ६६३३५ | २१९६३ | २४.७६ प्रतिशत | ८८६८७ |
| २०७७/७८ | ६४९७० | २३५५८ | २६.५९ प्रतिशत | ८८५६८ |
| २०७८/७९ | ६२६१४ | २३८५४ | २७.५८ प्रतिशत | ८६४६८ |

नेपालमा पुरुषको तुलनामा महिला बढी भएकाले जुनसुकै निकायमा पनि महिलाकै सङ्ख्या बढी हुनुपर्ने हो तर पनि एक दशकअघि निजामती सेवामा १० हजार ७ सय ७३ जना मात्र भएकामा अहिले दोब्बर भन्दा बढी पुग्नुचाहिँ सकारात्मक नै मान्नुपर्छ।

यसरी निजामती सेवामा महिलाको सङ्ख्या वृद्धि हुनुको श्रेय भने अन्तरिम संविधान २०६३ लाई जान्छ। उक्त संविधानले समावेशितालाई जोड दिएपछि २०६४ साउन २३ गते निजामती सेवा ऐन संशोधन गरेर महिलासहित अन्य केही क्षेत्रका लागि आरक्षणको व्यवस्था गरिएको थियो। निजामती सेवालाई समावेशी बनाउन गरिएको व्यवस्थाअनुसार खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्याइ त्यसलाई शतप्रतिशत मानेर ३३ प्रतिशतमा महिलाबीच नै प्रतिस्पर्धा गराइने उल्लेख थियो। जसबाट निजामती सेवामा महिलाको सहभागिता बढ्न पुगेको हो।

समावेशिताका विभिन्न मार्गमध्ये सकारात्मक विभेद भनिने यस्तो व्यवस्था अपनाउँदा त्यसबाट निजामती सेवामा प्रवेश गर्न चाहने महिलालाई लाभ पुगेको छ। त्यसैले राज्य र सरकारहरूद्वारा नै सुनियोजितरूपमा पछाडि पारिएका वर्ग, क्षेत्र, समुदायका लागि यस्तो व्यवस्था प्रभावकारी हुन सक्छ भन्ने एउटा गतिलो प्रमाण निजामती सेवामा महिलाको बढ्दो उपस्थितिलाई मान्न सकिन्छ।

## ५.८ श्रम बजार

नेपालमा कुल जनसङ्ख्याको ५१ प्रतिशत भन्दा बढी महिला छन् तर पनि उनीहरूको श्रम शक्ति सहभागिता दर भने २६.३ प्रतिशत मात्र छ। जबकि पुरुषको यस्तो प्रतिशत भने ५३.८ छ। श्रम शक्ति सहभागिता दर भन्नाले श्रम गर्न योग्य जनसङ्ख्यामध्ये श्रम बजारमा आउनेको सङ्ख्या बुझिन्छ। त्यसैगरी जनसङ्ख्याको अनुपातमा महिलाको रोजगारी दर २२.९ प्रतिशत छ जुन पुरुषको तुलनामा २५.४ प्रतिशत कम हो। केन्द्रीय तथ्याङ्क विभागको नेपाल श्रम शक्ति सर्वेक्षण, २०१७/१८ अनुसार नेपालमा कुल बेरोजगारी दर ११.४ प्रतिशत छ। जसमा महिलाको १३.१ देखिन्छ भने पुरुषको कम अर्थात १०.३ प्रतिशत छ। यसले देखाउँछ कि रोजगारीको

**उपलब्धतामा समेत लैङ्गिक विभेद छ।** केन्द्रीय तथ्याङ्क विभागको सामाजिक तथ्याङ्क २०७९ अनुसार श्रम बजारको अवस्था यस्तो छ :

श्रम बजारका प्रमुख सूचक (प्रतिशतमा)

| सूचक | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| श्रम शक्ति सहभागिता दर | ५३.८ | २६.३ | ३८.५ |
| रोजगार - जनसङ्ख्या अनुपात | ४८.३ | २२.९ | ३४.२ |
| बेरोजगार दर | १०.३ | १३.१ | ११.४ |

## ५.९ कानुन व्यवसायी

विक्रम संवत् २०६० मा महिला कानुन व्यवसायीको सङ्ख्या मात्र ६८२ थियो। त्यसको १० वर्षपछि अर्थात २०७० मा यो सङ्ख्या बढेर १४१६ पुग्यो। त्यसैगरी २०७८ कात्तिक १६ सम्म २९६४ जना पुगेको थियो भने २०७९ माघ ४ गतेसम्म आइपुग्दा नेपालमा महिला कानुन व्यवसायीको सङ्ख्या ४१५९ पुगेको छ। यसरी हेर्दा देखिन्छ कि जुनरूपमा बढ्नुपर्थ्यो त्यसरी नै नबढे पनि कानुन व्यवसायीका रूपमा महिलाको उपस्थिति क्रमशः बढ्दै गएको भने छ।

महिला कानुन व्यवसायी

| वर्ष | सङ्ख्या |
|---|---|
| २०६० | ६८२ |
| २०७० | १४१६ |
| २०७८ | २९६४ |
| २०७९ (माघ ४ गतेसम्म) | ४१५९ |

# ६. लेखहरू

## ६.१ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार

- रोशनीदेवी कार्की

उपसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

### १. पृष्ठभूमि

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आकस्मिक स्वास्थ्य सेवा र आफ्नो स्वास्थ्य उपचारबारे जानकारी पाउने हक हुनेछ भन्ने स्वास्थ्यसम्बन्धी संवैधानिक अधिकार छ। त्यस्तै संविधानको धारा ३८ मा प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने र प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकसहित शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक/अधिकारको प्रत्याभूतिसमेत गरेको छ। यसैले संविधान प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नका लागि मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय सर्वसुलभ तथा पहुँचयोग्य बनाउन आवश्यक ठानी सरकारले 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

उक्त ऐनले गर्भावस्था, प्रसूति अवस्था वा सुत्केरी अवस्थामा कुनै जटिलता देखा परेमा त्यस्ता जटिलता व्यवस्थापनका लागि चौबीसै घण्टा उपलब्ध हुने आकस्मिक प्रसूति सेवाको व्यवस्था गरेको छ। गर्भवती तथा सुत्केरीको अवस्थामा एन्टिबायोटिक, म्याग्नेसियम सल्फेट वा अक्सिटोसिन दिने, अड्केको सालनाल निकाल्ने, औजार भ्याकुमको सहयोगबाट शिशु जन्माउने र गर्भ पतन भएको अवस्थामा पाठेघर सफा गर्ने जस्ता आधारभूत आकस्मिक प्रसूति सेवासमेत कार्यान्वयनमा ल्याएको छ। दुर्गम तथा विकट स्थानमा स्वास्थ्य चौकी तथा विशेषज्ञ चिकित्सकको अभावका कारण गर्भवती, सुत्केरी महिला र शिशुको शिघ्र र गुणस्तरीय स्वास्थ्योपचार असम्भव भएकाले आमा र शिशुको सुरक्षित जीवनका लागि राष्ट्रपति महिला सशक्तीकरण परियोजना (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय) मार्फत हवाई सेवा विगत ५ वर्षदेखि सञ्चालनमा छ। जसअन्तर्गत करिव ३०० भन्दा बढी आमा र बच्चाको जीवन बचाउन सकिएको छ।

सरकारको नीतिगत, कानुनी, कार्यान्वयन संयन्त्र एवम् बजेट तथा कार्यक्रम हुदाँहुदै पनि गर्भवती तथा सुत्केरी अवस्थामा शिक्षा, चेतना, आर्थिक, सामाजिक, भौगोलिक अवस्था आदिका कारण गर्भवती तथा सुत्केरी महिलाको अकालमा मृत्यु हुने अवस्थालाई व्यवस्थापन गर्न तीनै तहका सरकार, निजी क्षेत्र, परिवार, नागरिक समाज सबैले विशेष ध्यान दिनुपर्ने देखिन्छ।

### २. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गराउन जिम्मेवार निकाय र जिम्मेवारी

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सुनिश्चित गर्ने मुख्य जिम्मेवार निकाय स्वास्थ्य तथा जनसङ्ख्या

मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप परिवार योजना तथा प्रजनन स्वास्थ्य र पोषणसम्बन्धी कार्यक्रमबाट यसलाई सहज बनाउँदै लगिएको छ जसलाई विस्तृतरूपमा यसरी उल्लेख गर्न सकिन्छ :

क) बाल स्वास्थ्य तथा खोप

- मातृ तथा नव शिशु स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीति तथा रणनीति, निर्देशिका, मापदण्ड प्रोटोकलहरू तयार गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सहयोग गर्ने,
- मातृ तथा नव शिशु स्वास्थ्यसम्बन्धी सर्वेक्षण/अनुसन्धान कार्यमा सहयोग गर्ने,
- मातृ तथा नव शिशु स्वास्थ्य अवस्थाको विश्लेषण गरी राष्ट्रिय एवम् प्रादेशिक नीति निर्माणमा प्राविधिक सहयोग गर्ने,
- मातृ तथा नव शिशुसम्बन्धी राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरूको कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने,
- आकस्मिक प्रसूति सेवा तथा २४ घन्टे बर्थिङ सेन्टरको विस्तारमार्फत सेवा पहुँच अभिवृद्धि गर्न प्रादेशिक तथा स्थानीय तहलाई आवश्यक सहयोग गर्ने

ख) परिवार योजना तथा प्रजनन स्वास्थ्य

- राष्ट्रिय स्तरमा परिवार योजनासम्बन्धी नीति, रणनीति, निर्देशिका, गुणस्तर मापदण्ड तथा प्रोटोकलहरू तयार गर्न मन्त्रालयलाई सहयोग गर्ने,
- परिवार नियोजनसम्बन्धी सर्वेक्षण, अनुसन्धान कार्यमा सहयोग गर्ने,
- राष्ट्रिय स्तरमा परिवार नियोजन सामग्रीहरू आपूर्ति तथा वितरण योजना तयार गर्ने,
- राष्ट्रिय एवम प्रादेशिकरूपमा परिवार नियोजन सेवाको अवस्थाबारे विश्लेषण गरी नीति निर्माणमा प्राविधिक सहयोग गर्ने,
- प्रदेश, स्थानीय तह तथा सरोकारवालासँग प्राविधिक विषयमा समन्वय र सहजीकरण गर्ने,
- किशोर/किशोरी स्वास्थ्यसम्बन्धी अध्ययन, अनुसन्धान, राष्ट्रिय स्तरका कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग गर्ने,
- आङ्ग खस्ने समस्या, लैङ्गिक हिसा, वृद्ध महिलाको प्रजनन स्वास्थ्यलगायतका विषयमा अनुसन्धान, राष्ट्रियस्तरका कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग गर्ने,

ग) पोषण कार्यक्रम

- पोषणसम्बन्धी राष्ट्रिय नीति, रणनीति, निर्देशिका, मापदण्ड प्रोटोकलहरू तयार गर्न मन्त्रालयलाई सहयोग गर्ने,
- पोषणसम्बन्धी सर्वेक्षण, अनुसन्धान कार्यमा सहयोग गर्ने,
- पोषण प्रवर्द्धनका लागि बहुक्षेत्रीय समन्वय गर्ने,
- पोषण अवस्थाको विश्लेषण गरी राष्ट्रिय एवम् प्रादेशिक नीति निर्माणमा प्राविधिक सहयोग गर्ने,
- पोषणसम्बन्धी राष्ट्रियस्तरका कार्यक्रमहरू निर्माण तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने,

## ३. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी मुख्य कार्यक्रम

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यअन्तर्गतका महत्त्वपूर्ण कार्यक्रम देहायबमोजिम मानिन्छन् :

क) एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम : परिवार नियोजन, किशोर/किशोरी तथा प्रजनन स्वास्थ्य सेवा सुदृढीकरण तथा विस्तार मातृ तथा नवशिशु कार्यक्रम, प्रसूति चाप बढी भएका अस्पतालहरूमा एनेस्थेसियोलोजिस्ट, गाइनाकोलोजिस्ट, पेडियाट्रिकसियन, ऐनेस्थेसिया, सहायक करारमा आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोधभर्ना, यातायात खर्च, गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा (चौथो एएनसी), आमा सुरक्षा, कार्यक्रमको लागि रक्तसञ्चार सेवा, निःशुल्क गर्भ पतन सेवा तथा जिल्ला अस्पताल र सो भन्दा तलका सरकारी स्वास्थ्य संस्थाहरूमा प्रसूति हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला वितरण जस्ता कार्यक्रम छन् ।

ख) एकीकृत बाल स्वास्थ्य एवम् पोषण कार्यक्रम : नवजात शिशु कार्यक्रमसम्बन्धी व्यवहार परिवर्तन सञ्चार कार्यक्रम, एसएनसियु/एनआइसियुको मेटोरिङ कार्यक्रम, निःशुल्क नवजात शिशु कार्यक्रमको समीक्षा र योजना तर्जुमा तथा एसएनसियु/एनआइसियुसम्बन्धी रेकर्डिङ तथा रिपोर्टिङ तालिम, एसएनसियु/एनआइसियुमा कार्यरत नर्सिङ स्टाफको नवजात शिशु स्याहार कार्यक्रम, अन्य कार्यक्रम देहायबमोजिम छन् :

- परिवार नियोजनका सामग्रीहरूबारे जानकारी गराउने र निःशुल्क कण्डम वितरण साथै पिल्स, डिपो कप्पर टि, इमप्लान्ट, मिनील्याप भ्यासेक्टोमीबारे जानकारी,
- गर्भवती आमाहरूलाई टि.टी. सुइ २ पटक लगाउने,
- गर्भवती तथा सुत्केरी महिलालाई आइरन चक्की खुवाउने,
- गर्भवती महिलालाई जुकाको औषधि खुवाउने,
- सुत्केरी महिलालाई ४५ दिनभित्र भिटामिन ए खुवाउने,
- एच. आइ. भी. आमाबाट जन्मिएको बच्चालाई एआरभी प्रोफ्लाक्सिस सेवा सञ्चालन गर्ने,

- कम्तीमा प्रसूतिपूर्व ४ पटक स्वास्थ्य जाँच गराउने कार्य,
- प्रसूतिपश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराउने कार्य,
- दक्ष जनशक्तिबाट सुत्केरी गराउने कार्य,
- सुत्केरीपश्चात स्वास्थ्य जाँच गराउने कार्य,
- सुत्केरी आमा र वच्चाको मृत्युको जोखिम कम गराउने कार्यक्रम,

## ४. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारभित्रका सेवाहरू

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारको विशेष व्यवस्था नै संविधान प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्तिका लागि मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन प्रस्तावनामै उल्लेख गरिएको छ। यिनै विशेष व्यवस्थालाई परिपूर्ति गर्न अन्य सहयोगी तथा महत्त्वपूर्ण व्यवस्थाहरू देहायबमोजिम छन् :

४.१. आकस्मिक प्रसूति सेवा : प्रसूति महिलाको प्राकृतिक नियम हो। प्रसूतिकै कारण महिलालाई मातृत्व र पुरुषलाई पितृत्व लाभ हुन्छ। प्रसूति अवस्थालाई सहज व्यवस्थापनका लागि प्रसूतिपूर्वको गर्भावस्थामा विशेष ध्यान दिन आवश्यक हुन्छ। यस सेवालाई इमर्जेन्सी अब्स्टेट्रिक केयर पनि भनिन्छ। यस सेवाभित्र गर्भावस्था, प्रसूति वा सुत्केरी अवस्थामा कुनै जटिलता देखापरेमा त्यस्ता जटिलता व्यवस्थापन गर्न चौबीसै घण्टा उपलब्ध हुने सेवा महिलाको सुत्केरी व्यथा प्राकृतिक विषय र परिपक्वताको समयमा जुनसुकै बेला समस्या पर्ने भएकाले निरन्तर सेवा दिनुपर्छ भन्ने मान्यता छ।

४.२. आधारभूत आकस्मिक प्रसूति सेवा : यस सेवालाई बेसिक इमर्जेन्सी अब्स्टेट्रिक केयर पनि भनिन्छ। यस सेवाभित्र एन्टिबायोटिक, म्याग्नेसियम सल्फेट वा अक्सिटोसिन दिने, अड्केको साल निकाल्ने, औजार (भ्याकुम) समेतको मद्दतले शिशु जन्माउने र गर्भ पतन भएकामा पाठेघर सफा गर्ने जस्ता आधारभूत सेवा पर्छन्।

४.३. गर्भ पतन : गर्भमा रहेको भ्रुण स्वाभाविकरूपमा जन्मनु भन्दा पूर्व गर्भाशयबाट भ्रुण बाहिर निस्कने वा निकाल्ने कार्य यस सेवाभित्र पर्छ।

४.४. गर्भ निरोधः यसलाई कन्ट्रासेप्सन पनि भनिन्छ। यस सेवाभित्र डिम्ब निष्काशन, शुक्रकीट र डिम्ब निसेञ्चर वा डिम्बरोपणका सामान्य प्रक्रियामा अवरोध उत्पन्न गरी गर्भ रहन नदिने उपाय पर्छन्।

४.५. गर्भ निरोधका साधन : गर्भ निरोध गर्ने कार्यमा सहयोग गर्न हर्मोनयुक्त वा अन्य रोकथामका साधन प्रयोग गर्नेसम्बन्धी सेवा यसमा पर्छन्।

४.६. गर्भ पतन सेवा : गर्भ पतन गर्नका लागि इजाजतपत्र प्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीले कानुनी प्रक्रिया पूरा गरी गराउने गर्भ पतन सेवालाई बुझिन्छ।

४.७. नवजात शिशुको अत्यावश्यकीय सेवा : यसलाई न्यु बर्न इसेन्सियल केयर पनि भनिन्छ। जहाँ नवजात शिशुलाई न्यायो गरी सफा राख्ने, नाभी र आँखाको स्याहार गर्ने, आमाको दूध खुवाउने, आवश्यक खोप दिनेसमेतका सेवालाई बुझिन्छ।

४.८. नवजात शिशुको आकस्मिक सेवा : न्यु बर्न इमर्जेन्सी केयरमा नवजात शिशुलाई सङ्क्रमण भएको अवस्थामा एन्टिबायोटिक दिने, हाइपोथरमियालगायतको व्यवस्थापन गर्ने तथा त्यस्ता शिशुको श्वास/प्रश्वाससम्बन्धी समस्या व्यवस्थापन सेवालाई बुझिन्छ।

४.९. परिवार नियोजन : सन्तानको आवश्यकता. सन्तानको जन्मान्तरका लागि कुनै गर्भ निरोधक साधन प्रयोग गरी वा नगरी आफूले चाहेअनुसारको सन्तानको सङ्ख्या वा गर्भान्तर निर्धारण गर्ने योजनालाई बुझिन्छ।

४.१०.प्रजनन स्वास्थ्य रूग्णता (मर्बिडिटी) : यस सेवाभित्र प्रजनन, गर्भावस्था, गर्भ पतन, प्रसव वा यौन व्यवहारको कारणले प्रजनन प्रणालीमा प्रतिकूल प्रभाव पार्ने अवस्थालाई बुझाउँछ। साथै सो शब्दले आङ खस्ने, प्रसव छिद्र, बाँझोपना, पाठेघरको मुखको क्यान्सर र प्रजनन प्रणालीलाई प्रभाव पार्ने यस्तै प्रकारका अन्य व्यवस्थासमेतलाई जनाउँछ।

४.११. प्रसूतिकर्मी : प्रसूतिकर्मी भन्नाले गर्भवती महिलाको प्रसूति गराउने कार्य गर्ने तालिम प्राप्त स्वास्थ्यकर्मी भन्ने बुझिन्छ।

४.१२. बृहत् आकस्मिक प्रसूति सेवा : (कम्प्रिहेन्सिव इमर्जेन्सी अबस्टेट्रिक केयर) भन्नाले आधारभूत आकस्मिक प्रसूति सेवाको अतिरिक्त रक्त सञ्चार र शल्यचिकित्सा सेवासमेतलाई बुझाउँछ।

४.१३. सुरक्षित मातृत्व : सुरक्षित मातृत्व भन्नाले महिलालाई गर्भवती, प्रसव र सुत्केरी अवस्थामा ऐनबमोजिम उपलब्ध गराउने मातृत्व सेवा सम्झनुपर्छ।

४.१४ स्वास्थ्य संस्था : स्वास्थ्य संस्था भन्नाले सरकारी, गैरसरकारी, सामुदायिक वा निजी स्तरबाट सञ्चालित अस्पताल, नर्सिङ होम, मेडिकल कलेज, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी वा अन्य कुनै नामबाट सञ्चालित स्वास्थ्य संस्थालाई वुझाउँछ।

## ५. प्रजनन स्वास्थ्य अधिकार

गर्भवती तथा सुत्केरी महिलाहरूको प्रजनन स्वास्थ्य अधिकारहरू देहायानुसार मानिन्छन् :

५.१. प्रत्येक महिला तथा किशोर/किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी शिक्षा, सूचना तथा परामर्श सेवा प्राप्त गर्ने अधिकार हुने,

५.२. प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्यसम्बन्धी सेवा परामर्श तथा सूचना प्राप्त गर्ने अधिकार हुने,

५.३. प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ। प्रत्येक महिलालाई गर्भान्तर

वा सन्तानको सङ्ख्या निर्धारण गर्ने अधिकार हुने,

५.४. प्रत्येक व्यक्तिलाई गर्भ निरोधका साधन सम्बन्धमा जानकारी पाउने र सोको प्रयोग गर्ने अधिकार हुने,

५.५. प्रत्येक महिलालाई सुरक्षित गर्भ पतन गराउन पाउने सेवाको हक हुने,

५.६. प्रत्येक महिलालाई गर्भवती तथा सुत्केरी र प्रजनन स्वास्थ्य रूग्णताको अवस्थामा पोषणयुक्त, सन्तुलित आहार तथा शारीरिक आराम पाउने अधिकार हुने,

५.७. प्रत्येक महिलालाई प्रसूतिकर्मीबाट आवश्यक परामर्श, गर्भवती तथा प्रसूति सेवा, सुत्केरी पश्चातको गर्भ निरोधको सेवा पाउने अधिकार हुने,

५.८. प्रत्येक महिलालाई आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, बृहत् आकस्मिक प्रसूति सेवा, नवजात शिशुका लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आकस्मिक सेवा पाउने हक हुने,

५.९. प्रत्येक व्यक्तिलाई आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आइपर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य र सुरक्षितरूपले पाउने हक हुने,

५.१०. प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सेवा छनोटको अधिकार हुने,

५.११. प्रत्येक व्यक्तिले प्राप्त गरेको प्रजनन स्वास्थ्य सेवा र सोसम्बन्धी सूचना गोप्य रहनेसमेत सेवा रहने,

## ६. सुरक्षित मातृत्व तथा नवजात शिशु सेवासम्वन्धी व्यवस्था

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनमा नवजात शिशु स्याहार सम्बन्धमा गरिएको व्यवस्था देहायबमोजिम छ :

६.१. प्रत्येक महिलालाई गर्भवती सेवा प्राप्त गर्ने आधिकार हुने : प्रत्येक महिलालाई स्वास्थ्य संस्थामा गई आफू गर्भवती भए वा नभएको जाँच वा परीक्षण गर्न पाउने आधिकार रहने,

६.२. गर्भवती महिलालाई सम्बन्धित स्वास्थ्य संस्थाले देहायबमोजिमका गर्भवती सेवा प्रदान गर्नुपर्नेछ :

(क) सामान्य गर्भावस्थामा कम्तीमा चार पटक स्वास्थ्य परीक्षण गर्ने,

(ख) न्यूनतम ४ पटकको परीक्षणबाहेक तोकिएको अवस्थामा चिकित्सक वा दक्ष स्वास्थ्यकर्मीको सल्लाहमा स्वास्थ्य जाँच गर्ने,

(ग) स्वास्थ्य स्याहारसम्बन्धी समुचित परामर्श प्राप्त गर्ने,

(घ) गर्भावस्थामा अवलम्बन गर्नुपर्ने सुरक्षाका उपाय तथा न्यूनतम सेवा पाउने,

६.३. आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा

(क) प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा प्रदान गर्नुपर्छ,

(ख) स्वास्थ्य संस्थाले आकस्मिक प्रसूति तथा नवजात शिशु सेवामा आएको जटिलताको व्यवस्थापन गर्न नसकेमा सम्भव भएसम्म सरकारी वा सामुदायिक स्वास्थ्य संस्थामा र सम्भव नभएमा गैरसरकारी तथा निजी स्वास्थ्य संस्थामा प्रेषण (रिफर) गर्नुपर्ने हुन्छ,

(ग) यसरी प्रेषण (रिफर) भइआएका गर्भवती, सुत्केरी वा नवजात शिशुसँग सम्बन्धित स्वास्थ्य जटिलताको व्यवस्थापन गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुन जान्छ,

(घ) आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले तोकिएको अवस्थामा गर्भवती महिलाहरूका लागि तोकिएबमोजिमको आरामस्थलको व्यवस्था गर्नुपर्नेछ,

६.४. नवजात शिशुको स्वास्थ्य स्याहार

प्रसूति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख राख्नुपर्नेछ। अन्य सेवा देहायबमोजिम हुनेछ :

(क) आफ्नो स्वास्थ्य संस्थामा जन्मिएको नवजात शिशुको अभिलेखका आधारमा स्वास्थ्य संस्थाले जन्मिएको शिशुको आमा बाबुको नाम राखी बाबु वा आमालाई शिशु जन्मिएको प्रमाणपत्र दिनुपर्नेछ,

(ख) प्रत्येक स्वास्थ्य संस्थाले मृतक शिशु तथा गर्भ पतन भएको भए गराएका महिलाको सङ्ख्यासमेत खुल्ने गरी अभिलेख राख्नुपर्नेछ,

(ग) प्रत्येक स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थामा प्रसूति सेवाका लागि आएका गर्भवती महिलाको मृत्यु भएमा त्यस्तो महिलाको अभिलेख राख्नुपर्नेछ,

६.५. प्रसूति बिदाको अधिकार

(क) सरकारी, गैरसरकारी तथा निजी सङ्घ/संस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुअघि वा पछि कम्तीमा अन्ठानब्बे (९८) दिनसम्मको तलबसहितको प्रसूति बिदा पाउने अधिकार हुने,

(ख) कुनै गर्भवती महिलालाई तलबसहितको ९८ दिनको प्रसूति बिदा अपुग भएमा त्यस्तो महिलाले विज्ञ चिकित्सकको सिफारिसमा बढीमा एक वर्षसम्मको बेतलबी बिदा पाउने हक हुने,

(ग) सरकारी, गैरसरकारी र सङ्घ/संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनुपर्नेछ,

(घ) कुनै गर्भवती महिलाले मृतक शिशुलाई जन्म दिएमा वा जन्मिएपछि शिशुको मृत्यु भएमा समेत ९८ दिनको बिदा पाउने हक हुने,

(ङ) सरकारी, गैरसरकारी वा निजी सङ्घ/संस्थामा कार्यरत पुरुष कर्मचारीकी पत्नी सुत्केरी भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुअघि वा पछि पारिश्रमिकसहितको पन्ध्र दिन सुत्केरी स्याहार बिदा पाउने हक हुने,

(च) अतिरिक्त बिदा दिनुपर्ने व्यवस्थाबमोजिम सरकारी, गैरसरकारी तथा निजी सङ्घ/संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको रायबमोजिम प्रजनन स्वास्थ्य रूग्णता (मब्रिडिटी) को कारणले जटिल शल्यक्रिया गर्नुपर्ने भएमा त्यस्तो शल्यक्रिया हुनुअघि वा पछि कम्तीमा तीस (३०) दिनसम्मको तलबसहितको अतिरिक्त बिदा दिनुपर्नेछ,

## ७. सुरक्षित गर्भ पतनसम्बन्धी व्यवस्था

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐनले देहायको अवस्थामा गर्भवती महिलालाई सुरक्षित गर्भ पतन गर्न पाउने अधिकारको व्यवस्था गरेको छ :

(क) गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भ,

(ख) गर्भ पतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मन्जुरीबमोजिम अठ्ठाइस (२८) हप्तासम्मको गर्भ,

(ग) जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मन्जुरीले २८ हप्तासम्मको गर्भ,

(घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एच.आइ .भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेका महिलाको मन्जुरीले २८ हप्तासम्मको गर्भ,

(ङ) भ्रुणमा कमी कमजोरी भएका कारणले गर्भमा नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रुणमा खरावी रहेको, वंशानुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रुणमा अशक्तता हुने अवस्थामा रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको रायबमोजिम गर्भवती महिलाको मन्जुरीले २८ हप्तासम्मको गर्भ,

## ८. मातृत्व तथा प्रजनन स्वास्थ्यका लागि बजेट विनियोजन तथा अनुदानसम्बन्धी व्यवस्था

१. अनुदान रकम विनियोजन गरिनुपर्ने : (१) नेपाल सरकारले प्रत्येक वर्ष आफ्नो बजेटमार्फत प्रत्येक स्थानीय तहलाई मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोजनका लागि अनुदान रकम विनियोजन गर्नेछ,

(२) प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेटमार्फत प्रत्येक स्थानीय तहलाई मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोजनका लागि प्रदेश कानुनबमोजिम निश्चित रकम अनुदानका रूपमा विनियोजन गर्नुपर्नेछ,

(३) सम्बन्धित स्थानीय तहले माथिको दफा (१) र (२) बमोजिम विनियोजित रकमबाट आर्थिकरूपले अति विपन्न महिलाको मातृत्व था प्रजनन स्वास्थ्यका लागि तोकिएबमोजिम खर्च गर्नुपर्नेछ,

२. स्थानीय तहले बजेट विनियोजन गर्ने : (१) स्थानीय तहले आफ्नो वार्षिक बजेटमा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गर्नुपर्नेछ,

(२) माथि (१) मा भनिएबमोजिम बजेट विनियोजन गर्दा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी तथा गैरसरकारी वा सामुदायिक स्वास्थ्य संस्थामा प्राप्त हुने गरी गरिनुपर्छ,

## ९. प्रजनन स्वास्थ्य समन्वय समिति

सुरक्षित मातृत्व तथा  प्रजनन स्वास्थ्य सेवासम्बन्धी नीति, योजना तथा कार्यक्रम र गुणस्तरीय सेवा प्रवाह गर्ने उद्देश्यले नेपाल सरकारलाई आवश्यक राय सुझाव दिन देहायबमोजिमको एक प्रजनन स्वास्थ्य समन्वय समितिको प्रावधान गरिएको छ :

(क) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव - अध्यक्ष

(ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव - सदस्य

(ग) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव - सदस्य

(घ) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - सदस्य

(ङ) प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल - सदस्य

(च) प्रतिनिधि, नेपाल नर्सिङ परिषद् - सदस्य

(छ) प्रतिनिधि, नेपाल स्वास्थ्य व्यवसायी परिषद् - सदस्य

(ज) कानुन अधिकृत, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

(झ) प्रजनन स्वास्थ्य तथा प्रजनन अधिकारको क्षेत्रमा अध्ययन, अनुसन्धान वा सेवा प्रदान गरिरहेका पेसागत संस्था, व्यक्तिहरूमध्ये एक महिलासहित मन्त्रालयबाट मनोनीत प्रतिनिधि एकजना - सदस्य

(ञ) मन्त्रालयले तोकेको नेपाल स्वास्थ्य स्वयंसेविका सङ्घको प्रतिनिधि एकजना - सदस्य

(ट) निर्देशक, परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग - सदस्य सचिव

समन्वय समितिले प्रजनन स्वास्थ्य तथा प्रजनन अधिकारको क्षेत्रमा कार्यरत विशेषज्ञलाई आवश्यकतानुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## निष्कर्ष

सरकारले पहिलो प्राथमिकतामा राखी महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारलाई सुरक्षित,

मर्यादित, व्यवस्थित र सर्वसुलभ बनाउँदै गएको पाइन्छ। नीतिगत, कानुनी, संस्थागत, वित्तीय, कार्यक्रमगत व्यवस्थाका माध्यमबाट सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक प्रत्याभूत भएको छ। स्वास्थ्य सेवामा कार्यान्वयन भएका विभिन्न कार्यक्रमको फलस्वरूप प्रतिहजार जीवित जन्ममा शिशु मृत्यु दर ३२, नवजात शिशु मृत्यु दर २१ र ५ वर्षमुनिको बाल मृत्यु दर ३९ छ जबकि हाम्रो लक्ष्य सन् २१०० मा ८ मा झार्ने छ। त्यसैगरी मातृ मृत्यु दर २३९ (प्रतिलाख जीवित जन्ममा ) झरेको छ जबकि हाम्रो लक्ष्य सन् २१०० सम्ममा २० मा झार्ने छ। त्यसैगरी कुल प्रजनन दर २.३ प्रतिमहिला छ भने पूर्ण खोप प्राप्त गर्ने शिशु तथा बालबालिका अझै पनि ८० प्रतिशत मात्र छन्।

यसैगरी दक्ष तथा अनुभवी स्वास्थ्यकर्मीबाट सुत्केरी हुने महिलाको सङ्ख्या केवल ८० प्रतिशत मात्र रहेको भर्खरै सार्वजनिक भएको जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणको प्रारम्भिक प्रतिवेदनले उल्लेख गरेको छ। लैङ्गिक विकास सूचकाङ्क ०.८९७ बाट ०.९९ मा झार्ने लक्ष्य छ। मानव विकास सूचकाङ्क ०.५७९ बाट ०.७६० मा झार्ने प्रतिबद्धता छ। त्यस्तै खोप र दक्ष स्वास्थ्यकर्मीको पहुँचमा पुग्ने गर्भवती तथा सुत्केरीहरूलाई अध्ययन गर्दा जातजाति, समुदाय, धर्मावलम्बी र प्रदेश प्रदेशबीच ठूलो अन्तर भेटिन्छ। जसलाई शतप्रतिशत पुऱ्याउन र अन्तरलाई समानान्तर बनाउन निरन्तर योजना बनाउन आवश्यक देखिन्छ।

नेपालले विभिन्न समयमा व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता, नेपाल सरकारको विद्यमान नीति, एवं स्वास्थ्य तथा पोषण क्षेत्रका प्रमुख समस्या, चुनौती तथा अवसरलाई समेत आधार बनाउँदै दिगो विकास लक्ष्य हासिल गर्ने राष्ट्रिय कार्यसूची छ। नागरिकलाई स्वस्थ बनाउन आधुनिक चिकित्सा, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा क्षेत्र, स्वास्थ्य सुशासन र अनुसन्धानमा लगानी बढाउन आवश्यक देखिन्छ। स्वास्थ्य सेवालाई नागरिकको घर-घरमा पुऱ्याइ गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुको जीवन रक्षा गर्न राज्य र सरकारले नेतृत्वदायी भूमिकामा रही निजी, सामुदायिक तथा सहकारी क्षेत्रको परिपूरक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

## सन्दर्भ सामग्री


- नेपालको सविधान,
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५,
- पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१)
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सङ्क्षिप्त परिचय एवं प्रगति विवरण, २०७७
- स्वास्थ्य क्षेत्रको योजना तथा बजेट तर्जुमा मार्गनिर्देशन, २०७६

## ६.२ अपाङ्गता भएका महिला : व्यवस्था र अवस्था

- निर्मला धिताल
अपाङ्गता महिला अभियन्ता एवं
अध्यक्ष : अपाङ्गता भएका महिलाहरूको महासङ्घ नेपाल

नेपालमा अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क २०६८ मा १.९४ प्रतिशत थियो जसमध्ये अपाङ्गता भएका महिला करिब ४५.५५ प्रतिशत थिए। सन् २०११ मा विश्व ब्याङ्क र विश्व स्वास्थ्य सङ्गठनले प्रकाशन गरेका अपाङ्गतासम्बन्धी विश्व प्रतिवेदनअनुसार संसारको कुल जनसङ्ख्याको १५ प्रतिशत मानिसमा कुनै न कुनै रूपमा अपाङ्गता छ। संयुक्त राष्ट्र सङ्घको सन् २००७ को प्रतिवेदनअनुसार अपाङ्गता भएका व्यक्तिहरूको कुल जनसङ्ख्याको ८० प्रतिशत गरिब तथा अल्पविकसित देशमा बस्छन् जसमध्ये २० प्रतिशत भन्दा बढी गरिबीको रेखामुनि छन् । त्यसको झण्डै आधा हिस्सा अपाङ्गता भएका महिलाको छ । अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी पाइएको छ। ८९ प्रतिशत अपाङ्गता भएका व्यक्ति ग्रामीण क्षेत्रमा छन् ।

लिङ्गका आधारमा विभेद गरिने पितृसत्तात्मक नेपाली समाजमा पुरुषलाई उच्च सम्मान, इज्जत र पहिचान दिइने हुँदा महिलालाई दोस्रो दर्जाको नागरिक र अझ त्यसमा पनि अपाङ्गता भएका महिलालाई तेस्रो दर्जाको नागरिकका रूपमा हेर्ने गरिन्छ। महिलामा भएको अपाङ्गतालाई सामाजिक दाग, अपूर्ण महिला, कठै ! विचराकी पात्र, पूर्वजन्मको कर्म भोगिरहेका अभागी, परिवारलाई बोझ आदिका रूपमा हेरिने गरिन्छ । अपाङ्गतालाई नराम्रा, कुरूप, अक्षम, यौन चाहना नभएका, श्रीमान् र परिवारका सदस्यहरूलाई स्याहारसुसार गर्न नसक्ने, सन्तान जन्माउन र हुर्काउन नसक्ने आदिका रूपमा व्याख्या गरिन्छ। यही कारण उनीहरूको मागी विवाहसमेत हुँदैन । उनीहरूले विवाहको चाहना राख्नु भनेको पाप गर्नु वा गलत माग गर्नु हो भन्ने आमबुझाइ देखिन्छ।

तसर्थ उनीहरूको विवाह नहुनु, यदि भैहाले पनि मन पराएर आफैं गर्नु, उनीहरूको शिक्षा तथा स्वास्थ्यमा लगानी गर्नु भनेको लगानी खेर फाल्नु हो भनेर लगानी नगर्नु, रोजगारमा समान अवसर प्रदान नगरिनु, स्वास्थ्य केन्द्रहरूमा अपाङ्गता महिलामैत्री प्रजनन् स्वास्थ्य उपचार नपाउनु, अपाङ्गताकै कारणले संरक्षण गर्न सक्दिन भन्ने गलत सोचाइका कारण अन्य महिलाको दाँजोमा पैतृक सम्पत्तिमा अपाङ्गता भएकी छोरीले अधिकार नपाउनु वा नदिनु जस्ता थुप्रै समस्या भोग्न बाध्य छन् अपाङ्गता भएका महिला। त्यसबाहेक परिवारभित्र पनि अपाङ्गता भएकी महिलालाई निर्णायक वा धारणा राख्ने अधिकार नदिनु, कथम्कदाचित धारणा राखे तापनि उनको विचारले सम्मान र निर्णायक मत नपाउनु, कोसँग कसरी बस्ने, विवाह गर्ने/नगर्ने, बच्चा जन्माउने/नजन्माउने जस्ता विषयमा निर्णय गर्ने अधिकार नहुनु, कुनै पनि निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता नहुनु आदि समस्या पनि भोग्दै आएका छन् ।

अझै हानिकारक परम्परागत हिंसाहरू, जस्तै- महिनावारीका समयमा विभेदपूर्ण व्यवहार गर्नु, परिवार समाजमा इज्जत प्रतिष्ठा गुम्ने नाममा घरबाट बाहिर निस्कन नदिनु साथै विवाह भोजभतेरमा सहभागिता नगराउनु, हरेक पल हर दिनजसो कुनै न कुनै प्रकारको हिंसा, विभेद र अन्याय सहँदै जीवन गुजार्न बाध्य छन्। अपाङ्गता नभएका

महिला र अपाङ्गता भएका महिलाको बीचमा हिंसाको तुलनात्मक अवस्था हेर्ने हो भने सबै भन्दा बढी हिंसा अपाङ्गता भएका बालिका, किशोरी र महिलाले नै भोग्दै आएका पाइन्छ किनभने उनीहरू शारीरिक अपाङ्गता भएका कारण भाग्न वा दौडन सक्दैनन्, आँखा नदेख्नुका कारण पीडकको पहिचान सजिलै गर्न सक्दैनन्, बहिराहरू चिच्याएर र साङ्केतिक भाषामा प्रतिकार गर्न वा बोल्न सक्दैनन्, बौद्धिक अपाङ्गता भएकाहरूले घटनाको यथार्थ विवरण भन्न सक्दैनन् र घटना बिर्सनाले पटक पटक प्रमाणहरू फेर्ने सम्भावना बढी हुन्छ। हिंसासम्बन्धी प्रमाणहरू सजिल्यै लुकाउन सकिन्छ भन्ने मनसायले अपाङ्गता भएका बालिका र महिलामाथि अन्य महिलाको तुलनामा थप हिंसा भएको अवस्था छ।

## अपाङ्गता भएका महिलाका मुख्य समस्या तथा चुनौती

- अपाङ्गता भएका महिलाका सशक्तीकरण र क्षमता विकासका लागि सरकारी, गैरसरकारी संस्थाका कार्यक्रम तथा योजनाहरू प्राथमिकतामा नपर्नु,
- राज्यले अपाङ्गता भएका महिलालाई तेस्रो दर्जाको नागरिकका रूपमा हेर्नु,
- अपाङ्गता भएका महिलालाई उत्पादनशील नागरिकका रूपमा भन्दा पनि बोझका रूपमा लिइनु,
- उचित शिक्षा तथा हेरचाह नपाएर दिनानुदिन हीनताबोधले ग्रस्त हुन बाध्य पारिनु,
- अपाङ्गता भएका महिलालाई समाजले नकारात्मक दृष्टिकोणले हेर्नु या केही गर्न सक्दैनन् भन्ने ठान्नु,
- साधन/स्रोतको पहुँचमा कमी र परिवार तथा आफन्तहरूको परनिर्भरतामा आश्रित हुनु,
- राजनीतिक सशक्तीकरण नहुनु, राजनीतिक दलले बेवास्ता गर्नु, सहभागिता, प्रतिनिधित्व र निर्णायक भूमिका पाउने अवसर कमी हुनु,
- लैङ्गिक विभेदका कारण विभिन्न किसिमका घरेलु हिंसा, यौनजन्य हिंसा र मानसिक हिंसा व्याप्त हुनु र हिंसा अन्त्य गर्ने र विशेष सम्बोधन गर्नेखालका कानुन नहुनु,
- अपाङ्गता भएका महिला आफैँमा शिक्षित र अधिकारबारे सचेत छैनन् जसले गर्दा अवसर र अधिकारबारे आवाज उठाउन सकेको अवस्था छैन।
- परिवार र समाजले उनीहरूप्रति नकारात्मक धारणा राख्ने भएकाले उनीहरूको अवसर र पहुँचमा कमी छ।
- अपाङ्गता भएका महिला विरोधी कानुन विद्यमान हुनु, उनीहरूको पक्षमा विशेष सम्बोधन हुने गरी नीति/नियम, ऐन/कानुन नबन्नु र विद्यमानरूपमा बनेका नीति नियमहरूको पूर्णरूपमा कार्यान्वयन नहुनु,
- अपाङ्गता भएकै कारणले हिंसामा पर्ने सम्भावना बढी छ तर हिंसा प्रभावितहरूले उजुरी दर्ता गर्ने कुरामा चासो नदेखाउनु वा उजुरी कम पर्नु र उजुरी परे तापनि द्रुत गतिमा मुद्दा किनारा नलाग्नु।

- अपाङ्गतालाई कमजोरीका रूपमा हेर्ने र अपाङ्गताका कारण उनीहरूले हिंसाको प्रतिकार गर्न सक्दैनन् यदि गरिहाले भने पनि प्रमाण जुटाउन सक्दैनन् अनि उम्कन सकिन्छ भन्ने मनसायले उनीहरूमाथि हिंसा गर्नु ।

- उजुरी गर्ने संयन्त्रमा उजुरी नलिनु, अपाङ्गतामैत्री संयन्त्र नहुनु, न्यायमा पहुँच सुनिश्चितताका लागि न्यायिक निकायहरू संवेदनशील नहुनाले सामाजिक तथा कानुनी न्याय पाउन नसक्नु ।

- हिंसा हुन्छ भन्ने डरले अपाङ्गता भएका छोरीलाई बढी माया र संरक्षण गर्ने नाममा कतिपय शहरिया धनी परिवारले घर बाहिर विभिन्न कार्यक्रम, सामाजिक सांस्कृतिक जमघट र पढाइका लागि विद्यालयसमेत नपठाउनु ।

- हिंसा प्रभावित अपाङ्गता भएका महिलालाई कानुनी प्रक्रियामा जाँदै गर्दा पीडित र पीडकलाई अलग अलग राख्नुपर्ने हुन्छ तर अपाङ्गता भएका महिलाको हकमा पुनर्स्थापना वा सुरक्षित गृह अपाङ्गतामैत्री नहुनाले पीडित र पीडक एउटै घरमा बस्न बाध्य हुनु जसले गर्दा पीडितको ज्यान जोखिममा पर्न गइ उजुरी फिर्ता वा होस्टाइल गर्न दबाब आउनु ।

- सूचना तथा सञ्चारमा पहुँच नहुनाले सूचना पाउने हक अधिकारबाट वञ्चित हुनु,

- अपाङ्गता भएकै कारण विवाह, यौनिकता तथा पारिवारिक सम्पूर्णताको अधिकारबाट वञ्चित हुनु, यौनिकता र प्रजनन् अधिकारलाई विवाहसँग जोड्ने हाम्रो सामाजिक मूल्य/मान्यताले गर्दा अपाङ्गता भएका महिलाको विवाहमा समस्या आउनु, यौनिकता र प्रजनन् अधिकार प्राप्त गर्नबाट वन्चित हुनु,

- अपाङ्गता भएकै कारण अरू नागरिकसरह रोजगार र स्वरोजगारका क्रियाकलापमा पहुँच नपुग्नाले आर्थिक अधिकार र आयआर्जन गर्न पाउने अधिकारबाट वञ्चित हुनु,

- नागरिकता र अपाङ्गता परिचयपत्र नबनाइदिनाले उनीहरू अन्य अधिकार पाउनबाट, जस्तै- सम्पत्तिमाथिको अधिकार, रोजगारको अधिकार, सङ्घ/संस्था खोल्न पाउने अधिकार, ब्याङ्क खाता खोल्न पाउने अधिकारबाट वञ्चित हुनु,

- महिलाभित्रको ३३ प्रतिशत आरक्षणमा अपाङ्गता भएका महिलाको आरक्षण सिट व्यवस्था नहुँदा अर्थपूर्ण समावेशिता हुन नसक्नु,

- हिंसा तथा असुरक्षाका कारण अपाङ्गता भएका महिलालाई घरबाट बाहिर निस्कन नदिनु र घरभित्रै पनि विभिन्न प्रकारका हिंसाको सिकार हुनु,

- परनिर्भरताका कारण घरबाट बाहिर निकालिने डरले उनीहरू अन्याय, विभेद र हिंसा सहन बाध्य हुनु,

- फितलो कानुन, न्यायिक निकायको असंवेदशीलता र अपाङ्गतामैत्रीपूर्ण व्यवहार नहुनाले र मुद्दा किनारा लाग्न लामो समय लाग्ने तथा न्याय पाउन सकिँदैन भन्ने उदासीन भावनाका कारण हिंसा प्रभावित

अपाङ्गता भएका महिला/बालिकाको न्यायमा पहुँच नहुनु।

- अपाङ्गता भएका महिला आर्थिक र रोजगारको अवसरबाट वञ्चित हुनु, स्वरोजगार वा उद्यमी अपाङ्गता भएका महिलाले उत्पादन गरेका सामग्री बिक्री वितरणका लागि पहुँचयुक्त बजारीकरण नहुनु,
- हिंसा प्रभावित अपाङ्गता भएका महिला/बालिकाका लागि दीर्घकालीन पुनर्स्थापना र जीविकोपार्जनका कार्यक्रम नहुनु, प्रदेश र स्थानीय तहमा बनिरहेका र बन्ने सेफहाउसहरू अपाङ्गतामैत्री पहुँचयुक्त नहुनु।
- विद्यालय जान पाउने अधिकारबाट वञ्चित हुनु र विद्यालयमा पनि उनीहरू असुरक्षित हुनु।
- अपाङ्गताभित्रका गरिब, एकल, हिंसा प्रभावित, असहाय, पूर्ण अशक्त अपाङ्गताका अभिभावकहरूको तथ्याङ्क एकिन नहुनु, आर्थिक सहयोग नहुनु,
- स्पाइनल कर्ड इन्जरी भएका किशोरी तथा महिलाका लागि स्वास्थ्य र सरसफाइका सामग्री सबैको पहुँच वा धान्न सक्ने गरी नहुनु जसले गर्दा पिसावमा सङ्क्रमण, प्रजनन् अङ्गमा सङ्क्रमण तथा निको नहुने दीर्घ रोग लाग्नु र त्यसका लागि आवश्यक औषधि उपचार गर्न नसक्नु।
- निर्माण भइरहेका र निर्माण हुने योजनामा रहेका सार्वजनिक शौचालय अपाङ्गता भएका महिलामैत्री नहुनु, पिउने पानी तथा सरसफाइका लागि पानी नहुनु, महिनावारी प्याड व्यवस्थापन गर्न विश्वव्यापी ढाँचामा वा अपाङ्गता भएकालाई केन्द्रित नगरिकन निर्माण गरिनु।

## अपाङ्गता भएका महिलाको सङ्गठित रूप

माथि उल्लिखित समस्या अपाङ्गता भएका आममहिलाले भोग्दै आएका छन्। त्यसैले कसैको एकल प्रयासले यी समस्या समाधान गर्न नसकिने भएकाले सामूहिकरूपमा आवाज उठाउन सक्यो र राज्यलाई दबाब दिन सकियो भने केही हदसम्म भए पनि समाधान गर्न सकिन्छ भन्ने मनसायले अपाङ्गता भएका महिला सङ्गठित हुन थालेका हुन। यसै सिलसिलामा सन् १९९० को दशकमा जतिबेला नेपालमा प्रजातन्त्रको पुनर्जागरण हुँदै थियो, अपाङ्गता भएका महिला सङ्गठित हुन थालेका हुन।

समग्रताभित्र अपाङ्गता भएका व्यक्तिहरू विभेदमा थिए भने अपाङ्गताभित्र पनि तुलनात्मकरूपमा हेर्दा महिला अझ बढी लैङ्गिकताका आधारमा पीडित थिए। अपाङ्गता, गरिबी, जातजाति, भाषाभाषी, निश्चित भौगोलिक परिवेश, धर्म/संस्कार/संस्कृति तथा रीतिरिवाजका दृष्टिले बहुपक्षीय विभेद भोगिरहेका थिए। हालसम्म पनि यही अवस्था कायम छ। अझ यसमा पनि उनीहरू आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिकरूपमा विभेद र हिंसामा परेका हुँदा समाजमा पछाडि पारिएको अवस्था थियो र अझै पनि छ। यसै यथार्थतालाई मध्यनजर गरी न्यायका लागि अपाङ्गता भएका महिलाहरू पनि सङ्गठित हुँदै उनीहरूको हक, हित र अधिकारको पक्षमा वकालत र आवाज बुलन्द गर्न केही सीमित अपाङ्गता भएका महिलाको अगुवाइमा सङ्गठित भई 'नथिङ अबाउट अस विदआउट अस' भन्ने मान्यतालाई उजागर गर्दै २०५४ साल (सन् १९९८) मा नेपाल अपाङ्ग महिला सङ्घ स्थापना भयो। यही संस्थाको स्थापना नै नेपालमा अपाङ्गता भएका महिलाको सामाजिक

आन्दोलनको सुरुवात र कोशे ढुङ्गा सावित भएको मानिन्छ।

नेपालमा अपाङ्गता भएका अधिकांश महिला सामाजिक सांस्कृतिक विभेद, शारीरिक र मानसिक हिंसा, यौनजन्य हिंसा र दुर्व्यव्यहार, संरचनागत विभेद, आर्थिक तथा राजनीतिक हिंसाबाट प्रभावित छन् भने शिक्षा, स्वास्थ्य, रोजगार, स्वरोजगार, सामाजिक सुरक्षा, पुनर्स्थापना, विवाह र पारिवारिक सम्पूर्णता, आवागमन, सहभागिता, निर्णय प्रक्रिया आदि विषयमा निकै पछाडि पारिएका छन्। जसले गर्दा अवसर र पहुँच भन्दा टाढा वा बहिष्करणमा परेका अवस्थामा छन् भने परिवार र समाजमा आश्रित वा परनिर्भर भई बाँच्न विवश छन्। यसर्थ विभेद र हिंसाविरुद्ध आवाज उठाउन अझै पनि सकिरहेका छैनन्।

नेपाली समाजमा अपाङ्गता भएका, त्यसमा पनि महिलालाई अझै पनि कमजोर, काम नलाग्ने, अयोग्य, बोझ, घृणा, केही गर्न नसक्ने र योगदान गर्न नसक्ने वर्ग समूहका रूपमा राखेर नकारात्मक धारणाले हेर्ने गरिन्छ। पछिल्लो समय आफ्ना हक अधिकारको आवाज उठाउनुपर्छ, सरोकारवालासमक्ष मागदावी गर्नुपर्छ अनिमात्र अधिकार पाउन सकिन्छ भन्ने विषयमा सचेत हुँदै सङ्गठित हुन थालेका छन्। अपाङ्गता भएका वर्गको सवाल कसैको निजी सवाल होइन बरु परिवार, समाज र राज्यको साझा समस्या र सवाल हुन् भन्ने कुरा बुझ्दै सरोकारवाला निकायहरूलाई बुझाउदै सङ्गठित हुन थाल्नु सकारात्मक मान्न सकिन्छ।

## क्षमता विकास

अपाङ्गता भएका महिलालाई पनि सहभागी गराउँदै अन्य सङ्घ/संस्थाले पनि समावेशिताका नाममा बिस्तारै क्षमता विकासमा काम गर्न थालेका छन्। अपाङ्गता भएका महिलाले महिला आन्दोलनका साझा सवालमा मात्र हैन, अपाङ्गता भएका व्यक्तिका वर्गीय अधिकार प्राप्तिका लागि भएका सामाजिक आन्दोलनमा पनि थुप्रै योगदान दिएका छन्। मूलधारको राजनीतिक तथा देशको शासनसत्ता परिवर्तनका लागि २०६२र२०६३ मा भएको जनआन्दोलनमा समेत यस्ता महिला अग्रपङ्क्तिमा सामेल थिए। यी सबै योगदानका बाबजुद अपाङ्गता भएका महिलाका हक, सुविधाका लागि जे/जति व्यवस्था हुनुपर्ने हो त्यति भएका छैनन् तर पनि पछिल्लो समय क्षमता विकासका लागि सुरु भएका प्रयास राम्रै मान्नुपर्छ।

अपाङ्गता भएका महिलाले पनि बिस्तारै सङ्गठित आवाजको मात्र सुनुवाइ हुन्छ भन्ने बुझ्न थालेका छन्। त्यसैको परिणामस्वरूप आज अपाङ्गता भएका महिलाले नेतृत्व गरेर देशभरमा ३०(४० वटा संस्था खुलिसकेका छन्। जसमार्फत व्यक्तिगत, सामूहिक, संस्थागत विकासका लागि विभिन्न सचेतना फैलाउन तथा क्षमता विकासका कार्यक्रम सञ्चालन हुन थालेका छन्। राज्यबाट पनि सीमित मात्रामै किन नहोस्, स्रोत/साधन अनुदानका रूपमा उपलब्ध हुन थालेको छ। यसको अर्थ अपाङ्गता भएका महिला पहिचान गर्दै उनीहरूद्वारा सञ्चालित संस्थाहरूको अस्तित्वलाई पूर्णरूपमा स्वीकार गरियो भन्ने होइन तर पनि सुरुवातचाहिँ राम्रो मान्नुपर्छ।

अझै पनि अपाङ्गता भएका महिलाहरू एउटै मञ्चमार्फत सामूहिकरूपमा अघि बढ्न पुगेको छैन। यही कारण दबाब नपुगेर उनीहरूका लागि जति काम हुनुपर्थ्यो त्यति हुन सकेको छैन। यही यथार्थ महसुस गर्दै अपाङ्गता भएका महिलाहरूद्धारा सञ्चालित सङ्घ/संस्थाहरूको छाता संस्थाका रूपमा अपाङ्गता भएका महिलाहरूको

महासङ्घ जन्मन पुग्यो। जुन अहिले २ वर्ष पूरा गरी ३ वर्षमा प्रवेश गरेको छ। यो महासङ्घले स्थापनादेखि नै अपाङ्गता भएका महिलाको साझा थलोका रूपमा काम गर्दै आएको छ। हुन त महासङ्घ स्थापनाको सुरुवाती अवस्थामै भएकाले आर्थिक स्रोत मात्र नभई मानवीय स्रोतको समेत अभाव झेलिरहेको छ तापनि सामाजिक अभियान सञ्चालनमा दृढतासाथ लागिपरेको छ।

नेपालमा अपाङ्गता भएका महिलाका मुद्दा वा सवाल पृथक किसिमका छन्। अपाङ्गताको वर्गीकरणका आधारमा वर्गीयरूपमा, जातिगत र भाषागतरूपमा, भौगोलिकरूपमा, धर्म र संस्कृतिका नाममा, अभियानमा व्यक्तिलाई सिन्डिकेट गर्ने नाममा, व्यक्तिगत स्वार्थ, दलगत विभाजन आदि कारणले अभियान सशक्त हुन सकेको छैन। अर्कोतिर अवसरको क्षेत्र थोरै छ तर माग र चाहना भने बढी भएका कारण पनि सबैलाई सबैले समेटेर लान नसकेको अवस्था छ। यस्ता समस्या समाधानका लागि सबैले व्यक्तिगत स्वार्थ त्यागी सामूहिक हितका लागि एउटै आवाज उठाएर अगाडि बढ्नुको विकल्प छैन।

## नीति/कानुन

नेपालमा अपाङ्गतासम्बन्धी दक्षिण एसियाकै उत्कृष्ट ऐन, नीति नियम छन्। निरन्तर वकालत र पैरवीका कारण संविधानमा पनि यी विषयले प्राथमिकता पाएका छन्। यसैगरी अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धि २००६ लाई नेपालले १४ वर्षअगाडि नै देशको कानुनसरह लागु गर्छु भन्ने प्रतिबद्धताका साथ अनुमोदन गरेको थियो। यसको कार्यान्वयन गर्ने सिलसिलामा यसका प्रावधानलाई घरेलुकरण गरी अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र यसको नियमावली २०७७ बनेको छ। मुलुकी देवानी संहिता,२०७३ र फौजदारी संहिता, २०७३ मा पनि अपाङ्गता भएका व्यक्तिका सवाल केही हदसम्म संबोधन गर्ने प्रयास भएको छ। जसमा अपाङ्गता भएका महिलालाई हिंसा गरेमा थप ५ वर्षको सजाय हुनेदेखि द्रुत गतिमा मुद्दा फैसला गर्ने, दोभाषेको व्यवस्था गर्ने, अपाङ्गता भएका व्यक्ति जो अदालत धाउन नसक्ने अवस्थामा छन्, तिनका सुनुवाइ डिजिटल माध्यमबाट गर्ने, न्यायिक निकायमा गोपनीयताको अधिकार सुनिश्चित गर्ने आदि छन्।

त्यसैगरी घरेलु हिंसा कसुर सजाय ऐन, २०६७ ले पनि महिलामाथि हुने हिंसाका सन्दर्भमा केही सवाल सम्बोधन गरेको छ। अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धि २००६ को धारा ६ मा महिलाको अधिकार, धारा ७ मा बालबालिकाको अधिकार र धारा ३ मा महिला र पुरुष समानको सिद्धान्त, धारा १६ मा महिलामाथि हुने हिंसा, अमानवीय क्रूर यातना तथा अपमानजनक व्यवहार आदिबारे उल्लेख छ। अन्य धारामा उल्लिखित प्रावधानका आधारमा अपाङ्गता भएका महिलाको अधिकार साझा सवालका रूपमा सम्बोधन गर्न सकिने गरी बिश्लेषण गर्न सकिन्छ। अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी ऐन २०७४ मा पनि महासन्धिको मर्म नमर्ने दफाहरू उल्लेख छ।

यसरी सरकारले ऐन, कानुन, नीति, नियम बनाएको छ। जुन विश्व समुदायलाई देखाउनका लागि राम्रो पनि छ तर यतिका व्यवस्थाका बाबजुद पनि अपाङ्गता भएका महिला र अझ त्यसमा पनि सीमान्तकृत अवस्थाका महिला सुविधा र अधिकारबाट वञ्चित छन्। उनीहरूलाई अधिकार दिने/दिलाउने कुरामा सरकारी निकायको

सक्रियता उत्साहजनक छैन। सेवा उपलब्ध गराउने क्रममा ढिलासुस्ती गर्ने परिपाटी कायमै छ। यस्तो अवस्थाले सराकार जिम्मेवारीबाट पन्छन खोजेको देखाउँछ। जसले गर्दा विद्यमान महासन्धि, नीति, ऐन, नियम र कार्यविधि पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन्।

## 'एक संस्था : एक अपाङ्गता भएका व्यक्ति'

यी विविध कारणले गर्दा अपाङ्गता भएका व्यक्ति तथा महिलाले साझा सवालमा एकजुट भई निरन्तर साझा अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता सिर्जना गरेको छ। त्यसैगरी सबै सरकारी तथा साझेदार निकायले अपाङ्गता भएका महिलाको सशक्तीकरण र क्षमता विकासमा कम्तीमा पनि ५ प्रतिशत बजेट विनियोजन गर्नैपर्ने बाध्यकारी व्यवस्था गरिनुपर्छ। 'एक संस्था : एक अपाङ्गता भएका व्यक्ति' को अवधारणा लागु गरी रोजगारी दिलाउनुपर्छ। यो भयो भने मात्र अपाङ्गता भएका व्यक्ति र अझ त्यसमा पनि महिला पनि आर्थिकरूपमा आत्मनिर्भर र सशक्त हुन सक्छन्।

सामाजिक सुरक्षाअन्तर्गत सरकारले वर्ग छुट्याएर भत्ता दिइँदै आएको छ। अहिले क, ख वर्गले पाउँदै आएको भत्ताको व्यवस्था अपुग छ। यसलाई जीवन निर्वाह गर्न पुग्नेगरी अपाङ्गता भएका सबै महिलालाई उपलब्ध गराउनुपर्छ। हरेक नागरिकले जस्तै अपाङ्गता भएका महिलाले पनि आत्म स्वतन्त्रताको अधिकार पूर्णरूपमा उपभोग गर्न पाउनुपर्छ। यति भयो भने अपाङ्गता भएका महिला आत्मनिर्भर र बलियो हुन सके भने परिवार, समाज र राज्यले कमजोर ठान्ने, हेला गर्ने, दबाउने, हेप्ने, विविध हिंसा गर्ने, अन्याय र अत्याचारको आँट गर्न सक्दैनन्। परनिर्भरता पनि बिस्तारै हटाउन सकिन्छ।

माथि उल्लिखित समस्या तथा चुनौती समाधान गर्न अर्थात अपाङ्गता भएका महिलाको अधिकार प्राप्तिका लागि राष्ट्रिय महिला आयोग जस्ता निकायले सम्बन्धित सरकारहरूलाई सुझावसहितको दबाब दिन जरुरी छ। यसरी दिइएका सुझाव कार्यान्वयन भए/नभएको अनुगमन गर्ने, न्यायमा पहुँच सुनिश्चितताका लागि अपाङ्गता भएका महिलाको आवश्यकता पहिचान गरी उपयुक्त, अनुकूल र धान्न सक्ने वैकल्पिक व्यवस्था र आवश्यकताको पनि सम्बोधन गरिनुपर्छ।

यति मात्र हैन, न्यायमा पहुँचसम्बन्धी कानुन कार्यान्वयन गर्ने सरोकारवाला निकायहरूले कार्यविधि बनाइ लागु गर्नुपर्छ। गैरसरकारी तथा अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित सङ्घ/संस्थाहरूले पनि विगतको भन्दा व्यापक, अझ सशक्त र बलियो आन्दोलन, अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्दै अघि बढ्नुपर्छ ताकि अधिकार स्थापित गर्ने माग सम्बोधनका लागि बल पुगोस्।

## ६.३ सञ्चारमा महिला

- भाषा शर्मा

सञ्चारकर्मी, नागरिक दैनिक

महिला र पुरुषलाई लिङ्गका आधारमा फरक फरक व्यवहार गर्ने प्रचलन उहिलेदेखिकै हो । समाजमा छोरा र छोरीलाई फरक फरक दृष्टिकोणले हेर्ने विभेदको चश्मा अझै बदलिन सकेको छैन । छोरा वा छोरी जन्मनासाथ उनीहरूलाई व्यवहार नै भिन्न गरिन्छ । लिङ्गका आधारमा कामलाई पनि फरक ढङ्गबाट बाँडफाँट गरेको पाइन्छ । जसले गर्दा समाजमा महिला र पुरुषबीच लिङ्गीय विभेद उत्पन्न हुँदै आएको छ ।

सञ्चार माध्यमलाई समाजको ऐना भन्ने गरिन्छ । त्यही ऐनामा पनि यस्तो लैङ्गिक विभेदको छनक भेटिन्छ । समाजमा हुने लैङ्गिक विभेदको प्रभाव सञ्चार माध्यममा समेत कायम भएका थुप्रै प्रमाण छन् । सञ्चार माध्यममा महिला र पुरुषका विषयमा उत्तिकै बहस हुने गरेको पाइन्छ । त्यो बहसलाई लैङ्गिक क्षेत्रमा देखा परेका थुप्रै असमानता अन्त्यका लागि सकारात्मकरूपमा लिनुपर्छ । महिला र पुरुष एक रथका दुई पाङ्ग्रा भनिए पनि दुवै पाङ्ग्रालाई समानरूपमा नलिइँदा समाजमा विभेद बढेको पाइन्छ । कार्यक्षेत्रमा समेत लैङ्गिक आधारमा महिला विभेदमा परेका भेटिन्छन् । यसबाट सञ्चार माध्यम अछूतो छैन ।

सञ्चार माध्यममा महिलाको आवाज कम भएको गुनासो पनि आइरहेको हुन्छ । सबै सञ्चार माध्यमले महिलाका मुद्दालाई प्राथमिकता नदिएको गुनासो महिलाबाटै सुनिने गरेको छ । त्यस्ता गुनासो मेट्नका लागि महिलाले आफैं सञ्चारको नेतृत्व लिन सुरु गरेका पनि देखिन्छन् । आफूले नेतृत्व लिएपछि समाजले बनाएको महिला र पुरुषबीचको विभेद मेट्न सहज हुने उनीहरूको बुझाइ छ । एउटा नेपाली उखान 'हीरा काट्ने हीरैमा राखेर' भने जस्तै सञ्चारमा देखिएको सामाजिक विभेद अन्त्य गर्न सञ्चार माध्यमलाई नै हतियार बनाउनुपर्ने आवाज पनि बुलन्द हुँदै गएको पाइन्छ । आमसञ्चारमाध्यमले महिलाका मुद्दालाई स्थान नदिँदा महिला आफैँले विकल्प खोज्दै सञ्चारको नेतृत्व लिन तम्सिनु स्वाभाविक मान्नुपर्छ । नेपाली महिलाले सञ्चार माध्यममा नेतृत्व लिन थालेका इतिहास भने त्यति लामो छैन ।

सञ्चारमा महिला : कहिलेदेखि ?

नेपालको इतिहास केलाउँदा करिब ७ दशकअघि मात्र सञ्चार माध्यममा महिलाको उपस्थिति पाउन सकिन्छ । राणा शासन समाप्त भएलगत्तै अर्थात वि.सं. २००८ मा कामाक्षादेवी र साधना प्रधानको अगुवाइमा महिला मासिक पत्रको प्रकाशन सुरु भएको थियो । जुन तत्कालीन कम्युनिस्ट पार्टीको भातृ संगठनका रूपमा रहेको महिला सङ्गठनको मुखपत्र थियो । तापनि त्यो पत्रिकालाई महिला अधिकारका पक्षमा आवाज उठाउने सशक्त माध्यमका रूपमा लिइएको थियो । विडम्बना, त्यो पत्रिका एक अङ्क भन्दा बढी निस्कन सकेन ।

त्यसपछि महिलाका विषयवस्तु उठाएर महिलाकै सम्पादनमा पत्रिका निकाल्ने जमर्को भएको पाइन्छ । महिलाका समस्या र आवश्यकतालाई बहसमा ल्याउने कुनै पनि महिलामैत्री पत्रिका नभएका बेला शशीकला शर्माको सम्पादनमा स्वास्नीमान्छे पत्रिका प्रकाशन हुन थाल्यो २०१५ साल साउनमा । त्रैमासिकरूपमा निकाल्न सुरु

गरिएको उक्त पत्रिका दुई वर्षपछि द्वैमासिकमा रूपान्तरण भएको थियो । त्यो पत्रिका थोरै समयमा नै लोकप्रिय र चर्चित बन्न पुगेको थियो । त्यस समयका महिलाका धेरैजसो समस्याबारे आवाज उठाउने उद्देश्य त्यस पत्रिकाले पूरा गरेको थियो । जुन करिब १० वर्षसम्म निस्क्यो ।

त्यो पत्रिका बन्द भएपछि महिलाका विषय उठान गर्नका लागि तुरुन्तै कुनै पत्रिका प्रकाशन हुन सकेनन् । निस्केका पत्रिकाले पनि महिलाका विषयवस्तु उठान गर्ने आँट गर्न सकेनन् । एक किसिमले त्यो पत्रिकालाई त्यस अवधिका महिलाका क्रियाकलाप र गतिविधिको सिङ्गो दस्तावेजको रूपमा महिलाहरूले लिने गरेका पाइन्छ ।

## सञ्चार क्षेत्रमा महिला सहभागिता

पछिल्लो समय जुनसुकै क्षेत्रमा पनि महिला सहभागिताको विषय उठ्न थालेको छ । त्यसबाट सञ्चार माध्यम पनि अछूतो रहन सक्दैन । सञ्चार माध्यममा  महिला सहभागिताको विषयमा समय समयमा बहस हुने पनि गरेको छ । त्यो बहस विशेषतः महिलाको उपस्थिति अर्थात सङ्ख्याको विषयमा उठ्ने गरेको छ । यसरी सधैंभरि सञ्चार माध्यममा महिला सहभागिताको मात्रै प्रश्न गरिरहने वा नेतृत्वको विषयमा पनि छलफल चलाउने भन्ने प्रश्न पनि छ । पत्रकारिता पेसामा आएका महिलालाई कसरी टिकाइराख्ने ? उनीहरू के कारणले पेसामा टिक्न सकिरहेका छैनन् ? के कारणले अर्को पेसामा फड्को मार्नुपर्ने बाध्यता छ ? जस्ता विषयमा भने छलफल/बहस खासै सुनिँदैन ।

नेपाल पत्रकार महासङ्घको २०७९ पुससम्मको तथ्याङ्क हेर्दा देशैभरि १३ हजार ७७ जना सदस्य छन् । तीमध्ये २ हजार ४ सय ८ जना पत्रकार महिला छन् । १० हजार ६ सय ६९ जना पत्रकार पुरुष सदस्य छन् । यो तथ्याङ्क हेर्दा महिलाको सङ्ख्या मात्र १८ प्रतिशत हुन आउँछ । कतिपय सञ्चार माध्यममा कार्यरत महिला पत्रकार महासङ्घको सदस्य नहुन पनि सक्छन् । त्यसैले यो सङ्ख्यामा वास्तविक महिला पत्रकारको सङ्ख्या केही घटबढ हुन सक्ने देखिन्छ ।

नेपाल पत्रकार महासङ्घको नेतृत्व तहमा हेर्दा अहिलेसम्म कुनै पनि महिला अध्यक्ष बन्न सकेका छैनन् । मुलुकमा सङ्घीयता कार्यान्वयनसँगै केही पदमा महिला अनिवार्य गरिएको छ- केन्द्रीय उपाध्यक्ष, सचिव र सदस्य । तर बाध्यात्मक बाहेकका पदमा महिला खुलारूपमा आउन सकेका देखिँदैन । यसबाट देखिन्छ कि एकातिर खुलाबाट निर्वाचन जितेर आउन सक्ने वातावरण छैन भने अर्कोतर्फ आरक्षण तोकेर मात्रै महिलालाई पत्रकार महासङ्घको कार्यसमितिमा पुऱ्याएर समावेशी बनाउनुपर्ने बाध्यता छ । केन्द्रको मात्र हैन, प्रदेशको मुख्य नेतृत्वमा समेत महिला पुग्न सकेका छैनन् । यस्तो अवस्थाले पनि सञ्चार नेतृत्वमा महिलाको अवस्था सहजै अनुमान लगाउन सकिन्छ ।

## समस्याग्रस्त वातावरण

लैङ्गिकरूपमा महिलाले बढी नै जोखिम बेहोर्नुपरेका उदाहरण प्रशस्तै भेटिन्छन् । नेपालमा ८८ प्रतिशत महिला पत्रकार हिंसामा परेका एक अध्ययनले देखाएको छ । महिला पत्रकारमाथि अनलाइन हिंसाको अवस्थासम्बन्धी एक अध्ययन प्रतिवेदनले ८८ दशमलव ६ प्रतिशत महिला पत्रकारले आफ्नो जीवनकालमा हिंसा भोगेका

जनाएको छ। छापा, विद्युतीय तथा अनलाइन मिडियामा कार्यरत २ सय ८१ महिला पत्रकारको सहभागिता रहेको अध्ययनमा यति धेरै महिला पत्रकारले हिंसा भोग्नुपरेको देखाइएको छ।

सन् २०२२ मे महिनादेखि ३१ अगस्टसम्म गरिएको अध्ययनमा हिंसा गर्ने व्यक्तिबारे सोधिएका प्रश्नमा २ सय ८१ जना सहभागीमध्ये १ सय १६ जनाले कार्यालयभित्रका सहकर्मीबाट, ८९ जनाले कार्यालयबाहिरका सहकर्मीबाट, ८९ जनाले परिचित व्यक्तिबाट, ६३ जनाले समाचार स्रोतबाट, ५६ जनाले राजनीतिक दल सम्बद्ध व्यक्तिबाट र २६ जनाले सरकारी अधिकारीबाट अनलाइन हिंसा भएको जनाएका पनि उक्त अध्ययनमा उल्लेख छ। यसबाट पत्रकार महिला कति जोखिमका साथ काम गरिरहेका छन् भन्ने प्रष्टिन्छ।

पत्रकार महिलामाथि अनलाइन हिंसा गर्नेहरू (२८१ जनामा गरिएको सर्वेक्षणअनुसार)[1]

| सि.नं. | हिंसा गरिएको माध्यम | हिंसा गर्नेको प्रतिशत |
|---|---|---|
| १ | फेसबुक मेसेन्जर | ६२.३ |
| २ | ट्विटर | १५.५ |
| ३ | भाइबर | ११.७ |
| ४ | इमेल | ६ |

अध्ययनले सबै भन्दा बढी फेसबुक मेसेन्जरबाट हिंसा हुने देखाएको छ। सहभागीमध्ये फेसबुक म्यासेन्जरबाट ६२ दशमलव ३ प्रतिशत, १५ दशमलव ५ प्रतिशतले ट्विटर, १२ दशमलव ८ प्रतिशत ह्वाट्सएप, ११ दशमलव ७ प्रतिशत भाइबर, ६ प्रतिशतले इमेल र ४ दशमलव ६ प्रतिशतले इन्स्टाग्रामको माध्यमबाट हिंसा गरेका देखाएको छ। अनलाइन हिंसामा परेकामध्ये ४० दशमलव २ प्रतिशत महिला पत्रकारले पेसामा असर परेको र अनलाइन हिंसामा परेकामध्ये ३१ प्रतिशतले पारिवारिक जीवनमा असर परेको बताएका थिए।

यसैगरी कोभिड-१९ ले नेपाली पत्रकारितामा पारेको असरबारेको अध्ययन हेर्दा पनि महिलालाई बढी असर परेको देखिन्छ। यो अध्ययनअनुसार कोरोनाकालमा जोखिम बढेको महसुस गर्ने महिला ३२.१ प्रतिशत थिए जबकि यस्तो महसुस गर्ने पुरुष २९.६ प्रतिशत मात्र थिए। त्यसैगरी चिन्ता बढेको बताउने महिला २७.५ प्रतिशत थिए भने यस्तो बताउने पुरुषको प्रतिशत २४.७ थियो। यसरी नै दुःख महसुस गर्ने महिला १८.३ प्रतिशत थिए भने यस्तो महसुस गर्ने पुरुष १३.८ प्रतिशत थिए। कोरोनाकालमा ८.७ प्रतिशत महिला पत्रकारको साथी तथा परिवारसँग सम्पर्क विच्छेद भयो जबकि यस्तो हुने पुरुषको प्रतिशत ८.४ थियो। कोरोनाले सिर्जना गरेको विभिन्न समस्याका कारण ८.३ प्रतिशत महिलाले निद्रा नलाग्ने बताएका थिए भने यही समस्या भेल्न बाध्य पुरुषचाहिँ ५.८ प्रतिशत थिए। यसरी नै ७.३ प्रतिशत महिलाले शारीरिक तन्दुरुस्ती गुमेको बताएका थिए भने यस्तो बताउने पुरुषचाहिँ ६ प्रतिशत थिए। यसरी हेर्दा कुनै पनि समस्याले सबै सञ्चारकर्मीलाई असर पारे पनि बढी असरचाहिँ महिला पत्रकारलाई पारेको प्रष्ट हुन्छ।

नेपाली पत्रकारिता जगत् आर्थिक र अन्य सुविधा/सहुलियतका हिसाबले आशलाग्दो क्षेत्र हैन। यस्तो अवस्थाबीच पनि पत्रकारले जे/जति कर्म गरिरहेका छन्, त्यो प्रशंसनीय छ। तर यसरी काम गर्ने क्रममा,

1 महिला पत्रकारमाथि अनलाइन हिंसाको अवस्था, मिडिया एड्भोकेसी ग्रुप (म्याग)

सामान्य अवस्था होस् या कोरोना जस्ता महामारी, बढी सताइनेचाहिँ महिला पत्रकार नै हुने गर्छन् । पारिवारिक जिम्मेवारी, सामाजिक र घरायसी बन्धन, परम्परा र चलनचल्तीका चक्रब्यूह तथा सीमित अवसरहरूका कारण महिला पत्रकार यस्ता समस्याको सिकार सहजै बन्छन् । जसबाट उम्कने बाटासमेत सीमित भएकाले यस्ता घटनाको असर दीर्घकालसम्म पर्ने अध्ययनहरूले पुष्टि गरेका छन् । माथिका अध्ययनले यिनै वास्तविकताको साक्षीका काम गरेका छन् ।

कोरोनाकालका पीडित सञ्चारकर्मी[2]

| विवरण | महिला (प्रतिशत) | पुरुष (प्रतिशत) |
|---|---|---|
| जोखिम बढेको महसुस गर्ने | ३२.१ | २९.६ |
| चिन्ता बढेको बताउने | २७.५ | २४.७ |
| दुःख महसुस गर्ने | १८.३ | १३.८ |
| साथी तथा परिवारसँग सम्बन्ध विच्छेद हुने | ८.७ | ८.४ |
| निद्रा नलाग्ने | ८.३ | ५.८ |
| शारीरिक तन्दुरुस्ती गुमेको बताउने | ७.३ | ६ |

कतिपय महिलामा काम गर्ने धैर्यको पनि कमी देखिन्छ । पेसाप्रतिको प्रतिबद्धता कम भएको टिप्पणी पनि हुने गरेको छ । कतिपयले अर्को नयाँ राम्रो पेसा पाउँदासाथ गैहाल्ने प्रवृत्ति पनि यस पेसामा छ । मुख्य कुरा आर्थिक असुरक्षा पत्रकारिताको अर्को चुनौती हो । अन्य पेसामा भन्दा कम पारिश्रमिक, त्यसमाथि समयमा नपाउनु र सञ्चार गृहहरूले वृत्ति विकासका बारेमा नसोच्नुले पनि समस्या बढाउने काम मात्र गरेको छ ।

'यौन दुर्व्यवहारका मामिलामा अन्यत्र भन्दा सञ्चार कार्यालयमै पत्रकार महिला बढी खतरामा छन् । त्यसले महिलाका लागि कार्यालयभित्रकै वातावरण असुरक्षित रहेको देखाउँछ । सञ्चार माध्यममा यस्तो विषयमा सुनुवाइ हुने संरचना बनेको छैन । लैङ्गिक विषयमा चेतना कम छ । सञ्चार माध्यमका पदाधिकारी यस विषयमा संवेदनशील र समझदार बनिसकेका छैनन् । यस विषयमा उठाइएका कदम प्रभावकारी हुन सकेका छैनन् । तिनको अनुगमन र रिपोर्टिङको व्यवस्था भइसकेको छैन ।'[3] - यो भनाइले पनि देखाउँछ कि नेपालमा महिला पत्रकारका लागि वातावरण सहज छैन ।

## भातृ सङ्गठनमा आबद्धता

पत्रकारितामा आइसकेपछि कुनै दलविशेषको भातृ सङ्गठनमा बसेर राजनीति गर्ने चलन पनि बढ्दो छ । यसले गर्दा एकातिर पेसागत सुरक्षा दरिलो भएको दाबी गर्नेहरू छन् भने अर्कोतिर निष्पक्ष पत्रकारितामाथि औँलो ठड्याउने वातावरणसमेत सिर्जना भएको छ । आफ्नो पेसागत दक्षता, निष्पक्षता आदि बढाउन छाडेर दलीय

2 कोभिड-१९ ले नेपालको पत्रकारितामा पारेको प्रभाव, नेपाल प्रेस इन्स्टिच्युट र बोर्नमथ विश्वविद्यालय

3 पत्रकार महिलाको सुरक्षा निर्देशिका, संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को), काठमाडौं कार्यालयद्वारा सञ्चालित पत्रकार सुरक्षा अभिवृद्धि परियोजनाका लागि सञ्चारिका समूह, काठमाडौं

संरचनामा फस्न पुगेको आरोप पनि पत्रकारलाई लाग्ने गरेको छ। जसबाट महिला पत्रकार पनि अछूतो छैनन्।

प्रेस युनियन नेपाली कङ्ग्रेसको पत्रकारहरू सङ्गठित हुने भातृ सङ्गठन हो। यसमा देशभरबाट ७ हजार ८ सय सदस्य रहेका र तीमध्ये करिब १४ सय महिला पत्रकार रहेका युनियनका महासचिव दिलिप पौडेलले जानकारी दिएका छन्। त्यसैगरी एमालेको यस्तै भातृ सङ्गठन प्रेस चौतारीमा ७ हजार ३ सय ३४ जना पत्रकार आबद्ध रहेका र त्यसमध्ये करिब १ हजार १ सय ५० जना महिला पत्रकार रहेका उपाध्यक्ष देविका घर्ती मगरले जानकारी दिएकी छिन्। त्यसैगरी माओवादी समर्थित पत्रकारको संस्था प्रेस सेन्टरमा करिब ७ हजार पत्रकार सङ्गठित रहेका र त्यसमध्ये करिब ४ सय महिला पत्रकार रहेका अध्यक्ष विष्णु सापकोटा बताउँछन्।

महिलाका चुनौती

कुनै पनि पेसा आफैँमा नराम्रो हुँदैन। जुनसुकै पेसामा पनि चुनौती हुन्छन्। फरक यत्ति हो कि कतिपय पेसामा चुनौतीका चाङ छन् भने कुनैमा कम। सञ्चार माध्यममा काम गर्ने महिलाका पनि आफ्नै समस्या चुनौती नभएका होइनन्। तर किन यस पेसामा महिलाको उपस्थिति उति सारो प्रभावशाली बन्न सकेको देखिँदैन ? यस विषयमा अध्ययन र बहस गर्न ढिला भैसकेको छ। सञ्चार माध्यममा महिलाको उपस्थिति र महिला विषयवस्तुको प्राथमिकता उस्तै प्रकारका छन्। यो भन्नुको अर्थ उपस्थिति नै कम भएपछि कसरी महिला विषयवस्तुले प्राथमिकता पाउन् ? महिलाको उपस्थिति र महिलाका विषयवस्तुको अवस्था हेर्दा त्यति सुधारोन्मुखसमेत नदेखिनु चिन्ताकै विषय हो।

सञ्चार माध्यमको इतिहास लामो भइसक्दा पनि सम्पादकीय तहमा महिलाको अवस्था हेर्दा सन्तोषजनक स्थिति देखिँदैन। नेतृत्व तहमै उपस्थिति नभएपछि तल्ला तहका, त्यो पनि सीमित उपस्थितिले आधा भन्दा बढी सङ्ख्यामा रहेका महिलाको विभेद, चुनौती र अधिकारका विषय थेग्न सक्ने कुरै भएन। यही कारण सञ्चार माध्यममा कार्यरत महिलाको पेसागत सुरक्षाको विषयसमेत छायाँमा पर्दै आएको छ।

सञ्चार माध्यमले प्रत्येक दिन अपनाउँदै आएका नयाँ नयाँ प्रविधि र विविध कारणले त्यसमा अद्यावधिक हुन नसक्नु महिलाका लागि अर्को चुनौती देखिएको छ। विशेषगरी मोफसलमा बसेर काम गर्ने पत्रकार महिला यस्ता समस्याको सामना बढी गर्नुपर्ने अवस्थाबाट गुज्रिरहेका छन्। यही कारण पनि पेसालाई निरन्तरता दिन उनीहरूलाई कठिन भएको देखिन्छ।

सञ्चार गृहले तोकिएको पारिश्रमिक पनि समयमा नदिनु, कतिपय बहानामा घटाएर दिनु, सञ्चय कोषलगायतका सुविधाप्रति बेवास्ता गर्नु जस्ता समस्या पनि जल्दाबल्दा छन्। हुन त यी समस्याबाट पुरुष पनि सताइएका छन् तर तुलनात्मकरूपमा विकल्प कम भएको र घरगृहस्थीको जिम्मेवारीसमेत सम्हाल्नुपर्ने भएकाले यस्ता समस्याको बढी मार भने महिलाले बेहोर्नुपरेको छ। लामो समय स्ट्रिन्जरका रूपमा काम गर्नुपर्दा पेसागत अनिश्चितताको भूमरीमा समेत पर्न विवश छन् उनीहरू।

नेपाली समाजको सनातनी मान्यता र रुढिवादिताले पनि सञ्चार क्षेत्रमा महिलाको उपस्थिति र प्रभावकारितामा बाधा खडा गरेको छ। विवाहपछि जागिर खान नहुने, बालबच्चा र घर/परिवारको रेखदेखलाई प्राथमिकता दिनुपर्ने, साँझ/रात हिँड्डुल गर्न नहुने जस्ता 'मान्यता' पनि सञ्चार क्षेत्रमा महिलालाई पछि पार्ने कारक बन्दै आएका छन्। अर्कोतर्फ नारीलाई हेर्ने गलत दृष्टिकोणले निम्त्याएको वातावरण पनि सुरक्षाका दृष्टिले

खतरनाक छ। जसले पनि महिलालाई सञ्चार क्षेत्रमा रमाउनबाट रोकेको छ।

अन्त्यमा,

पत्रकार महिलाका लागि मात्र भनेर राज्य वा अन्य निकायबाट प्रत्यक्षरूपमा प्रभाव पर्ने गरी विशेष व्यवस्था गरेको पाइन्न। महिला हकहितकै लागि भनेर खुलेका सञ्चार संस्थाले पनि क्षमता, दक्षता अभिवृद्धिमा ध्यान दिन सकेका छैनन्। उनीहरूले पत्रकार महिलालाई लक्षित गरी विभिन्न तालिम, गोष्ठी गरिरहेका हुन्छन् तर समय प्रविधि सँगसँगै महिला पत्रकारलाई दक्षता अभिवृद्धिका लागि भने ध्यान पुग्न सकेको देखिँदैन। साथसाथै महिलाको पेसागत सुरक्षाका लागि प्रभावकारी कार्यक्रम गर्न सकेका पनि पाइँदैन।
त्यसैले महिला पत्रकारका विषयमा सञ्चार गृहहरूले विशेष ध्यान दिन जरुरी छ। पत्रकारितामा रमाइरहेका महिलालाई कसरी पेसामा टिकाउने भन्ने विषयमा गम्भीर भएर सोच्न जरुरी छ। पत्रकारका लागि बनेका विभिन्न सङ्घ/सङ्गठनले दक्षता, क्षमता अभिवृद्धिका लागि पनि ध्यान दिन उत्तिकै जरुरी छ। नेपाल पत्रकार महासङ्घलगायतका सङ्घ/सङ्गठनले सञ्चार माध्यममा महिलाको सङ्ख्या मात्रै नभएर नेतृत्वदायी भूमिकामा उनीहरूको सार्थक उपस्थिति बढाउन पहल गर्नुपर्छ। महिला पत्रकार आफैँले पनि आफू काम गरिरहेको सञ्चार माध्यममा हक/अधिकार प्राप्त गर्ने विषयमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने समय आइसकेको छ।

कतिपय काम गर्ने खुबी हुँदाहुँदै पनि अवसर नपाएका महिला पत्रकारलाई अगाडि बढ्ने वातावरण निर्माण गर्नु मुख्य कुरा हो। अब सबै कुरामा पत्रकार महासङ्घ, सञ्चार गृह, सरकार आदिलाई मात्रै दोष दिएर पनि पन्छिन नमिल्ने परिस्थिति आइसकेको छ। यस्तो परिस्थिति महिला पत्रकारका लागि बनेका संस्थाले विशेषतः महिलाकै लागि काम गर्नुपर्ने दबाबका लागि पनि सदुपयोग हुनुपर्ने देखिन्छ।

## ६.४ मानव बेचबिखन (महिला बेचबिखन)

- दुर्गा सिंह चन्द

डिआइजी, नेपाल प्रहरी

नेपालमा कहिलेबाट महिला बेचबिखनमा पर्न थाले भन्ने सम्बन्धमा एकीन विवरण पाइँदैन। राणा शासन अन्त्य भएसँगै नेपालको अन्य देशसँग सम्पर्क बढ्दै जाँदा नेपाली महिला बेचबिखनमा पर्न थालेको अनुमानसम्म गर्न सकिन्छ। नेपाली महिला बेचबिखन हुने क्रम बढ्दै जाँदा यसलाई रोक्नका लागि छुट्टै ऐनको आवश्यकता महसुस हुन पुग्यो। त्यसैले २०४३ सालमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लागु गरिएको थियो। यो ऐन लागु भएपश्चात पनि देशमा समय समयमा भएको परिवर्तनको परिणामस्वरूप यस अपराधको क्षेत्रसमेत विस्तार हुन पुग्यो। यसरी विस्तार हुने क्रम बढेसँगै यस अपराधलाई प्रभावकारीरूपमा नियन्त्रण गर्नका लागि २०६४ सालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ लागु गरिएको हो।

पहिले पहिले मानव बेचविखन बढीजसो यौनजन्य शोषणका लागि हुने गर्थ्यो। पछिल्लो समयमा भने श्रम शोषण गर्न र मानिसको शारीरिक अङ्गहरू (मिर्गौला, कलेजो, रगत) को तस्करीका लागिसमेत मानव बेचबिखन हुने गरेका विभिन्न अनुसन्धानका क्रममा पाइएको छ।

| अपराध | सजाय |
|---|---|
| मानिस किन्ने वा बेच्ने | २० वर्ष कैद र २ लाख जरिवाना |
| बेश्यावृत्तिमा लगाउने | १० देखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाखसम्म जरिवाना |
| अङ्ग झिक्नेलाई | १० वर्ष कैद र २ लाखदेखि ५ लाखसम्म जरिवाना |
| बेश्यागमन गर्नेलाई | १ महिनादेखि ३ महिना कैद र २ देखि ५ हजारसम्म जरिवाना |
| किन्न, बेच्न वा बेश्यावृत्तिमा लगाउन विदेश लगेमा | १० देखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाखसम्म जरिवाना |
| शोषण गर्ने उद्देश्यले विदेश लैजानेलाई | २ देखि ५ वर्षसम्म कैद |
| सार्वजनिक पद धारण गरेका व्यक्तिले कसुर गरेमा | हुने सजायको अतिरिक्त सो सजायको २५ प्रतिशत थप सजाय |
| पीडितले झुटा बयान दिएमा, नियतवस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा र असहयोग गरेमा | उजुरी दिने व्यक्तिलाई ३ महिनादेखि १ वर्षसम्म कैद |
| सजायको माग दाबी छूट | सजायको बढीमा २५ प्रतिशतसम्म छूट सजाय दिन सक्नेछ |

मानव बेचबिखन तथा ओसारपसर अपराधअन्तर्गत प्रारम्भमा ग्रामीण क्षेत्रका महिला तथा बालिकालाई भारतका विभिन्न शहरमा लगी बेश्यावृत्तिका लागि प्रयोग गर्ने गरिएको पाइन्छ। समयक्रमसँगै हाल भने यस

अपराधको नयाँ आयाम र प्रकृतिहरू देखा परेका छन् । यस अपराधका क्रममा पीडितहरूलाई ओसारपसार गर्ने मार्गहरूसमेत व्यापक हुँदै गएका छन् ।

### मानव बेचबिखनका नयाँ आयामहरू

- दलाल तथा संलग्न अन्य व्यक्तिहरूले पीडित सम्पर्क माध्यमका रूपमा प्रत्यक्ष भेटघाट नगरी आधुनिक प्रविधि, सामाजिक सञ्जाल, इमो, विच्याट जस्ता माध्यमहरूको प्रयोग ।
- नेपाली युवतीहरूलाई चीन, श्रीलङ्का, माल्दिभ्स, मलेसिया, खाडीका विभिन्न देश र अफ्रिकी महादेशका केन्या र तान्जानियामा मनोरञ्जनका क्षेत्रमा काममा लगाउने गरेको ।
- कैयौँ युवा/युवतीलाई अमेरिका लाने बहानामा अवैध र घुमाउरो बाटोबाट दक्षिण अमेरिकाका विभिन्न देश पुऱ्याएर अलपत्र पार्ने गरेको ।
- नेपाली महिला तथा पुरुषलाई विभिन्न प्रलोभनमा पारी नेपाललगायत भारतको विभिन्न अस्पतालमा लगी मिर्गौला, कलेजोलगायत मानव अङ्गहरू बिक्री गर्ने ।
- काठमाडौँलगायत प्रमुख शहरहरूमा रहेका डान्स बार, रेस्टुरेन्टलगायतका स्थानमा बेश्यावृत्तिमा लगाउने ।

### नेपालभरको मुद्दा दर्ताको पञ्चवर्षीय तथ्याङ्क

| आर्थिक वर्ष | मुद्दा सङ्ख्या | पक्राउ | | फरार | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| २०७३/७४ | २२७ | १७२ | ८७ | ११७ | १३ |
| २०७४/७५ | ३०५ | ३३१ | ११७ | १३२ | ४९ |
| २०७५/७६ | २५८ | २४९ | ८४ | १५७ | ३४ |
| २०७६/७७ | १३६ | १२७ | ७१ | १०६ | ३६ |
| २०७७/७८ | १३४ | १११ | ५१ | ९१ | ४४ |
| २०७८/७९ | १४२ | १२९ | ४६ | ७० | २९ |
| २०७९/८० (पुससम्म) | ६८ | ५७ | २९ | ३६ | १९ |

### मानव बेचबिखन अपराधको प्रकृति

- देह व्यापार
- अङ्ग प्रत्यारोपण
- श्रम शोषण

- प्रतिबन्धित मुलुकमा गैरकानुनी ओसारपसार
- सरोगेसी
- जोखिमयुक्त श्रम (सर्कस)
- धर्म पुत्र/पुत्रीका रूपमा बेचबिखन

## मानव तस्करी हुने मुख्य मार्गहरू

कुवेत : काठमाडौँ-काकडभित्ता, सिलगुढी-न्यू दिल्ली-श्रीलङ्कास्थित कोलम्बो पुऱ्याइ अलपत्र ।

पोर्चुगल : नेपाल एयरपोर्ट, दिल्लीबाट रेलको माध्यमबाट मुम्बई हुँदै कम्बोडिया ।

इराकको : कुर्किस्थान-नेपाल, दुबई, इराकको कुर्किस्थान, इराकको बग्दाद ।

अजरबैजान : काठमाडौँ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, दुबई, अजरबैजान ।

लिबिया : काठमाडौँ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, दुबई, लिबिया ।

अमेरिका : त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल-दुवई-मस्को-इटाली-बोलेभिया-पेरु-इक्वेडर-कोलम्बिया-पानामा : कोस्टारिका-निकारागुवा-होन्डुरस-ग्वाटेमाला-मेक्सिको-अमेरिका ।

रसिया : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल-दुबई-मस्को-रसिया ।

क्यानडा : भारतको दिल्ली-सिङ्गापुर-फिलिपिन्स-पपुवा न्युगिनी-सोलोमन-आइसल्यान्ड-भानुआटु-सोलोमन : आइसल्यान्ड-फिजी-सिङ्गापुर-दुबई-नेपाल फिर्ता ।

पोल्यान्ड : त्रिभुवन विमानस्थल-मलेसिया-कम्बोडिया हुँदै लाओससम्म ।

इटाली : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल-दुबई-जोर्डन-लिबियासम्म ।

जापान : वीरगन्ज नाका हुँदै भारतको नयाँ दिल्ली-टर्की-ग्रिससम्म ।

नर्वे : त्रिभुवन विमानस्थल-भारतको नयाँ दिल्ली-मोजाम्बिक हुँदै साउथ अफ्रिकासम्म ।

अस्ट्रेलिया : त्रिभुवन विमानस्थल-मलेसिया-इन्डोनेसियासम्म ।

पोर्चुगल : नेपाल-भारतको दिल्ली-मलेसिया-मोरक्को-नाइजेरिया-नाइजरसम्म ।

नेपालभरको पीडित/अभियुक्तको पञ्चवर्षीय तथ्याङ्क

| आर्थिक वर्ष | मुद्दा सङ्ख्या | पीडित | | अभियुक्त | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| २०७३/७४ | २२७ | ३ | ३०८ | २८९ | ९७ |
| २०७४/७५ | ३०५ | ११९ | ४२७ | ४६३ | १६६ |
| २०७५/७६ | २५८ | ७१ | ३१६ | ४०७ | ११७ |
| २०७६/७७ | १३६ | १४ | ११९ | २३३ | १०७ |
| २०७७/७८ | १३४ | ४ | १८३ | २०२ | ९५ |
| २०७८/७९ | १४२ | ११ | २०० | २०९ | ७५ |
| २०७९/८० (पुससम्म) | ६८ | ११ | ८८ | ९३ | ४८ |

मानव बेचबिखन तथा ओसारपसार अपराधको नयाँ आयाम र प्रकृतिहरू देखा परेसँगै यस अपराधलाई रोकथाम गर्नका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय र सो मातहतका विभाग तथा कार्यालयहरू अन्य गैरसरकारी संस्थाहरू क्रियाशील हुँदै आएका छन् । यसरी यस अपराधका सम्बन्धमा पछिल्लो समयमा निम्न प्रकारका जाहेरी प्राप्त हुने गरेका छन् :

१) अशिक्षित, कम चेतनास्तर तथा आर्थिकरूपमा कमजोर अवस्था भएका महिला तथा बालिकाहरूलाई राम्रो काम र राम्रो कमाइको प्रलोभनमा पारी विकट गाउँबाट काठमाडौँसमेतका मुख्य शहरहरूमा ल्याइ भारतको नयाँ दिल्ली, मुम्बईलगायतका शहरमा लगी बेश्यावृत्ति तथा सर्कसमा लगाउने उद्देश्यले बेचबिखन गरेको सम्बन्धमा प्राप्त हुने उजुरी ।

उजुरीका स्रोत : माइती नेपाल, शक्ति समूहलगायत संस्थाको संरक्षणमा रही लिखित जाहेरीसाथ उपस्थित हुने पीडित तथा आफन्तमार्फत सिधै प्रहरीको सम्पर्कमा मौखिकरूपमा उजुरी दिन आएका पीडितहरू ।

२) बेरोजगारी तथा गरिबीका कारण नेपालमा भविष्य नदेखी विदेशिन चाहने विशेषगरी युवा वर्गका पुरुष तथा महिलाहरूलाई नेपाल सरकारबाट स्वीकृत प्राप्त नगरेको देशमा भारत, श्रीलङ्कालगायतका देश हुँदै लुकुवा बाटो प्रयोग गरी युरोप, अमेरिका, एसियालगायतका देशमा राम्रो काम दिलाउने प्रलोभनमा पारी एक देशबाट अर्को देशमा ओसारपसार गर्ने गरेको सम्बन्धमा प्राप्त हुने उजुरी ।

उजुरीका स्रोत : वैदेशिक रोजगार विभाग, पिपुल्स फोरम, पीडित तथा पीडितका आफन्त, विभिन्न सामाजिक सञ्जालका माध्यमहरू ।

३) अशिक्षित, कम चेतनास्तर तथा आर्थिकरूपमा कमजोर अवस्था भएका विशेषगरी १८ वर्षमुनिका बालिकाहरूलाई काठमाडौँका मुख्य मुख्य स्थानमा रहेका डान्स बार, क्याबिन, गेस्ट हाउस तथा रेस्टुरेन्टहरूमा वेटरको काम लगाउने भनी राम्रो कमाइ हुने प्रलोभनमा पारी बेश्यावृत्तिमा लगाउने गरेको सम्बन्धमा प्राप्त हुने उजुरी ।

उजुरीका स्रोत : कार्यालयबाट सङ्कलन गरेको सूचना, स्थानीय प्रहरी, माइती नेपाल, शक्ति समूह, समाजसेवी, पीडित तथा पीडितका आफन्त, विभिन्न सामाजिक सञ्जालका माध्यम ।

४) बेरोजगार, लागु औषधका दुर्व्यसनी, आर्थिकरूपमा कमजोर, अशिक्षित महिला तथा पुरुषहरूलाई ठूलो आर्थिक प्रलोभन देखाइ निजको किड्नीलगायतका मानव अङ्ग झिकी नेपाल तथा भारतका विभिन्न अस्पतालमा लगी नक्कली कागजपत्रका आधारमा अङ्ग ग्रहणकर्तासँग नाता कायम गरी प्रत्यारोपण गराइसकेपछि भने जति पैसा नदिएका कारण पैसा दिलाइदिनका लागि प्राप्त हुने उजुरी ।

उजुरीका स्रोत : कार्यालयबाट सङ्कलन गरेको सूचना, हुलाकबाट प्राप्त हुने बेनामी सूचना, पीडित तथा पीडितका आफन्त, विभिन्न सामाजिक सञ्जालका माध्यम ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ मा रहेका प्रावधानले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिइ वा नलिइ बेश्यावृत्तिमा लगाउने, प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र बेश्यागमन गर्ने कसुरलाई समेटको छ। तापनि यस ऐनमा श्रम शोषणका लागि हुने बेचबिखन र वैदेशिक रोजगारीका लागि हुने मानव तस्करीलाई समेट्न सकेको देखिन्न। साथै यस ऐनमा भएको क्षतिपूर्तिको मापदण्डलाई समयसापेक्ष परिमार्जन गर्नुपर्ने देखिन्छ।

पीडित महिला तथा बालबालिका

| आ.व. | १८ वर्षमुनिका | | १८ वर्षमाथिका | | जम्मा | १८ वर्षमुनिका जम्मा | १८ वर्षमाथिका जम्मा |
|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | पुरुष | महिला | | | |
| २०७३/७४ | ० | ८९ | ३ | २१९ | ३११ | ८९ | २२२ |
| २०७४/७५ | ५० | १३० | ६९ | २९७ | ५४६ | १८० | ३६६ |
| २०७५/७६ | ११ | १३९ | ६० | १७७ | ३८७ | १५० | २३७ |
| २०७६/७७ | ४ | ७१ | ११ | ११९ | २०५ | ७५ | १३० |
| २०७७/७८ | १ | ७९ | ३ | १०४ | १८७ | ८० | १०७ |
| २०७८/७९ | १ | ८२ | १० | ११८ | २११ | ८३ | १२८ |
| २०७९/८० (पुससम्म) | १ | ३५ | १० | ५३ | ९९ | ३६ | ६३ |

## मानव बेचबिखनको परिभाषा

निम्न कार्य गरेमा मानव बेचबिखन गरेको मानिने :

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिइ वा नलिइ बेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,

(घ) बेश्यागमन गर्ने ।

- दफा ४ को उपदफा (२)

## मानव ओसारपसारको परिभाषा

निम्न कार्यहरू गरेमा मानव ओसारपसार गरेको मानिने :

(क) किन्ने/बेच्ने उद्देश्यले मानिसलाई विदेश लैजाने,

(ख) बेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याइ, जालसाज गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिइ, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिइ वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुट्याइ लाने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँ वा विदेश लैजाने वा अरू कसैलाई दिने ।

## सुधार गर्नुपर्ने पक्षहरू

- अन्तरदेशीय समन्वय र सहकार्य गर्नुपर्ने,
- खुला सिमानामा सुरक्षा निगरानी बढाउने,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मानव बेचबिखन अनुसन्धान ब्युरोको डेस्क हुनुपर्ने,
- कानुन कार्यान्वयन निकायलाई सबल एवं प्रभावकारी बनाउने,
- राष्ट्रिय समिति र जिल्ला समितिको बैठक निरन्तररूपमा बस्नुपर्ने ।
- बेचबिखनविरुद्ध कार्यरत अन्तरसरकारी तथा गैरसरकारी निकायबीच समन्वय प्रभावकारी बनाउने,
- कानुन कार्यान्वयन भए/नभएकोबारे आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने,
- सरोकारवाला सरकारी तथा गैरसरकारी निकायबीच समन्वय प्रभावकारी बनाउने,
- उद्दार गरिएका पीडितहरूको पुनर्स्थापनाको पूर्ण र उचित व्यवस्था हुनुपर्ने,
- पीडितहरूलाई स्वयं जाहेरी दिन उत्प्रेरित गर्नुपर्ने,
- कानुन कार्यान्वयन निकायलाई सबल एवं प्रभावकारी बनाउने,
- सङ्गठित आपराधिक समूहको संलग्नता हुने हुँदा उत्पत्तिको राष्ट्र र गन्तव्यको राष्ट्रबीच नियन्त्रणका लागि पारस्परिक सहयोगको आदान-प्रदान गर्ने,
- कानुन कार्यान्वयन भए/नभएकोबारे आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली विकास गर्ने ।

## ६.५ सुरक्षा निकाय : महिला सहभागिता र भूमिका

- छविलाल पाण्डे

सशस्त्र प्रहरी उपरीक्षक

सुरक्षा निकाय हरहमेसा चनाखो भई विभिन्न जिम्मेवारी निर्वाह गरी समाजमा शान्ति, सुरक्षा र अमनचयन कायम राख्ने प्रमुख दायित्व बोकेको हुन्छ। जसका लागि समाजका हरेक क्षेत्रको सूचना प्राप्त गर्नु जरुरी मानिन्छ। महिला सहभागिताविना सम्पूर्ण क्षेत्रको आवश्यक सूचना प्राप्त गर्न त्यति सजिलो हुँदैन। त्यसैले सुरक्षा निकायमा महिला सहभागिता अपरिहार्य मानिन्छ। सुरक्षा निकायको प्राविधिक फिल्ड वा इन्फेन्ट्री फिल्ड दुवैतर्फ महिला सुरक्षाकर्मीको भूमिका र कार्यक्षमता अब्बल पाइएको छ। ऐतिहासिक कालखण्डमा राजेन्द्रलक्ष्मीदेवी शाहको भूमिका वा नालापानीका किल्लामा महिला, बालबालिका अङ्ग्रेजहरूविरुद्ध लडाइँ लडेका तथा दक्षिणमा सीता र उत्तरमा भृकुटीको विवाह भएका विषयले पनि राज्यको सुरक्षा रणनीतिमा महिलाको अतुलनीय भूमिका रहेको प्रष्ट हुन आउँछ।

औपचारिकरूपमा वि.सं. २०१८ मा चिकित्सा क्षेत्रमा पहिलो महिला नेपाल आर्मीमा भर्ना भएको र वि.सं. २०२२ मा प्याराफोल्डर तालिम शिक्षालयमा महिला रहने व्यवस्था गरिए तापनि वि.सं. २००४ मा इन्फेन्ट्रीतर्फ महिला अधिकृतहरू भर्ना गरिएका देखिन्छ। नेपाल प्रहरीमा वि.सं. १९५१ मा चैतन्यमाया पहिलो महिला प्रहरी एवं वि.सं. १९६८ मा २५ जना महिला ट्राफिक प्रहरीमा सेवा प्रवेश गरेको साथै वि.सं. १९८५ बाट महिला प्रहरीहरू नियमित भर्ना हुँदै आएका देखिन्छ।

नेपाल आर्मी र नेपाल प्रहरीका तालिम प्राप्त इच्छुक केही जनशक्तिलाई स्थानान्तरण गरी तत्कालीन सशस्त्र प्रहरी बलमा स्थापना कालदेखि नै महिला सशस्त्र प्रहरी कर्मचारीहरू सहभागी भइआएको देखिन्छ। नेपाल आर्मीमा कुल सङ्ख्याको करिव ५ प्रतिशत, नेपाल प्रहरीमा कुल सङ्ख्याको करिव १२ प्रतिशत र सशस्त्र प्रहरी बल, नेपालमा कुल सङ्ख्याको करिव ९ प्रतिशत महिला सहभागिता छ।

सुरक्षा निकायमा महिला सहभागिता बढ्दै जानुमा नेपालको संविधानमा मौलिक हकका रूपमा रहेको (धारा १८) समानताको हक, अवसरमा भेदभाव नगरिने, (धारा ३८) महिलाको हक, रोजगारीमा महिलाका लागि अवसर प्रदान, (धारा ४२) सामाजिक न्यायको हक राज्यका सबै निकायमा महिलालाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा महिला प्रतिनिधित्व ग्यारेन्टी गरिनुपर्ने प्रावधान रहनुले महिला सहभागिता सुनिश्चित गरिनुलाई महत्त्वपूर्णरूपमा लिनुपर्छ। हाल नेपाल आर्मीमा सहायक रथी (स्वास्थ्यतर्फ), नेपाल प्रहरीमा प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी बल, नेपालमा सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक (स्वास्थ्यतर्फ) सम्म वरिष्ठ अधिकृत तहसम्मका दर्जामा प्रतिनिधित्व भएबाट पनि महिला अधिकृतहरू नीति निर्माण तथा कार्यान्वयन तहसम्म न्यून मात्रामा सहभागिताको अवस्था देखिन्छ। कहिलेकाहीँ माथिल्लो तहमा हुने पदोन्नतिहरूमा राज्य स्तरबाट समान अवसर नदिइ भेदभाव गरियो भन्ने गुनासो नरहेको भने होइन।

नेपालको अन्तरिम संविधान २०६३ मा लागु गरिएको समावेशी सहभागितासम्बन्धी व्यवस्थालाई अवलम्बन

गर्दै नेपाल सैनिक ऐन, नेपाल प्रहरी ऐन र सशस्त्र प्रहरी ऐनमा समेत समावेशी व्यवस्थाको प्रावधानलाई अवलम्बन गरी सुरक्षा निकायमा समेत १०० प्रतिशतबाट ४५ प्रतिशतलाई शतप्रतिशत मानी त्यसको २० प्रतिशत महिला कोटा निर्धारण गरी नयाँ भर्ना गर्ने कानुनी व्यवस्थाका कारण सुरक्षा निकायमा महिलाको उपस्थित क्रमशः बढ्दै गएको पाइन्छ।

सुरक्षा निकायमा महिलालाई रोजगारीको अवसर प्राप्त भएकै कारण आर्थिक परनिर्भरता हट्ने, राष्ट्र सेवाको मौका, घर परिवार र बालबच्चाको हेरचाहमा सहजता तथा अन्तर्राष्ट्रिय स्तरमा कार्य गर्ने अवसरले समेत महिलाको आत्मसम्मान अभिवृद्धि हुनुका साथै आत्मनिर्भर र स्वावलम्बी भएका कारण पनि पछिल्लो समयमा महिलाको सुरक्षा निकायतर्फ आकर्षण बढ्दो देखिन्छ। त्यसैगरी महिला सुरक्षाकर्मीका लागि शिशु स्याहार केन्द्र, सुविधा सम्पन्न ब्यारेक, स्नानगृह, ड्रेस परिवर्तन कक्ष तथा स्तनपान कक्ष जस्ता भौतिक संरचनाको पर्याप्त सुविधा नहुँदा यस प्रकारका आवश्यकताको उचित सम्बोधन गर्न सकेको खण्डमा सुरक्षा निकायमा महिला प्रतिनिधित्व बढ्न जाने देखिन्छ।

अफिस क्लर्क तथा प्राविधिक क्षेत्रमा रहेर कार्य गर्न सहज हुने हुनाले सोही प्रकृतिका क्षेत्रहरूमा महिला सुरक्षाकर्मीको बढी आकर्षण देखिन्छ। साहसिक ड्युटीमा समेत अभिरुचि देखाइ खेल क्षेत्र जुडो, कराते, तेक्वान्दो, उसु, दौड, भलिबल, फुटबलमा उत्कृष्ट परिणाम हासिल गर्नुका साथै बोर्डर सुरक्षा, औद्योगिक सुरक्षा, दैवी प्रकोप उद्धार, प्रशिक्षक, अपराध अनुसन्धान, हवाई उडान जस्ता कठिन फिल्डमा उत्तिकै उत्साहपूर्वक खटिनुका साथै मानवीय उद्धारमा जिउ ज्यानको प्रवाह नगरी सहभागी भई सफलता दिलाएका छन् भनी महिला कमान्डरहरूले विभिन्न शाखा, महाशाखा, निर्देशनालय, विभाग एवं फिल्डका विभिन्न जिल्लाको नेतृत्व सफलतापूर्वक सम्पन्न गरेका छन्। यति मात्र हैन, द्वन्द्वग्रस्त मुलुकमा यु.एन. शान्ति मिसनमा समेत पुरुष सहकर्मी सरहका चुनौतीपूर्ण कार्य गर्न सक्छन् भन्ने प्रमाणित गर्दै आएका छन्।

नेपालका महिला सुरक्षाकर्मीहरूबाट हाल पनि यु.एन. शान्ति मिसनअन्तर्गत द्वन्द्वग्रस्त विभिन्न १२ वटा मुलुकमा सेवा प्रदान गरिरहेका छन्। नेपाल आर्मीबाट यु.एन. शान्ति मिसनअन्तर्गत विभिन्न १२ द्वन्द्वग्रस्त मुलुकमा हालसम्म २०७१ जना, नेपाल प्रहरीबाट ६५३ जना र सशस्त्र प्रहरी बल, नेपालबाट ४२७ जना महिला सुरक्षाकर्मीहरूले अन्तर्राष्ट्रिय शान्ति मिसनमा सहभागिता जनाएका छन्।

सुरक्षा निकायको कार्य प्रकृति महिला सुरक्षाकर्मीको जैविकी रूपका कारण फरक किसिमका सुविधाहरूको आवश्यकतालाई मध्यनजर गरेर कानुनी व्यवस्थामा केही सहुलियतपूर्ण प्रावधान छन्। जस्तै- भर्ना छनोटमा लिइने छनोट मापदण्डमा दौडमा पुरुषको तुलनामा थप समयको प्रावधान, चिनअफ, सिटअपमा सहुलियत, उचाइमा २ इन्च कमसम्म लिने र महिलाको तौल पनि पुरुषको तुलनामा छ के.जी. कम भए हुने जस्ता सहुलियतपूर्ण प्रावधान छ।

यसरी नै गर्भवती अवस्था, सुत्केरी अवस्था, स्तनपान गराउने समयमा चाहेर पनि जोखिम प्रकृतिका कार्यहरूमा खटिन नसकिने जस्ता लैङ्गिक भूमिकाका कारण फरक सुविधा आवश्यक रहेको, कार्यक्षेत्रमा विपरित लिङ्गीय सहकर्मीबाट कहिलेकाहीँ सम्मानजनक व्यवहार नहुनु, मासिक स्राव, स्तनपान गराउनुपर्ने शिशु रहेको

अवस्थाहरूमा, तालिमका अभ्यासहरूमा कठिन हुन जाने, तालिम छुट्ने कुराले अनिवार्य तालिम समयमा गर्न नसक्दा वृत्ति विकासमा असर पर्ने तथा अवसरबाट वञ्चित हुनुपर्ने हुनाले महिला सुरक्षाकर्मीको ड्युटी, बिदा, तालिम, शिशु स्याहार केन्द्र, सेनेटरी प्याडको उपलब्धता, स्तनपान कक्ष, पोशाक परिवर्तन गर्ने कक्ष जस्ता विशेष आवश्यकताहरूको व्यवस्थापनमा ध्यान दिइ कानुनीरूपमा उचित व्यवस्था गर्नु आवश्यक छ।

सुरक्षा निकायमा महिला ब्यारेक तथा शौचालय निर्माणका निम्ति सामान्य बजेटको व्यवस्था रहेको देखिएको हुँदा महिला सुरक्षाकर्मीका फरक आवश्यकता परिपूर्तिका लागि आवश्यक पर्ने पर्याप्त बजेट व्यवस्था हुन आवश्यक देखिन्छ। सुरक्षा निकायका अन्य क्षेत्रसरह नै बजेट अभावका कारण आवश्यकताअनुसारका भौतिक संरचना, तालिम तथा कर्मचारीका आधारभूत सुविधाहरूसमेत पूरा गर्न कठिन परिस्थिति छ। यस्तो अवस्थामा सुरक्षा निकायका नेतृत्व तहबाट आन्तरिक स्रोतबाटै व्यवस्थापन गर्ने गरी शिशु स्याहार केन्द्रको स्थापना, शौचालयसहितको छुट्टै महिला ब्यारेक, लैङ्गिक समानताका लागि क्यालेन्डरमा नै व्यवस्था गरेर लैङ्गिक हिंसाविरुद्धका अनुशिक्षण तालिमहरूको व्यवस्था, लैङ्गिक समानताका लागि सुरक्षाकर्मीले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउनु, महिला सुरक्षाकर्मी लक्षित सिपमूलक तालिमहरूको व्यवस्थालगायतका विभिन्न सुविधाको व्यवस्था गर्ने कार्यहरू गरिनुले पनि सुरक्षा निकायमा महिलाका समस्या सम्बोधन गर्ने प्रयत्न हुँदै आएको देखिन्छ।

## ६.६ लैङ्गिक उत्तरदायी बजेट : सुरुदेखि अहिलेसम्म

- कृष्णहरि बास्कोटा

पूर्वसंयोजक, लैङ्गिक उत्तरदायी बजेट समिति

नेपालमा लैङ्गिक उत्तरदायी बजेटको आरम्भ आ.व.२०६४/६५ को बजेटबाट भएको हो । यसपूर्वका बजेट वक्तव्यमा लैङ्गिक उत्तरदायी बजेट कमिटी गठन गर्ने, ५ करोड रुपियाँ भन्दा माथिका आयोजना सम्पन्न भएपछि त्यसबाट महिला र पुरुषमा परेको प्रभाव अध्ययन गर्ने जस्ता प्रतिबद्धता व्यक्त भएका थिए । जो लैङ्गिक उत्तरदायी बजेट ल्याउन सहयोगी सिद्ध भए ।

आ.व. २०६४।६५ को बजेटद्वारा लैङ्गिक उत्तरदायी बजेट घोषणा हुनुपूर्व नै लैङ्गिक उत्तरदायी बजेट कमिटी गठन भैसकेको थियो । अर्थ मन्त्रालयको बजेट महाशाखा प्रमुख अर्थात सहसचिवको अध्यक्षतामा गठन हुने यस कमिटीको यस पङ्तिकारले संयोजक भै करिब ११ महिनाको अध्ययनपछि लैङ्गिक उत्तरदायी बजेट घोषणाका लागि सिफारिससहितको प्रतिवेदन निर्माण गरेको थियो । यसै प्रतिवेदनमा आधारित भएर तत्कालीन अर्थमन्त्री डा. रामशरण महतले लैङ्गिक उत्तरदायी बजेट आरम्भ गर्ने अर्थमन्त्रीको श्रेय पाउनुभएको हो ।

आ.व. २०६४।६५ को बजेट वक्तव्यको बुँदा नं. ८८ मा लैङ्गिक उत्तरदायी बजेट उल्लेख भएको थियो । जसमा निम्न कुरा लेखिएको थियो( 'राष्ट्रिय अर्थतन्त्रमा महिलाको उल्लेखनीय योगदान रहँदै आएको छ । महिला वर्गको सबलीकरणका लागि आर्थिक, सामाजिक र राजनीतिक प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्दै आगामी वर्ष लैङ्गिक समानता हासिल गर्न सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन् । लैङ्गिक उत्तरदायी बजेट अवधारणालाई कार्यान्वयनमा ल्याएको छु । यसअनुसार आगामी वर्ष कुल बजेटमध्ये महिलालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरूमा रु. १९ अर्ब ९ करोड विनियोजन गरेको छु ।' यसरी बजेट वक्तव्यमार्फत लैङ्गिक उत्तरदायी बजेटको औपचारिक आरम्भ भएको हो ।

आ.व. २०६४।६५ को बजेट वक्तव्यको अनुसूचीमा पहिलो पटक क्षेत्रगत लैङ्गिक उत्तरदायी बजेटअनुसारको व्यय अनुमान प्रस्तुत गरिएको थियो । यसका लागि यसै पङ्तिकारको नेतृत्वमा तयार गरिएको प्रतिवेदनअनुसार लैङ्गिक उत्तरदायी बजेट पहिचानका लागि ५ वटा सूचक बनेका थिए । जसलाई समान अङ्कभार दिइएको थियो, जो निम्नानुसार छन् :

१. महिलाको क्षमता अभिवृद्धि

२. महिलाहरूको योजना तर्जुमा र कार्यान्वयनमा सहभागिता

३. लाभको बाँडफाँटमा महिलाको हिस्सा

४. महिलाहरूको रोजगार, आय अभिवृद्धिमा सहयोग

५. महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा ल्याउने कमी

यी सबै पाँचवटा सूचकलाई समानरूपमा २० अङ्क प्रदान गरिएको थियो। जसअनुसार बजेटमा समावेश भएका सबै कार्यक्रममा यसै सूचकाङ्कका आधारमा अङ्क दिइ ५० भन्दा बढी अङ्क आएमा सो बजेटलाई महिलाका लागि प्रत्यक्ष लाभको बजेट, २० देखि ५० बीचमा अङ्क आएमा महिलाका लागि अप्रत्यक्ष लाभको बजेट र २० भन्दा पनि कम अङ्क आएमा तटस्थ बजेट भनी वर्गीकरण गरिएको थियो। यही मापदण्डमा आधारित भै हालसम्म लैङ्गिक उत्तरदायी बजेटले निरन्तरता पाइरहेको छ। (अपवादस्वरूप, आ.व. २०७०।७१ को बजेटमा महिलाको लाभ सुनिश्चित गर्ने बुँदा ३ को सूचकको भारलाई २० बाट ३० मा वृद्धि गरियो भने बुँदा ५ को सूचक अर्थात महिलाको कार्यसमयमा सुधारलाई २० अङ्कभारबाट १० अङ्कभारमा झारियो।)

स्मरण रहोस्, आ.व. २०६४।६५ को कुल बजेटको ११.३० प्रतिशत बजेट प्रत्यक्ष लाभको, ३३.१६ प्रतिशत बजेट अप्रत्यक्ष लाभको र ५५.५४ प्रतिशत बजेट तटस्थ रहेको थियो। यस्मा क्रमशः सुधार हुँदै गएको पाइन्छ।

आ.व. २०६५।६६ का लागि अर्थमन्त्री डा. बाबुराम भट्टराईले बजेट प्रस्तुत गर्दै अघिल्लो वर्षकै अर्थमन्त्रीको भनाइलाई निरन्तरता दिइ लैङ्गिक उत्तरदायी बजेटमा विनियोजन बढाउनुभयो। जसअनुसार सो आ.व.को कुल बजेटको १३.९४ प्रतिशत बजेट महिलाको प्रत्यक्ष लाभको, ३५.४१ प्रतिशत बजेट अप्रत्यक्ष लाभको र ५०.६४ प्रतिशत बजेट तटस्थ बजेटमा वर्गीकरण भएको थियो। यस बजेट वक्तव्यमा उहाँले लैङ्गिक समानतामा जोड दिने, हिंसापीडित महिलालाई कानुनी सहयोग गर्ने तथा राष्ट्रिय महिला आयोगलाई साधनस्रोत सम्पन्न तुल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

आ.व. २०६६।६७ का लागि अर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेट प्रस्तुत गर्दै अघिल्ला बजेटकै भनाइलाई निरन्तरता दिँदै लैङ्गिक उत्तरदायी बजेटको रकम वृद्धि गर्नुभयो। सो आ.व.को कुल बजेटको १७.३० प्रतिशत महिलाको प्रत्यक्ष लाभको, ३६.४३ अप्रत्यक्ष लाभको र ४६.२७ प्रतिशत बजेट तटस्थमा वर्गीकरण हुन पुग्यो। साथै, उहाँले आफ्नो बजेट वक्तव्यमा महिला विकास कार्यक्रमलाई विस्तार गर्ने, घरेलु हिंसा एवं यौन दुर्व्यवहारमा परेका महिलालाई अल्पकालीन आश्रयस्थलमा राख्नेलगायतका प्रतिबद्धता जनाउनुभएको थियो।

आ.व. २०६७।६८ को बजेट पनि सुरेन्द्र पाण्डेले नै ल्याउनुभयो। तर यस पटकको बजेट अध्यादेशबाट आएको थियो। यसै वर्ष अर्थमन्त्रीको ब्रिफकेस सदनमा फोडिएको थियो। जसका कारण रातारात अध्यादेशबाट बजेट जारी गरियो। यस बजेटको कुल अङ्कको १७.९४ प्रतिशत बजेट महिलाको प्रत्यक्ष लाभको, ३६.३० प्रतिशत बजेट अप्रत्यक्ष लाभको र ४५.७६ प्रतिशत बजेट तटस्थमा वर्गीकृत भयो। साथै, अर्थमन्त्रीले सो बजेटको सार्वननिक जानकारी वक्तव्यमा महिला हिंसाविरुद्धको विशेष अभियान सञ्चालन गर्न कोष खडा गर्ने, दाइजो, बोक्सी जस्ता कुप्रथा हटाउनेलगायतका प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

आ.व. २०६८।६९ को बजेट तत्कालीन अर्थमन्त्री एवं उपप्रधानमन्त्री भरतमोहन अधिकारीले जारी गर्नुभयो। उहाँको बजेट वक्तव्यमा लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरणको माध्यमबाट लैङ्गिक समानता कायम गर्ने ध्येयका साथ महिलालाई प्रत्यक्ष लाभ पुऱ्याउने बजेटको अंश १९.०५ पुऱ्याइयो। साथै, अप्रत्यक्ष लाभको बजेटको अंश ४५.७८ र तटस्थ बजेटको अंश ३५.१७ रह्यो। साथै, उहाँले आफ्नो बजेट भाषणमा महिला विकास कार्यक्रम विस्तार गर्ने, विपन्न महिलालाई स्वरोजगार तुल्याउने, प्राविधिक तालिम दिने, घरेलु हिंसामा परेकालाई सेल्टरमा राख्ने, महिला बेचबिखन नियन्त्रण गर्ने जस्ता प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो।

आ.व. २०६९।७० को बजेट अर्थमन्त्री शङ्करप्रसाद कोइरालाले अध्यादेशको माध्यमबाट जारी गर्नुभयो। यसमा महिलालाई प्रत्यक्ष लाभको बजेट २१.५१ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ४४.१३ प्रतिशत र तटस्थ बजेट ३४.३६ प्रतिशत थियो। उहाँले आफ्नो बजेटको जानकारी वक्तव्यमा महिला उद्यमशील विकास कोषमा उच्च महत्त्वका साथ रकम विनियोजन गरेको बताउनुभएको थियो।

आ.व. २०७०।७१ को बजेट पनि तत्कालीन अर्थमन्त्री शङ्करप्रसाद कोइरालाले नै अध्यादेशको माध्यमद्वारा जारी गर्नुभयो। तर अघिल्लो आ.व.को बजेट कानुनको रित पुऱ्याउन जारी भएको थियो भने यस पटकको बजेट भने पूर्ण आकारको नै थियो। उहाँले आफ्नो बजेट वक्तव्यमा लैङ्गिक उत्तरदायी बजेटको आकार वृद्धि गरेको, महिला विकास कार्यक्रम विस्तार गरिने, विशेष अवस्थामा रहेका महिलाको सशक्तीकरण गरिने, लैङ्गिक हिंसा न्यून गरिने, एकल महिला कोषमा रकम थप गरिने, महिला निजामती कर्मचारी र सेवा प्रवेश गर्न चाहने महिलाका लागि विशेष सुविधा प्रदान गर्ने जस्ता प्रतिबद्धता व्यक्त भएका थिए। यस वर्षको बजेटमा महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश २१.७५ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ४३.९४ प्रतिशत र तटस्थ बजेटको अंश ३४.३१ प्रतिशत थियो। यसै वर्ष सूचकको भारमा सामान्य हेरफेर पनि गरियो।

आ.व. २०७१।७२ को बजेट अर्थमन्त्री डा. रामशरण महतले जारी गर्नुभयो। सो बजेट वक्तव्यमा उहाँले महिला आर्थिक सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्ने, वादी, मुक्त कमलरी, मुक्त कमैया, चेपाङ, राउटे तथा गन्धर्व समूहका किशोरी तथा महिलाका लागि रोजगार कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त भएको थियो। यस वर्षको बजेटमा महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश २१.९३ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ४५.०४ प्रतिशत र तटस्थ बजेटको अंश ३३.०३ प्रतिशत थियो।

पुनः डा. महतले नै आ.व. २०७२।७३ मा महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश २२.२७ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ४७.९८ प्रतिशत र तटस्थ बजेटको अंश २९.७५ प्रतिशत रहेको बजेट जारी गर्नुभयो। साथै, उहाँले आफ्नो बजेट वक्तव्यमा योगमाया महिला सशक्तीकरण कार्यक्रममार्फत महिलाका विविध विषयमा सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

आ.व. २०७३।७४ को बजेट अर्थमन्त्री विष्णुप्रसाद पौडेलबाट जारी भयो। सो बजेटमा उहाँले राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गर्ने, महिलालाई उद्यमशीलतामा सघाउने, स्वरोजगारीका लागि बिउ पुँजी उपलब्ध गराउनेलगायतको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। यस आ.व.को बजेटमध्ये महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश २३.१० प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ४८.४५ प्रतिशत र तटस्थ बजेटको अंश २८.४५ प्रतिशत थियो।

तत्कालीन अर्थमन्त्री कृष्णबहादुर महराले आ.व. २०७४।७५ को बजेट जारी गर्नुभयो। यस वर्षको बजेटमा महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश ३७.४२ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ३२.६६ प्रतिशत र तटस्थ बजेटको अंश २९.९२ प्रतिशत थियो। यसरी प्रत्यक्ष लाभको बजेटले एकैपटक ठूलो फड्को माऱ्यो। साथै, उहाँले आफ्नो बजेट वक्तव्यमा आधा आकाश ओगट्ने महिला उत्थानका लागि विविध कार्यक्रम सञ्चालन गरिने प्रतिबद्धता पनि जनाउनुभएको थियो।

आ.व. २०७५।७६ को बजेट अर्थमन्त्री डा. युवराज खतिवडाबाट जारी भएको थियो। उहाँले आफ्नो बजेट वक्तव्यमा विपन्न तथा पिछडिएका महिलालाई रोजगारी दिने, कुरीति, कुप्रथा हटाउने, गर्भवती र सुत्केरी महिलालाई एयर एम्बुलेन्सको सेवा दिनेलगायतका प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। सो वर्षको बजेटमा

महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश ३८.६५ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ३४.३८ प्रतिशत र तटस्थ बजेटको अंश २७.०७ प्रतिशत थियो ।

आ.व. २०७६।७७ का लागि पनि डा. खतिवडाले नै बजेट जारी गर्नुभयो । यस वर्षको बजेटमा महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश ३८.१७ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ३५.५६ प्रतिशत र तटस्थ बजेटको अंश २६.२७ प्रतिशत थियो । यसरी थोरै भए पनि प्रत्यक्ष लाभको बजेट अघिल्लो वर्षको तुलनामा घट्न गयो । तर उहाँले आफ्नो बजेट वक्तव्यमा विविध पाटोबाट महिला उत्थानमा सघाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । सबै भन्दा महत्त्वपूर्ण कुरा उहाँले अब लैङ्गिक उत्तरदायी बजेटलाई प्रदेश सरकार र स्थानीय तहसम्म संस्थागत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो । जसअनुसार हाल सबै प्रदेश सरकारमा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा आएको छ ।

आ.व. २०७७।७८ को बजेट पनि डा. खतिवडाबाटै जारी भयो । यस पटकको बजेट वक्तव्यमा उहाँले जोखिममा परेका महिलाको उत्थान गरिने, महिलाको आर्थिक सामाजिक अधिकार प्राप्त हुने गरी काम गर्ने, सामाजिक भेदभाव, शोषण र हिंसा अन्त्य गर्नेलगायतको प्रतिबद्धता जनाउनुभएको थियो । यस वर्षको बजेटमा महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश ३८.१६ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ३५.१२ प्रतिशत र तटस्थ बजेटको अंश २६.७२ प्रतिशत थियो । यसरी यो वर्ष पनि प्रत्यक्ष लाभको बजेट थोरैले भए पनि घटेकै पाइयो ।

तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लगातार घटेको प्रत्यक्ष लाभको बजेट आ.व. २०७८।७९ को बजेटमा वृद्धि गर्नुभयो । यस वर्षको बजेटमा महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश ३९.४९ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ३३.६४ प्रतिशत र तटस्थ बजेटको अंश २६.८७ प्रतिशत थियो । आफ्नो बजेट वक्तव्यमा अर्थमन्त्रीले राज्यका सबै अङ्गमा लैङ्गिक समानता कायम गरिने, कार्यकारी तहमा महिलाको कम्तीमा ३३ प्रतिशत संलग्नता सुनिश्चित गरिने, महिलालाई सिपमूलक तुल्याइने, दाइजो प्रथा हटाइने जस्ता प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

आ.व.२०७९।८० का लागि अर्थमन्त्री जनार्दन शर्मा प्रभाकरले बजेट जारी गर्नुभयो । यस वर्षको बजेटमा महिलालाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश ४०.२५ प्रतिशत, अप्रत्यक्ष लाभको बजेट ३४.९५ प्रतिशत र तटस्थ बजेटको अंश २४.८० प्रतिशत छ । साथै, उहाँले आफ्नो बजेट वक्तव्यमा 'महिला पहिला' कार्यक्रमअन्तर्गत विविध क्रियाकलाप सञ्चालन गरिने, महिला हिंसाविरूद्ध चौबीस घण्टे सेवासहित महिला प्रहरी सेल कार्यान्वयनमा आउनेलगायतका प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

यसरी नेपालमा सफलरूपमा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा आउनुका साथै महिला विकास र सशक्तीकरणमा नेपाल सरकार प्रतिबद्ध रहेको देखिन्छ । महिलाको अवस्थालाई तथ्याङ्कका आधारमा र खुलारूपमा अवलोकन गर्दा पनि क्रमशः सुधार हुँदै गएको पाइएको छ । यसर्थ यी र यस्ता प्रयासलाई आगामी दिनमा पनि निरन्तरता दिनु समयको माग हो ।

## ६.७ यौनिक अल्पसङ्ख्यक : वास्तविकता र अधिकार

- डा. सुनिलबाबु पन्त
लैङ्गिक अल्पसङ्ख्यक अधिकारकर्मी

समलिङ्गी पुरानो शब्द होइन। यो अंग्रेजी शब्द 'होमोसेक्सुअल' को अनुवाद मात्र हो। युरोप र अमेरिकामा समलिङ्गी अधिकारको अभियान १९औँ शताब्दीको अन्ततिर सुरु भएसँगै यो होमोसेक्सुअल शब्द पनि प्रचलनमा आउन थाल्यो। दक्षिण एसियामा यसै शब्दको अनुवादस्वरूप 'समलिङ्गी' प्रयोग हुन थालेको त ५०-६० वर्षअघिदेखि मत्र हो। शास्त्रहरू र पुरानो जमानामा प्रयोग हुने शब्दहरू भनेको तृतीय प्रकृति, नपुंसक, क्लिव, पण्डक, किन्नर आदि हुन। यही तृतिय-प्रकृति शब्दवाट तेस्रो लिङ्गी शब्द आएको हो जसरी पुम्सक-प्रकृतिबाट पुरुष र स्त्री-प्रकृतिबाट महिला शब्द बने। यसको मतलव के आज भनिएका समलिङ्गीहरू पहिला पहिला हुँदैनथे त ? हुन्थे, तर सबैखाले (आजकल छुट्टयाएर भन्ने गरिएका समलिङ्गी, तेस्रो लिङ्गी, अन्तरलिङ्गी) व्यक्तिहरूलाई तृतीय-प्रकृतिको शब्दले समेट्थ्यो।

बालबालिकामा 'पुरुष वा महिला' का सबै लक्षण विकास भइसकेका हुँदैनन्। पुरुष वा महिला भनेर छुट्याउने एउटै स्पष्ट लक्षण यौनाङ्ग हो। वयस्क हुँदै जाँदा महिला वा पुरुष छुट्याउने अरू लक्षण/चिह्न/संकेत विकास हुँदै जान्छन्। पुरुषको दारी/जुङ्गा आउने, मांसपेशी कडा हुने, स्तन नबढ्ने, रुद्रघन्टी देखिने आदि। महिलाको छाला र शरीर नरम हुने, स्तन बढ्ने, रजस्वला हुने आदि।

अल्पसङ्ख्यक बालबालिकामा भने अलिकति फरक तरिकाले चिह्न वा सङ्केत विकास हुन्छन्। उनीहरूमा बालिका यौनाङ्ग भए पनि हुर्किंदा पुरुषमा हुने सङ्केत देखा पर्न सक्छन्। त्यस्तै बालक यौनाङ्ग भए पनि हुर्किंदा महिलामा हुने चिह्न देखा पर्न सक्छन्। यस्ता व्यक्तिलाई पूर्वीय दर्शनमा तेस्रो लिङ्गी भनिएको छ।

केही बालबालिका जन्मिँदा स्पष्ट यौनाङ्ग नदेखिन पनि सक्छ। महिला-पुरुष प्रष्ट नभएर दुवैथरी यौनाङ्ग मिसिएकालाई 'उभय व्यञ्जक' भनिन्छ। कुनै पनि यौनाङ् नदेखिनेलाई 'पाण्डक' भनिएको छ। आधुनिक भाषामा 'अन्तरलिङ्गी' भनिन्छ।

तेस्रो लिङ्गी शब्दलाई लिएर निकै भ्रम छ। यहाँ तेस्रो शब्दले क्रमका आधारमा दर्जा छुट्ट्याउने अर्थ लगाउँदैन। बरु यसले हाम्रा बाहिरी दुई आँखाबाहेक हामीभित्र जुन 'तेस्रो आँखा' हुन्छ भनिन्छ, त्यस्तै तेस्रोको अर्थ लगाउँछ। बालबालिका हुँदा देखिएका यौनाङ्गका विशेषता भन्दा अलग, हुर्किँदै जाँदा विस्तारै देखिँदै जाने, आममहिला र पुरुष भन्दा फरक, विशेष (तेस्रो) लिङ्गी व्यक्तिहरू पनि छन् भन्ने अर्थमा 'तेस्रो लिङ्गी' शब्द प्रयोग भएको पाइन्छ।

पूर्वीय दर्शनमा ३ (वा बढी) लैङ्गिक मानव जातिको अस्तित्व स्वीकार गरिएको छ। पश्चिमा दर्शनमा भने दुईथरी लैङ्गिक मान्छे मात्र स्वीकारिएको छ। त्यसैले बालक 'पुरुष' भएर हुर्किन सकेन भने 'पारितिर जाऊ', 'महिला बन' र बालिका 'महिला' भएर हुर्किन नसके 'पुरुष बन' भन्ने बाध्यता रहन्छ। र, अन्तमा मान्छेलाई पुरुष वा महिलाकै 'क्याटेगोरी' मा बस्न बाध्य बनाएको पाइन्छ।

पश्चिमा भाषा, संस्कृति, सामाजिक, आर्थिक, राजनीतिक सोचको प्रभाव व्यापक छ विश्वभर । पश्चिमा सभ्यताबाट आएको सबै कुरा कुनै प्रश्नै नगरी हामी लागु गर्न तयार छौँ तर पूर्वीय सभ्यता, भाषा, संस्कृतिलाई अन्धविश्वास वा अवैज्ञानिक मान्ने प्रवृत्ति बढ्दै गएको छ। 'ट्रान्सजेन्डर' सम्बोधन इज्जतसाथ लिने र 'तेस्रो लिङ्गी' लाई हेय भावले हेर्ने चलन छ हामीकहाँ । तेस्रो लिङ्गी नराम्रो वा अपमानजनक सम्बोधन बिल्कुलै होइन । समलिङ्गी भनेको समान लिङ्गीप्रतिको यौन वा प्रेम आकर्षण हो । महिला भएर महिलाको चाहना राख्ने वा पुरुषले पुरुषको चाहना राख्ने व्यक्तिलाई समलिङ्गी भनिन्छ।

## यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अवस्था

दुई दशक पार भइसक्यो नेपालको यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायले आफ्नो पहिचान र अधिकारका लागि लडेको । केही उल्लेख्य उपलब्धि हासिल पनि गरेको छ। समाजले स्वीकार गर्ने अनुपात पहिला भन्दा केही बढेको छ तर सामान्य जीवन बाँच्न मिल्ने वा सक्ने गरी न्यूनतम अधिकार र कानुन छैन ।

परिवारले बेदखल गर्ने, काम नपाउने, डेरा नपाउने, नागरिकता पाउन झन्झट, खुलेर व्यापार-व्यवसाय गर्न गाह्रो, सार्वजनिकरूपमा गाली-बेइज्जतीको शिकारलगायत थुपै समस्या यथावत छन् । यसले यो समुदाय सीमान्तकृत नै छ। आर्थिक अवस्था पनि कमजोर छ।

## कानुनी र संवैधानिक अवस्था

२०६४ सालमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई प्रतिनिधित्व गर्ने विभिन्न संस्था- नीलहिरा समाज, मितिनी, क्रुजएड्स, परिचय समाजलगायत मिलेर यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा हुने भेदभाव प्रतिबन्ध गर्ने कानुन माग गर्दै रिट हालेका थिए ।

६ पुस, २०६४ मा सर्वोच्चले समलिङ्गी विवाहलाई मान्यता दिने कानुन निर्माण र संशोधन गर्न सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको थियो । न्यायाधीश बलराम केसी र पवनकुमार ओझा इजलासको आदेशमा भनिएको छ- कुनै व्यक्तिले स्वअनुभूतिअनुसार लैङ्गिक पहिचान गरेपछि उसको जैविक लिङ्गी के हो, कस्तो यौनसाथी रोज्नुपर्ने हो, कस्तो व्यक्तिसँग विवाह गर्नुपर्ने हो भन्ने निर्धारण अरू व्यक्ति, समाज, राज्य वा कानुनले गरिदिने होइन । यो नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकारमा पर्छ ।

सर्वोच्चले समलिङ्गी विवाहसम्बन्धी अध्ययन गर्न उच्चस्तरीय समिति बनायो र समितिले भनेअनुसार कानुन निर्माण गर्न सरकारलाई निर्देशन दियो । कविराज पाठकको संयोजकत्वमा बनेको समितिमा हरि फुयाँल, चैतन्य मिश्रलगायत प्रहरी र मानव अधिकार आयोगका प्रतिनिधि पनि थिए । समितिले बृहत् अध्ययन गरी तीन वर्षअगाडि प्रधानमन्त्री कार्यालयलाई बुझाएको प्रतिवेदनमा समलिङ्गी विवाहलाई मान्यता दिनुपर्ने उल्लेख छ । तर आजसम्म पनि सरकारले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यले बिहे गर्न पाउने गरी कानुन ल्याएको छैन ।

नेपालको संविधानको धारा १२, १८ र ४२ ले यौनिक तथा अल्पसङ्ख्यकको अधिकार सुरक्षित गरेको छ । समानता र पहिचान हकको ग्यारेन्टी गरेको छ । यसविपरीत मुलुकी ऐन संशोधन गर्न ल्याइएको देवानी संहिता

२०७४ को विवाहसम्बन्धी व्यवस्थामा भनिएको छ- पुरुष र महिलाले कुनै उत्सव, समारोह वा अन्य कुनै कार्यबाट एकअर्कालाई पति/पत्नीका रूपमा स्वीकार गरे विवाह भएको मानिनेछ।

यसले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई विवाहको अधिकारबाट वञ्चित राख्छ। त्यस्तै गरी फौजदारी संहिताले महिला मात्र बलात्कार हुन सक्ने कानुनी अवधारणा राखेको र त्यसैअनुसार अपराध किटान र सजाय व्यवस्था गरेकाले (समलिङ्गी वा कोही पनि) पुरुष तथा तेस्रो लिङ्गी बलात्कृत भएमा न्याय पाउने अवस्था छैन।

सर्वोच्चको आदेश र संविधानको मर्म विपरीत यस्ता कानुन नेपालको संसद्ले कसरी पारित गर्न सक्छ ? अझ अचम्मको कुरा, मानव अधिकारमा काम गर्ने यति धेरै सङ्घ/संस्था छन्। यो 'देवानी संहिता २०७४ को विवाहसम्बन्धी व्यवस्था' लगायत अन्य विभेदकारी कानुनविरूद्ध अदालतमा रिट-निवेदन किन हालेका छैनन् कसैले ? बुझ्नसक्नु छ।

## विश्व परिवेश

विश्वका करिब ७० देशले वयस्कबीचको समलिङ्गी सम्बन्धलाई धेरै-थोरै कानुनी अपराध मानेका छन्। यीमध्ये सबैले पुरुष समलिङ्गी सम्बन्धलाई अपराध मानेका छन् भने ३८ देशले महिला समलिङ्गी सम्बन्धलाई पनि अपराध मानेका छन्। कम्तीमा ९ देशले तेस्रो लिङ्गीको लैङ्गिक प्रस्तुतिलाई समेत अपराध मानेका छन्। दक्षिणी सुडानमा पुलिङ्गीले महिलाको भेष धारण गर्नुलाई मात्र अपराधी मानेको छ, स्त्रीलिङ्गीले पुरुष भेष गर्नु अपराध मान्दैन।

मलावीमा लामो कपाल पाले वा नक्कली लामो कपाल लगाएमा अपराध मानिन्छ। टोङ्गामा पनि सार्वजनिक ठाउँमा पुलिङ्गीले महिलाको भेष धारण गरे वा आफूलाई महिलाका रूपमा प्रस्तुत गरे अपराध मानिन्छ। नेपाल, भारत, भुटान, जापानसहितका बाँकी देशले समलिङ्गी सम्बन्ध र तेस्रो लिङ्गीलाई कानुनी अपराध मानेका छैनन्।

समलिङ्गी विवाहलाई कानुनी अनुमति दिने पहिलो देश नेदरल्यान्ड्स हो, सन् २००१ देखि। आजसम्म करिब ३० देशले समलिङ्गी विवाहलाई कानुनी मान्यता दिएका छन्। नेपालको सर्वोच्च अदालतले २०६४ सालको फैसलामै सरकारलाई कमिटी बनाएर अध्ययन गरी समलिङ्गी विवाहको कानुन बनाउनू भनेको थियो। कमिटीले अध्ययन गरेर 'वैवाहिक-समानता' हुने गरी कानुन बनाउन सुझावसहित सरकारलाई प्रतिवेदन बुझाएको करिव ८-९ वर्ष भइसक्यो तर सरकारले यस विषयमा कुनै काम अघि बढाएकै छैन।

## सामाजिक/सांस्कृतिक अवस्था

वैवाहिक-संस्था 'पितृसत्तात्मक सामाजिक प्रणाली' को आधार हो। किनकि पितृसत्ता टिकाइराख्न पुरुषलाई पुत्र-वंश आवश्यक हुन्छ। सन्तान उत्पादनका लागि महिलाको आवश्यकता अपरिहार्य भएकाले वैवाहिक संस्था खडा गरियो र महिलालाई पारिवारिक र सामाजिक हिस्सा बनाइयो।

तर समलिङ्गी सम्बन्धबाट सन्तान उत्पादन नहुने, वंश-निरन्तरता नपाउने भएकाले समलिङ्गी सम्बन्धलाई पितृसत्ताले स्वीकार गर्न मान्दैन । त्यसैले आज विश्वमा जति पनि स्थापित पितृसत्ताका पक्षपोषण गर्ने, धार्मिक सम्प्रदाय छन् तिनले समलिङ्गी सम्बन्धलाई या अस्वीकार गरेका छन् या त सीमान्तकृत बनाएका छन् ।

सीमान्तकृत हुँदाहुँदै पनि स्थानीय चाडपर्व तथा जात्रामा तेस्रो लिङ्गी वा पुरुषले महिला भएर भाग लिने चलन पुरानो हो नेपालमा । मारुनी, गाईजात्रा, रोपाइँ जात्रा आदिमा पुरुषले महिला भेष गर्ने वा तेस्रो लिङ्गी सहभागी हुने, तराईका नटुवा, मधेसका हिजडाहरू चाडपर्वमा भाग लिने वा रत्यौलीमा केही महिला पुरुष भेषमा प्रस्तुत हुने चलन निकै पुरानो हो । त्यसकारण समलिङ्गी, तेस्रो लिङ्गी समुदायको अस्तित्व नेपाली समाजले स्वीकार गरेको छ तर मूलधारमा आउन भने दिएको छैन ।

## धर्मग्रन्थहरू के भन्छन् ?

### इस्लाम

इस्लाममा समलैङ्गिकतालाई हराम (पाप) मानिएको छ । कुरानअनुसार समलैङ्गिकता एउटा अपराध हो । महिला समलैङ्गिक सम्बन्धलाई लिएर इस्लामिक धार्मिक ग्रन्थमा त्यति धेरै टीकाटिप्पणी छैन । हदिसमा कहीँ-कहीँ उल्लेख पाइन्छ। एउटा हदिसमा लेखिएअनुसार 'यदि कुनै महिला समलैङ्गिक कृत्यमा लिप्त भएको पाइए उसलाई सजाय दिनुपर्छ किनकि समलैङ्गिकता पाप हो ।'

संसारका इस्लामिक देशहरूमा समलिङ्गीका लागि निकै कडा सजाय छ। खाडी र अफ्रिकाका धेरै मुस्लिम देशमा समलैङ्गिकताका लागि फाँसी दिनेसम्म सजाय प्रावधान छ।

अन्तरलिङ्गी र तेस्रो लिङ्गीबारे भने इस्लाम धर्म ग्रन्थ मौन छ। उनीहरूलाई सामाजिक स्तरमा दायराको किनारमा रहनुपर्ने गरी स्वीकार गरिएको पाइन्छ। पाकिस्तानमा ख्वाजासराइ, भारतमा हिजडा समुदाय सामाजिकरूपमा किनारमा रहने गरी स्वीकारिएका छन् । तर उनीहरूलाई परिवारका साथ वा समाजमा हेलमेल हुन वञ्चित गरिएको छ। नाच-गान, 'बधाई माग्ने' र बेश्यावृत्ति गरेर जीवन गुजारा गर्नुपर्ने बाध्यता छ।

### इसाई धर्म

इसाई धर्मका विभिन्न पन्थमा समलिङ्गीलाई लिएर अलग-अलग मान्यता छन् । रोमन क्याथोलिक चर्चका अनुसार समलैङ्गिकता एक अप्राकृतिक सोच हो । समलिङ्गीलाई पापी भनिएको छ।

बाइबलमा सोडोम शहर उल्लेख छ जसलाई 'प्रभु-परमेश्वर' आफैँले ध्वंश गरेका छन् । कथाअनुसार जब सोडोम शहरमा पाप बढ्न थाल्यो तब परमेश्वरले जाँच गर्न केही देवदूत पठाए । तर त्यहाँका पुरुषले ती देवदूतसँग समलैङ्गिक सम्बन्ध बनाउन खोजे । परमेश्वर क्रोधित भएर पूरै सोडोम शहर ध्वस्त पारिदिए।

इसाई अनुयायीहरू यो कहानीमा पूरा विश्वास गर्छन् । यही कथाको प्रभाव स्वरूप बेलायतलगायत कैयौं इसाई

देश र तिनका उपनिवेश देश (जस्तै- भारत) मा कानुन बन्दा समलिङ्गी सम्बन्धलाई गैरकानुनी बनाए। त्यस्तो कानुनलाई आजसम्म पनि सोडोमी कानुन भनिन्छ।

तर अर्थोडक्स चर्चले केही दशकयता समलैङ्गिकतालाई स्वीकारेको पाइन्छ। अर्थोडक्स चर्चले भनेको छ- समलिङ्गी सम्बन्ध समलिङ्गीका लागि सास फेर्ने अक्सिजन जस्तै हो। यदि उनीहरूलाई एकअर्काबाट अलग गरिदियो भने उनीहरूको मानसिक स्वास्थ्यमा विपरीत प्रभाव पर्न सक्छ।

प्रोटेस्टेन्ट चर्च पनि समलैङ्गिकतालाई लिएर उदारता देखिएको छ। समलैङ्गिक विवाहलाई अन्य विवाह जस्तै चर्चमा गर्न पाउने अनुमति दिएको छ।

## बौद्ध धर्म

बौद्ध धर्ममा गृहस्थहरूका लागि पञ्चशीललाई प्रमुख मानिएको छ। तेस्रो शीलमा भनिएको छ- कुनै पनि व्यक्तिले यौन मिथ्याचार गर्नु हुँदैन। तर समलैङ्गिकता वा विपरीत लैङ्गिकता आफैँमा यौन मिथ्याचार हो वा होइन भनेर चर्चा गरिएको छैन। सामान्यतया गृहस्थ व्यक्तिले एक मानिससँग मात्र यौन सम्बन्ध राख्छ भने त्यसलाई यौन मिथ्याचार मानिँदैन। भिक्षु र भिक्षुणीले भने सबै प्रकारका यौन क्रियाकलापबाट टाढै राख्नुपर्छ आफूलाई। ताइवान विश्वमा पहिलो 'बौद्ध' देश हो जसले समलिङ्गी विवाहलाई मान्यता दिएको छ, सन् २०१९ देखि।

## जैन धर्म

जैन धर्ममा साधु-साधवीले कुनै पनि किसिमको यौन सम्बन्ध राख्नुहुँदैन, पूरा ब्रह्मचर्य पालन गर्नू भनिएको छ। आमधर्मावलम्बीहरूले यौन-सम्बन्ध राख्न पाउँछन् तर त्यो भनेको सन्तान उत्पादनका लागि मात्र हुनुपर्छ। सन्तान उत्पादन नहुने गरी, मनोरञ्जनका लागि पति/पत्नीको यौन सम्बन्ध पनि अनुचित हुन जान्छ। यस्तो कर्मले पाप हुन्छ, पतन हुन्छ भनिएको छ। यसरी जैन धर्मले समलैङ्गिक सम्बन्धलाई स्वीकार गर्दैन किनकि यस सम्बन्धबाट सन्तान हुँदैन।

## शिख धर्म

शिख धर्मग्रन्थमा समलैङ्किताबारे कुनै लिखित मान्यता छैन। अर्थात केही उल्लेख छैन।

## हिन्दु धर्म

हिन्दु धर्म समलिङ्गी र अझ बढी तेस्रो लिङ्गीका लागि तुलनात्मकरूपमा उदार छ। ऋगवेदमा समलैङ्गिकता 'विकृति' भनिएको छ। विकृतिको अर्थ हिजोआज नकारात्मक भएको छ जबकि पुरानो जमानामा प्रकृतिलाई ' कारण' र विकृतिलाई 'कार्य' मानिन्थ्यो। 'सांख्यशास्त्र' मा प्रकृति विज र विकृतिलाई अङ्कुर हो भनेर उदाहरण दिइएको छ। अर्थात् प्रकृतिका कारण 'भित्रैबाट परिवर्तन हुने क्रिया' विकृति हो। ऋगवेदमा समलैङ्गिक विषयमा चर्चा 'विकृतिः एवम प्रकृतिः' शीर्षकमा गरिएको छ। प्राचीन भारतीय उपमहाद्वीपमा समाजका सबै प्रकारका विविधतालाई संस्कृति, कला र साहित्यहरूमा समाहित गरिएको छ।

## मोहिनी

पौराणिक कथा (अग्नि पुराण ३.१२, महाभारतमा पनि यो कथा आएको छ) का अनुसार समुद्र मन्थन बेला जब देवता र असुरहरूमा अमृतलाई लिएर झगडा हुन्छ तब देवताहरूलाई डर लाग्छ- कतै असुरहरू अमृत खाएर अमर हुने त होइनन् ? उनीहरू भगवान विष्णुकहाँ जान्छन् र प्रार्थना गर्छन्- असुरहरूलाई रोक्नुपर्‍यो । तब भगवान विष्णुले मोहिनी अवतार लिएर सबै असुरलाई मोहित पारी देवतालाई मात्र अमृत पान गराउन सफल हुन्छिन् ।

रिहर : अर्को पौराणिक कथाअनुसार भस्मासुर राक्षसले अर्काको टाउकोमा हात राखे त्यो व्यक्ति भस्म हुने वरदान भगवान शिवबाट पाएको थियो । भस्मासुरले यो शक्तिबाट देवी-देवतालाई नै भस्म पार्न थाल्यो र शिवमाथि पनि जाइलाग्यो । शिव डरले भाग्दै विष्णुकहाँ गए र सहायता मागे । विष्णुले एउटा सुन्दर स्त्री रूप धारण गरे । भस्मासुरलाई आकर्षित गरे र भने- 'मैले जस्तै नृत्य गर्न सके मसँग विवाह गर्न पाउँछौ ।'

नृत्यमा भस्मासुरले विष्णुको नक्कल गर्न थाल्यो । उचित मौका हेरेर विष्णुले आफ्नो हात आफ्नो शीरमा राखे, भस्मासुरले पनि त्यही गर्‍यो । भस्मासुर आफ्नै वरदानको शक्तिले आफैँ भस्म भयो ।

यसपछि शिव पनि विष्णुको मोहिनी रूपमा मोहित भए । विष्णु र शिवको समागमबाट 'अयप्पा' को जन्म हुन्छ जसको दक्षिण भारतमा आज पनि पूजा हुन्छ । विष्णु र शिवको यो मिलनलाई 'हरिहर भगवान' भनिन्छ र अयप्पालाई 'हरिहर-पुत्र' ।

यस्तै कथा गङ्गा (नदी) लाई स्वर्गबाट धरतीमा ल्याउन तपस्या गर्ने भागिरथको पनि छ । उनको जन्म दुई माताको मिलनबाट भएको हो । गुह्येश्वरी मन्दिरको मूल ढोकामा तेस्रो लिङ्गीको चित्र अङ्कित छ । पाटन, काठमाडौँ, भक्तपुरलगायत अधिकांश पुराना मन्दिरका टुँडालमा विपरीत लिङ्गीसँगै समलिङ्गी यौन आकृति थुप्रै कुँदिएका छन् । भारतको कोणार्क, जगन्ननाथ पुरी र खुजराहोमा पनि समलैङ्गिक सम्बन्ध दर्शाउने मूर्ति प्रशस्तै भेटिन्छन् ।

यसले देखाउँछ, प्राचीनकालमा सबैखाले लैङ्गिकता र काम-वासना स्वीकारिएको थियो । समाज यति सहिष्णु र खुला विचारको थियो, तेस्रो लिङ्गी र समलिङ्गी प्रेम सम्बन्धका मूर्ति स्वतन्त्ररूपले बनाउन पाउने मात्र होइन, यिनीहरूलाई मन्दिरको मुख्य हिस्सा पनि बनाइएको थियो ।

वैदिक संस्कृत भाषामा दोहोरो सर्वनाम पनि छ (नेपाली भाषामा पनि छ), एकवचन र बहुवचनबाहेकको दुईवचन । यो जोडीको सङ्केत मान हो । धर्मशास्त्रहरूमा मित्र, मीत, मितिनी, बन्धु, सखा, सखी आदिलाई 'सामान्य साथी' भन्दा निकै घनिष्ठ र गहिरो सम्बन्ध मानिन्छ र सम्मान गरिन्छ । देवी-देवतालाई प्रायः जोडीमा देखाइएको छ तर जोडी जहिल्यै विपरीत लिङ्गी नै हुनुपर्छ भन्ने छैन ।

ऋगवेदमा इन्द्र सधैँ अग्नि वा सोमाका साथ देखा पर्छन् जबकि तीनैजना पुरुष हुन् । मित्र (सूर्यदेवको अर्को नाम) जहिल्यै पनि वरुणसँगै देखा पर्छन् (दुवै पुरुष हुन्) । कथाअनुसार मित्र र वरुण दुवैले एकपटक अप्सरा

उर्वशीलाई देखेर उत्तेजनामा आएर एउटै भाँडोमा वीर्य स्खलन गर्छन् । ऋषि अगस्त्य र वशिष्ठको जन्म हुन्छ।

मन्दिर, पूजा र चाडपर्वमा पनि कहिलेकाहीँ देवीको जोडी (नान्दा र सुनन्दा, चामुन्डा र चोटिला, तारा र तारिणी, ज्येष्ठा र कनिष्ठा, गङ्गा र गौरी) देख्न सकिन्छ। देवी तन्त्रमा यस्तो लक्ष्मीको आह्वान गरिन्छ जसले विष्णुको मोहिनी रूपलाई मात्र मन पराउँछिन् । विपरीत लिङ्गी यौन सम्बन्ध मात्र मन्दिरमा अभिव्यक्ति हुनुपर्छ भन्ने कुरा महत्त्वपूर्ण थिएन ।

वेदहरूमा अग्नि देवताको ऊल्लेख पाइन्छ जो दुई महिलाको सम्बन्धबाट मात्र जन्मेका हुन् । रामायणमा पनि राजा भगिरथको जन्म दुई रानीहरूको सम्बन्धबाट भएको उल्लेख छ।

पुराणहरूमा देवताहरूले आफ्नो लैङ्गिकता परिवर्तन गरेका कथाहरू थुप्रै छन् । हरेक देवताका महिला 'शक्ति' रूप पनि छन्, जस्तै विनायकको स्त्री-शक्ति रूप विनायिकी, बराहको स्त्री-शक्ति रूप बाराही, शिवले पार्वतीलाई खुसी पार्न अर्धनारेश्वरको रूप धारण गर्नु आदि । तुलशीदासको राम-चरित-मानसमा भगवान राम भन्नुहुन्छ- म सबै प्राणीमा समान प्रेम गर्छु चाहे त्यो अचर (रुख-बिरुवा) होस्, चाहे त्यो चर (जनावर) होस्, चाहे पुरुष, महिला वा नपुंसक नै किन नहुन्, जो आफ्नो अहङ्कार त्यागेर मेरो शरणमा आउँछन् ।

आयर्वेदलगायत शुश्रुत संहिताको मान्यताअनुसार जब महिला र पुरुषको मिलन हुन्छ, पुरुषको सेतो बिज र महिलाको रातो रक्त-बिजको अनुपातमा गर्भ बस्ने सन्तानको लैङ्गिकता र यौनिकता निर्धारण हुन्छ भनेर । पुरुषको सेतो बिज शक्तिशाली भए छोरा जन्म हुने, महिलाको रातो रक्त-बिज शक्तिशालि भए छोरी जन्म हुने र पुरुष र महिलाको बिज समान भए तेस्रो लिङ्गी (क्लिव, नपुंसक वा किन्नर पनि भन्ने गरिन्छ) को जन्म हुने विश्वास गरिएको छ। संस्कृतमा लेखिएका ज्योतिषशास्त्र, सङ्गीतशास्त्र र शिल्पशास्त्रका अनुसार ३ लिङ्ग हमेशा उल्लेख गरेको पाइन्छ- पर्संलिङ्गी, स्त्रीलिङ्गी र नपुंसकलिङ्गी। त्यसैले यी तथ्यलाई मनोवैज्ञानिक रूपमा लिने गरिएको छ न कि मनोरोग ।

धर्मशास्त्रहरूलाई पृष्ठभूमिका आधारमा हेरिनुपर्ने हुन्छ । यी शास्त्र मानिसको राम्रो व्यवहार कस्तो हुनुपर्छ भन्ने अनुमानका आधारमा ऊ जमानामा लेखिएका हुन् । त्यसैले यस्ता शास्त्र प्राय 'कथित-उच्च-जाति' का मानिसले के के गर्न हुन्छ र हुन्न भन्नेमा केन्द्रित रहेको पाइन्छ । तेस्रो लिङ्गी र 'कथित-तल्लो-जाति' का मानिसले के के गर्न हुन्छ र हुन्न भन्नेमा खासै बोलेका पाइन्न । महाभारत-रामायण लेखिएताका ब्राह्मणहरूद्वारा रचित अधिकांश यस्ता धर्मशास्त्रमा अ-योनी सम्बन्धलाई समेत हल्का र सामान्य जस्तै रूपमा लिइएको पाइन्छ। यसमा पुरुष-पुरुषबीच हुने वा महिला-महिलाबीच हुने मैथुन मात्र नभई महिला-पुरुषबीच हुने मुख वा गुदा मैथुन पनि पर्छन् ।

कौटिल्यको अर्थशास्त्रमा कुनै पुरुष-पुरुषबीचको मैथुन भए सामान्य दण्ड, जस्तै- अरूको बगैंचाको आँप चोरी गरेबराबरको व्यवस्था छ भने त्यही मैथुन महिला-महिलाले गरे दण्ड तुलनात्मकरूपमा बढी व्यवस्था गरिएको छ । मनुस्मृतिमा पुरुष-पुरुषबीचको समलिङ्गी सम्बन्धलाई, एक पुरुषले मासिक धर्म भएकी महिलासँग यौन सम्बन्ध गरे बराबर वा दिनको उज्यालोमा विपरित लिङ्गी यौन सम्बन्ध गरे बराबर मानिएको छ र दण्डस्वरूप आफूलाई चोख्याउनुपर्ने भनिएको छ- बस्त्रसहित स्नान गर्ने, एक रात भोको बस्ने वा गहुँत पिउने । यसरी

चोख्याउन असफल भए तल्लो जातमा झर्ने उल्लेख छ। (यी सबै कुरा हुबहु मान्ने हो भने त 'कथित उपल्लो जात' का मानिस आजको दुनियामा भेट्नै मुस्किल हुन्छ।) तर विपरित लिङ्गी सम्बन्ध नै भए पनि अविवाहित कुमारी कन्यासँगको सम्बन्ध वा कुनै स्त्री बलात्कृत भएमा त्यसको निकै कडा दण्ड र शुद्धीकरणको व्यवस्था गरिएको छ।

वात्स्यायन-ऋषिको कामसूत्रमा भने विपरित लिङ्गी, जस्तै- तेस्रो लिङ्गी वा समलिङ्गी सम्बन्ध (योनी र अ-योनी) बाट पनि भरपुर आनन्द उठाउन सकिने र विभिन्न प्रकारका (मुख, गुदा तथा योनी) मैथुन गर्ने तरिकाहरूको चित्रसहित विस्तारमा उल्लेख गरेको पाइन्छ।

यस्ता धर्मशास्त्रले विवाह र सन्तान उत्पादनका लगि विपरित लिङ्गी सम्बन्धको महत्त्व दर्शाए तापनि महिला, पुरुषलगायत तेस्रो लिङ्गीहरूको अस्तित्वलाई स्वीकार गरेका छन्। त्यस्तै विपरित लिङ्गी सम्बन्ध जस्तै समलिङ्गी सम्बन्धबारे पनि उल्लेख पाइन्छ।

हिन्दुशास्त्रको मात्र महत्त्व छैन नेपालमा। बुद्ध धर्मले त भिक्षु साथै भिक्षुणीहरूले ब्रह्मचर्य-वास बस्नुपर्ने नियम बनाएको छ। विपरितलिङ्गी वा समलिङ्गी, जुनसुकै सम्बन्ध भए तापनि यस्ता कामना आध्यात्मिक मार्गका-बाधा भनिएको छ। बुद्धका समकालीन अर्काथरी पुराना दर्शन मान्नेहरू जसलाई चरवाक या चार्वाक पनि भनिन्छ, जो भौतिकवादमा विश्वास गर्थे, जीवित प्राणीहरूको आन्तरिक स्वभावलाई दबाउने नभई सम्मान गर्ने र आनन्द लिनुपर्ने धारणा राख्थे। ऊनीहरू सबैखाले यौन सम्बन्धलाई मान्यता दिन्थे। चरवाक या चार्वाकको आजसम्म पनि प्रसिद्ध सिद्धानत छ- 'यदा जीवेत सुखं जीवेत, ऋण कृत्वा, घृतं पीवेत' (जबसम्म बाँच्छौ सुखसँग बाँच, ऋण गरेर भए पनि घिउ खाऊ)।

त्यसैले नेपाल र भारतमा विविध, सामान्यतया स्वतन्त्र र भिन्नखाले सोचहरू थिए सबैखाले लैङ्गिकता र यौनिकताका बारेमा। यति मात्र हो कि आशक्ति नहोस्, लिप्त हुने प्रवृत्ति नहोस् भन्नेखालको खबरदार गराउने कामचाहिँ हुन्थ्यो, सबैखाले लिङ्गी र यौनिकता भएका मानिसलाई।

हिन्दु पौराणिक कथाले विविधता स्वीकार मात्र गरेको छैन, महत्त्वपूर्ण पनि मानेको छ। मेनका जस्ता अप्सराले बच्चा जन्म दिएर वनमा छाड्छिन्। कन्व जस्ता एकल पुरुषले हुर्काउँछन् बच्चालाई। यो विपरित लिङ्गी परिवारको चित्रण त पक्कै होइन। जटिला जस्ता महिलाका धेरै पति थिए। भृङ्गी ऋषिले शक्ति (देवी) लाई अस्वीकार गर्छन्। शिवको मात्र पूजा गर्न रुचाउँछन्। योगिनीहरू पति राख्न मान्दैनथे, महिला समूहमा बस्थे। त्यसैगरी नाथ-जोगीहरू पत्नी राख्दैनन् र पुरुष समूहमा बस्छन्।

यसर्थ सबैका लागि ठाउँ हुनुपर्छ। त्यो ठाउँ विभेद र अन्यायमा आधारित होइन, समावेशी र न्यायमा आधारित हुनुपऱ्यो। धर्ममा आधारित हुनुपऱ्यो- करुणा, पारस्परिक हित र सामाजिक दायित्व। अब समय आइसक्यो, सरकारले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिले रुचाएकै व्यक्तिसँग कानुनीरूपमा सम्बन्ध स्थापित गरी आफ्नो घरबार तथा परिवार सुरु गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्छ।

## ६.८ नेपालको सन्दर्भमा सिड : कार्यान्वयनका चुनौती

- रत्नकाजी वज्राचार्य

### परिचय

संयुक्त राष्ट्र सङ्घद्वारा सन् १९७९ मा पारित महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि (सिड) लाई विश्वभरि 'महिला अधिकारसम्बन्धी महासन्धि' (ओमेन्स बिल अफ राइट्स) का रूपमा ग्रहण गरिएको छ। मुलुकमा महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई समान अवसर, समान स्तर, समान जिम्मेवारी, विकास प्रक्रियामा सबैको समान सहभागिता एवं स्रोत तथा प्रतिफलमा सबैको समान पहुँच र निर्णय कार्यमा महिला र पुरुषको समान मत हुनु भनेको सबै प्रकारका सामाजिक लैङ्गिक भेदभाव अन्त्यको अनुपम नमुना हो।

'अविभेदको सिद्धान्त' बारे उपर्युक्त महासन्धिले 'महिलाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरू कुनै विषयसम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे/जस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताका आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण पार्ने उद्देश्य भएको, लिङ्गका आधारमा हुने कुनै पनि भिन्नता वा बहिष्कार वा प्रतिबन्ध सम्झनुपर्छ' भनि स्पष्ट ब्याख्या गरेको छ। नेपालले यो महासन्धि अनुमोदन गरेको ३२ वर्ष पूरा हुँदैछ।[1] सो महासन्धिको अनुमोदनपश्चात विभिन्न नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागतरूपमा मनग्य सुधार भए। तर हाम्रो समाजमा लिङ्ग र लैङ्गिकताका आधारमा गरिने भेदभाव यद्यपि कायमै छ। महासन्धि पालनाको स्थितिबारे हालसम्म राज्यले बुझाएका छवटा प्रतिवेदन[2] र सोउपर सिड समितिले उठाएका सरोकारका विषयहरू तथा सिफारिसका बुँदाहरू अध्ययन गर्दा भेदभाव अन्त्यका लागि नेपालले अझै धेरै काम गर्नुपर्ने खाँचो छ।

विशेषतः नेपालले छैटौं प्रतिवेदनमाथि सिड समितिको निष्कर्ष टिप्पणी[3] र सन् २०२२ नोभेम्बरभित्र बुझाउनुपर्ने सातौं प्रतिवेदनका सिलसिलामा संवैधानिक आयोगको हैसियतले राष्ट्रिय महिला आयोगद्वारा आयोजित सातैवटा प्रदेश र सङ्घमा आयोजित परामर्श बैठकको एक सहभागीका नाताले सो महासन्धिको कार्यान्वयनमा देखिएका चुनौतीहरूबारे स्वतन्त्र विचार प्रस्तुत गर्नु यो लेखको उद्देश्य हो।

### भेदभावविरुद्धको कानुन

लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन (२०६३), लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन (२०७२) का साथै नेपालको संविधान, मुलुकी

---

1 संयुक्त राष्ट्र सङ्घद्वारा सन् १९७९ डिसेम्बर १८ मा ग्रहण गरी १९८१ सेप्टेम्बर ३ देखि लागु भएको सिडलाई नेपालले सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो।

2 नेपालले सिड समितिमा प्रारम्भिक (पहिलो) प्रतिवेदन १६ नोभेम्बर १९९८, दोस्रो र तेस्रो संयुक्त प्रतिवेदन २६ नोभेम्बर २००२, चौथो र पाँचौं संयुक्त प्रतिवेदन ९ नोभेम्बर २००९ र छैटौं प्रतिवेदन १८ अप्रिल २०१७ मा बुझाएको थियो।

3 छैटौं प्रतिवेदनमाथि सिड समितिको निष्कर्ष टिप्पणीबाट १४ नोभेम्बर २०१८ मा प्राप्त भएको थियो।

देवानी संहिता (२०७४) र मुलुकी फौजदारी सहिंताले लैङ्गिक भेदभावलाई हटाएको भए तापनि नागरिकता र सम्पत्तिसम्बन्धी कानुनी प्रावधानहरूमा भने अझै सुधार आवश्यक छ । समाजमा प्रचलित सामाजिक मूल्य/मान्यता तथा व्यवहारहरू संसद्ले बनाएका कानुन भन्दा बलिया छन् । ती परम्परागत कानुनले वैधानिक कानुनका दस्ताबेजलाई चुनौतीका रूपमा कार्यान्वयनमा बाधा अवरोध सिर्जना गरिरहेका छन् । यसको अन्त्यका लागि भेदभावको बृहत् व्याख्यासहितको एकीकृत कानुन तर्जुमाको आवश्यकताप्रति सिड समितिको सिफारिस कार्यान्वयनका लागि पहल गर्नु समाधानको एक उत्तम उपायका रूपमा लिन सकिन्छ । यस सन्दर्भमा विक्रम संवत् २०७७ मा बनेको राष्ट्रिय लैङ्गिक समानता नीति पहिलो स्वागतयोग्य कदम हो ।[4] यसबाट भेदभाव अन्त्यका लागि अवश्य योगदान पुग्नेछ ।

लैङ्गिक समानता कानुन तर्जुमा भएमा सुधारको रफ्तारलाई थप तीव्र पार्न सकिनेछ । नीतिले सुधारका लागि मार्गचित्र कोर्छ भने कानूनले सबैलाई जिम्मेवार बनाउँछ । नीति उल्लङ्घन गरेमा कानुन लाग्दैन तर कानुन उल्लङ्घन गरेमा सजायको भागीदार बन्नुपर्छ । तर नीति कानुन जेसुकै बने तापनि आमरूपमा घरैदेखि छोरा र छोरीबीच गरिने भेदभावविरुद्धको चेतना जागृत नभएसम्म व्यवहारमा सुधार हुन गाह्रो छ । त्यसैले लैङ्गिक सामाजिकीकरणको चेत घर र विद्यालयदेखि नै संस्थागत गर्नुको विकल्प छैन । छोरा होस् वा छोरी, गर्भमा आएदेखि नै उनको स्याहार र हुर्काइमा भेदभाव गर्न हुँदैन भन्ने आममान्यता स्थापित गर्ने (सकारात्मक) अभिभावकीय शिक्षाको माध्यमद्वारा कानुनको अक्षरशः पालना सम्भव छ ।

## न्यायमा पहुँच

महिला, बालबालिका, ज्येष्ठ नागरिकका साथै विपन्न, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति एवं अन्य सीमान्तकृत वर्ग र समुदायलाई न्यायमा पहुँच दिलाउन राज्यले विभिन्न कानुनी प्रावधानहरूका साथै संस्थागत सरचनाहरू खडा गरेको छ र विगतको तुलनामा यस दिशातर्फ उल्लेख्य सुधार भएको छ । न्यायिक क्षेत्रको सुधारका लागि विभिन्न रणनीतिक योजना र कार्यविधिका दस्ताबेज बनेका छन् र बनाइएका छन् । लक्षित वर्गका लागि निःशुल्क कानुनी सहायता, द्रुत न्याय, बन्द इजलास, सुरक्षा, संरक्षण, क्षतिपूर्तिलगायतका सुविधासम्बन्धी व्यवस्था गरिएको छ । सबै तहका अदालतमा वैतनिक वकिल, जिल्ला जिल्लामा निःशुल्क कानुनी सहायता समिति, स्वेच्छिक निःशुल्क सेवा दिने कानुनवेत्ताहरू[5] को सेवासमेत उपलब्ध गर्ने/गराउने भनिएको छ ।

सङ्घीयता लागु भएपछि सानातिना सवाल र मुद्दाहरू घर आँगनमै समाधान होस् भनी स्थानीय तहमा न्यायिक समिति, मेलमिलाप केन्द्रलगायतका संयन्त्र खडा गरिएका छन् । न्याय सेवा प्रदायकलगायत नियमनकारी निकायका पदाधिकारिहरूको क्षमता अभिवृद्धिका साथै सोच र व्यवहार परिवर्तनका लागि विभिन्न विशेष तथा विभागीय प्रशिक्षण केन्द्रहरू स्थापना गरी तिनीहरूमार्फत प्रशिक्षण तथा अभिमुखीकरणका कार्यक्रमहरू नियमित तथा आवधिकरूपमा सञ्चालनमा छन् । तर पनि विपन्न र उपेक्षित वर्ग र समुदायले सहज न्याय प्राप्त

4 महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तयार पारेको राष्ट्रिय लैङ्गिक नीतिको सुरुको मस्यौदामा महिला, युएन ओमेनको सहयोगमा यो लेखकका साथै शान्तालक्ष्मी श्रेष्ठ र कञ्चन लामाले टिमको रूपमा काम गर्ने अवसर पाएका थियौं ।

5 नेपाल बार एसोसिएसनले नेपाल सरकारको नीतिअन्तर्गत रही प्रो-बोनो सेवा प्रदान गर्ने अधिवक्ताका लागि निर्देशिका जारी गरेको छ ।

गर्नमा कठिनाइ सामना गरिरहेको भन्नेबारे आमगुनासो व्याप्त छ।

मुलुकमा न्याय दिन/परदिन महँगो हुँदै गइरहेको, सर्वसाधारणका लागि त्यसमध्ये पनि नपढेका हिंसापीडित ग्रामीण महिलाका लागि उजुरी प्रक्रिया सरल नभएको, निःशुल्क कानुनी सहायताका लागि प्रक्रियागत झन्झट बेहोर्नुपरेको, स्थानीय सरकारको सिफारिस चाहिने बनाइदिँदा उल्टो शुल्क तिर्नुपरेको आदि व्यावहारिक समस्या टड्कारो छ। यी व्यवधान सल्टाउन कानुन तथा प्रक्रियागत सुधार एउटा उपाय हुन सक्छ भने विभिन्न सरकारी, गैरसरकारी तथा आमसञ्चारका माध्यमबाट कानुनी शिक्षा सचेतनाका साथै सबै तहमा कानुन कार्यान्वयन र न्याय निरुपणका लागि जिम्मेवार सबै सेवा प्रदायकहरूमा लैङ्गिकमैत्री प्रो-पुवर सोच पहिलो आवश्यकता छ जहाँ समाजमा विद्यमान अन्तर- विभाजकता (इन्टर-सेक्सनालिटी) मा मनग्य ध्यान पुगेको होस्।

हुने-खाने र हुँदा-खानेबीच अहिले गरिराखिएको फरक व्यवहारलाई उल्टाइ सम-दृष्टि, सम-भाव र सम-व्यवहारलाई प्रदर्शन गरेर मात्र न्यायमा पहुँच सुनिश्चित गर्न सकिनेछ। घर-आँगनको सरकारलाई महिलाको कानुनी सशक्तीकरणका लागि सोच, स्रोत र क्षमतासहितको जिम्मेवारी सबै भन्दा उत्तम उपाय हो, जुन ठाउँ र जुन समुदायमा उनीहरू टोल सुधार संस्था, विद्यालय समुदाय, समुदाय-प्रहरी साझेदारी, महिला, बालबालिका, किशोरी, युवाका लागि कार्यरत समुदायमा आधारित अन्य संस्थाहरूलाई पनि विश्वासमा लिइ परिचालन गर्न सकून्।

## लैङ्गिक संयन्त्र

संयुक्त राष्ट्र सङ्घको आह्वानमा मनाइएको अन्तर्राष्ट्रिय नारी वर्ष १९७५ र अन्तर्राष्ट्रिय नारी दशक (१९७६-८५) ले नेपालमा पनि महिला विकासको लहर ल्यायो। नेपालमा महिलाको स्थितिबारे अध्ययन भयो। पछिल्ला वर्षहरूका लागि महिला विकास कार्यक्रम अगाडि बढाउन आधाररेखा तयार भयो। वि.सं. २०३८ मा तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत ८ जना जनशक्तिसहितको महिला विकास शाखा स्थापना भयो। त्यसको लगत्तै २०३९ सालमा धादिङको गजुरी, तनहुँको थर्पु, नवलपरासीको रजहर, स्याङ्जाको वालिङ र सुर्खेतको रामकोटबाट ग्रामीण महिलाका लागि उत्पादन ऋण (प्रोडक्सन क्रेडिट फर रुरल ओमेन, छोटकरीमा पिसिआरडब्लु) कार्यक्रम सुरु भयो।[6]

यो कार्यक्रम २०३९ देखि २०५४ सालसम्म १५ वर्ष निरन्तर कार्यान्वयनमा रहँदा ५८ जिल्लामा फैलियो।[7] त्यसपछि कार्यक्रमको नाम र रूप फेरियो। सन् २००१ सम्म आइपुग्दा महिला तथा परिवारकेन्द्रित भई महिला सशक्तीकरण (ओमेन इम्पावरमेन्ट) आयोजना सञ्चालन गरियो।[8] त्यसपछि पनि कार्यक्रमको नाम फेरियो। समग्रमा महिला विकास कार्यक्रम भनियो। आ.व. २०५६/५७ मा महिला जागृति तथा आय आर्जन कार्यक्रम नाम दिइ एउटा नयाँ कार्यक्रम लागु भयो। उच्च आकाङ्क्षा पालेको भए तापनि महिला जागृति तथा आय

---

6 Production credit for Rural Women: Impact Evaluation Study UNICEF 1989 pp. 23-

7 महिला तथा बालबालिका विभाग, महिला विकास कार्यक्रम वार्षिक प्रगति प्रतिवेदन (२०७४/०७५) पृष्ठ ३८

8 Department of Women Development, Women Development Programme: Annual Progress Report 2001/01 pp. (13 -16).

आर्जन कार्यक्रम पहिलो वर्ष लागु भएको ९०५ गा.वि.स. मै सीमित रह्यो। पर्याप्त जनशक्ति र स्रोत विनियोजन अभावमा सो कार्यक्रम अरू गा.वि.स.मा विस्तार हुन सकेन। आ.व. २०६२/६३ देखि एकीकृतरूपमा महिला विकास कार्यक्रम सञ्चालन भयो। सो कार्यक्रम लागु भएपछि महिला विकास कार्यक्रम तत्कालीन सबै (७५) जिल्लामै विस्तार भएको मानियो।[9]

लैङ्गिक संयन्त्रका रूपमा वि.सं. २०३८ मा तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास शाखा स्थापना भएकामा महिला विकास महाशाखा हुँदै महिला विकास विभाग भनी नामकरण गरियो।[10] वि.सं. २०५२ मा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय महिला तथा बाल विकास परिषद् पनि गठन भयो।[11] सोही वर्षमा महिला तथा समाज कल्याण मन्त्रालय स्थापना भयो। वि.सं. २०५७ मा बालबालिका थप भई मन्त्रालयको नाम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय रहेकामा हाल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भनी नामाकरण गरिएको छ। २०५९ सालदेखि मन्त्रालयहरूमा र २०६१ सालदेखि जिल्लास्तरमा समेत लैङ्गिक सम्पर्क-विन्दुहरू व्यवस्था गरियो।

२०६३ सालमा निजामती सेवा ऐन संशोधन भई महिला विकास कार्यक्रमअन्तर्गत कार्यरत अस्थायी कर्मचारीहरूको सेवालाई लोक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षाबाट स्थायी सेवामा परिणत गर्ने व्यवस्था भएकामा प्रक्रियागतरूपमा २०६६ सालमा स्थायी सेवामा परिणत भए। २०७२ मा संविधान जारी भएपछि सङ्घीय संरचना लागु भई सङ्घ, प्रदेश र स्थानीय तह कायम भयो। सङ्घीय तहमा महिलाका लागि काम गर्ने मन्त्रालय र विभाग रहने वा नरहने प्रश्नहरूका बीच आफ्नो अस्तित्व जोगाउन सफल त भए तर कार्यक्रम र बजेटका दृष्टिले यी सङ्घीय स्तरका लैङ्गिक संयन्त्र साह्रै निरीह अवस्थामा रहेका पाइन्छ।

सङ्घीयता लागू भएपछि प्रदेशस्तरमा लैङ्गिक संयन्त्रका रूपमा सामाजिक विकास महाशाखाअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा स्थापना भए। ती शाखा/महाशाखाका अभिभावकका रूपमा रहेका मन्त्रालयहरूको नाम भने राजनीतिक भागबन्डा मिलाउने क्रममा प्रदेशअनुसार फरक फरक रहे।[12] लैङ्गिक विषयवस्तुलाई मन्त्रालयको नामसँग भन्दा पनि कामसँग जोड्ने हो भने प्रदेश मन्त्रालयहरूमा यो सवालमा काम गर्न तोकिएको जनशक्ति र विनियोजित बजेट अत्यन्त सीमित रहेकाले एकल उद्देश्यले लैङ्गिक समानता तथा महिला सशक्तीकरणमा काम गर्न प्रदेश मन्त्रालयहरू आशातितरूपमा सफल बन्न सकिने देखिँदैन।

अर्कोतर्फ जिल्लाहरूमा लैङ्गिक संयन्त्रका रूपमा काम गरिरहेका महिला तथा बालबालिका कार्यालयहरू सङ्घीयताका कार्यान्वयनपछि खारेज भए। महिला विकासका कर्मचारीमध्ये केही प्रदेश मन्त्रालयका सामाजिक

---

9 तत्कालीन सबै ७५ जिल्लाका ९०५ गा.वि.स.मा सुरु गरिएको महिला जागृति तथा आयआर्जन कार्यक्रमले ५ वर्षभित्र सबै (३,९१५) गा.वि.स.मा फैलिने लक्ष्य राखेको थियो।

10 २०५७ सालमा महिला विकास विभागलाई स्थानीय विकास मन्त्रालयबाट महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयअन्तर्गत राखियो। हाल सो विभागको नाम महिला तथा बालबालिका विभाग छ।

11 सो परिषद् अहिले अस्तित्वमा छैन।

12 प्रदेश नं. १, वाग्मती प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा सामाजिक विकास मन्त्रालय नै भनियो, मधेस प्रदेशमा महिला, बालबालिका, युवा तथा खेलकुद भनियो, गण्डकी प्रदेशमा शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय भनियो र लुम्बिनी प्रदेशमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय नामकरण गरियो।

विकास महाशाखाको दरवन्दीमा समायोजन गरियो भने अधिकांश कर्मचारी स्थानीय तहमा समायोजन गरियो। सिद्धान्ततः लैङ्गिक सवालहरूलाई मूलप्रवाहीकरण गर्दै सबै (७५३) स्थानीय तहमा महिला विकासका कर्मचारीलाई समायोजन गरिनु दिगो विकास लक्ष्यका १७ मध्ये १६ वटा लक्ष्यले निर्धारण गरेमुताविकको अन्तरसम्बन्धित लक्ष्य (क्रसकटिङ गोल) हासिल गर्न अत्यन्त सान्दर्भिक देखिन्छ। तर स्थानीय स्तरमा दिगो विकास लक्ष्यकै एकल लक्ष्य (स्ट्यान्ड एलोन गोल) का रूपमा रहेको लक्ष्य नं. ५ अन्तर्गतका लक्ष्यहरूसहित सिड र बेइजिङ कार्यमञ्चले तय गरेको १२ सरोकारका विषयमा दत्तचित्तले काम गर्ने लैङ्गिक संयन्त्रको भने अभाव खड्किएको छ।

जिल्लाहरूमा अरू सेवा प्रदायक, जस्तै- प्रशासन, प्रहरी, सरकारी वकिल, अदालत, भूमि सुधारका मात्र होइनन्, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वनलगायतका सेवा प्रदायकहरूको उपस्थिति अनेक नामले कायमै छन् भने लैङ्गिक सवालमा काम गर्ने कार्यालय मात्र किन हटाउनुपरेको थियो भन्ने गम्भीर प्रश्न पनि छ । यदि ती कार्यालय र कार्यक्रम प्रभावकारी थिएनन् भने तिनीहरूको क्षमता पो अभिवृद्धि गरिनुपर्ने थियो । जिल्लास्थित महिला तथा बालबालिका कार्यालयहरू खारेज भएसँगै समुदायस्तरमा सञ्चालित महिला विकास कार्यक्रम र सो कार्यक्रमद्वारा प्रबर्द्धित महिला समूह र समितिहरू सबै निष्क्रिय भए। महिला सहकारीहरू अरू सहकारीकै टोकरीमा मिसिन पुगे। विगतमा महिलाका ती संस्था जुन तरिकाले महिला लैङ्गिक समानता प्रवर्द्धन र लैङ्गिक हिंसा निवारणमा सक्रिय थिए, अहिले तिनीहरू अभिभावकविहीन बनेका छन्।

यदि मुलुकमा सङ्घदेखि स्थानीय तहसम्म लैङ्गिक सुशासन कायम गर्ने हो भने मानवीय संवेदना र लैङ्गिक सवालमा काम गर्ने संयन्त्रलाई बलियो र प्रभावकारी बनाउनुपर्ने हुन्छ। त्यसो नगर्नु भनेको लैङ्गिकताका दृष्टिले संवेदनहीन हुनु हो । यो सवाललाई सबैतिर प्राथमिकतामा राखिनु आजको आवश्यकता हो । तसर्थ सङ्घीयदेखि स्थानीय तहसम्म लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि कार्यरत संयन्त्र र जनशक्तिको क्षमता विकासतिर लगानी बढाउनेतर्फ सबैको ध्यान जान अत्यन्त जरुरी छ।

यसरी नै वि.सं. २०५८ मा राष्ट्रिय महिला आयोग गठन भयो। राष्ट्रिय महिला आयोग ऐन २०६३ सालमा जारी भयो। २०७२ साल असोज ३ गते जारी नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगका रूपमा व्यवस्था गरेको छ।

नेपालको संविधानले सबै प्रदेशमा आफ्नो कार्यालय विस्तार गर्न सक्ने गरी राष्ट्रिय महिला आयोगलाई एक स्वायत्त संवैधानिक आयोगको रूप दिएको छ। महिलाका सवालमा सरकारलाई नीति प्रतिपादनमा सहयोग गर्नुका साथै निगरानी राख्नु, अनुगमन गर्नु र महिलाविरुद्धको हिंसामा गुनासो/उजुरी लिइ सरोकारवाला निकायलाई आवश्यकताअनुसार प्रेषण गरी जिम्मेवार बनाउनुसमेत आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ।

आयोग हट लाइन (११४५) मार्फत महिलाविरुद्धको गुनासो/उजुरी लिने, मेलमिलापका प्रयास गर्ने, उजुरीका विषायमा कानुनी कारबाहीका लागि कानुन कार्यान्वयन निकायमा पठाउने, मनोसामाजिक, कानुनी तथा आवासीय हेरचाह सेवा सहायताका लागि आवश्यकताअनुसार अन्य सेवा प्रदायकमा प्रेषण गर्ने कार्य गर्दै आइरहेको छ। साथै आयोगमा उपलब्ध सीमित स्रोत साधनका साथ विभिन्न अध्ययन, प्रतिवेदन, प्रकाशन र

अनुगमनका माध्यमबाट आफ्नो दायित्व निर्वाह गर्दैछ भने मुलुकभर आफ्नो उपस्थिति र प्रतिनिधित्व बढाउने क्रममा छ।

यद्यपि, आयोगको प्रदेश कार्यालय स्थापनाका लागि बढ्दो चौतर्फी आवाजको सम्बोधनका साथै महिला हिंसा अन्त्य गर्ने कार्यमा प्रभावकारी हुन बाँकी नै छ। मुद्दालाई स्वयं अनुसन्धान अभियोजन गर्न पाउने मात्र होइन, आफ्नो कर्तव्य पालनाबाट च्यूत हुने अधिकारीमाथि सशक्त निगरानीको अधिकारसहित स्रोत र जनशक्तिको व्यवस्थामा समेत स्वायत्तता प्राप्त भएमा मात्र यो संवैधानिक लैङ्गिक संयन्त्रले आफ्नो प्रभावकारिता र दक्षता पुष्टि गर्न सक्नेछ। यसका साथै पदाधिकारीको नियुक्ति राजनीतिक दलको भागबन्डाका आधारमा भन्दा विषयमाथिको दखल, विज्ञता र अनुभवका आधारमा हुन सके सुनमाथि सुगन्ध भनेझैँ हुनेछ।

## सकारात्मक विभेद

मुलुकमा संविधानलगायत विशेष अधिकारसम्बन्धी विभिन्न ऐनले सारभूत समानतातिर उन्मुख हुनका लागि सकारात्मक विभेदको नीति र कार्यप्रक्रिया अवलम्बन गर्न प्रोत्साहन गरिरहेका छन्। ती व्यवस्थाले राज्यका विभिन्न अङ्ग र सेवामा महिला प्रतिनिधित्वलाई सङ्ख्यात्मकरूपमा बढाएको छ। यी विभिन्न नीति कानुनका विशेष व्यवस्था अस्थायी हुन्, दिगो समाधान होइनन्। यसमा पनि अन्तर-विभाजकतालाई सचेत भई ध्यान दिन जरुरी छ। अन्यथा सकारात्मक विभेद वा आरक्षणका नाउँमा सोही वर्गका सुविधा लिइरहेका वर्ग (एलिट क्लास) वा समुदायले नै अधिकतम लाभ उठाइरहने र उपेक्षित एवं बहिष्करणमा परेका वर्ग र समुदाय भने जहाँको तहीँ छाडिने स्थिति कायमै रहनेछ। त्यसैले एकातिर कोटा वा आरक्षण तात्कालिक आवश्यकता हो भने अर्कोतिर अवसर र लाभमा समान पहुँच हुने गरी सक्षम र सबल वातारण निर्माण गर्नु दिगो समाधान हो।

## महिलाविरुद्धको हिंसा र रुढिवादी सोच

समाजमा विद्यमान पितृसत्ताका कारण लैङ्गिकतामा आधारित विभेद, हिंसा, शोषण र दुर्व्यवहारका घटनाले प्रश्रय पाइरहेको छ। महिनावारि हुँदा गरिने विभेद, बालविवाह, बहुविवाह, बोक्सीको आरोप, दाइजो, गौना थौनालगायतका हानिकारक परम्परागत अभ्यास पनि विभिन्न समुदायमा कायमै छ। स्थानीय समुदायमा द्वन्द्वकालीन पीडित महिला र बालिकाले न्याय र राहत पाउनबाट वञ्चित रहनुपरेको गुनासो रहेकै अवस्था छ। जातीय भेदभाव तथा छुवाछूतविरुद्धको ऐन, छाउपडीसम्बन्धी, बोक्सीको आरोप आदिबारे कानून तर्जुमा भएका छन्। प्रदेशस्तरमा पनि केही उदाहरणीय कानुन, नीति बनेका छन्। उदाहरणका लागि सुदूरपश्चिम प्रदेश सरकारले छाउपडी प्रथाजन्य कुरीति उन्मूलन नीति २०७६ पारित गरेको छ। धनगढी उपमहानगरपालिकाले हानिकारक अभ्यास उन्मूलन नीति २०७८ पारित गरेको छ। लुम्बिनी प्रदेश र प्रदेश नं. १ मा बाल विवाह अन्त्य गर्ने रणनीति पारित भएको छ।

तर हानिकारक अभ्याससम्बन्धी कानुनी व्यवस्था र ती अभ्यासका दुष्प्रभावबारे सरोकारवालालाई सचेतना अभिवृद्धि र स्थानीय सरकारसमेतसँगको सहकार्यमा विस्तृत रणनीति विकास गर्नुपर्ने खाँचो छ। विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ/संस्था एवं जिल्लामा प्रहरी कार्यालय र स्थानीय न्यायिक समितिहरूमार्फत केही मात्रामा सचेतनामूलक कार्यक्रमहरू भइरहेका र केही स्थानीय तहमा सञ्जाल निर्माण भएको पाइए तापनि

कार्यान्वयन पक्ष कमजोर छ। नेपाल प्रहरी मातहत समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालनलाई व्यापकता दिइ समुदाय निगरानी प्रणाली र पारिवारिक संरक्षण प्रणालीलाई सुदृढ पार्न सकियो भने हिंसा र हानिकारक अभ्यासमा कमी आउनेछ।

## मानव बेचबिखन

मुलुकमा मानव बेचबिखन तथा ओसारपसारको समस्या नयाँ नयाँ आयामहरूसहित फराकिलो र गहिरो हुँदै गइरहेको छ। यसको नियन्त्रणका लागि कानुन, कार्ययोजना, कार्यक्रम र परियोजनाहरूको विकास गरी लागु गरियो। सन् २०२० मा लामो कालदेखि प्रतीक्षित प्रोटोकल टु प्रिभेन्ट, सप्रेस एन्ड पनिस ट्राफिकिङ इन पर्सन्स स्पेसल्ली ओमेन एन्ड चिल्ड्रेन २००० को अनुमोदन गर्नु आफैमा सह्रानीय कार्य हो। अब सो आलेखअनुरूप मानव बेचिबखन नियन्त्रणसम्बन्धी कानुनहरू परिमार्जन र पीडित/प्रभावितहरूको उद्दार, फिर्ती, पुनर्स्थापना र पुनः एकीकरणसम्बन्धी कार्यविधिहरू निर्माणको आवश्यकता छ।

नेपाल प्रहरी मातहत मानव बेचबिखनविरुद्ध अनुसन्धान विभाग स्थापनापछि मानव बेचबिखनका घटनाहरूको अनुसन्धान र कारबाहीमा प्रभावकारिता वृद्धि भएको छ। सो अनुसन्धान विभागलाई सबै प्रदेशमा विस्तार गर्नुपर्ने माग बढ्दो छ। विभिन्न जिल्ला तथा स्थानीय तहहरूमा वैदेशिक रोजगारमा जान चाहनेहरूको सुरक्षित आप्रवासनसम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। यसलाई व्यापकता दिन जरुरी छ। घरेलु कामदारका रूपमा विदेश जाने महिलाहरूमाथिको प्रतिबन्ध कायमै रह्यो भने भारतको बाटो गरी तेस्रो मुलुक जानुपर्दा बाटैमा बेचबिखन र मानव तस्करीबाट पीडित बन्नुपर्ने खतरा झन धेरै हुने अवस्था सिर्जना हुन्छ।

पीडित संरक्षण ऐन बनेको छ। मानव बेचबिखन र यौनजन्य हिंसाका पीडितका हकमा यो ऐनको प्रभावकारी कार्यान्वयनको आवश्यकता छ। पीडितहरूको समयमा नै पहिचान नहुँदा धेरै समस्या झेल्न बाध्य रहेको अवस्था अझै कायमै छ। अनुसन्धान, अदालती फैसलामा ढिलाइ, राहत/क्षतिपूर्ति उचित ढङ्गले समयमै नपाउने, पीडकहरूबाट डर धम्की प्रलोभन, परिवारमाथिको दबाब, असुरक्षा र सामाजिक लाञ्छनाका कारण बेचबिखनमा मुद्दा अपेक्षित मात्रामा दर्ता नहुने र दर्ता भएका केसमा पनि पीडितहरू होस्टाइल हुने गरेको अवस्था छ।

केही प्रदेश सरकार र स्थानीय तहले पुनर्स्थापना केन्द्र र पुनर्स्थापना कोषको व्यवस्था गरिसकेका छन्। यो प्रयासलाई व्यापकता र निरन्तरता दिन जरुरी छ। विगतमा सबै जिल्ला र ७०० भन्दा धेरै गाविसमा मानव बेचबिखन नियन्त्रण जिल्ला समिति र स्थानीय समिति निर्माण भएकामा महिला तथा बालबालिका कार्यालयहरू खारेजीपछि ती समितिको क्रियाशीलतामा कमी आएको छ।

मलुकको कानुनअनुसार यौनकार्य गैरकानुनी हो। त्यस्तो कार्यमा संलग्न महिलाको संरक्षण सम्बन्धमा हालसम्म नेपालमा कुनै कानुन छैन। देह व्यापर गर्ने र गराउनेलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अन्तर्गतका कसुरमा मात्र अनुसन्धान र अभियोजन गर्ने गरिएको छ। वास्तवमा यौनकर्ममा संलग्न महिला वा बालिका बेचबिखनबाट पीडित व्यक्ति हुन्। कसैको ललाइफकाइ, दबाब वा प्रभाव र शोषणका कारण बाध्यताले उनीहरू सो पेसा अङ्गाल्न पुगेका हुन्। उनीहरूलाई वैकल्पिक पेसामा संलग्न गराउने प्रयास प्रभावकारी हुन सकेको छैन।

## राजनीतिक सहभागिता

निर्वाचनमा महिलाका लागि आरक्षणको व्यवस्था सविधानले सुनिश्चित गरेकाले मात्र सङ्घ र प्रदेशमा ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत महिला सहभागिता छ। प्रत्यक्षतर्फको निर्वाचनमा राजनीतिक दलहरू महिलालाई उम्मेदवार बनाउन अनुदार छन्। राजनीतिक नेतृत्व र नीति निर्णय तहमा महिलाको सहभागिता अर्थपूर्णरूपमा हुन सकेको छैन। स्थानीय तहमा दलित महिलाका लागि आरक्षणबाहेक अन्य वर्ग र समुदायका लागि इन्टर-सेक्सनालिटीको अभ्यास भएको छैन। निर्वाचित महिलाको क्षमतामाथि विश्वास नगर्ने मानसिकता आमरूपमा कायमै छ। महिला सहभागिता र प्रतिनिधित्वबारे नीति नियम सुधारोन्मुख भए तापनि सार्वजनिक र निजी क्षेत्रमा महिलाको सहभागितालाई भौतिक उपस्थितिमा मात्र हेरिने गरेको अवस्था छ ।

## अन्तर्राष्ट्रिय प्रतिनिधित्व

अन्तर्राष्ट्रिय मञ्चहरूमा केही मात्रामा महिलाको प्रतिनिधित्व भए तापनि राजदूतलगायतका नियुक्ति र अन्तर र्ष्ट्रिय फोरममा महिलाको प्रतिनिधित्वको अवस्था कमजोर देखिन्छ। पहुँचवाला महिलाको हकमा भने प्रतिनिधित्व दोहोरिएको अवस्था पनि छ। वैदेशिक भ्रमणमा महिलाको केन्द्रीय स्तरबाट मात्र सहभागिता हुने गरेको र प्रदेश तथा स्थानीय तहका महिलालाई उपेक्षा गरिएको गुनासो सुनिन्छ। सबै क्षेत्रमा महिलाको ३३ प्रतिशत अनिवार्य प्रतिनिधित्वको सरकारको नीति राजनीतिक नियुक्तिहरूमा प्रतिविम्बित हुन अझै धेरै समय पर्खनुपर्ने अवस्थाले गर्दा राजनीतिक नेतृत्व तह महिलाको सहभागितका विषयमा अनुदार छ भन्ने कुरा यथार्थमा पुष्टि भइरहेको छ।

## नागरिकता

नागरिकता प्राप्तिमा महिलाको पुरुष समान अधिकार संविधान र कानुनद्धारा प्रत्याभूत हुन सकेको छैन। संविधानले बुवा र आमालाई बच्चाको राष्ट्रियता निर्धारण गर्न सक्ने अधिकार दिएको भए तापनि महिलाको हकमा सो अधिकार पूर्णरूपमा प्रयोगमा आउन सकेको छैन। आमाको नामबाट नागरिकता प्रदान गर्ने केही कानुनी व्यवस्था भए तापनि व्यावहारिकरूपमा लागु भएको छैन। वैवाहिक अङ्गीकृत नागरिकताको विषय अन्योलपूर्ण नै छ।

आमाको नामबाट नागरिकता लिनका लागि संविधानले व्यवस्था गरेको भए तापनि नागरिकता प्राप्त गर्नेसम्बन्धी स्पष्ट कानुन अभाव हुँदा नेपालको राष्ट्रियता जोखिममा नपर्ने गरी नागरिकतासम्बन्धी ऐन जारी गरी नागरिकता र राष्ट्रियता महिला वा पुरुष मात्र नभई स्वयं बालबालिकाको पनि अधिकार हुनुका साथै वैवाहिक अङ्गीकृत नागरिकता प्राप्तिको कानुनी आधार तय गर्न आवश्यक छ। नागरिकतासम्बन्धी कानुन निर्माणमा राज्य पक्षबाट ढिलाइ भइरहेको छ। संसद्‌बाट पारित नागरिकतासम्बन्धी विधेयक प्रमाणीकरण हुन नसकेर निष्क्रिय बनेको छ। व्यक्तिगत घटना दर्तामा जन्म र मृत्यु दर्तालाई केही हदसम्म खुकुलो बनाउने गरी सङ्घीय मन्त्रालयबाट परिपत्र भएको छ।

## शिक्षाको अधिकार

गरिब, दुर्गम क्षेत्र, दलित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक, अपाङ्गता भएका बालिकाहरूका लागि सहयोग संयन्त्र, छात्रवृत्ति र प्रोत्साहन अभिवृद्धि गर्ने सवालमा नीतिगत व्यवस्था भएको छ। तर सबैका लागि समुचित पहुँच हुन नसक्दा भेदभाव कायमै रहेको देखिन्छ। प्रदेशहरूमा उच्च माध्यमिक प्राविधिक शिक्षातर्फ छात्राहरूलाई सामुदायिक विद्यालयमा छात्रवृत्ति, छोरी बुहारी छात्रवृत्ति, दिवा खाजा, छोरी बचत, शिक्षक तालिमको व्यवस्था, अपाङ्गता भएका बालबालिकाका लागि विशेष विद्यालयको व्यवस्था भइरहेका उदाहरण छन्। तर यी र यस्ता प्रयास सबै समुदायका लागि व्यापक हुन सकिरहेको पाइँदैन। मनासिब दूरीमा बालिका तथा अपाङ्गमैत्री विद्यालयहरू, स्वच्छ पिउने पानी र बालिकाहरूका लागि छुट्टै शौचालयको व्यवस्था पनि आंशिकरूपमा भइरहेको अवस्था छ। तर सबै क्षेत्रमा, अझ विशेषगरी दुर्गम स्थानमा यसप्रकारका विद्यालय सुविधा पुग्न बाँकी नै छ।

विद्यालयभित्र र बाहिर बालिकाहरूको सुरक्षा सबै भन्दा चासोको विषय हो। बालिकाविरुद्ध हुने यौनजन्य दुर्व्यवहार शारीरिक दण्ड, कष्ट लैङ्गिकतामा आधारित हिंसा नियन्त्रणका लागि सुरक्षित विद्यालय घोषणा आदि आंशिकरूपमा भए तापनि सम्पूर्ण विद्यालयमा लागु हुन सकिरहेको छैन। प्राथमिक र माध्यामिक तहमा महिला शिक्षकको सङ्ख्यामा वृद्धि हुनु सुखद पक्ष हो। सबै तहका सबै क्षेत्रमा यसलाई बढावा दिन जरुरी छ। अपाङ्गता भएका बालबालिकाका लागि विशेष विद्यालय कार्यक्रम केही ठाउँमा लागु भए तापनि सार्वजनिक विद्यालयलाई अपाङ्गमैत्री पाठ्यक्रम व्यवस्था गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरी सरकारी शिक्षालाई अनिवार्य गर्नुपर्ने अवस्था छ।

## रोजगारीको अधिकार

श्रम बजारमा रहेको ठाडो र तेर्सो विभाजनको विषय उन्मूलन गर्न अपनाइएका उपायहरूको कार्यान्वयन स्थितिलाई नियाल्दा सबै क्षेत्रमा तल्लो तहमा महिलाको सङ्ख्या वृद्धि भए तापनि निर्णय तहको स्थिति उत्साहजनक देखिँदैन। अनौपचारिक क्षेत्रमा कार्यरत महिलाहरू विशेषगरी घरेलु काममा संलग्न महिला कामदार सामाजिक सुरक्षासम्बन्धी अधिकार उपभोग गर्नबाट अझै बञ्चित छन्। सो क्षेत्रलाई ऐन कानुनले समेट्न सकेको छैन। श्रमसम्बन्धी ऐन नियमावली जारी भए तापनि महिलाले सो क्षेत्रमा न्यूनतम पारिश्रमिक र समान कामका लागि समान ज्याला पाउन सकेका छैनन्। यो क्षेत्रमा श्रम कार्यालयको अनुगमनसमेत छैन।

सरकारी कार्यालयमै करारका महिला कर्मचारीले सुत्केरी बिदा नपाउँदा विभेद भइरहेको अवस्था छ। घरेलु कामकाजी व्यस्तताका कारण रोजगारीको अवसरबाट वञ्चित हुन, समान स्तरका कर्मचारीहरूमा महिलालाई कार्य विभाजनमा विभेद कायमै छ। कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार सहिंता २०७४ बने तापनि सार्वजनिक र निजी क्षेत्रका कानुनद्वारा परिभाषित कार्यस्थलहरूमा दुर्व्यवहारविरुद्धको आचारसंहिता पालना हुन सकिरहेको छैन।

स्थानीय तहका पदाधिकारीहरूका लागि केही प्रदेशमा त्यहाँ रहेका प्रदेश सुशासन प्रतिष्ठानहरूले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारणसम्बन्धी आचारसहिता निर्माणका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी अभिप्रेरित गरेका छन् ।[13] आचारसंहिताको पालना र यौनजन्य दुर्व्यवहारविरुद्धको उजुरी तथा कारबाही भविष्यमा कति प्रभावकारी हुनेछ भन्ने खोजको विषय हो ।

## स्वास्थ्य अधिकार

शिक्षाको सबै तहमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, उमेर सुहाउँदो लैङ्गिक संवेदनशील बृहत् यौन शिक्षा पाठ्यक्रम र शिक्षकलाई प्रशिक्षणसम्बन्धी नीति दस्तावेजहरू राम्रा बनेका छन् । तर कार्यक्रमहरूको स्थानीय तहमा कार्यान्वयनको स्थिति भने कमजोर अवस्थामा छन् । सुरक्षित गर्भ पतन कार्यक्रम, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, आमा सुरक्षा कार्यक्रम, निःशुल्क एम्बुलेन्स, दुर्गम हवाई उद्दार कार्यक्रम, खुसहाल परिवार कार्यक्रम, सुत्केरी आमालाई पोषण तथा घरभेट कार्यक्रम, स्वास्थ्य संस्थामा किशोर/किशोरीमैत्री वातावरणमार्फत सेवा र परामर्श सेवाको विस्तार क्रमशः भइरहेको छ। यसलाई अझै व्यापक बनाउनुपर्ने खाँचो छ। ग्रामीण र दुर्गम क्षेत्रलगायतका सम्पूर्ण महिला र बालिकाका लागि गुणस्तरीय र उमेर सुहाउँदा यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने नीतिगत व्यवस्था भए तापनि व्यवहारमा सबैले समान पहुँच पाएको अवस्था छैन।

दलित, आदिवासी जनजाति, अपाङ्गता भएका महिला, एलजिबिटिआइक्यु प्लस, व्यावसायिक यौनकार्यमा संलग्न महिला र दुर्गमा क्षेत्रका महिलाविरुद्ध स्वास्थ्य सेवा प्रवाहमा सिद्धान्ततः भेदभाव गरिँदैन। तर व्यवहारमा तल-माथि हुने गुनासो व्यापक सुनिन्छ । सेवाग्राहीहरूले आवश्यकताअनुसारको तथा पर्याप्त औषधिहरू स्वास्थ्य संस्थाबाट पाएको अवस्था छैन भने ओसिएमसीलाई स्रोत साधन सम्पन्न बनाइ स्वास्थ्य क्षेत्रलाई सुधार गर्दै लैजानुपर्ने अवस्था छ ।

## आर्थिक तथा सामाजिक लाभको अधिकार

पैत्रिक सम्पत्तिमा महिलाको हकसम्बन्धी नीतिगत र कानुनी व्यवस्था छ तर सबै महिलाले समानरूपमा अधिकार उपभोग गर्न भने पाएका छैनन् । महिलाका नाममा सम्पत्ति खरिदको व्यवस्था महिलाको समान अधिकार स्थापना गर्ने भन्दा कर कम तिरे पुग्ने प्रयोजनका लागि बढेको देखिन्छ। महिलाको ब्याङ्क ऋण, धितो वा अन्य प्रकारका वित्तीय ऋण लिने अधिकार सबैका हकमा समानरूपमा लागु भएको पाइँदैन।

महिलाको नाममा जुनसुकै प्रक्रिया/प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित लिखतमा रजिस्ट्रेसन शूल्कमा २५ प्रतिशत छूट पाउने व्यवस्था छ। यसबाट महिलाको नाममा घर/जग्गाको स्वामित्व कागजीरूपमा वृद्धि भएको छ। तर यथार्थमा भने सम्पत्तिमाथिको महिलाको अधिकार सङ्कुचनकै अवस्थामा छ। रजिस्ट्रेसनको सुविधा कतिपय कर छली गर्न प्रयोग भइरहेको अवस्था छ। तसर्थ लैङ्गिक समानता कायम गर्न बनेका नीति कानुनलाई सरलरूपमा व्यवहारमा कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

13 गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशका स्थानीय तहका पदाधिकारीहरू (उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लैङ्गिक सम्पर्क बिन्दुहरू) को अभिमुखीकरणमा लेखकले पनि सहजीकरण गर्ने अवसर प्राप्त गरेको थियो।

## सुविधाबाट वञ्चित महिलाहरू

आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र मर्मअनुरूप कार्यान्वयन हुन सकिरहेको छैन। आदिवासी जनजाति समुदायमा पनि सुविधा प्राप्त सीमित व्यक्तिहरूको मात्र अवसरमा पहुँच पुगेको र सुविधाबाट वञ्चित वर्ग पछाडि नै छुटेका छन् भन्ने आमगुनासो जहाँको तहीँ छ। ग्रामीण महिलाको आत्मनिर्णयको अधिकार कुण्ठित अवस्थामै छ। दलितमाथि जातीयता र छुवाछूतका आधारमा गरिने भेदभाव मुलुकभर, अझ विशेषगरी ग्रामीण क्षेत्रमा व्यापकरूपमा कायमै छ।

त्यसैगरी राष्ट्रपति महिला उत्थान कार्यक्रमको कार्यान्वयन प्रभावकारीरूपमा हुन सकिरहेको छैन। ग्रामीण भेगमा पहुँचवालाहरूले मात्र यस्तो अवसरबाट लाभ लिइरहेका देखिन्छ। ग्रामीण महिला लक्षित महिला सशक्तीकरण कार्यक्रम महिला तथा बालबालिका कार्यालयको खारेजीसँगै निष्प्रभावी बनेको छ।

## समान कानुनी अधिकार

कानुनको दृष्टिमा महिलालाई पुरुष समान अधिकार र संरक्षण छ। तर व्यवहारमा भने समानता भएको देखिँदैन। महिलाको पैत्रिक सम्पत्तिमाथिको अधिकार र दम्पतीबीचको सम्पत्तिको अधिकारकै कुरा गर्दा ती अधिकार हरूको पूर्ण र स्वतन्त्ररूपमा प्रयोग, उपभोग र हस्तान्तरण गर्ने अधिकार महिलालाई प्राप्त भएको देखिन्न। मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि बनेका कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक छ। त्यस्तै आवतजावत, आवास र बसोबास छान्न पाउने समान अधिकारको सवालमा महिलाले कानुनी अधिकार पाए पनि व्यवहारमा प्रयोग कठिन छ। तसर्थ, कानुनी सुधारहरूले मुलुकमा औपचारिक समानता कायम गरे तापनि सारभूत समानताका लागि भने सोच परिवर्तन र व्यवहार सुधारको खाँचो छ।

## विवाह र परिवार

विवाहको अधिकारमा समानता देखिए तापनि महिलाले स्वतन्त्ररूपमा वर रोज्ने अधिकारमाथि हस्तक्षेप हुने गर्छ भने सम्पत्तिको स्वामित्व प्राप्ति, व्यवस्थापन भोगचलनमा महिलाको निर्णयलाई कुण्ठित गरिएको छ। मुलुकी संहिताले गरेको व्यवस्थालाई समसामयिक एवं व्यावहारिक परिवर्तन गरी अंशको समान अधिकार कार्यान्वयन गरी सामाजिक विकृतिका रूपमा रहेका विभिन्न परम्परा अन्त्य गर्न जरुरी छ। कतिपय अवस्थामा गैरवैवाहिक सम्बन्धका कारण बच्चा जन्मिएमा स्वतः विवाह कायम हुने व्यवस्थाले महिला र बालकका लागि व्यावहारिक समस्या निम्त्याएको छ।

सामाजिक प्रचलनअनुसार कुनै कुनै समुदायमा बहुपति प्रथा कायम देखिन्छ। बालविवाह र बहुविवाह बदरभागी हुन्। यसमा कुनै द्विविधा छैन। विवाह बदर हुनुका कारण सामाजिक मूल्य/मान्यताले केही महिला र बालिकालाई झनै पीडित बनाएको पनि देखिन्छ। कुनै समुदायमा तीनपटक तलाक भनेपछि सम्बन्ध विच्छेद हुने व्यवस्थाले महिला नै पीडित बनेका छन्। प्रजनन अधिकारको प्रयोगमा महिलालाई पारिवारिक दबाब र सांस्कृतिक हीनताले नकारात्मक प्रभाव पारिरहेको छ। यी सबैमा सुधार खाँचो छ।

## निष्कर्ष

मलुकमा लैङ्गिक सुशासन कायम नभएसम्म सारभूतरूपमा लैङ्गिक समानता हासिल हुने छैन। लैङ्गिक सुशासन कायम गर्नका लागि राष्ट्रिय महिला आयोग र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अहम् भूमिका खेलिरहेको छ। तर यी दुई निकायको प्रयासले मात्र पुग्दैन। सबै सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाज संस्थाहरूको पनि त्यत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ।

सबै तहका सरकार र सबै क्षेत्र लैङ्गिक संवेदनशील (जेन्डर सेन्सेटिभ) मात्र भएर पुग्दैन लैङ्गिक उत्तरदायी (लैङ्गिक रेस्पोन्सिभ) हुनै पर्छ। लैङ्गिक खण्डीकृत तथ्याङ्क व्यवस्थापनका साथै महिला अधिकार महासन्धिका व्यवस्थाहरू व्यवहारमा लागु गर्न, बेइजिङ घोषणापत्र र कार्ययोजना कार्यान्वयन गर्न र दिगो विकास लक्ष्य प्राप्त गर्न राज्यले नीति, कार्यक्रम, कार्ययोजनाका कागजी दस्ताबेज बनाएर मात्र पनि पुग्दैन। यी सबै अरूलाई हामीसँग यी यी कुरा छन् भनी देखाउनका लागि मात्र हुन्। कार्यान्वयन नै गरेर देखाउन जरुरी छ। सबै तहको सरकारले आ-आफ्नो क्षेत्रमा विज्ञ जनशक्तिसहितको लैङ्गिक संयन्त्र खडा नगरेसम्म लैङ्गिक सुशासन नारामा मात्र सीमित रहनेछ।

महासन्धिमा हस्ताक्षर गरेको ३ दशक नाघिसक्दा पनि कतिपय सरोकारवालामा सिड कुन चराको नाम हो भन्ने अवस्था रहनुले पनि लैङ्गिक संयन्त्रको अभाव रहेको तथ्य पुष्ट्याइँ गर्छ। मोफसलको कुरा छाडौँ, राजधानीका सरोकारवाला मन्त्रालय र विभागका जिम्मेवार अधिकारीहरूलाई समेत यसबारे ज्ञान छैन। यो अवस्था बदल्न सबै सचेत हुन आवश्यक छ।

## ६.९ श्रमिक महिला : समस्या र समाधान

- सीता लामा

अध्यक्ष, जिफन्ट राष्ट्रिय महिला कमिटी

हाम्रो समाजमा समानताको अभाव महिलासँगै जोडिएर आउने गर्छ। समानता भन्नाले अधिकारमा समानता, अवसरमा समानता, रोजगारीमा समानता, शिक्षादीक्षामा समानता, एकै प्रकृतिका काम गरेबापत पाउने पारिश्रमिकमा समानता, पहुँचमा समानता र सम्पत्तिमाथिको अधिकारमा समानता जस्ता थुप्रै विषय महिलासित जोडिएका छन्। जुन आममहिलासित प्रत्यक्ष जोडिएर आउने अति नै महत्त्वपूर्ण विषयवस्तु हुन्। तर व्यवहारमा सधैं असमानता खेपिरहन बाध्य छन् नेपाली महिला। काम गर्ने वा आफ्ना सिप र ज्ञानलाई पैसासित साट्ने श्रमिक महिलाले कति विभेद र अन्याय खेपिरहेका होलान् ? एकपटक सोचौं त।

हाम्रो समाज अनि काम गर्ने कार्यथलोमा विभेद, असमानता र हिंसाले विकराल रूप लिएको छ। नेपालको संविधानको धारा १८ मा समानताको हकलाई मौलिक हकमा राखिएको छ। धर्म, वर्ण, जात, जाति, लिङ्ग, वैवाहिक अवस्था, शारीरिक अवस्था, आर्थिक अवस्था, वैचारिक अवस्था, अपाङ्गता, भाषा तथा अङ्गालेको पेसा जस्ता कुनै पनि आधारमा भेदभाव गर्नुहुँदैन भनि मौलिक हकमा उल्लेख गरिएको छ। यसरी कानुनले समानताको हक दिए पनि व्यवहारमा भने कार्यान्वयन भएकै छैन। आमरूपमा महिलाहरू साथै त्यसमा पनि श्रमिक महिलाको समस्या अझ धेरै छन्। आममहिलाको समस्या साथै कामसँग जोडिएको कार्यथलोको समस्या पनि थप हुँदा श्रमिक महिलाहरू अझ बढी पीडित छन्। महिला अधिकार मानव अधिकार, श्रमिकको अधिकार/श्रमिक महिलाको अधिकार मानव अधिकार हो भनेर अझै पनि नारा लगाउनैपर्ने, सरोकारवाला र राज्यलाई घच्घच्याइरहनुपर्ने अवस्था छ।

श्रमको संसारमा संलग्न श्रमिक महिलाले देशको अर्थतन्त्रको विकास र विस्तारमा योगदान दिएका छन्। हुन त जनसङ्ख्यामा महिलाको प्रतिशत बढी छ तापनि श्रम बजारमा पुरुषको दाँजोमा महिलाको संलग्नता न्यून छ। हाम्रो श्रम बजार दक्ष श्रमिकहरूको प्रतिस्पर्धा रहेको प्रतिस्पर्धात्मक श्रम बजार हो। प्रतिस्पर्धामा भाग लिँदा निश्चय नै पूर्णरूपमा दक्ष र पूर्ण ज्ञान भएकाले अवसर प्राप्त गर्ने हो। दक्ष र सक्षम तथा पूर्ण ज्ञानका लागि छोरीलाई पनि छोरासरह शिक्षादीक्षा दिने, ज्ञान सिक्न (दक्षता) तथा सिप हासिल गर्नका लागि छोरा सरह अवसर दिने र छोरालाई जत्तिकै लगानी गर्ने वातावरण घरका अभिभावकले छोरीलाई पनि दिएमा मात्र पुरुषसित महिलाले प्रतिस्पर्धा गर्न सम्भव छ।

महिलाले अवसर नपाउनु र पहुँचमा कमी आजको यथार्थ हो तर पितृसत्ताको अवशेष अझै पनि बाँकी रहेको र पुरुषप्रधान समाज भएकाले अर्थ उपार्जन गर्ने काम पुरुषको मात्रै हो भन्ने मान्यता जस्ता प्रचलन समाजमा व्याप्त छन्। यिनै कारण छोरी तथा महिलाले स्वतन्त्रताको हक, समानताको हक र सम्मानपूर्वक बाँच्न पाउने हकबाट वञ्चित छन्। जसका कारण श्रमको संसारमा महिलाको उपस्थिति न्यून छ। श्रम बजारमा प्रतिस्पर्धा महिलाले महिलासँग मात्रै नभई पुरुषसित पनि गर्नुपर्ने आजको यथार्थ हो। प्रतिस्पर्धामा अब्बल भएको श्रमिकले मात्र अवसर पाउने भएकाले केवल पुरुषको बाहुल्यता श्रम बजारमा हामी देख्छौं। अहिले श्रमको संसारमा बिस्तारै

श्रमिक महिला प्रवेश गरिरहेका छन् । विगतमा उद्योग क्षेत्र, कृषि क्षेत्र र सेवा क्षेत्रमा मात्रै महिलाको संलग्नता रहेकामा अहिले समयको प्रवाहसँगै शिक्षाको क्षेत्र, ब्याङ्क तथा वित्तीय क्षेत्र, सूचना र प्रविधिको क्षेत्रहरूमा पनि श्रमिक महिलाहरूको व्यापक संलग्नता रहेको अवस्था छ ।

श्रमजीवी वर्गलाई नेपालको संविधानले श्रमको हक र रोजगारीको हक भनी मौलिक हकका रूपमा लिपिबद्ध गरेको छ । तर संविधानद्वारा प्रदत्त अधिकार व्यवहारमा कार्यान्वयन नभएका कारण श्रमजीवी वर्ग समस्यामा छन् । श्रमको हकले कुनै पनि श्रमिकलाई उचित पारिश्रमिक पाउने अधिकार दिएको छ । त्यसैगरी योगदानमा आधारित सामाजिक सुरक्षाको हक, ट्रेड युनियन खोल्न पाउने तथा सामूहिक सौदावाजी गर्न पाउने हक पनि दिएको छ । यसैगरी समावेशी सिद्धान्तका आधारमा श्रमिकलाई राज्यको निकायमा सहभागिताको हक हुनेछ भनी संविधानको धारा ४२ मा सामाजिक न्यायको हकमा हकमा उल्लेख छ । साथै श्रम ऐन २०७४ ले श्रमिकहरूको हक अधिकारलाई सुरक्षित गर्ने बलियो कानुन भए पनि अझै कार्यान्वयन नभएका कारण श्रमजीवीहरूले समान कामको समान ज्याला नपाएको अवस्था छ ।

यति मात्र हैन, कामअनुसारको दाम नदिएको, बढी समय (दिनको ८ घण्टा मात्रै काममा लगाउन पाउने कानुनी प्रावधान छ) काममा लगाएबापत न्यूनतम पारिश्रमिक नपाउने अवस्था, कामको ज्याला समयमै नपाउने, सुरक्षित कार्यथलोमा काम गर्न पाउने अधिकार (पर्याप्त मात्रामा प्रकाशको व्यवस्था, सफा, खुला र स्वच्छ वातावरण भएको कार्यथलो, मेसिनहरूमा सुरक्षा गार्ड भएका, भेन्टिलेसनको व्यवस्था भएको, कार्यथलोमा प्रयोग गर्ने रसायनबारे सुसूचित गराउन जानकारी दिलाउने), पेसाका कारण श्रमिकको स्वास्थ्यमा असर नपरोस् भनेर पेसाअनुरूप व्यक्तिगत सुरक्षा सामग्रीहरू (हेल्मेट, मास्क, पन्जा, गम बुट, एप्रोन, चस्मा, सेफ्टी बेल्ट आदि), पर्याप्त मात्रामा स्वच्छ पिउने पानीको व्यवस्था, महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय, शिशु स्याहार केन्द्र तथा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा जस्ता थुप्रै श्रमिकका अधिकार श्रम ऐनमा भए पनि कलकारखाना वा कार्यथलोहरूमा कार्यान्वयनचाहिँ नभएको अवस्था छ ।

सरकारले घोषणा गरेको न्यूनतम पारिश्रमिक रू. १५०००।- ( पन्ध्र हजार रुपियाँ) अर्थात कुनै पनि श्रमिकलाई काममा लगाउँदा कम्तीमा सरकारले तोकेको न्यूनतम वेतन दिनुपर्ने व्यवस्था कानुनतः गरेको छ । साथै त्यो भन्दा बढी जति पनि आपसी सहमति, सम्झौता तथा योग्यता र दक्षताका आधारमा दिन सकिने भए तापनि अधिकांश श्रमिकहरू न्यूनतम वेतनबाट वञ्चित छन् । श्रमिकहरूले पनि ६० वर्ष उमेर पुगेपछि पेन्सन पाउने, श्रमिक महिला सुत्केरी हुँदा तलवी बिदा पाउने, २४ हप्ता भन्दा बढीको गर्भ तुहिएमा वा मृत शिशु जन्मेमा न्यूनतम पारिश्रमिक बराबरको रकम सुविधा पाउने, श्रमिक महिला सुत्केरी हुँदा निजको श्रीमान्ले प्रसूति स्याहारका लागि तलवी बिदा पाउने, दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना जस्ता सुविधाहरू योगदानमा आधारीत सामाजिक सुरक्षाबाट श्रमिकले प्राप्त गर्ने सुविधा हुन ।

माथि उल्लिखित सुविधाहरू प्राप्त गर्नका लागि श्रमिकको आधारभूत पारिश्रमिकको ११ प्रतिशत रकम श्रमिकका तर्फबाट र रोजगारदाताका तर्फबाट २० प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्छ । भएका कानुन श्रमिकहरूको हितका लागि निर्मित भए पनि कार्यान्वयन भएका छैनन् । यही कारण श्रमिकहरूले विविध प्रकारका समस्या झेलिरहेका छन् । विशेषगरी श्रमिक महिलाहरू बढी

समस्याग्रस्त अवस्थामा छन् ।

महिलाले गर्ने कामका रूपमा घरभित्र गरिने काम (खाना बनाउने, घर सफा गर्ने, लुगा धुने, बालबच्चा तथा ज्येष्ठ नागरिकको स्याहारसुसार गर्ने, करेसाबारी चिटिक्क बनाउनेलगायतका काम) लाई कामका रूपमा नलिने प्रचलन कायमै छ । यसरी महिलाले गर्ने घरको कामको मूल्य (पैसा) नै नहुने अर्थात कामको गणना नै नगर्ने अवस्था एकातिर छ भने अर्कोतिर त्यही घरभित्रको काम गर्नका लागि बाह्य मान्छे राखेमा भने पारिश्रमिक दिनुपर्ने अवस्था छ ।

अहिले शहरी क्षेत्रमा घरेलु श्रमिक राख्ने चलन बढ्दो छ । कसैले आफ्नो घरमै राखेर घरायसी काम गराउने गर्छन् भने कसैले साँझ/बिहानको समयमा निश्चित घण्टा काममा लगाउने गर्छन् । कसैले चाहिँ हप्तामा १/२ दिन काम गर्न बोलाउने गर्छन् । घर-घरमा गएर काम गर्ने अथवा काम लगाउनेको घरमै बसेर काम गर्ने घरेलु श्रमिकहरूमा अधिकांश महिला छन् । अतः घरेलु श्रमिक भनेको अरूका घरमा गएर काम गर्ने श्रमिक हो । घरेलु श्रम पनि एउटा महत्त्वपूर्ण रोजगारीको स्रोत हो । घरेलु श्रमिकका समस्या सङ्क्षिप्तमा निम्न छन् :

- काम गर्ने समय अनिश्चित छ ।
- ज्याला/तलव काम लगाउनेको तजविजमा भर पर्नुपर्ने ।
- बिदाको सुविधा नभएको ।
- दलित समुदायलाई घरेलु काम गर्न नदिने/नपाउने ।
- पेसाका कारण अपहेलना गर्ने ।
- बिरामी हुँदा स्वास्थ्य उपचार राम्रोसित नपाउने ।
- गर्भवती तथा सुत्केरी हुँदाको अवस्थामा काम नपाउने ।

हिंसा र दुर्व्यवहार मुक्त कार्यथलो, व्यवसायजन्य स्वास्थ्य र सुरक्षासम्बन्धी व्यवस्था भएको र न्यूनतम पारिश्रमिक तथा बाँच्न पुग्ने ज्याला पाउने श्रमिक/श्रमिक महिलाको हक हो । श्रमिक महिलाहरूको अवस्थामा सुधार गर्नका लागि र समस्या समाधान गर्नका लागि तीनै तहका राज्य र काम लगाउनेहरू (रोजगारदाता) ले निम्नानुसार उल्लिखित कार्यहरू सम्पन्न गर्न आवश्यक छ :

- सबै प्रकारका श्रम गर्ने श्रमिकहरूको स्थानीय तहमा पञ्जीकरण गर्ने ।
- श्रम ऐन २०७४ को कार्यान्वयन गर्ने ।
- अपराध संहिता ऐन २०७४ कार्यान्वयन गर्ने ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ कार्यान्वयन गर्ने ।

- औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसाविरुद्धको आचारसंहिता २०६७ कार्यान्वयन गर्ने ।
- योगदानमा आधारित सामाजिक सुरक्षामा सबै श्रमिकलाई सूचीकृत गर्ने ।
- सरकारले कार्यथलोमा हुने लैङ्गिक हिंसाविरुद्धको आइएलओ अभिसन्धि १९०, घरेलु श्रमसम्बन्धी अभिसन्धि १८९, सामाजिक सुरक्षासम्बन्धी अभिसन्धि १०२ र व्यवसायजन्य स्वास्थ्य तथा सुरक्ष( ासम्बन्धी अभिसन्धि १५५ अनुमोदन गर्नुपर्ने ।

लैङ्गिक हिंसा कुनै व्यक्तिप्रति उसको भिन्न लैङ्गिक पहिचानका कारण गरिने दुर्व्यवहार र हिंसा भएकाले विशेषगरी महिला बढी पीडित छन् । मानसिक असर, शारीरिक, मनोवैज्ञानिक र आर्थिक क्षति तथा यातनाहरू लैङ्गिक हिंसाबाट हुने असर हुन् । यसको नकारात्मक असर स्वयं पीडित व्यक्ति, परिवार, कार्यथलो, गरिने काम र समाजमा पर्छ । लैङ्गिक हिंसा मानव अधिकारविरुद्ध हो । कामको संसारमा हुने हिंसा तथा दुर्व्यवहारको शून्य सहनशीलता, हिंसारहित कार्यथलो, स्वस्थ तथा स्वच्छ वातावरणमा काम गर्ने श्रमिक/श्रमिक महिलाको हक हो । श्रमिकको हक मानव अधिकार हो । मानव अधिकार हनन गर्ने छूट कसैलाई पनि छैन ।

कानुन बन्दैमा, पर्याप्त अधिकारहरू पुस्तकमा उल्लेख गरी लेख्दैमा र कानुनले अधिकार पर्याप्त दिएको छ भन्दैमा मात्रै श्रमिक महिलाले अधिकार पाएको तथा कार्थथलोमा भोगिरहेका समस्याको समाधान हुन्छ भनी बुझ्नु सरासर गलत हुन्छ । किनभने किताबमा भएका कानुन व्यवहारमा जबसम्म कार्यान्वयन हुँदैन तबसम्म श्रमिक वर्गले आफ्नो अधिकार प्राप्त गर्ने तथा हिंसा र दुर्व्यवहाररहित कार्यथलो बन्दैन । अतः श्रमजीवी वर्गको मर्यादित जीवनका लागि, मर्यादित कामका लागि र श्रमको सम्मानका लागि सबैले आआफ्नो स्थान (३ तहका सरकारहरू, रोजगारदाता र सरोकारवाला सङ्घ/संस्थाहरू) बाट पहलकदमी र सहयोग गरौं । साथै जिम्मेवार बनौं । सुन्दर श्रम संसारका लागि परिवर्तन सम्भव छ ।

## ६.१० एकीकृत सेवाका लागि एकद्वार सङ्कट व्यवस्थापन केन्द्र

- रोशनीदेवी कार्की
उपसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

### सारांश

विश्वमै लैङ्गिक हिंसा भन्नाले बालिका, किशोरी र महिलामाथि हुने जति पनि हिंसा, विभेद, दुर्व्यवहार, अन्याय र अत्याचारका कारण मानसिक, शारीरिक, यौनजन्य, मनोवैज्ञानिक, आर्थिक, सामाजिक प्रभावहरू पर्छन् । लैङ्गिक हिंसाका स्वरूप बदलिएझैँ हिंसामा महिला मात्र नपरी जोकोही पनि पर्न सक्छन् र जोसुकैले पनि हिंसा र दुर्व्यवहार गर्छन् अर्थात् महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लैङ्गिक हिंसामा पर्न सक्छन् र हिंसा गर्ने व्यक्ति जोकोही पनि हुन्छन् भन्ने तथ्यले प्रमाणित गरिसकेको छ । यद्यपि, सत्यचाहिँ के हो भने लैङ्गिक हिंसा बलियोले कमजोर व्यक्तिमाथि गर्छ । बलियो तथा शक्तिशाली केबल बल र बुतामा मात्र नभई आर्थिक, राजनीतिक, प्रशासनिक, सामाजिक, धार्मिक, शैक्षिक र सांस्कृतिकरूपमा बलियो/शक्तिशाली पुरुष हुन्छन् र आज पनि बालिका, किशोरी र महिला पुरुषबाटै लैङ्गिक हिंसाका सिकार भएका छन् ।

कानुनीरूपमा लैङ्गिक हिंसा भन्नाले लिङ्गका आधारमा गरिने जुनसुकै हिंसा, विभेद र दुर्व्यवहारलाई बुझाउँछ। काम गर्ने स्थानमा कार्य वातावरण स्वच्छ, स्वस्थ र मर्यादित नभई भयरहित छ र त्यहाँ यौनजन्य हिंसा र दुर्व्यवहार हुन्छ भने त्यो पनि लैङ्गिक हिंसा मानिन्छ । त्यस्तै समाजमा धर्म, परम्परा, रीतिरिवाज र संस्कारका नाममा हानिकारक अभ्यासबाट हुन सक्ने हिंसालाई समेत लैङ्गिक हिंसा भनिन्छ । नेपालको संविधानमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक कसैलाई पनि आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, शैक्षिक वा शारीरिक, मानसिक, गर्भावस्था, अपाङ्गता, दुर्गम, सुगम आदिका कारणले कुनै पनि प्रकारको विभेद, हिंसा, यातना, दुर्व्यवहार वा अन्य कुनै पनि प्रकारको अन्याय र अपमानजनक व्यवहार गर्नु हुँदैन र गरेको अवस्थामा क्षतिपूर्तिसहितको न्याय प्रदान हुनुपर्छ भन्ने प्रावधान छ।

सामान्य जीवनमा समेत बालिका, किशोरी र महिलाहरू जोखिममा रहेका मानिन्छन् भने हिंसा भएको अवस्थामा अझ जोखिम/सङ्कटमा पर्ने भएकाले हिंसामा परिसकेपछि पीडित तथा प्रभावितहरूलाई आवश्यक सेवा सुविधाका लागि कुनै असहजता, झन्झट नहोस्, महँगो शुल्क तिर्नु नपरोस् र निरन्तर/द्रुतरूपमा आवश्यक एकीकृत सेवा (तत्काल उद्धार, राहत, क्षतिपूर्ति, औषधि उपचार, मनोसामाजिक परामर्श, क्लिनिकल मेडिको लिगल, क्षमता विकास, कानुनी सहायता, संरक्षण, पुनर्स्थापना, मर्यादित जीवनसहित सामाजिकीकरण) उपलब्ध गराउने प्रयोजनले अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएका छन् ।

नेपाल सरकारको महत्त्वपूर्ण यो कार्यक्रम हालसम्म ७७ वटा जिल्लाको ९४ वटा अस्पतालमा लागु छ जसलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका नामले चिनिन्छ । यी केन्द्रहरूमा सरकारले नीतिगत, संस्थागत, वित्तीय, कार्यक्रमगत र सम्पर्क व्यक्तिसमेतको व्यवस्था गरेको छ। स्थानीय पालिकाभित्रको न्यायिक समितिमा लैङ्गिक हिंसामा परेका पीडितहरूको उद्दार, राहत, पुनर्स्थापनाको जिम्मेवारी र कार्यक्षेत्र परेकाले केही पालिकाले

एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापनाका लागि सहयोग र समन्वय गरिदिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सहमति माग गरेका छन् । मन्त्रालयले आवश्यकता, लैङ्गिक हिंसाको अवस्था, एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको दूरी, जनशक्ति व्यवस्थापन र वित्तीय विनियोजन, एकीकृत सेवा दिने अन्य निकायको अवस्था (जस्तै- संरक्षणका लागि नेपाल प्रहरी, कानुनी सहायताका लागि सरकारी वकिल, पुनर्स्थापना केन्द्र, फरेन्सिक विज्ञ/मेडिको लिगल तालिम प्राप्त जनशक्ति आदि) हेरी केन्द्र सञ्चालनका लागि सहमति प्रदान गर्ने गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आगामी योजना एकद्वार सङ्कट व्यवस्थापन केन्द्र विस्तार गर्ने नभई गुणात्मक सुधारसहितको सुदृढीकरण गर्ने रहेको छ।

## परिचय

एकीकृत सेवा भन्नाले लैङ्गिक हिंसापीडित तथा प्रभावितहरूलाई जुनसुकै समयमा आवश्यक पर्ने आठ प्रकारका निःशुल्क सेवाहरू बुझिन्छ जसमा- स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, चिकित्सकीय कानुनी सेवा, सुरक्षा, आश्रय, शिक्षा, चेतना र सशक्तीकरण, कानुनी उपचार अल्पकालीन/दीर्घकालीन पुनर्स्थापना र मर्यादित जीवनसहित सामाजिक/घरायसी पुनर्मिलन पर्छन् । जसलाई संबोधन गर्न सरकारले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यक्षेत्रभित्र अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (हस्पिटल बेस्ड वन स्टप क्राइसिस म्यानेजमेन्ट सेन्टर - ओसिएमसी) स्थापना गरी सञ्चालनमा ल्याएको छ।

एकीकृत सेवाभित्र निम्नानुसारका सेवा पर्छन् :

- स्वास्थ्योपचार,
- मनोसामाजिक परामर्श,
- चिकित्सकीय कानुनी सेवा,
- सुरक्षा,
- कानुनी उपचार,
- आश्रय ,
- शिक्षा, सञ्चार सशक्तीकरण तालिम, बिउ पुँजी
- पुनर्स्थापना सामाजिक पुनर्मिलन

आठै प्रकारका सेवाहरू अस्पताल आफैँले उपलब्ध गराउन संभव छैन। यसैले अन्य सेवा प्रदायक निकायबाट बहुपक्षीय संयोजनद्वारा आवश्यक पर्ने एकीकृत सेवाहरू पूर्णरूपमा एकै ढोकाबाट निःशुल्क तथा चौबीसै घन्टा उपलब्ध गराउने प्रयोजनले अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको हो । लैङ्गिक हिंसापीडित/प्रभावितहरुलाई आवश्यक एकीकृत सेवा छिटो, छरितो, सहज, सरल र निःशुल्करूपमा एकद्वारबाट उपलब्ध गराउन नेपाल सरकारबाट स्वीकृत 'लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९' ले दिएको कार्यदिशानुरूप सबै जिल्लामा एकद्वार

सङ्कट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन गर्न २०७७ सालमा अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हो।

यसै निर्देशिकाबमोजिम मापदण्ड कायम गरी सङ्घीय मन्त्रालयअन्तर्गत १६ वटा अस्पतालमा, प्रदेशअन्तर्गत ७३ वटा अस्पतालमा र स्थानीय तहमा ५ वटा अस्पतालमा केन्द्र स्थापना भैसकेका छन्। सरकारले यी सबै ओसिएमसीका लागि नीतिगत, संस्थागत, कार्यक्रमगत, वित्तीय व्यवस्था र सम्पर्क व्यक्तिको समेत व्यवस्थापन गरेको छ। विपद्/महामारी सङ्कट तथा प्राकृतिक प्रकोपको समयमा समेत लैङ्गिक हिंसापीडित तथा प्रभावितलाई प्राथमिकतामा राखी निरन्तर सेवा प्रवाहित हुनुपर्ने मान्यता छ।

एकीकृत सेवाका लागि एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा रहेका अस्पतालको विवरण :

## १. प्रदेश नं. १.

१. इनरुवा अस्पताल, इनरुवा नगरपालिका, सुनसरी
२. पाँचथर अस्पताल, फिदिम नगरपालिका, पाँचथर
३. फाप्लु अस्पताल, दूधकुण्ड नगरपालिका, सोलुखुम्बु
४. रुम्जाटार अस्पताल, सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
५. धनकुटा अस्पताल, धनकुटा नगरपालिका, धनकुटा
६. बि.पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान
७. उदयपुर अस्पताल, त्रियुगा नगरपालिका, गाईघाट उदयपुर
८. कोशी अस्पताल, विराटनगर मोरङ
९. इलाम अस्पताल इलाम,
१०. मेची अस्पताल, भद्रपुर
११. ताप्लेजुङ अस्पताल, ताप्लेजुङ
१२. सङ्खुवासभा अस्पताल, सङ्खुवासभा
१३. तेह्रथुम अस्पताल, तेह्रथुम
१४. भोजपुर अस्पताल, भोजपुर
१५. खोटाङ अस्पताल, खोटाङ
१६. रङ्गेली अस्पताल, मोरङ

## २. प्रदेश नं. २

१७. सर्लाही अस्पताल, मलङ्गवा नगरपालिका, सर्लाही
१८. गजेन्द्रनारायण सिंह अस्पताल, राजविराज सप्तरी
१९. गौर अस्पताल, गौर नगरपालिका, रौतहट

२०. कलैया अस्पताल, कलैया उपमहानगरपालिका, बारा

२१. नारायणी अस्पताल, वीरगन्ज

२२. जनकपुर अस्पताल, जनकपुर

२३. सिरहा अस्पताल, सिरहा

२४. बर्दिबास अस्पताल, सप्तरी

२५. महोत्तरी अस्पताल, महोत्तरी

२७. राम स्मारक अस्पताल,

## ३. वाग्मती प्रदेश

२६. परोपकार स्त्री तथा प्रसूति रोग अस्पताल, काठमाडौँ

२७. धुलिखेल सामुदायिक अस्पताल, धुलिखेल नगरपालिका, काभ्रे

२८. भरतपुर अस्पताल, भरतपुर, चितवन

२९. हेटौँडा अस्पताल, हेटौँडा महानगरपालिका, मकवानपुर

३०. चौतारा अस्पताल, चौतारा नगरपालिका, सिन्धुपाल्चोक

३१. चरिकोट प्राथमिक स्वास्थ्य केन्द्र, भीमेश्वर नगरपालिका, दोलखा

३२. मन्थली प्राथमिक स्वास्थ्य केन्द्र, मन्थली नगरपालिका, मन्थली

३३. रामेछाप अस्पताल,

३४. सिन्धुली अस्पताल, कमलामाई नगरपालिका, सिन्धुली

३५. भक्तपुर अस्पताल, भक्तपुर

३६. त्रिशूली अस्पताल, विदुर नगरपालिका, नुवाकोट

३७. पाटन अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर

३८. कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल, वीर अस्पताल

३९. राष्ट्रिय ट्रमा सेन्टर,

४०. ठोकर्पा आधारभूत अस्पताल सिन्धुपाल्चोक,

४१. शहीद शुक्रराज ट्रपिकल तथा सरुवा रोग नियन्त्रण अस्पताल, टेकु

४२. रसुवा अस्पताल, रसुवा

## ४. गण्डकी प्रदेश

४३. पोखरा अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कास्की

४४. दमौली अस्पताल, व्यास नगरपालिका, तनहुँ

४५. धौलागिरी अस्पताल, बाग्लुङ

४६. गोर्खा अस्पताल, गोर्खा नगरपालिका, गोर्खा
४७. स्याङ्जा अस्पताल, स्याङ्जा
४८. पर्वत अस्पताल, पर्वत
४९. म्याग्दी अस्पताल, म्याग्दी
५०. मनाङ अस्पताल, मनाङ
५१. मुस्ताङ अस्पताल, मुस्ताङ
५२. लमजुङ अस्पताल, लमजुङ
५३. मध्यविन्दु अस्पताल, नवलपरासी पूर्व

## ५. लुम्बिनी प्रदेश

५४. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती अस्पताल, घोराही दाङ
५५. भेरी अस्पताल, नेपालगन्ज
५६. लुम्बिनी अस्पताल, बुटवल
५७. पृथ्वीचन्द्र अस्पताल, रामग्राम नगरपालिका, नवलपरासी
५८. प्युठान अस्पताल, प्युठान नगरपालिका, प्यूठान
५९. पाल्पा अस्पताल, तानसेन नगरपालिका, पाल्पा
६०. तम्घास अस्पताल, रेसुङ्गा नगरपालिका, गुल्मी
६१. सन्धिखर्क अस्पताल, सन्धिखर्क नगरपालिका, अर्घाखाँची
६२. तौलिहवा अस्पताल, सन्धिखर्क नगरपालिका, कपिलवस्तु
६३. गुलरिया अस्पताल, गुलरिया नगरपालिका, बर्दिया
६४. रुकुम अस्पताल, मुसीकोट नगरपालिका, रुकुम
६५. रोल्पा अस्पताल, रोल्पा
६६. रामपुर अस्पताल, पाल्पा
६७. तुलसीपुर अस्पताल, दाङ
६८. भीम अस्पताल, रूपन्देही

## ६. कर्णाली प्रदेश

६९. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला
७०. प्रादेशिक अस्पताल, वीरेन्द्रनगर, सुर्खेत
७१. रुकुम मुसीकोट अस्पताल, पश्चिम रूकुम
७२. दैलेख अस्पताल, दैलेख

७३. जाजरकोट अस्पताल, जाजरकोट

७४. हुम्ला अस्पताल, हुम्ला

७५. मुगु अस्पताल, मुगु

७६. डोल्पा अस्पताल, डोल्पा

७७. कालीकोट अस्पताल कालीकोट

७८. सल्यान अस्पताल, सल्यान

७९. मेहलकुना अस्पताल, सुर्खेत

## ७. सुदूरपश्चिम प्रदेश

८०. डोटी अस्पताल, दीपायल नगरपालिका, डोटी

८१. महाकाली, अस्पताल, कञ्चनपुर

८२. मङ्गलसेन अस्पताल, मङ्गलसेन नगरपालिका, अछाम

८३. बैतडी अस्पताल, दशरथचन्द नगरपालिका, बैतडी

८४. बाजुरा अस्पताल, बडिमालिका नगरपालिका,बाजुरा

८५. सेती अस्पताल, धनगढी

८६. डडेल्धुरा अस्पताल, डडेल्धुरा

८७. बझाङ अस्पताल, बझाङ

८८. दार्चुला अस्पताल, दार्चुला

८९. टीकापुर अस्पताल, कैलाली

९०. गोकुलेश्वर अस्पताल, दार्चुला

## एकीकृत सेवा प्रवाहमा देखिएका प्रमुख समस्या

लैङ्गिक हिंसापीडित प्रभावितहरू विशेषगरी परिवार, छिमेकी र आफन्तबाटै हिंसामा परेका हुन्छन् जसका कारण उनीहरूमा शारीरिक, मानसिक तथा यौनजन्य विकारहरू देखिन्छन् । जब पीडितहरू हिंसापश्चात सेवा प्राप्त गर्ने निकायमा उद्धार, राहत, संरक्षण, न्याय, र पुनर्स्थापनाका लागि पुग्छन् । तत्पश्चात उनीहरूमाथि कुनै प्रकारको असहजता, झन्झट र सेवा खर्चिलो नबनोस् भन्ने मनसायले निःशुल्क, निरन्तर आवश्यक सेवा प्रदान गर्न एकीकृत सेवा वितरणका लागि एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गरिएको माथि नै उल्लेख भैसकेको छ ।

आर्थिक वर्ष २०७८/०७९ मा ६० वटा ओसिएमसी बाट प्राप्त विवरण :

- लैङ्गिक हिंसामा परेका पीडित/प्रभावितको जम्मा सङ्ख्या- ११०४६
- महिला - १०४९१
- पुरुष - ५२८
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक - २७

यिनै सेवालाई के/कसरी चुस्त, दुरुस्त बनाउँदै पीडितमैत्री बनाउने भन्ने विषय प्रभावकारिताको हो। एकीकृत सेवामध्येका तीनवटा (शारीरिक उपचार, मानसिक उपचार र क्लिनिकल मेडिको लिगल सेवा) नित्तान्त अस्पतालको मानिन्छ। यी सेवा प्रदान गर्न अस्पताललाई कुनै पनि प्रकारको असहजता हुनुहुँदैन। बाँकी ५ प्रकारका (क्षतिपूर्तिसहितको न्याय, सुरक्षा, क्षमता विकास, अल्पकालीन तथा दीर्घकालीन आश्रयस्थल, मर्यादित जीवन र सामाजिक पुनर्स्थापना) सेवाहरू अस्पताल स्वयंले पीडितलाई उपलब्ध गराउन सक्दैन जसका लागि अन्य सरोकारवाला सेवाप्रदायक निकायसँगको सहयोग, समन्वय, र सहकार्यमा मात्र सम्भव हुन्छ।

केन्द्रमा तोकिएका सम्पर्क व्यक्ति स्वास्थ्यकर्मी/नर्सले मात्र समन्वय र सहकार्य गर्न त्यति सहज नहुन सक्छ। नेपाल प्रहरी, सरकारी वकिल, अल्पकालीन दीर्घकालीन पुनर्स्थापना केन्द्र, सिप तथा तालिम दिने निकाय सबै लैङ्गिक हिंसाबाट पीडित/प्रभावितको उद्दार, राहत र पुनर्स्थापनाका लागि ओसिएमसीमा एकसाथ पुगेको खण्डमा मात्र सेवा प्रभावकारी हुन्छ। समग्रमा एकीकृत सेवा प्रभावकारी बनाउन कमजोर बनाउने मुख्यतया तीनवटा कारण देखिन्छ :

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको कमजोर भौतिक संरचना,
- पर्याप्त तालिम प्राप्त स्वास्थ्य जनशक्ति अभाव,
- प्रभावकारी गोपनीयताको संरक्षण अभाव,

१. एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरूको कमजोर भौतिक अवस्था- एकीकृत सेवा प्रवाहका लागि सरकारले ९४ वटा अस्पतालमा एकद्वार सङ्कट व्यवस्थापना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ। केन्द्र सञ्चालनको कानुनी आधार अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका, २०७७ हो जसले केन्द्र स्थापनाका लागि आवश्यक न्यूनतम प्रक्रियाहरूका बारेमा प्रष्ट पारेको छ। यद्यपि सरकारी अस्पतालहरूको भवन, कोठाचोटाको अवस्था, स्याहार र संरक्षणको व्यवस्थापनमा विशेष ध्यान नहुँदा केवल न्यूनतम मात्र देखिन्छ।

पीडित/प्रभावितहरू ओसिएमसीमा प्रेषण भएका माध्यम

१. प्रहरी - ३८२१

२. आफैँ - १७६४

३. नातेदार -३५३९

४. आवास गृह - ५०३

५. गैरसरकारी सङ्घ/संस्था - ५९९

६. स्वास्थ्य संस्था - ५६५

७. स्थानीय तह - ५२

८. अन्य - ६९०

त्यसमा पनि अन्य रोगहरूको उपचारका लागि राम्रो, उज्यालो, पारिलो कोठाहरूको व्यवस्था मिलाउने र केन्द्रका लागि यो संवेदनशील हुनुपर्ने, गोप्य हुनुपर्ने, सकभर सबैले देख्ने गरी स्थापना गर्न नहुने भन्ने मान्यताले अँध्यारो, कुनाको कोठा मिलाइदिने गरिन्छ। त्यसमा पनि न्यूनतम तीनवटा कोठा (उपचार कक्ष, परीक्षण कक्ष, परामर्श कक्ष) हुनुपर्नेमा कतिपय अस्पतालमा ठूलो कोठालाई विभाजन गरी तीनवटा सानो सानो स्पेस बनाउनुपरेको देखिन्छ। त्यस्तै अस्पताललाई कुनै पनि समयमा आकस्मिक स्वास्थ्य परीक्षणका लागि कोठा जरुरी भएमा पहिलो प्रहार एकद्वार सङ्कट व्यवस्थापन केन्द्र नै हुने तीतो यथार्थले एकीकृत सेवा प्रभावकारी बनाउन सकिएको छैन।

घटनाको पृष्ठभूमि

- बहुविवाह - १३९
- दाइजो - १२२
- बोक्सीको आरोप - ४५
- घरेलु हिंसा - ४५
- छाउपडी - १६५
- मानव बेचबिखन - ६१
- सामाजिक विभेद - ६५१
- बालविवाह - ३१८
- बालश्रम - १८१
- अन्य - १०८०

२. पर्याप्त जनशक्तिको अभाव, भएको जनशक्तिलाई पनि निरन्तर सिप, तालिम र क्षमता विकासमा विशेष ध्यान नदिनु- महत्त्वपूर्ण कुरा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका लागि मात्र छुट्टै दरबन्दी छैन । एकैजना नर्सिङ अधिकृत/स्वास्थ्यकर्मीले २४ सै घन्टा सेवा प्रदान गर्न संभव छैन । त्यसमा पनि पूरै अस्पतालको काममा तोकिएको सम्पर्क व्यक्तिलाई खटाइने गरिएको छ । जसले गर्दा समय व्यवस्थापन र शारीरिक तथा मानसिक कार्यबोझले पीडितमैत्री सेवा प्रवाह गर्न कठिन देखिन्छ ।

तोकिएका कर्मचारीहरूलाई निरन्तर ६ महिनाको मनोसामाजिक परामर्श तालिम, क्लिनिकं मेडिको लिगल तालिम र अटप्सीसहितको फरेन्सिक विज्ञ बनाउन सकिएको छैन । पटक-पटक सङ्घ, प्रदेश र स्थानीय तहलाई कर्मचारी सम्बन्धित कामकै लागि ओं.एन्ड. एम. सर्भे गरिनुपर्छ भन्ने सुझाव दिए तापनि कार्यान्वयनमा ल्याउन सकिएको छैन । केन्द्र सञ्चालनका लागि हरेक वार्षिक मार्गनिर्देशिकामा एकजना सहजकर्ता राख्न सकिने व्यवस्था भए पनि दक्ष र परोपकार मन भएको भन्दा पनि जागिर खाने र खुवाउने प्रवृत्तिले सेवा प्रभावकारी बनाउन सकिएको छैन ।

स्वास्थ्य सेवा
- आकस्मिक गर्भ निरोधक सेवा - ८४२
- यौन रोगको उपचार - ५११
- सुरक्षित गर्भ पतन सेवा - ६६६
- मानसिक रोगको उपचार - ७८५
- मनोसामाजिक परामर्श सेवा - ७४२३

३. सहकार्य र समन्वयको कमी- एकीकृत सेवा प्रदान गर्ने मूलभूत उद्देश्यले स्थापना तथा सञ्चालनमा ल्याइएको सरकारको महत्त्वपूर्ण कार्यक्रम एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट प्रदान गरिने सेवालाई एकद्वार बनाउन सकिएको छैन । एकद्वारका लागि आठवटै सेवालाई एकै स्थानमा ल्याउन आवश्यक हुन्छ । लैङ्गिक हिंसा पीडित/प्रभावितहरू जुनसुकै माध्यमबाट अस्पतालमा आउँछन्, सेवाप्रदायक निकायहरू, नेपाल प्रहरी, न्यायिक निकाय, क्षमता विकासका लागि शिक्षा, तालिम केन्द्र सिप विकास तालिम दिने संस्थाहरू, पुनर्स्थापना सेवा प्रदायक संस्थाहरू अन कलमा रहन सकेमात्र एकीकृत सेवा संभव हुन्छ । निर्देशिकाले तोकेरै अन कलमा रहनुपर्ने भनिएका सरकारकै निकायहरू प्रहरी प्रशासन र सरकारी वकिलको व्यवस्थापन हुन सकेको छैन भने अन्य निकायको उपस्थिति कमजोर हुँदा नामअनुसारको एकद्वार सेवा सञ्चालन गर्न सहज छैन ।

लैङ्गिक हिंसामा परेका अपाङ्गता भएका व्यक्तिहरूको विवरण
- जम्मा सङ्ख्या - २४९९
- आखासंग सम्बन्धित - १७७१
- शारीरिक अपाङ्गता - ५१४
- मानसिक तथा बौद्धिक अपाङ्गता - ११०

४. अनुगमन/नियमन निकायको उपस्थिति प्रभावकारी नहुनु- लैङ्गिक हिंसा व्यवस्थापन क्रस कटिङ मुद्दा हो । अर्थात लैङ्गिक हिंसाबाट जो कोही पीडित प्रभावित हुन्छन् भने उनीहरूको व्यवस्थापन गर्न कुनै एक संस्था, व्यक्ति, निकाय क्षेत्रबाट मात्र उद्धार, राहत, संरक्षण, क्षमता विकास, मर्यादित जीवन, पुनर्स्थापना र सामाजिकीकरण गर्न सकिन्न । अस्पतालमा रहेको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र हिंसापीडित/प्रभावितलाई परेको पीडा कम गर्दै संवेदनशीलता र गोपनीयतासहित तुरुन्त उद्धारका लागि अस्पतालमा शारीरिक तथा मानसिक उपचारका लागि सहज बनाउन स्थापना गरियो ।

बुझाउन नसकिएको मुख्य कुरा लैङ्गिक हिंसा व्यवस्थापनका लागि जिम्मेवार सेवाप्रदायक सङ्घ/संस्थाहरू सबै ओसिएमसी हुन, यसको व्यवस्थापन हाम्रो जिम्मेवारीभित्र पर्छ तर व्यवस्थापनमा उद्देश्यअनुरूप भएन । यहाँ जो/जो जिम्मेवार निकाय छन्, उनीहरू भूमिका निर्वाह गर्नु भन्दा अनुगमन गर्ने र सेवा प्रभावकारिता भएन भनी प्रतिवेदन मात्र गरेको पाइयो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको लैङ्गिक हिंसा व्यवस्थापनमा उत्तिकै भूमिका हुनुपर्नेमा केबल अनुगमन मात्र गर्ने भूमिका देखिन्छ ।

पीडित/प्रभावितलाई उपलब्ध गराइएका सेवा

- शारीरिक परीक्षण - ७२२७
- विधि विज्ञान तथा चिकित्साजन्य कानुनी परीक्षण - ३६८२
- एचआइभी परीक्षण तथा परामर्श सेवा - ४८९२
- गर्भ परीक्षण सेवा - ४४४७
- घाउ चोटपटक उपचार - ३३४९

त्यस्तै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लैङ्गिक हिंसापीडित प्रभावितका लागि कोष स्थापना गरिएको छ । दीर्घकालीन पुनर्स्थापना केन्द्र मङ्गला सहाना सञ्चालनमा छ तर ओसिएमसीमा सेवा लिन आएकाहरूका लागि न कोषबाट राहत मिल्छ न त दीर्घकालीन पुनर्स्थापना नै । अनुगमन गरिने निकायले यस्ता विषयमा अनुगमन गरी लैङ्गिक हिंसा व्यवस्थापनमा जिम्मेवार प्राप्त निकायलाई एकै स्थानमा ल्याइ एकीकृत सेवाकै लागि पहल गर्नुपर्नेमा हिंसापीडित/प्रभावित कसको हो ? भन्ने मनसायबाट हिंसाको व्यवस्थापन गरिरहँदा अनुगमन र नियमन गर्ने निकायको वास्तविक अनुगमन नभएको देखिन्छ । कतिपय अवस्थामा ओसिएमसीमा ढोका बन्द छ, केही औषधि किन्नुपरेको छ, भौतिक संरचना राम्रो छैन भन्नेतिर बढी ध्यान दिँदा वास्तविक समस्या ओझेलमा पर्न जाने देखिन्छ । त्यसैले निरन्तर सुधारका लागि सबै निकायबीच छलफल, बहस गरी समन्वय/सहकार्यमा जोड दिन आवश्यक छ ।

५. अनलाइन रेकर्डिङ एन्ड रिपोर्टिङ सिस्टमको निरन्तरता- एकीकृत सेवासहितको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सेवा र लैङ्गिक हिंसासम्बन्धी तथ्य/तथ्याङ्क तथा प्रतिवेदन अनलाइन प्रणाली

सुरु मात्र भएको छ। सबै ओसिएमसीले प्रत्येक दिनकै प्रगतिलाई अनलाइन प्रणालीअन्तर्गतको एकीकृत स्वास्थ्य सूचना प्रणालीमा समावेश गर्न सकिरहेका छैनन्। मन्त्रालयले सबै सम्पर्क व्यक्तिलाई अनलाइन रेकर्डिङ एन्ड रिपोर्टिङ सिस्टमका बारेमा तालिम दिइसकेको भए तापनि कतिपयले यसलाई दैनिकरूपमा व्यवस्थापन गर्न सकेका छैनन्।

चाँडो चाँडो तोकिएका सम्पर्क व्यक्तिहरूको सरुवा हुने र जिम्मेवारी फेरबदलले गर्दा अनलाइन प्रगतिमा बाधा परेको छ। कतिपय ओसिएमसीले आफ्नो छुट्टै अनलाइन विकास गरी रेकर्ड व्यवस्थापन गरिरहेकाले नयाँ व्यवस्थालाई अङ्गीकार गर्न सकेका छैनन्। कर्मचारीहरूलाई आवश्यक ज्ञान, सिप र तालिम निरन्तर सम्बन्धित तहबाट हुन जरुरी छ। हाम्रो प्रशासनिक संयन्त्रमा जसले सिप सिकेको छ सो व्यक्ति अन्यत्र गएमा सबै सूचना सिपसहित जाने गरेको छ अर्थात हामीले संस्थागतीकरण बनाउन सकेका छैनौँ जसका कारण सेवा प्रभावकारी बनेको छैन।

पीडित/प्रभावितलाई उपलब्ध गराइएको सेवाका प्रकार

- आवास गृह - ८६६
- पुनर्स्थापना केन्द्र - १००
- प्रहरी - ३६५७
- वकिल - २१०८
- अन्य सुविधायुक्त अस्पताल - २०९
- अन्य भए खुलाउने - ३०७९

## एकीकृत सेवा प्रभावकारिताका लागि सुझाव

लैङ्गिक हिंसाबाट विशेषगरी महिला, किशोरी तथा बालबालिकाहरू पीडित/प्रभावित हुने गरेका छन्। उनीहरूमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक असरहरू पर्ने गरेको छ। यस्ता समस्याको एकीकृत र प्रभावकारीरूपमा संबोधन गर्न नेपाल सरकारबाट नीतिगत, संस्थागत, कार्यक्रमगत, वित्तीय र सम्पर्क व्यक्तिसहित जिम्मेवारी किटान गरी कार्यान्वयनमा ल्याइएको छ। जस्तै- नीतिगत व्यवस्थाअन्तर्गत लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय कार्ययोजना, २०१० अन्तर्गत अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका, २०७७।

यसैगरी संस्थागत व्यवस्थाभित्र ७७ जिल्लाअन्तर्गत ९४ वटा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना, कार्यक्रम भन्नाले हरेक वर्ष वार्षिक स्वीकृत कार्यक्रम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणअन्तर्गतको ओसिएमसी सञ्चालन कार्यक्रम, वित्तीय व्यवस्थाअन्तर्गत ओसिएमसी कार्यक्रमका लागि आवश्यक बजेट प्रत्येक स्वीकृत वार्षिक कार्यक्रमसँगै विनियोजन तथा लैङ्गिक हिंसापीडितको सहज तथा निःशुल्क सेवाका लागि अस्पतालमा तोकिएका सम्पर्क व्यक्ति भन्ने बुझिन्छ। एकीकृत सेवालाई सुदृढीकरण गर्दै गुणात्मक सुधारसहित सेवालाई प्रभावकारी बनाउनका लागि यिनै सरकारका संयन्त्रहरूमा विशेष ध्यान दिन जरुरी छ।

सेवा प्रभावकारिताका लागि अन्य सुझाव यसप्रकार छन् -

- निर्देशिकाले तोकिएका समितिहरूको गठन तथा काम, कर्तव्य र जिम्मेवारीको परिपालना एकद्वार संकट व्यवस्थापना केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका, २०७७ ले हिंसापीडित/प्रभावितका लागि एकीकृत सेवामा तीनवटा समितिको मुख्य जिम्मेवारी र भूमिका रहन्छ भन्ने मान्यता राखेको छ। तर हालसम्म लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समिति प्रमुख जिल्ला समन्वय समितिमा रहने तर मुस्किलले पनि १० वटा जिल्लामा गठन नहुनुले एकीकृत सेवा प्रभावकारी बनाउन सकिएको छैन।

- मानव संसाधन तथा जनशक्ति व्यवस्थापन : अस्पतालले सङ्गठन तथा व्यवस्थापन सर्भे गर्दाको समयमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको संरचना समावेश गरी आवश्यक दरबन्दी सिर्जना गर्न सकेका छैनन्। तोकिएको सम्पर्क व्यक्ति अस्पतालभित्रको हुँदाँ अन्य शाखाको समेत जिम्मेवारी लिएका हुन्छन् जसले गर्दा २४ सै घन्टा सेवा प्रभावित बनेको छ।

- आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्थापन : निर्देशिकाले न्यूनतम मापदण्डको परिकल्पना गरेको छ। न्यूनतमसमेत अस्पतालले कार्यान्वयन गर्न सकेको छैन भने अधिकतम र गुणस्तरीय सेवाको संभावना न्यून देखिन्छ ।

- बजेट विनियोजन : एकीकृत सेवा सञ्चालनका लागि विनियोजित रकमको व्यवस्थापन भन्दा कर्मचारीहरूको तलबभत्ता, क्षमता विकास, समन्वय सहकार्य बैठक तथा अतिरिक्त सुविधामै ठूलो रकम खर्च गर्नुपरेको तीतो यथार्थ छ।

- विभिन्न निकायको भूमिका र दायित्व प्रभावकारी हुन् नसक्नु : निर्देशिकाले बहुसरोकारवाला निकायहरूको स्पष्ट भूमिका र दायित्व किटान गरेको छ। जस्तै- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समस्या समाधान र बाधा अड्काउ फुकाउने तर कार्यान्वयन नहुने। राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयबाट प्राप्त लैङ्गिक हिंसासम्बन्धी वार्षिक योजनालाई समन्वयात्मक हिंसाबले आर्थिक स्रोतको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने। त्यस्तै गृह मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रादेशिक सामाजिक विकास मन्त्रालय, गैरसरकारी सङ्घ/संस्था आदिको जिम्मेवारी र भूमिका तोकिएअनुसारको छैन। महत्त्वपूर्ण कार्यालय राष्ट्रिय महिला आयोग र मानव अधिकार आयोगको जिम्मेवारी र भूमिका निर्देशिकाले उल्लेख गर्न सकेको छैन।

- अत्यन्तै महत्त्वपूर्ण पक्ष लैङ्गिक हिंसापीडित प्रभावितहरूलाई क्षतिपूर्तिसहितको न्याय दिन सकिएन भने दीर्घकालीन न्याय मिल्दैन। यसका लागि ओसिएमसीमा निर्देशिकाले भनेबमोजिमको अन कलमा रहनुपर्ने सरकारी वकिलको प्रतिनिधि र अस्पतालमा राम्रोसँग प्रमाण सङ्कलनका लागि कार्यकक्ष, प्रमाणलाई ताजा बनाइराख्ने प्रविधि, मेडिको लिगल तालिम प्राप्त विशेषज्ञ/चिकित्सक र सम्बन्धित न्यायिक निकायमा साक्षी प्रमाणका रूपमा प्रयोगका लागि सम्बन्धित व्यक्तिलाई झिकाइ पीडितलाई न्याय दिलाउन सके वास्तविक न्याय हुने र सेवा प्रभावकारी हुनेमा दुई मत रहन्न।

- गुणात्मक सुधारका लागि सहयोगी, समन्वय र सहकार्यात्मक अनुगमन नियमन प्रणाली : लैङ्गिक हिंसाको व्यवस्थापन आज सबै निकायको सरोकारमा परेको छ। समय समयमा एकीकृत सेवा प्रवाहका लागि स्थापना भएका एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सेवा सम्बन्धमा निगरानी राख्ने र नियमन गर्ने सङ्घ/संस्थाहरू बढ्दो क्रममा देखिनु आफैँमा राम्रो मानिन्छ। तर अनुगमन गर्ने सन्दर्भमा त्यहाँको वास्तविक यथार्थ नबुझी केबल सतहीरूपमा अनुगमन गर्दा धेरै राम्रो पक्षको उजागर नभई कमजोर रहेको पाटो मात्र देख्दा केन्द्रमा रहेका कर्मचारीले गरेको योगदानको कुनै कदर नहुने र काम गर्न उत्प्रेरणा कमजोर हुँदै जान सक्छ। जसले गर्दा सेवाको निरन्तरता, गुणस्तरता खस्कन सक्छ। यसैले सुधारका लागि सहयोगात्मक, सकारात्मक र समन्वात्मक अनुगमन तथा नियमनको खाँचो देखिन्छ।

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबारे प्रचारप्रसार : केन्द्रको बारेमा स्थानीय तहसम्म प्रचारप्रसार गरिनु र यसलाई बलियो र सशक्त बनाउन स्थानीय तहबाट समेत योगदान गर्न सके पीडित/प्रभावितका लागि सबै भन्दा राम्रो, भरपर्दो संयन्त्र ओसिएमसी बनाउन सकिन्छ। स्थानीयस्तरका सञ्चारका माध्यमले लैङ्गिक हिंसा व्यवस्थापनमा ओसिएमसी रहेको जानकारी गराउने र सबै सरोकारवाला निकायले आफू आफू पीडित/प्रभावितलाई तानातान गरी प्रचारबाजी नगर्न सावधानी गराउन सके एकीकृत सेवाले पक्कै सार्थकता पाउने थियो।

### अन्त्यमा,

लैङ्गिक हिंसाबाट पीडित प्रभावितहरूलाई क्षतिपूर्तिसहितको एकीकृत सेवा व्यवस्थापनका लागि ओसिएमसीलाई जिम्मेवार बनाइयो यो राम्रो हो तर लैङ्गिक हिंसा व्यवस्थापन बहुनिकायसँग सरोकार हुन्छ भनिरहँदा सबै निकायबाट ओसिएमसीलाई साथ, सहयोग, समन्वय र सहकार्य नहुनुले एकीकृत सेवा प्रभावित बन्न पुगेको छ। लैङ्गिक हिंसा व्यवस्थापनका लागि सबै निकायले नीति, संरचना, योजना बजेट तथा कार्यक्रम राख्ने तर व्यवस्थापनका लागि भने ओसिएमसीमै भर पर्ने प्रवृत्ति राम्रो होइन।

वास्तवमै ओसिएमसी लैङ्गिक हिंसाबाट पीडित प्रभावितका लागि सबैथोक हो भने सबै जिम्मेवार निकायले यसलाई सहयोग समन्वय र सहकार्य गर्न अब ढिला गर्नुहुँदैन। अनुगमन/नियमन गर्ने निकायले वास्तवमै सुधारका लागि सकारात्मक सोचले निरन्तर अनुगमन गरी सुधारका लागि आफ्नो तर्फबाट समेत पहल गर्नुपर्छ। विकास, उन्नति, प्रगति र समृद्धिको मापन लैङ्गिक हिंसारहित समाज र राष्ट्र बनाउनु हो। यसैले भौतिक र पूर्वाधार विकास सँगसँगै सामाजिक विकासमा विशेष जोड दिन ढिला गर्नुहुँदैन। लैङ्गिक हिंसापीडित/प्रभावितहरूका लागि एकीकृत सेवा प्रवाहमा सबै सेवा प्रदायकको प्रतिबद्धतासहितको ऐक्यबद्धता जरुरी छ।

## ६.११ अनलाइनमा महिलाको पहुँच

- उमेश श्रेष्ठ
प्रशिक्षक, मोबाइल जर्नालिज्म/अनुसन्धानकर्ता

**मानौं कसैले फेसबुकमा विज्ञापन गर्न खोज्दैछ ।**

नेपालभित्रका १८ वर्षदेखि माथिका महिला प्रयोगकर्ताहरू माफ विज्ञापन देखाऊ भन्दै सबै भन्दा धेरै रकमको विकल्प खोज्दा फेसबुकको प्रस्तावमा हुन्छ- हामी ५० लाखदेखि ५९ लाखसम्म महिला माफ तपाईंको विज्ञापन पुऱ्याउन सक्छौं ।

पुरुषलाई मात्र देखाऊ भन्दा फेसबुकले त्यो सङ्ख्या बढाएर ६६ लाखदेखि ७८ लाखसम्म देखाउँछ ।

नेपालमा सबै भन्दा धेरैले चलाउने मानिएको सामाजिक सञ्जाल फेसबुकमा नेपाली प्रयोगकर्ता कति छन् भन्ने एकिन तथ्याङ्क पाइँदैन । तर विज्ञापनलाई आधार मानेर यो तथ्याङ्क हेर्दा फेसबुक चलाउने महिलाको सङ्ख्या १६ देखि १९ लाखसम्म कम भएको देखिन्छ । जबकि पछिल्लो जनगणनामा सङ्ख्याको हिसाबले महिला नै २.२ प्रतिशतले बढी देखिन्छन् ।

तर केही पश्चिमी देशहरूको तथ्याङ्क यसरी नै हेर्ने हो भने उल्टो देखिन्छ । बेलायतमा फेसबुकले पुरुष मात्र छान्दा १ करोड ८० लाख चानचुन पहुँच दिन्छ भने महिलाको छान्दा सङ्ख्या २ करोडसम्म पुऱ्याउँछ । अमेरिकाको हेर्ने हो भने १० करोड चानचुन महिला हुँदा पुरुष ९ करोड १० लाख चानचुन मात्रै देखाउँछ ।

जबकि बेलायत, अमेरिका अनि नेपालको कुल जनसङ्ख्यामा महिला नै बढी छन् । सङ्ख्यामा बढी भए पनि अन्य विषयसहित प्रविधिको उपयोगमा पनि नेपाल जस्तो देशमा महिलाको पहुँच कम रहेको यसबाट पनि प्रष्ट हुन्छ ।

नेपाल जस्तो विकासोन्मुख देशहरूको यस्तै समस्यालाई ध्यानमा राख्दै इन्टरनेसनल टेलिकम्युकेसन युनियन (आइटियु) ले आज भन्दा १३ वर्षअघि मेक्सिकोमा सूचना र सञ्चार प्रविधिमा लैङ्गिक समानताको प्रस्ताव पारित गरेको थियो । यसपछि नै हरेक वर्ष अप्रिल महिनाको चौथो बिहीबार गर्ल्स इन आइसिटी डे पनि मनाउन थालिएको हो । नेपालमा पनि यो दिवस औपचारिक कार्यक्रमहरूका साथ मनाइँदै आएको छ । तर सूचना तथा सञ्चार प्रविधिका अन्य विषयतर्फ त परै, प्रविधिको उपभोग जस्तो सामान्य विषयमा पनि महिला पछाडि परेको तथ्याङ्कले देखाउँछ ।

हालै सम्पन्न जनगणनामा प्रत्येक घरधुरीको इन्टरनेट र स्मार्टफोन पहुँचको तथ्याङ्क समेटिएको छ । तथ्याङ्कअनुसार ३७ प्रतिशत घरधुरीसँग मात्रै इन्टरनेटको पहुँच छ भने ७३ प्रतिशतसँग स्मार्टफोनको पहुँच छ । स्मार्टफोनमा मोबाइल सेवा प्रदायकमार्फत इन्टरनेटसँग जोडिन सक्ने क्षमता भएका कारण ठूलो सङ्ख्यामा इन्टरनेटको पहुँच भएको अनुमान गर्न सकिन्छ । तर उक्त घरधुरीका महिला सदस्यहरूसित पहुँच भए/नभएकोबारे भने एकिन तथ्याङ्क कतै छैन ।

फेसबुकको विज्ञापन तथ्याङ्कलाई आधार मान्ने हो भने यो सङ्ख्या पुरुष भन्दा निकै कम छ। पछिल्लो समय लोकप्रिय बन्दै गएको सामाजिक सञ्जालको अर्को माध्यम टिकटकको तथ्याङ्क पनि फरक छैन। मोबाइल मार्केटिङ तथा अडियन्स प्ल्याटफर्म कम्पनी स्टार्ट डट आइओका अनुसार नेपालमा टिकटक चलाउनेको निकै थोरै सङ्ख्या (१४.९%) मात्रै महिला छन्।

व्यवसाय र रोजगारकेन्द्रित अर्को सामाजिक सञ्जालको माध्यम लिङ्कडइनमा पनि तथ्याङ्क खासै फरक छैन। यसको विज्ञापन तथ्याङ्कलाई आधार मान्ने हो भने सन् २०२२ को सुरुमा नेपालमा २७.३ प्रतिशत महिलाले मात्रै लिङ्कडइन चलाउँछन्।

## महिलामैत्री छन् त सामाजिक सञ्जाल ?

सङ्ख्या बढी भए पनि सामाजिक सञ्जालमा उपस्थिति कम हुनुले प्रश्न उब्जाउँछ- कतै महिलामैत्री नभएका कारण त यस्तो अवस्था आएको होइन ? सामाजिक सञ्जाल यसै पनि असामाजिक भएको आरोप लाग्ने गर्छ। समीक्षा कोइरालाको सन् २०२० मा प्रकाशित एक अध्ययनअनुसार ६७ प्रतिशत महिला पत्रकारहरूले आफूले अनलाइन दुर्व्यवहारको सामना गर्नुपरेको बताएका थिए। त्यसमध्ये १८ प्रतिशतले सोसल नेटवर्किङ साइट र २० प्रतिशतले मेसेजिङ एपबाट दुर्व्यवहार भोगेको बताएका थिए। अध्ययनले महिला पत्रकारहरू अनलाइन दुर्व्यवहारको डरले आफ्नो विचार सामाजिक सञ्जालमा खुलारूपमा अभिव्यक्त गर्न हच्किएको पनि देखाएको छ। पत्रकारिता पेसा जस्तो सचेत वर्गमा नै यस्तो अवस्था देखिएकाले अरू महिलालाई पनि अनलाइन स्पेस सुरक्षित नहुने अनुमान गर्न सकिन्छ।

सन् २०२० मा दुर्व्यवहारको समस्यालाई विचार गरी सामाजिक सञ्जालमा ३नटएनिमोर नामको अभियान सुरु गरिएको थियो। एक वर्षमै त्यसमा ५ सय भन्दा बढी उजुरी आएको काठमान्डू पोस्टमा प्रकाशित समाचारमा उल्लेख छ।

पानोस साउथ एसियाले सन् २०२२ मा गरेको अध्ययनअनुसार ५८ प्रतिशत अनलाइन सामग्री बेइज्जती गर्नेखालको र घृणा बढाउनेखालका थिए। यो अध्ययनले सोसल मिडियामा राजनीतिकरूपमा सक्रिय महिलाहरूले नियमितरूपमा अनलाइन आक्रमण भोग्नुपरेको देखाएको छ। यसमा बेइज्जती, घृणास्पद अभिव्यक्ति र क्षमतामाथि प्रश्न उठाउनेखालका आक्रमण सबै भन्दा बढी देखिएको थियो।

पछिल्लो समय सेलिब्रेटीहरू कलाकार पल शाह र क्रिकेट खेलाडी सन्दीप लामिछानेले गरेको भनिएको किशोरी हिंसासम्बन्धी विषय अदालतमा पुगेपछि सामाजिक सञ्जालमा पीडित भनिएकाहरूप्रति नै लाञ्छना लगाउने र उनीहरूको समर्थनमा बोल्न खोज्नेमाथि आक्रामक भाषामा प्रतिकार गर्ने अवस्था देखिएबाट पनि महिलाहरू आफ्नो विचार राख्नबाट हच्किएको देखियो। पीडितको समर्थनमा विचार राख्ने पुरुषहरूमाथि समेत फरक विचार राख्नेहरूले आक्रमण गरेका थिए। यसले स्पाइल अफ साइलेन्स अर्थात् मौनताको चक्रको स्थिति जन्मन्छ।

जर्मन प्राध्यापिका इलिजावेथ नौली न्युम्याननले पहिलो पटक प्रयोग गरेको स्पाइरल अफ साइलेन्स सिद्धान्तमा

एउटा विचारलाई मात्र यति धेरै फैलाइन्छ कि अल्पमतको अर्को विचार पूरै मौन रहन बाध्य हुन्छ । यसले मानिसलाई आफूले विश्वास गरेको कुरा नै सबैले विश्वास गर्ने कुरा हो भन्ने विश्वास हुन्छ ।

समाजबाट एक्लिने, लोकप्रियता वा इज्जत गुमाउने डरले मानिस आफू नजिकको वातावरण राम्रोसँग अध्ययन गर्छन् । कुन विचार वा व्यवहार चल्तीमा छ, कुन लोकप्रिय छ, उनीहरू त्यसैअनुसार विचार व्यक्त गर्ने गर्छन् ।

## सूचना साक्षरता

सामाजिक सञ्जालमा पहुँच पुगेकाहरूमा पनि सूचना साक्षरता कम पाइन्छ । सामाजिक सञ्जालमा फैलने मिथ्या सूचनाहरूको उपभोग र त्यसको वितरणमा सहयोग पनि समस्याको विषय बनेको छ । सामाजिक सञ्जालमा विशेषगरी महिलाले राख्ने विषयवस्तु गोपनीयताका हिसाबले पनि संवेदनशील हुन्छ । के/कस्ता विषयवस्तु सामाजिक सञ्जालमा राख्न हुन्छ ? के/कस्ता विषयले जोखिम बढाउँछ ? मिथ्या सूचना कस्तो हुन्छ ? यसलाई कसरी पत्ता लगाउने, यसबाट जोगिन के गर्ने जस्ता विषयमा पनि जनचेतना जगाउन जरुरी छ ।

## निष्कर्ष र सुझाव

- नेपालको संविधानले प्रस्तावनामै लैङ्गिक विभेद अन्त्य गर्ने र समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने उल्लेख गरेको छ। तर नेपालमा बनेका पछिल्ला ५ वटा सङ्घीय सरकारको स्वरूपले देखाउँछ कि यी सरकारमा बढीमा २७ प्रतिशत महिला नाघेका छैनन्। मुलुकमा विद्यमान कानुन कार्यान्वयन गराउने प्रमुख निकाय कार्यपालिका (मन्त्रिपरिषद्) नै कानुन पालनामा फितलो भएपछि अरूलाई मात्र पालना गराउने नैतिकता कायम रहन्न। त्यसैले सबै भन्दा पहिले भएका कानुन कार्यपालिकाबाटै व्यवहारमा उतारेर उदाहरणीय बन्नु आवश्यक छ।

- सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ। तर दलीय नेतृत्व हेर्दा कुनैमा पनि ३३ प्रतिशत पुग्दैन। दलका नेताहरू न आफ्नो दलको उपरी संरचनामा महिलालाई उचित स्थान दिन तयार छन् न त निर्वाचनहरूमा उम्मेदवारी दिन नै। विगत स्थानीय तह सदस्य निर्वाचनमा नगर प्रमुख/अध्यक्षमा दिइएका उम्मेदवारीमध्ये महिलाको प्रतिशत ६ मात्र हुनु तथा प्रतिनिधि सभामा ३३ प्रतिशत महिला पुऱ्याउन समानुपातिकको भऱ्याङ प्रयोग गर्न पर्नुले पुष्टि गर्छ- दलहरू कानुन मान्न तयार छैनन्। त्यसैले यो वास्तविकतालाई मनन गरी कानुन नमान्नेलाई सजायको व्यवस्था हुनुपर्छ किनकि यसको मुख्य कारण नै दण्डहीनता हो।

- लैङ्गिक हिंसा २१औँ शताब्दीबाट गुज्रिरहेको मुलुकका लागि लज्जाको विषय हो। विगत ५ वर्षको तथ्याङ्क हेर्दा यौनजन्य हिंसाका घटना प्रत्येक वर्ष ३ हजार भन्दा माथि दर्ता भएका देखिन्छ। घरेलु हिंसा प्रतिवर्ष १२ हजार भन्दा माथि दर्ता भएका पाइन्छ। क्रमशः बढ्दै गएर पाँचौं वर्षमा यो सङ्ख्या १७ हजारमा उक्लेको छ। यो तथ्याङ्कले भन्यो कि भएका कानुन र दण्ड सजायले प्रभावकारी काम गर्न सकेनन्। त्यसैले यिनलाई तिखानुपर्छ या पुनर्विचार गर्नुपर्छ।

- बजेट विनियोजन गर्दा लैङ्गिक उत्तरदायी बजेटको अंश कति हुनुपर्छ भन्ने एकीन छैन। त्यसैले आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशले सबै भन्दा बढी ५८.२२ प्रतिशत छुट्याएको छ भने वाग्मती प्रदेश सरकारले सबै भन्दा कम २७.८५ प्रतिशत विनियोजन गऱ्यो। कहाँ ५८, कहाँ २७ ? त्यसैले लैङ्गिक जस्तो गम्भीर शब्द जोडिएको विषयमा मनलागी निर्णय गर्न पाउने तजबिजी अधिकार कसैलाई पनि दिनुहुँदैन। भनाइको मतलव लैङ्गिक उत्तरदायी बजेटको न्यूनतम अंश नै तोकिदिनुपर्छ।

- आर्थिक वर्ष २०७८/०७९ फागुनसम्ममा वाग्मती प्रदेशमा १० लाख ४१ हजार ३ सय ३४ जनाले अस्पतालको आकस्मिक सेवा लिएकामा कर्णालीमा यो सङ्ख्या ६९ हजार ४ सय ६९ मात्र रह्यो। यसबाट देखिन्छ कि तुलनात्मकरूपमा सुगम ठाउँका बासिन्दा नै सुविधामा पनि अगाडि छन् भने पछाडि पारिएकाहरू यो मामलामा पनि पछि नै छाडिएका छन्। त्यसैले कुनै पनि सुविधा उपलब्ध गराउने आधार 'आवश्यकताको सिद्धान्त' मानिनुपर्छ न कि सुगम ठाउँ।

- सरकारले लागु गरेको सकारात्मक विभेदको नीतिका कारण निजामती सेवामा प्रत्येक वर्ष महिलाको उपस्थिति उत्साहजनकतवरले वृद्धि भइरहेको छ। आर्थिक वर्ष २०६७/६८ मा १० हजार ७ सय ७३ महिला रहेका निजामती सेवामा २०७९ को माघमा आइपुग्दा २३ हजार ८ सय ५४ संलग्न छन्। यो पक्ष सकारात्मक छ तर निजामती सेवामा यसरी महिला वृद्धि भइरहँदा दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका, मधेसी, मुस्लिम, थारू, एकल तथा यौनिक अल्पसङ्ख्यकको सङ्ख्या भने सिला खोज्नुपर्ने अवस्था छ। त्यसैले महिलाको सहभागिता वृद्धि गरिँदा महिलाभित्रका पनि सीमान्तकृतलाई प्राथमिकता दिने व्यवस्था कानुनमै उल्लेख गरिनुपर्छ।

- खाना बनाउने, गाईवस्तुको स्याहार, ज्येष्ठ नागरिक, अशक्त तथा बालबच्चाको स्याहारसुसार जस्ता काममा व्यस्त हुने महिलाको योगदान कतै पनि उल्लेख भएको पाइन्न। यसरी विनापारिश्रमिकको सेवामूलक कार्यमा संलग्न महिलाले आर्थिक/सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्ने कार्यक्रम ल्याइनुपर्छ।

- अझै पनि मुलुकमा यौन क्षेत्रमा लागेका, मनोरञ्जन क्षेत्रमा संलग्न, लिभिङ टुगेदरमा बस्ने र सेरोगसी प्रक्रियामा संलग्न हुनेलाई समेट्ने कानुन छैन। यस्ता क्षेत्रमा समस्या आउँदा अन्य कानुनका धारा/उपधारामा समाधान खोज्नुपर्ने बाध्यता छ। त्यसैले समयक्रमसँगै निम्तिएका यस्ता नयाँखाले क्रियाकलापसँग सम्बन्धित कानुनहरू यथाशीघ्र बनाइनुपर्छ।

- समावेशिता र समानुपातिकताको व्यवस्था गरिदिएर मात्र नहुने रहेछ भन्ने पाठ २०७९ सालमा सम्पन्न २ वटा निर्वाचनले पुष्टि गरे। मुलुक सञ्चालन गर्ने विधि निर्माण गर्ने र त्यसलाई कार्यान्वयन गर्ने निकायमा पुग्ने माध्यम नै निर्वाचन हो। त्यसैले यस्ता ठाउँमा पुग्ने एक मात्र माध्यम निर्वाचनका क्रममा संवैधानिक व्यवस्था कडाइका साथ लागु हुनैपर्छ। र, यसका लागि सबै भन्दा मुख्य भूमिका निर्वाचन आयोगको हुन्छ। आयोगले दल र उम्मेदवारलाई सचेत गराउने, स्पष्टीकरण लिने मात्र हैन, दरिलो अनुगमन गरेर कारबाहीको दायरामा समेत ल्याउन अग्रसर हुनुपर्छ ताकि संवैधानिक प्रावधानहरूको बर्खिलाप गर्नबाट दलका नेता हच्किउन्।

# राष्ट्रिय महिला आयोग

भद्रकाली प्लाजा, काठमाडौं, नेपाल
फोन नं.: ९७७-१-४२५६७०१, फ्याक्स: ९७७-१-४२७०२४६
इमेल: info@nwc.gov.np, वेबसाइट: www.nwc.gov.np


9 789937 141291